2050

Tansen Trust

# तानसेन गुठी चिनारी

वार्षिक प्रकाशन

अंक – २९

३२औं वार्षिक भेला, २०८१



तानसेनको प्रसिद्ध मूलढोका अगाडि श्री ७ रण उजीरेश्वरीमाता भगवतीको खटयात्रा

SINCE 1975 ★★★

# HOTEL SRINAGAR

## A HILL RESORT HOTEL







### HOTEL FACILITIES

Coffee Shop, Own Fresh Bakery, Wood Fired Pizzeria, Children Play Park, SPA (STEAM & SAUNA), Swimming Pool, Jacuzzi, Fitness Center Gym, Laundry Service, Patio With Garden, Doctor on Call, Restaurant & Bar, Foreign Exchange, Wi-Fi Internet

www.hotelsrinagar.com

HOTEL SRINAGAR

**TANSEN – PALPA, NEPAL**
TEL: + 977 75 520045, 521515, 520590
EMAIL: info@hotelsrinagar.com
WEBSITE: www.hotelsrinagar.com

फोन नं.075–520109, 520129
–520909, 520893

# तानसेन नगरपालिका

## तानसेन, पाल्पा

### लुम्विनी प्रदेश



## हार्दिक शुभकामना

मितिः २०८१।०५।१०

जन्मभूमी तानसेन पाल्पावाट काठमाण्डौमा पेशा, व्यवसाय तथाविभिन्न भूमिकामा रहनु भएका व्यक्तिहरुको संगठीत संस्था हो तानसेन गुठी काठमाण्डौ । तानसेन नगरवासीहरुको सहयोगका लागि वि.सं. २०५० सालमा स्थापना भई विभिन्न समाजिक, तथा परोपकारी क्षेत्र र विपद् सहयोग क्षेत्रमा कार्य गर्दै आईरहेको गुठीले तानसेनको ऐतिहाँसिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र विस्तारमा सहयोगी भुमिका खेल्दै आएको छ। यसरी सहयोग गर्दै आएको तानसेन गुठी काठमाण्डौको ३२ औं वार्षिक साधारण सभासम्पन्नगर्न गईरहेको जानकारी पाउँदा हामीलाई अत्यन्त खुशी तथा हर्षित तुल्याएको छ ।समग्र पाल्पाको विकास र विस्तारमा सहयोगी भूमिका खेल्दै आएको यस तानसेन गुठी काठमाण्डौको ३२ औं वार्षिक साधारण सभाको सफलताको कामना सहित संस्थाको उन्नती तथा प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**सन्तोष लाल श्रेष्ठ**
**नगर प्रमुख**
**तथा तानसेन नगरपालिका परिवार**

# विभिन्न गतिविधिहरू



राष्ट्रपतिद्वारा श्री ७ रणउज्जीरेश्वरी भगवती जात्रा अवलोकन



श्री अमरनारायणको रथयात्रा भगवती मन्दीर अगाडि



श्री ७ रणउज्जीरेश्वरी भगवती जात्रा



कर्णेल श्री उजीर सिंह थापाका छैटौं पुस्ताद्वारा श्री ७ रणउज्जीरेश्वरी भगवती पूजा गर्दै



भगवती जात्राको अवसरमा जागराम बस्दै भजन भण्डली



सम्पदा संरक्षण सम्बनधी तानसेनको गुरुयोजना अवलोकन गर्दै



तानसेन गुठीको ३१औं वार्षिक भेला तथा साधारण सभा २०८०



काठमाडौं इन्जिनियरिङ कलेजका विद्यार्थीहरूद्वारा रानी महल दरवारको अवलोकन भ्रमण

# International Mountain Museum



- पर्वतीय पर्यटनसम्बन्धी विविध जानकारी तथा सामग्रीहरुको प्रदर्शनी
- पर्वतीय पर्यटसँग सम्बन्धित दैनिक फिल्म प्रदर्शनी
- जलपान तथा खानाका लागि रेष्टुरेन्ट
- उपहार खरिद कक्ष

- Exhibition of information and different equipments related to mountain tourism
- Daily screening of mountain tourism-related movies and documentries
- Restaurant for food and snacks
- Souvenir and gift shop

**Nepal Mountaineering Association**
Nagpokhari, Naxal, Kathmandu, Nepal
**Phone** : +977-01-4534525, 4535442
**Email** : office@nepalmountaineering.org
info@nepalmountaineering.org
cao@nepalmountaineering.org
**Website** : www.nepalmountaineering.org

**International Mountain Museum**
Ratopairo, Pokhara
**Phone** : +977-61-450742,452322
**Email** : ed@internationalmountainmuseum.org
: account@internationalmountainmuseum.org
**Website** : www.internationalmountainmuseum.org

The four key elements of the rights to food are:

•Availability •Adequacy •Accessibility •Sustainability **(UNHR OHCHR)**

तानसेन गुठी

We extend hearty Congratulations and
Best Wishes on the Auspecious Occasion of
the $32^{nd}$ Anniversary of

# TANSEN GUTHI

MOMOMAGIC

+977 1 4720354 | 4514091
+977 9741688116

Maharajgunj, Kathmandu, Nepal
Please visit us in facebook

"Since wars begin in the minds of human, it is in the minds of
human that the defences of peace must be created. (**UNESCO Preamble**)

तानसेन गुठी

We wish all the best for the $32^{nd}$ Anniversary of

# TANSEN GUTHI

**Hari Bangsha Kirant**
**President**

CUC
CHOMOLUNGMA UNESCO CENTRE

Tel : +977-1-6922917
Mobile : +977 9818484840
+977 9765821611
Email : cucunesco@gmail.com
Website : www.cucweb.org.np

Narayanthan,
Budhanilkantha Municipality-03
Kathmandu, Nepal
GPO Box: 24539

तानसेन गुठी
**तानसेन गुठी**
काठमाडौं (स्थापित : २०५०)

जि.प्र.का.द.नं.८०/०५१/०५२
पान नं.३०१५८६२१८

# चिनारी

वर्ष : ३२ अंक : २९
२०८१ भाद्र २२, शनिबार
7 September 2024

## ३२ औं वार्षिक भेला - २०८१

**प्रधान सम्पादक**
जयन्ती श्रेष्ठ

**सम्पादक सदस्यहरू**
जीवनज्योति बज्राचार्य
डा.ई. सुरेन्द्र श्रेष्ठ
कविकृष्ण अमात्य
मनिष गोपाल सिंह

**प्रकाशकः**
**तानसेन गुठी काठमाडौं**

सम्पर्क कार्यालय :
९३ भगवती मार्ग
ठमेल-२६, काठमाडौं
फोनः ९८४१२३८३४४
Email: tansenguthi@gmail.com,
Web: www.tansenguthi.org

डिजाइन तथा मुद्रण व्यवस्थापन :
एम एस माउस
अद्वैत मार्ग, फोनः ५३२१५५६
Email: meromouse@gmail.com

आवरण फोटो :
तानसेन मूलढोका
(यसको विस्तृत विवरण
पेज ५ मा छ)

यसमा प्रकाशित लेख/रचनाहरूको
जवाफदेही लेखक स्वयं हुनेछ ।

## चिनारी प्रकाशन समिति

### सल्लाहकार


प्रमी श्रेष्ठ
अध्यक्ष


निलम गोंगल (श्रेष्ठ)
निवर्तमान अध्यक्ष


हेमन्तराज कोलाक्षपती
पूर्व अध्यक्ष


गृहमान सिंह
पूर्व अध्यक्ष


शान्ता शाक्य
पूर्व अध्यक्ष


सर्जु मान लिगल
पूर्व अध्यक्ष

### प्रधान सम्पादक


जयन्ती श्रेष्ठ

### सम्पादन सदस्यहरू


जीवन ज्योति बज्राचाय


डा.ई. सुरेन्द्र श्रेष्ठ


कविकृष्ण अमात्य


मनिष गोपाल सिंह

## सल्लाहकारहरू


मि.सु. नारायण प्रसाद श्रेष्ठ
९७४१०५९९७०


डा. मोहन मान सैंजू
९७४१०३९९१६


ई. शंकर कृष्ण मल्ल
९८४९६२७३९७


क्या. रवीन्द्र प्रसाद प्रधान
९८४९४८२३३८


श्री वनमाली प्रसाद लाकौल
९८४१९०५४३४


प्रा. डा. पुष्पा श्रेष्ठ
९८४९५२४५५७


श्री शोभा श्रेष्ठ
९८१८२३२८५०


श्री पृथ्वीराज लिगल
९८५१०७८५७२

## पूर्व अध्यक्षहरू र उहाँहरूको कार्यकाल


प्रा. डा. श्री विनोद कुमार श्रेष्ठ
२०५०/५१ - ०५१/५२
९८४९७६४९७२


श्री लक्ष्मण प्रसाद श्रेष्ठ
२०५२/५३ - ०५३/५४ - ०५४/५५
९८५१०७२७८९


श्री हेमन्त राज कोलाक्षपती
तदर्थः ०४९/१२/२७ - ०५०/५/५
०५५/५६ - ०५६/५७
९८५१०२३०८७


स्व. ज्ञानुमान मल्ल
०५७/५८ - ०५८/५९


स्व. श्यामसुन्दर लाल कक्षपती
२०५९/६० - ०६०/६१


ई. श्री विधान चन्द्र राजभण्डारी
२०६१/६२ - ०६२/६३
९८४१३०३३७४


ई. श्री करुणा गोविन्द श्रेष्ठ
२०६३/६४ - ०६४/६५
९८५१०८५४४२


श्री गृहमान सिंह
२०६५/६६ - ०६६/६७
९८४१३६०१३०


श्री शरण रत्न शाक्य
०६७/६८ - ०६८/६९
९८४१७८९१७०


श्री हिमाल कसजू
०६९/७० - ०७०/७१
९८५१०८२६१०


श्री अनुप लाल कक्षपती
०७१/७२ - ०७२/७३
९८५१०२४७४०


श्री शान्ता शाक्य
०७३/७४ - ०७४/७५
९८४१५२७०५८


श्री सर्जु मान लिगल
०७५/७६ - ०७७/७८
९८५१०७३४२५


श्री निलम गोंगल (श्रेष्ठ)
०७८/७९ - ०७९/८०
९८४१७८१३७२

# कार्यसमितिका पदाधिकारीहरू



**श्री प्रमी श्रेष्ठ**
अध्यक्ष (नायः)
९८५१०७५५००



**श्री जीवन ज्योति बज्राचार्य**
उपाध्यक्ष (न्वकु)
९८४१२३८३४४



**डा.ई. सुरेन्द्र श्रेष्ठ**
सचिव (छ्याञ्जे)
९८५११९८७१३



**श्री कविकृष्ण अमात्य**
कोषाध्यक्ष (दाँभरी)
९८४१२५४४३८



**श्री उषा सिंह**
सह–सचिव (ल्यू छ्याञ्जे)
९८४१५३९५६४



**श्री राजु प्रधान**
सह–कोषाध्यक्ष (ल्यू दाँभरी)
९८५१०३०८९२



**श्री सुबोध लाल श्रेष्ठ**
सदस्य (दुजः)
९८०२३१५९४५



**श्री ऐश्वर्यमान वैश्यत**
सदस्य (दुजः)
९८४१३८५४९३



**आ. सरिता मास्के श्रेष्ठ**
सदस्य (दुजः)
९८४१५८६०८४



**ई. निरज बज्राचार्य**
सदस्य (दुजः)
९८५१०४०६४०



**श्री मनिष गोपाल सिंह**
सदस्य (दुजः)
९८४९२३१९२७

## तानसेन गुठी काठमाडौँ, तानसेन शाखा


श्री केदार लाल श्रेष्ठ
सल्लाहकार
९७४७०२३२१९


श्री सन्तोष लाल श्रेष्ठ
सल्लाहकार
९८५७०६०३५३


श्री सरजु लाल बज्राचार्य
पूर्व अध्यक्ष
९८५७०६५५९९


श्री दिलबहादुर शाक्य
पूर्व अध्यक्ष
९८४७०२९३९४


स्व. गोपाल प्रसाद श्रेष्ठ
पूर्व अध्यक्ष


श्री सुशील प्रसाद प्रधान
अध्यक्ष
९८५७०६०२००


श्री राजेश्वर उदय
नि. अध्यक्ष
९८४७०२९२४५


श्री शकुन्तला बज्राचार्य
वरिष्ठ उपाध्यक्ष
९८४७०२८०३२


श्री दीपेन्द्र मान थैव
उपाध्यक्ष
९८४७०२९६५९


श्री विनय राज बज्राचार्य
सचिव
९८४७०४३२४४


श्री सञ्जय राज शाक्य
कोषाध्यक्ष
९८४७०२९५१३


श्री सन्ध्या शाक्य
सह-सचिव
९८०४४७००५१


श्री भूगोल बैंजू श्रेष्ठ
सदस्य
९८५७०६०१११


श्री किशोर दर्शन बज्राचार्य
सदस्य
९८४७०२९१५९


श्री बसन्त लाल बज्राचार्य
सदस्य
९८५७०६००७०


श्री मधु दयाल सैंजू
सदस्य
९८४७०२९४२२

---

## तानसेन गुठी काठमाडौँ, बुटवल शाखा


श्री केदार प्र. श्रेष्ठ
अध्यक्ष


श्री अर्जुन मान सैंजू
निवर्तमान अध्यक्ष


श्री निर्मल प्र. लाकौल
संस्थापक अध्यक्ष


श्री उपेन्द्र मान श्रेष्ठ
उपाध्यक्ष


श्री प्रमोद प्र. कसजु
सचिव


श्री मुकेश मान श्रेष्ठ
कोषाध्यक्ष


श्री शशी श्रेष्ठ
सहसचिव


श्री रञ्जन कसजू
सह-कोषाध्यक्ष


श्री अमोद श्रेष्ठ
सदस्य


श्री अशोक श्रेष्ठ
सदस्य


श्री बसन्ती श्रेष्ठ
सदस्य


श्री मिश्र श्रेष्ठ
सदस्य


श्री रमेश श्रेष्ठ
सदस्य


श्री सञ्जयमान सैंजु
सदस्य


श्री संजिला कसजु
सदस्य


श्री सुरेश रत्न बज्राचार्य
सदस्य


श्री शारदा श्रेष्ठ
मनोनित सदस्य


श्री रामेश्वर श्रेष्ठ
मनोनित सदस्य


श्री इरा देवी थैव
सल्लाहकार


श्री देविध्वज श्रेष्ठ
सल्लाहकार


श्री सुरेन्द्रमान श्रेष्ठ
सल्लाहकार


श्री अमृतलाल श्रेष्ठ
सल्लाहकार




# मूलढोकाको बारेमा संक्षिप्त परिचय

तानसेन शीतलपाटी चोकमा अवस्थित यो मूलढोका नेपालकै खापा भएको सबैभन्दा ठूलो ढोका मानिन्छ। आपतकालीन अवस्थामा ढोका पछाडि चुकुल लगाउन मिल्ने प्राचीन शैलीको गजवार भएको विशिष्ट शैलीको यो ढोका श्री ३ जंग बहादुर राणाका भाइ बद्रि नर्सिङ् कुँवरले तानसेन पाल्पामा तैनाथवालाको रूपमा कार्यरत छँदा वि. सं. १९११–१९३० मा निर्माण गर्न लगाएका हुन्। श्री ३ को हत्याको षड्यन्त्र रचेको अभियोग लागेका बद्रि नर्सिङ् कुँवरलाई सर्वस्वसहित देश निकाला गरी २ वर्षको लागि भारतको इलाहावाद किल्लामा कैदी जीवन बिताउँदा उनले कतै देखेको मुगल शैलीको ढोकालाई नै परिकल्पना गरी त्यसमा माथि आफ्नै परम्परागत नेपाली प्यागोडा शैलीको झिङ्गटीको छाना र गजूर आदि थपेर हालको अवस्थामा यो ढोकाको निर्माण गरिएको विश्वास गरिन्छ। यो ढोकालाई श्री ७ रणउजीरेश्वरी भगवती माताको मन्दिर र तानसेन दरबारको मुख्य प्रवेशद्वारको रूपमा प्रयोग गरिएको पाइन्छ। श्री ७ रणउजीरेश्वरी भगवतीको रथयात्राको अवसरमा मात्र वर्षको एक पटक खुल्ला गरिने भएकोले अन्य समयमा यो ढोकाकै एउटा खापामा बनाईएको एउटा सानो ढोका सर्वसाधारणको आवतजावतको लागि खुल्ला गरिन्थ्यो। पुराना बुढापाकाहरूको भनाइलाई विश्वास गर्ने हो भने जनरल खड्ग शम्शेर पाल्पामा कमाण्डर इन चिफ छँदा (वि. सं. १९४८–१९५९) मा आफ्नो घोडाबग्गी सजिलोसँग छिर्न सक्ने गरी पुनर्निमाण गरेकाले त्यसबेला यो ढोकालाई बग्गीढोकाको रूपमा पनि चिनिन थालेको पाईन्छ। वि.सं. २०६२ साल माघ १८ गते मंगलबार मध्यरातमा तानसेन दरबारमा आक्रमण हुँदा यो ढोकामा पनि आंशिक क्षति पुग्न गएको थियो। करिब १६०–१७० वर्ष पुरानो यो ढोका लामो समयसम्म जीर्ण अवस्थामा रहेकोले पुरातत्त्व विभागद्वारा हाल यसको जीर्णोद्वारको काम चलिरहेको छ।

*साभारः तानसेन दरबार परिसरमा अवस्थित मूलढोकामा राखिएको ताम्रपत्रमा आधारित।*



मूलढोकाको आवरण फोटो आर्टिष्ट

**के.के. कर्माचार्य**

पूर्व कुलपति, नेपाल ललित कला प्रज्ञा प्रतिष्ठान

# तानसेन गुठीका संस्थापकहरू


श्री हेमन्त राज कोलाक्षपती


स्व. श्री लक्ष्मी नारायण श्रेष्ठ


श्री लक्ष्मण प्रसाद श्रेष्ठ


श्री सिकिन मान थैव


स्व. श्री पुष्प लाल प्रधान


श्री देवेन्द्र मान राजलवट


श्री निर्मल ध्वज श्रेष्ठ


श्री महेश मान सिंह


श्री उपेन्द्र मान बज्राचाय


स्व. श्री ज्ञानुमान मल्ल


श्री केशव नारायण श्रेष्ठ


श्री जय प्रकाश सिंह


श्री नवीन थैव


ई. श्री विधानचन्द्र राजभण्डारी


डा. शम्भु मान सिंह


ई. जीवन प्रधान


श्री गृह मान सिंह


प्रा.डा. विनोद कुमार श्रेष्ठ


श्री लोक दर्शन बज्राचाय


श्री अशोक प्रकाश प्रधान


श्री धरणी मान सिंह


श्री विकाश चन्द्र श्रेष्ठ


श्री नारायण कृष्ण मल्ल


श्री सतिश प्रसाद प्रधान


श्री शरण रत्न शाक्य


श्री धिरज चन्द्र श्रेष्ठ
(प्रकाश चन्द्र श्रेष्ठ)


श्री सतिश चन्द्र श्रेष्ठ


ई. शक्तिमान सिंह


श्री सुवर्ण शाक्य


स्व. श्री राजु श्रेष्ठ


श्री महेश नाथ गोंगल


श्री शंकर मान सिंह



# अध्यक्षको मन्तव्य (नायःया न्वचु)

आदरणीय गुठियार सदस्यज्यूहरू
नमस्कार,

२०५० सालमा ३२ जना संस्थापकहरू द्वारा स्थापित तानसेन गुठी एउटा विशुध्द सामाजिक संस्था हो। हाल यस गुठीमा तानसेन र बुटवलका सहित करिव ५०० जना आजीवन सदस्यहरू रहेका यस गुठीले आफ्नो ३२ औं वसन्तमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा आदरणीय गुठियार सदस्यज्यूहरू, सदस्य परिवार, अक्षयकोषदाता तथा शुभचिन्तकज्यूहरूमा हार्दिक अभिवादनका साथ बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

जन्मभूमि तानसेनबाट आएर काठमाडौंमा बसोबास गरिरहेका युवाहरूले एक आपसलाई सहयोग गर्ने उदेश्यबाट सुरू भएको अपनत्वको भावनाले जन्मस्थलको समृध्दि र सम्बर्धनको लागि केही गर्नुपर्ने सोँचले जन्मेको यो गुठी विभिन्न उद्देश्यहरू पुरा गर्न लागिपरेको छ। स्थापना कालदेखि नै गुठीले सामाजिक, धार्मिक, शैक्षिक, स्वास्थ्य, पर्यटन आदि क्षेत्रमा आफ्नो उद्देश्य अनुरूप क्षमताले भ्याएसम्म महत्त्वपूर्ण कार्यक्रमहरू सम्पन्न गर्दै निरन्तर अगाडि बढिरहेको छ।

गुठीले आफ्नो नियमित कार्यक्रम अन्तर्गत विभिन्न समयमा तीर्थयात्रा, इहि, ब्रतवन्ध, ९० वर्षिय, १०० वर्षिय जेष्ठ नागरिकहरूको सम्मान पूजा आदि गर्दै आइरहेको छ भने सदस्यहरूलाई अशक्त वा दु:ख परेको बेलामा आवश्यक सहयोग दिने, सूचना दिने, अन्तिम संस्कारमा सामेल हुने, श्रध्दाञ्जली र समवेदना दिन र प्रसाद ग्रहण गर्न गएर परिवारलाई सान्त्वना दिने र सद्भावना व्यक्त गर्दै आइरहेको छ। शुभ-कार्य, सफलता आदि खुसियालीको उपलक्ष्यमा सदस्यज्यूहरूले सम्झना गर्नुभएको बेला उपस्थित भै बधाई शुभकामना दिएर खुशी साटासाट गर्दै आइरहेको छ।

गुठीका स्वास्थ संयोजक तथा का.स.स. सुबोधलाल श्रेष्ठको संयोजकत्वमा आयोजना गरिएको खोप कार्यक्रममा १४८ जना व्यक्तिहरूले इन्फ्लुएञ्जा र १० जनाले निमोनियाको खोप लिनु भएको उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको थियो। गुठीले हरेक वर्ष आयोजना गर्दै आएको तीर्थयात्रा कार्यक्रम यस वर्ष २०८० साल फागुन २६ गते शनिबार, पर्यटनको नयाँ गन्तव्य स्थल काठमाडौंको पूर्व थलिस्थित श्रीलक्ष्मी हयग्रीव मन्दिर तथा भक्तपुर, चाङ्गुनारायण न.पा, छालिङ्गस्थित श्रीपंचमहालक्ष्मी मन्दिर दर्शन तथा प्राकृतिक दृश्यावलोकन तथा नगरकोटको एकदिने भ्रमण सम्पन्न गरिएको थियो।

तानसेनको कला, संस्कृति, सम्पदा संरक्षण, सम्बर्ध्दन र पर्यटनलाई टेवा पुर्याउने उद्देश्यले तानसेन टक्सार टोलस्थित मैत्री क्लबबाट २०८० पौष ७ गते शनिवारका दिन आयोजित योमरी महोत्सव भव्यताकासाथ सम्पन्न भएको उक्त कार्यक्रममा गुठीबाट प्रायोजन गरिएको थियो।

गुठीले पहिलो पटक आयोजना गरेको 'महिला व्यक्तित्व विकास तालिम' २०८० चैत २४ गते शनिबार गुठीका सह-सचिव, यस कार्यक्रमका संयोजक तथा प्रशिक्षक उषा मल्ला सिंहद्वारा आयोजना गरिएको 'Develop Your Personal Brand' नामक एक दिने तालिम कार्यक्रममा ६० जना दिदीबहिनीको उत्साहपूर्ण सहभागिता रहेको थियो ।

तानसेनको ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षण, सम्बर्धन गर्ने उद्देश्यले गुठीका पूर्व अध्यक्ष सर्जुमान लिगलज्यूको संयोजकत्वमा तानसेन पाल्पा पर्यटन विकास समन्वय उपसमिति गठन गरी तानसेन नगर पालिकासँगको सहकार्यमा काठमाडौं इन्जिनियरिङ् कलेजका ब्याचलर अन्तिम वर्षका आर्किटेक्ट इन्जिनियर विद्यार्थीहरूबाट १० दिने Integrated Conservation and Tourism Master Plan of Tansen, palpa, संभाव्यता अध्ययन गरी प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण गरी सकिएको र अन्तिम प्रतिवेदन पनि छिटै आउँदै छ। यसले तानसेनको सुनौलो भविष्यको भाग्यरेखा कोर्नेछ भन्नेमा हामी आशावादी छौं।

लामो समयदेखि तानसेनको मुख्य समस्याको रूपमा रहेको पिउने पानी समस्या समाधानको लागि प्रयत्नशील वर्तमान खानेपानी उपभोक्ता समितिले धुलिखेल नगरपालिकामा आइ अध्ययन गरी यसलाई व्यवस्थित र दीगो समाधान गर्न समितिको पहल सराहनीय रहेको उक्त कार्यक्रममा तानसेन गुठीबाट पनि सहभागिता जनाएको थियो।

त्यस्तै गुठीका दाताहरूबाट स्थापित विभिन्न ५९ वटा अक्षयकोषहरूबाट शिक्षा, स्वास्थ्य, धार्मिक, सांस्कृतिक आर्थिक सहयोग तथा विभिन्न पुरस्कारहरूमध्ये तानसेनमा वितरण गरिने सहयोगहरू भगवती जात्राका दिन विशेष कार्यक्रमको आयोजना गरी वितरण गरिएको थियो। यस वर्ष सम्माननीय राष्ट्रपति रामचन्द्र पोडेलको गरिमामय उपस्थितिमा भगवतीमाताको पूजा अर्चना गरिएको थियो।

तानसेनको गौरव श्री ७ रणउर्जीरेश्वरी भगवती माताको खटयात्रालाई राष्ट्रिय पर्वको रूपमा मान्ने र मन्दिर पुनर्निर्माण

गर्ने कार्यमा श्री ७ रणउजीरेश्वरी भगवती व्यवस्थापन समितिको सल्लाहकारको रूपमा तानसेन गुठी जोडतोडका साथ लागिपरेको छ। यसै सिलसिलामा भगवती माताको खटयात्रा कार्यक्रममा गुठीको तर्फबाट अध्यक्षको हैसियतले म आफै सहभागी भएको थिएं।

तानसेन गुठीको वार्षिक प्रकाशन चिनारीमा यस वर्षको २९ अंकमा गत वर्षहरूको भन्दा केही फरक रूपमा विविध विधाका ज्ञानवर्धक उपयोगी लेख- रचनाहरू प्रकाशित गर्न सकेकोमा मैले खुशी अनुभव गरेकी छु। यसका लागि म सम्पादक मण्डल सहित प्रकाशन समितिका सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

तानसेन गुठीमा स्थापित विभिन्न अक्षयकोषहरू गुठीको विशेष आकर्षकको केन्द्र बनेको छ। कोषदाताहरूप्रति तानसेन गुठी परिवार आभार व्यक्त गर्दछ। अक्षयकोषको बारेमा एउटा रेकर्ड राख्ने हाम्रो प्रस्तावित कार्यक्रमलाई मूर्तरूप दिने क्रममा यस अंकमा शैक्षिक छात्रवृत्ति पुरस्कार प्रदान गर्न स्थापना गरिएका अक्षयकोष सम्बन्धि विस्तृत विवरण प्रस्तुत गरिएको छ। यसको लागि प्रधान सम्पादक जयन्ती श्रेष्ठज्यूलाई विशेष आभार तथा धन्यवाद ज्ञापन गर्दछु।

तानसेन गुठीलाई संस्थागत रूपमा जीवन्त राख्न सल्लाह, सुझाव र मार्गदर्शन दिनुहुने सम्पूर्ण आदरणीय सल्लाहकारज्यूहरू, पूर्व अध्यक्षज्यूहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। सम्पूर्ण अक्षयकोष दाताज्यूहरूको योगदानप्रति हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु।

चिनारीका लागि आफ्ना महत्त्वपूर्ण लेखरचना पठाउनु भएका लेखकहरू, तानसेनबाट आवश्यक जानकारी पठाइ सहयोग गर्नुभएका गुठीको तानसेन शाखा, बुटवल शाखाका अध्यक्षज्यूहरू, विज्ञापन उपलब्ध गराई सहयोग प्रदान गर्नुहुने विज्ञापनदाताहरू तथा सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। चिनारीको आकर्षक मुखपृष्ठ डिजाइन गरी दिनुभएकोमा वरिष्ठ कलाकार श्री के. के. कर्माचार्यप्रति आभारी छु। साथै प्रधान सम्पादक श्री जयन्ती श्रेष्ठज्यूले चिनारीको स्तरिय प्रकाशनमा पु-याउनु भएको अमूल्य योगदानको लागि आभार तथा विशेष धन्यवाद ज्ञापन गर्दछु। साथै चिनारीलाई उत्कृष्ट र आकर्षक डिजाइनमा समयमै प्रकाशन गरिदिनु भएका एम.एस माउसका श्री महेन्द्र श्रेष्ठज्यू तथा किरण मालीज्यूलाई हृदयदेखि आभार सहित धन्यवाद ज्ञापन गर्दछु । गुठीलाई सहि मार्गमा डोहर्याउन आवश्यक सल्लाह, सुझाव र मार्गनिर्देशन गरी सहयोग प्रदान गर्नु भएकोमा आदरणीय सल्लाहकारज्यूहरू, पूर्व अध्यक्षज्यूहरू, समयमै लेखा परीक्षण गरी निरन्तर सहयोग गरिदिनुभएका आदरणीय श्री प्रताप प्रसाद प्रधानज्यूप्रति कृतज्ञता प्रकट गर्दछु।

तानसेन गुठीको उद्देश्य अनुसार जन्मभूमि तानसेनको उन्नति प्रगतिको लागि सकेसम्म सहयोग गर्ने र आवश्यक परेको बेलामा गरिएको सहयोगी भूमिकाको महत्त्व अतुलनीय रहन्छ।

तानसेन हरियाली भै फले फुलेको देख्न पाउनु हामी गुठियारहरुको सपना हो।

भनिन्छ सपना देख्नु पर्छ, चाहना राख्नु पर्छ तब न पुरा हुन्छ।
भनिन्छ भगवानले पनि भन्नुहुन्छ रे
'तँ चिता म पुर्याउँछु'
त्यसैले यो समयमा
सबै जुर्मुराएको बेलामा होस्टेमा हैंसे गरौं।

तानसेन गुठीले ३१ वर्ष पार गरी ३२ औं वर्ष प्रवेशको अवसरमा
गुठीको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

'उद्यमी बनौं, सफल महिलाको पहिचान दिऔं'

संस्थाले प्रदान गर्ने कर्जाहरू :
१. लघुवित्त कर्जा
२. व्यवसायीक समूह कर्जा
३. धितो कर्जा

संस्थाले संकलन गर्ने बचतहरू :
१. समूह बचत
२. व्यक्तिगत बचत
३. योजना बचत



"महिला सहयोगीको अभियान,
महिला सशक्तिकरण र सम्मान"

प्रमी श्रेष्ठ
अध्यक्ष
महिला सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-२६, सामाखुसी, काठमाडौं, फोन: ४९८७०३१ ४९८८८८७

**सम्पादकीय (मुंम्ह)**



आज तानसेन गुठीको ३२औं साधारण सभा तथा वार्षिक भेलाको अवसरमा गुठीको **'चिनारी'** पत्रिकाको २९ औं अंक यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा खुसी तथा गर्व महसुस भएको छ। विभिन्न उद्देश्य र सपना बुनेर तानसेनबाट काठमाडौं आएका केही अग्रज युवाहरूको अथक प्रयासबाट आफ्ना भाइ-बन्धुहरूको आपसी साथ-सहयोग तथा एकता कायम गर्दै विविध सामाजिक सेवाका कार्य तथा कल्याणकारी असल कार्य गर्ने उद्देश्यले २०५० सालमा जन्म भएको थियो, तानसेन गुठी । यसरी आफ्नो उद्देश्य अनुरूप शैक्षिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक, स्वास्थ्य तथा पर्यटनको क्षेत्रमा योगदान दिँदै तानसेन पाल्पाको सांस्कृतिक पर्व संचालनमा गुठीले सहजकर्ता तथा उत्प्रेरकको भूमिका निर्वाह गर्दै आर्थिक सहयोग गर्दै आइरहेको यहाँहरूमा विदितै छ। यी उद्देश्यहरूलाई मूर्तरूप दिन गुठीका सदस्यज्यूहरूले स्थापना गर्नुभएका विभिन्न शैक्षिक, स्वास्थ्य, धार्मिक, सांस्कृतिक, साहित्यिक, पर्यटन सम्बन्धी अक्षयकोषहरूको योगदानबाट नै सम्भव भएको हो भन्दा अत्युक्ति नहोला। प्रारम्भिक अवस्थादेखि विभिन्न आरोह-अवरोह झेल्दै आज यो प्रतिष्ठित संस्था उमेरले ३२ वर्षको परिपक्व भइसकेको छ भने कामको हिसाबले पनि समाजमा केही योगदान दिँदै आइरहेको छ र अझै धेरै गर्न बाँकी छ।

गुठीको वार्षिक तालिकाअनुसार यसले हरेक वर्ष विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ। चिनारीको नियमित स्तम्भहरूलाई निरन्तरता दिँदै यसवर्ष पनि गुठीका मुख्य उद्देश्य, प्रस्तावित वार्षिक कार्यक्रम, आयव्यय विवरण र वार्षिक गतिविधि अन्तर्गत धार्मिक, स्वास्थ्य तथा सामाजिक कार्यक्रमहरू प्रकाशित गरिएको छ। साथै तानसेनसँग सम्बन्धित पर्यटन सम्बर्धनबारे गहनतम एवं विचारप्रधान लेख-रचनाहरू, अनुसन्धानात्मक लेखहरू, जन्मथलोका समाचारहरू, समय सान्दर्भिक लेखहरू र प्रतिक्रियाहरू तथा अतीतलाई सम्झाउने खालका पुराना फोटो पनि प्राथमिकताका साथ समावेश गरेर पठनीय बनाउने प्रयास गरिएको छ। गुठीको आयोजनामा यो वर्ष तानसेन पाल्पाको एकिकृत सम्पदाको संरक्षण र पर्यटकीय गुरूयोजनाको बारेमा गरिएको अध्ययनलाई संक्षिप्त रूपमा पस्किने प्रयास गरिएको छ।

साथै गुठीमा स्थापित अक्षयकोषहरूबाट हालसम्म वितरण गरिँदै आएको विभिन्न छात्रवृत्ति पुरस्कार, सम्मान, स्वास्थ्य सहयोगहरू, धार्मिक तथा सांस्कृतिक र पर्यटन सम्बन्धी सहयोगहरूका बारेमा विस्तृत विवरण चरणवध्द रूपमा प्रस्तुत गर्दै जाने सानो प्रयास गरेको छु । यस पटक शैक्षिक छात्रवृत्ति पुरस्कारहरूका बारेमा विवरण प्रस्तुत गरेको छु। यसबाट मुख्यतः कोषदाताहरूलाई आफ्नो कोषको बारेमा अध्यावधिक जानकारी गराउने प्रयास रहेको छ।

देशमा देखापरेको आर्थिक मन्दीले गर्दा व्यापार व्यवसाय अझै उठ्न नसकेको अवस्थाको बाबजुत पनि गुठीप्रति आत्मीयता देखाई विज्ञापन दिई सहयोग गर्नुहुने विज्ञापनदाताहरू, प्रकाशन समितिका सल्लाहकारहरू, सदस्यहरू तथा विज्ञापन संकलन समितिका सदस्यज्यूहरूको साथ र सहयोगका लागि गुठीको तर्फबाट हार्दिक धन्यवादज्ञापन गर्दछु।

यस अंकमा शुध्दाशुध्दि र भाषा सम्पादनमा सहयोग गर्नुभएका मेरो आत्मीय साथी गुठीका पूर्व अध्यक्ष शान्ता शाक्यप्रति विशेष धन्यवाद र विभिन्न लेख रचनाहरूको संकलन एवम् सम्पादनमा सहयोग गर्नुभएका प्रा.डा. हरिप्रसाद श्रेष्ठज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै लेख रचनाहरू लेखनमा सल्लाह सुझाव दिनुभएकोमा गुठीका पूर्व अध्यक्ष सर्जुमान लिगल र यस अंक प्रकाशनमा आवश्यक सहयोग गर्नुहुने चिनारी प्रकाशन समितिलाई धन्यवाद दिन चाहन्छु। चिनारी प्रकाशनमा मलाई पूर्ण विश्वासका साथ यसवर्ष पनि प्रधान सम्पादकको महत्त्वपूर्ण जिम्मेवारी दिनुभएकोमा गुठीप्रति विशेष आभारी छु। 'चिनारी' प्रकाशनमा सबैको प्रयास हुँदाहुँदै पनि केही कमी वा त्रुटिहरू हुन गएमा क्षमा याचना गर्दछु। आगामी दिनमा यहाँहरूको सल्लाह, सुझाव, उत्प्रेरणा र सकारात्मक प्रतिक्रियाले अझ उत्कृष्ट, आकर्षक र संग्रहणीय चिनारी प्रकाशनमा योगदान पुग्ने छ भन्नेमा म विश्वस्त छु। यहाँहरूको यो विश्वासलाई सदैव यसरी नै कायम राख्न सकियोस् भनी श्री रणउजीरेश्वरी भगवती मातासँग प्रार्थना गर्दछु।

धन्यवाद ।

**जयन्ती श्रेष्ठ**
प्रधान सम्पादक

"शिक्षाको ठूलो लक्ष्य ज्ञान होइन, कर्म हो ।"

– हर्बर्ट स्पेन्सर




**प्रमी श्रेष्ठ**

अध्यक्ष

**Hattiban Social Service Centre (HSSC)**

**हातीवन सामाजिक सेवा केन्द्र**

Setidevi-3, Dakshinkali Municipality, Kathmandu



# विषयसूची


- अध्यक्षको मन्तव्य (नायःया न्वचु) ७
- सम्पादकीय (मुंम्ह) ९
- प्रतिक्रिया १२
- तानसेन गुठीका प्रमुख उद्देश्यहरू १५
- आ. व. २०८१/०८२ को प्रस्तावित कार्यक्रम १६
- **तानसेन गुठी : वार्षिक गतिविधिहरू (आ.व. २०८०/८१)** १७
- इन्फ्लूएन्जा तथा निमोनिया खोप कार्यक्रम ३८
- एकदिने महिला व्यक्तित्व विकास तालिम ३९
- तीर्थयात्रा कार्यक्रम ४३
- गुठीको संरक्षणमा रहेका शैक्षिक छात्रवृत्ति पुरस्कारहरू ४६
- सम्मान, पुरस्कार तथा शैक्षिक गतिविधि ४७
- गुठीको संरक्षणमा रहेका स्वास्थ–सेवा, स्वास्थ शिक्षा अक्षयकोषहरू ५४
- गुठीको संरक्षणमा रहेका धार्मिक, साँस्कृतिक तथा पर्यटन क्षेत्रका अक्षयकोषहरू ५४
- स्वास्थ्य गतिविधि ५६
- तानसेन गुठी - पाल्पा शाखा वार्षिक प्रतिवेदन ५&
- तानसेन गुठी - बुटवल शाखा वार्षिक प्रतिवेदन ५९
- विभिन्न संघसंस्थाको कार्यक्रममा गुठीको सहभागिता ६०
- 'पृथ्वी गणेश अष्टमाया गणेश स्मृति अक्षयकोष', २०८० ६३
- 'पी.पी. प्रधान एण्ड कम्पनी अक्षयकोष' ६४
- 'माता भगवती पूजा प्रसाद अक्षयकोष' २०८० ६४
- 'हेमन्तराज-शम्भुमान नवप्रतिभा साहित्य अक्षयकोष', २०८१ ६४
- 'माराइस श्रेष्ठ छात्रवृत्ति अक्षयकोष': स्थापना २०८० ६५
- हार्दिक बधाई तथा शुभकामना ६६
- तानसेनभाय् - प्रा.डा. ओमकारेश्वर श्रेष्ठ ६७
- संस्मरण- म, तानसेन र गठे मङ्गल - वनमाली निराकार ७१
- ओस्टियो आर्थराइटिस (Osteoarthritis) एक जानकारी - डा. सुविन व्यञ्जनकार ७३
- रिडीमा पहिलो दिन - प्रतीक ढकाल ७६
- सु. कृष्ण प्रसाद लाकौल र वहाँका कृतिहरू ८४
  - बनमाली प्रसाद लाकौल
- ऐतिहासिक विरासत बोकेको पाल्पा गौंडा ८७
  - बुद्धिनारायण श्रेष्ठ
- तानसेन: कला र वास्तुकलाको एक खुला सङ्ग्रहालय ९१
  - सन्तोषलाल श्रेष्ठ
- पाल्पामा धातुकला र पाल्पाली करुवा - निर्मल श्रेष्ठ ९७
- An auditing legend - By Peta Tomlinson १०२
- काका टेक प्रसाद उदय सत्कर्म - रेणुका देवी श्रेष्ठ १०४
- अग्रणी नारी प्रतिभाः भागीरथी श्रेष्ठ १०५
  - शान्ता शाक्य
- तानसेन गुठीमा स्थापित अक्षयकोषहरूलाई फर्केर हेर्दा १०८
  - जयन्ती श्रेष्ठ
- Unleashing the Tourism Potential of Tansen १२६
  - Dr. Pushkar Bajracharya
- भगवती प्रसाद प्रधान एक व्यक्तित्व १३०
  - चैतन्य प्रसाद प्रधान
- प्रोस्टेट क्यान्सर सम्बन्धय् जिगु अनुभव १३२
  - ज्ञानकाजी शाक्य
- तानसेनको एकिकृत सम्पदाको संरक्षण र पर्यटकीय गुरुयोजना कार्यक्रम - सर्जु मान लिगल १४०
- तानसेनको पर्यटन प्रवर्द्धनमा जोड दिन पहल १४५
  - पद्म न्यौपाने
- बसाइ सराइ रहर कि वाध्यता ? - शोभा श्रेष्ठ १४७
- REMINISCING ABOUT MY NAMESAKE ANAND – Anand Aditya १४८
- नेपालको अन्तरिक्ष अन्वेषण यात्रा: उपलब्धि, चुनौती, र भविष्यको सम्भावना १४९
  - सरिता श्रेष्ठ मास्के, रमेश कुमार मास्के र आभास मास्के
- जन्मथलोको समाचार १५२
- आजीवन सदस्यहरूले पाउने सहुलियतको विवरण १५७
- लेखापरिक्षकको प्रतिवेदन (२०८०/०८१) १५८
- धन्यवाद ज्ञापन १७०
- आजीवन/साधारण सदस्यहरूको नामावली १७६
- अतीतको सम्झना १८८

**प्रतिक्रिया**

# कृतज्ञता ज्ञापन



**दिनेश थान्जू**
**पर्यटक पथ-प्रदर्शक**

सर्वप्रथम त मलाई यस्तो गौरवपूर्ण खुसीको अनुभव महसुस गर्न पाउने मेसो मिलाइ दिनुभएकोमा तानसेन गुठीलाई मुरीमुरी धन्यवाद दिन चाहन्छु । साथै नेपालमा पहिलो पटक टुरिष्ट गाइड जस्तो पर्यटन क्षेत्रको लिडर व्यक्तित्वहरूलाई पुरस्कृत गर्ने र उनीहरूको महत्त्वपूर्ण योगदानलाई जनसाधारण समक्ष Spotlight मा ल्याउने उद्देश्यले हाम्रा सहकर्मी मध्येका एक स्व. जीवन दास श्रेष्ठको स्मृतिमा स्थापित जीवन-जयन्ती अक्षयकोषका संस्थापक श्री जयन्ती श्रेष्ठज्यूलाई हार्दिक नमन गर्न चाहन्छु । त्यसैगरी हामी टुरिष्ट गाईडहरूको छाता संगठन टुरिष्ट गाईड एशोसियन अफ नेपाल TURGAN का तत्कालीन अध्यक्ष श्री बद्री नेपाल र पुरस्कार छनौट सिफारिस समितिका पदाधिकारी साथीहरूप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

विगत ३२।३३ वर्षदेखिको अनवरत यो मेरो पेसागत यात्रा अविष्मरणीय, चुनौतीपूर्ण, केही हदसम्म जोखिमपूर्ण, रोमाञ्चक र ग्ल्यामरस् रह्यो । यस पेसासँग सम्बन्धित मेरो ज्ञान, भाषा (जर्मन र अंग्रेजी भाषा) र व्यावसायिक दक्षताको कारणले थोरै भएपनि देशको पर्यटन क्षेत्रमा केही योगदान गर्न पाएकोमा आफूलाई भाग्यमानी ठान्दछु र यो पुरस्कारबाट अझ यो क्षेत्रमा केही राम्रो गर्ने प्रेरणा मिलेको छ ।

नेपाल घुम्न आएका पर्यटकहरूलाई आफ्नो ज्ञान, भाषा, नेतृत्व क्षमता, आतिथ्यता र व्यावसायिक कुशलता प्रयोग गरेर सबै तवरले उनीहरूलाई सन्तुष्ट बनाएर बिदा गर्न सक्नु नै एकजना सफल टूर गाइडको आवश्यकीय प्रतिभा हो । हाम्रो देशमा पर्यटकहरूको लागि अहिले पनि यथेष्ठ मात्रामा गुणस्तरीय पूर्वाधार र सेवाको अभाव भएको कारणले पर्यटकहरूलाई भ्रमणको सुरूदेखि अन्तसम्म (From Airport to Airport) सन्तुष्ट र खुसी बनाइराख्नु अत्यन्तै चुनौतीपूर्ण हुन्छ । हामीहरूलाई कोही कोही अनुभवी पर्यटकहरूले Walking Professor भनेर पनि प्रशंसा गर्ने गर्दछन् । देशमा पर्यटकहरूको संख्या वृध्दि हुनुमा गाइडहरूको महत्त्वपूर्ण नेतृत्वदायी भूमिका र व्यवसायिक कुशलताको मुख्य भूमिका रहेको पाइन्छ । यो तथ्यलाई सबैले मनन् गरिदिनु भएमा गाइडहरूको काम गर्ने जांगरमा अझ वृध्दि भई उनीहरूलाई अझ राम्रो गर्ने प्रेरणा मिल्थ्यो होला भन्ने विश्वास गर्न सकिन्छ ।

अन्तमा यो क्षेत्रमा लामो समयदेखि सक्रिय रही नेपालको पर्यटन र टुर गाईडिङको क्षेत्रमा योगदान गरे वापत मलाई प्रदान गरिएको यो सम्मानित पुरस्कारको लागि सम्बन्धित सबैमा एकचोटी फेरि हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

*(जीवन-जयन्ती उत्कृष्ट पर्यटक पथप्रदर्शक पुरस्कार २०८० बाट पुरस्कृत)*

## प्रतिक्रिया पठाउने बारे

चिनारी पत्रिकामा प्रतिक्रिया स्तम्भ शुरु गरिएको हुनाले गुठीप्रति आफ्नो धारणा, गुनासा तथा सल्लाह सुझावहरू तलको इ-मेल ठेगानामा प्रकाशनार्थ पठाउनु हुन हार्दिक अनुरोध गर्दछौं ।

tansenguthi@gmail.com

## मानसम्मान सम्बन्धी सूचना

गुठियारहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको मान सम्मान, विशिष्ट उपलब्धि तथा पद्वी पुरस्कार आदि विशिष्ट सम्मान प्राप्त गर्नु भएको छ भने समयमै गुठीलाई जानकारी दिनुहोला ।

**प्रतिक्रिया**

# तानसेन गुठीसँग केही अपेक्षा-एक नगरबासी



**राम मान श्रेष्ठ**
**सह-प्राध्यापक**

तानसेन गुठीको स्थापना कालदेखि गुठीले तानसेनबासीहरूमा जगाएको आशा र हालसम्मको विभिन्न सहयोग र संलग्नताको नगरबासीहरूले मुक्त कण्ठले सराहना गर्दै आएकाछन् । 'जसले सहयोग गर्छ उसैसँग बढी साथ र सहयोगको आशा गरिएको हुन्छ' भने झैं यस गुठीले तानसेन विकाश, हित र संरक्षणमा सक्रियता देखाउन निम्न क्षेत्रहरूमा प्रयास केन्द्रित गरोस् भन्ने मेरो व्यक्तिगत चाहना रहेको छ।

१. तानसेनको बारेमा गुठीले सक्दो प्रवर्धन गर्ने कार्यक्रम गरी तानसेनप्रति उत्सुकता भ्रमण, चाहना जागरण गराउन सघाउ पुग्ने छ ।

२. गुठीले केही दशक अघि ता.न.पा मा गुठीकै आयोजनामा भएको सेमिनारले तानसेन विकाशको लागि आधारभूत क्षेत्रहरूको पहिचान गरिसकेको र सो क्षेत्रहरूबारे थप छलफल गरी कार्यक्रम बनाइ सरकार र दातृ निकायमा प्रस्ताव पेशगर्न सहयोगी संस्थाको रूपमा गुठीलाई अघि बढाउने।

३. तानसेनको पर्यटकीय आकर्षण बढाउन नगरबासीहरूमा उत्साह र जांगर बढाउने खालका क्रियाकलापहरूको पहिचान र कार्यान्वयन गराउन पहल गर्ने । जस्तै- गुठीले स्थानिय निकाय, टोल विकाश समितिको सहयोगमा घर, टोल, मठ-मन्दिर, पार्क, बाटो र सार्वजनिक स्थलहरूको सुन्दरता बढाउने, वातावरण सुधार्ने एवम् सफाइका कार्यक्रमहरू संचालन गर्ने ।

४. हस्पिट्यालिटी व्यवसायमा संलग्न नगरबासीहरूलाई आतिथ्यताको बारे गम्भीरताका साथ ध्यान दिनुपर्ने तथ्यबारे उत्प्रेरणा तालिमको व्यवस्था गर्ने ।

५. गणेश, भीमसेन, भगवती र नारायणको रथयात्राको समयमा अन्य देवताहरूको (भैरव, लक्ष्मीनारायण, हनुमान)लाई समेत समावेश गरी भव्यरूपमा तानसेन रथयात्रा सप्ताहकोरूपमा व्यवस्थित गर्न पहल गर्ने र यसै समयमा गुठीले काठमाडौं लगायत अन्य ठाँउमा बस्ने पाल्पाली र उनीहरूका परिवारजन, छिमेकी र साथीभाइहरूलाई तानसेनमा देवीदेवताको दर्शन, पूजा र रथयात्रामा सहभागी गराउने वार्षिक कार्यक्रमको सुरूवातको लागि पहल गर्ने ।

६. काठमाडौंमा अध्ययनरत आर्किटेक्चरका विध्यार्थीहरूको तानसेनस्थित पुराना घर, संरचना अध्ययन कार्यक्रम सराहनीय एवम् तानसेनको प्रचार र प्रवर्धनमा सहयोगी बन्यो । यस कार्यक्रमलाई निरन्तरता दिन गुठीले सहयोग गर्नु राम्रो हुने छ ।

७. यस गुठीले ता.न.पा लाई सहि विकाशको लागि आयोजना पहिचान गरी सरकार र दातृ निकायसँग गर्नुपर्ने गृहकार्यमा सहयोगी संस्थाको रूपमा अघि बढ्न उचित पहल गर्नुपर्छ ।

**तपाईंको मोबाइल नं र इमेल ठेगाना**

गुठीको संचार प्रणाली सहज र सरल बनाउन प्रयोग गरिंदै आएको गुठियार सदस्यहरूको मोबाइल नं. र इमेल ठेगाना परिवर्तन भएमा जानकारी गराउनुहुन अनुरोध गरिन्छ।
गुठीको भाइवर, मेसेन्जर अथवा कार्य समितिसदस्यलाई सम्पर्क गर्नुहोला।

**हाम्रो इमेल ठेगाना** : tansenguthi@gmail.com

# Lumbini Medical College & Teaching Hospital Ltd.

Tansen-7, Pravas, Palpa, Nepal. | Phone: 075-411201, 411202, Fax: 075-411205
E-mail: lmcpalpa@gmail.com | info@lmc.edu.np | www.lmc.edu.np

**तानसेन गुठीले ३१ औं वर्ष पुरागरी ३२ औं वर्ष प्रवेश गरेको शुभ उपलक्ष्यमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**गोपाल बहादुर पोखरेल**
कार्यकारी अध्यक्ष
तथा लुम्बिनी मेडिकल कलेज परिवार

## हाम्रा सेवा तथा सुविधाहरू

### सेवाहरू

- बहिरङ्ग सेवा, अन्तरङ्ग सेवा र शल्यक्रिया सेवा
- कलर डप्लर, इकोकार्डियोग्राफी र इ.सि.जि.
- एम.आर.आई, सि.टी. स्क्यान सेवा र मेमोग्राम
- दम तथा फोक्सो रोगका लागि पि.एफ.टि. सेवा
- मुटुको जाँच गर्ने टि.एम.टि. सेवा
- मिर्गी/छारे रोगका लागि ई.ई.जि सेवा
- इन्डोस्कोपी/कोलोनोस्कोपी सेवा
- हिस्टोप्याथोलोजी सेवा
- फार्मेसी सेवा (चौबीसै घण्टा)
- कम्प्युटराइज्ड एक्स-रे सेवा (चौबीसै घण्टा)
- फिजियोथेरापी सेवा
- घातक रोग विरूद्धखोप सेवा र सुरक्षित मातृत्व सेवा
- सुरक्षित गर्भपतन सम्बन्धी सेवा
- नेपाल सरकार स्वास्थ्य मन्त्रालयद्वारा सञ्चालित :
  - निःशुल्क प्रसूति गराउने सेवा
  - क्षयरोगको निःशुल्क औषधोपचार सेवा
  - स्वास्थ्य बीमा कार्यक्रम
- समुदायमा आधारित निःशुल्क घुम्ती विशेषज्ञ स्वास्थ्य परीक्षण शिविरहरू
- डायलाईसिस सेवा

### सुविधाहरू

- जनरल सर्जरी / ग्यास्ट्रो सर्जरी
- न्यूरो सर्जरी
- यूरोलोजी
- इन्टर्नल मेडिसिन
- मुटु रोग
- पेट रोग
- छाला तथा यौन रोग
- बालरोग
- नाक, कान र घाँटी रोग
- स्त्रीतथा प्रसूति रोग
- हाडजोर्नी तथा नसा रोग
- दन्त रोग
- मानसिक रोग
- आँखा सम्बन्धी रोग
- ल्याप्रोस्कोपिक सर्जरी :
  - अत्याधुनिक प्रविधिबाट दूर्बीनको माध्यमले सानो प्वाल पारी पित्त थैलीको पत्थरी निकाल्ने सेवा,
  - मृगौला, पिसावनली र पिसाव थैलीका पत्थरी निकाल्ने सेवा
  - नचिरिकन प्रोस्टेट ग्रन्थिको शल्यक्रिया सेवा ।

- सुविधा सम्पन्न सघन उपचार कक्ष (ICU / PICU) को व्यवस्था
- सुविधा सम्पन्न नवजात शिशु सघन उपचार कक्ष (NICU) को व्यवस्था
- सुविधा सम्पन्न कोरोनरी कार्डियक युनिट (CCU) को व्यवस्था
- सुविधा सम्पन्न क्याबिनको व्यवस्था
- एम्बुलेन्स सेवा चौबिसै घण्टा उपलब्ध



# तानसेन गुठीका प्रमुख उद्देश्यहरू

क) जन्मभूमि तानसेनबाट काठमाडौंमा आई विभिन्न पेसा र व्यवसाय गरी बसेका तानसेनवासीहरू बीच सुमधुर सम्बन्ध, स्नेह, मित्रता र भातृत्व एवम् सद्भाव कायम गरी पारस्परिक मेलमिलाप र सहयोग अभिवृद्धि गर्दै लैजाने ।

ख) सामाजिक कार्यअन्तर्गत बेलविवाह (इहि) व्रतबन्ध आदि सामूहिक रूपमा सम्पन्न गराउने ।

ग) गुठी सदस्य वा परिवार आकस्मिक अस्वस्थ, संकट र अन्य भवितव्य पर्दा र मर्दा एकअर्कालाई गुठीमार्फत सक्दो सहयोग गर्ने ।

घ) तानसेनको ऐतिहासिक, धार्मिक, सांस्कृतिक आदि सम्पदाको संरक्षण, संवर्द्धन र संभार गर्ने कार्यमा गुठी Catalyst का रूपमा काम गर्ने र सक्दो सहयोग गर्ने ।

ङ) शिक्षा, स्वास्थ्य, पर्यटन, वातावरण र आर्थिक क्षेत्रमा प्रत्यक्षरूपले सकारात्मक प्रभाव पर्ने क्रियाकलापमा टेवा दिने कार्य गर्न प्रयत्नशील रहने ।

च) गुठियार सदस्यहरूलाई संस्थागत रूपमा आवद्ध गराउन विभिन्न कार्यक्रमको योजना तर्जुमा गर्दै समयानुकूल परिवर्तन गर्दै लगिनेछ ।

छ) गुठी सदस्यहरूका छोराछोरीहरू एकत्रित गर्न विशेष खालका कार्यक्रमहरूको आयोजना गर्ने ।

# आ. व. २०८१/०८२ को प्रस्तावित कार्यक्रम

१) गुठीको उद्देश्यहरुलाई ध्यानमा राखि शिक्षा,स्वास्थ्य, धार्मिक, सांस्कृतिक पर्व जात्रा सहयोग अन्तरगत विभिन्न विद्यालयका छात्र छात्राहरुलाई छात्रवृत्ति पुरस्कार, सम्मान प्रदान र एस.ई.ई. पास विध्यार्थीहरूलाई बधाई तथा शुभकामना दिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२) गुठी सदस्यका स्वर्गीय बन्धु वा परिवारको सम्झनामा स्मृति अक्षयकोष खडागर्न आह्वान गरी विभिन्न सामाजिकसेवा कार्यहरू सञ्चालन गर्ने ।

३) धार्मिक तथा सामाजिक कार्यक्रमलाई निरन्तरता दिइने छ ।
   क) विभिन्न तीर्थस्थलको धार्मिक तीर्थयात्रा कार्यक्रम गरिने छ ।
   ख) गुठी सदस्य तथा सदस्य परिवारको ९० र १०० वर्ष पुगेको जेष्ठ नागरिक सम्मान पूजा कार्यक्रम ।
   ग) इही (बेलविवाह) र ब्रतवन्ध कार्यक्रम सामूहिकरूपमा सम्पन्न गर्ने ।

४) तानसेनस्थित भगवती मन्दिरको सम्बन्धमा आवश्यक कार्यहरू सम्बन्धित क्षेत्रमा कार्य गर्न गराउन निरन्तर प्रयास रहने । विभिन धार्मिक, सांस्कृतिक जात्रा-पर्व सञ्चालन गर्न गुठीबाट आर्थिक सहयोग भइरहेका अझ थप रकम सहयोग गर्न जुटाउने कार्य गर्ने ।

५) गुठीका नयाँ पुस्ता युवाहरूलाई तानसेन प्रति भावनात्मक सम्बन्ध गराउने उद्देश्यले युवा लक्षित कार्यक्रम गर्ने ।

६) हालसम्मका गुठीका क्रियाकलापको पुनर्मूल्याङ्कन गरी परिमार्जन वा सुधार गर्ने ।

७) दीर्घकालीन कार्यक्रम –तानसेन नेवाःछैंको अवधारणा साकार पार्न गुठीका पूर्व अध्यक्ष स्व.श्याम सुन्दरलाल कक्षपतीज्यूबाट प्राप्त सानेपाको जग्गा सहयोग सम्बन्धमा अध्ययन गरि सम्बन्धित क्षेत्रमा आवश्यक कार्य गर्न कार्य समिति जिम्मेवारीपूर्वक निरन्तर प्रयासरत रहने छ ।

८) गत केही वर्षदेखि सल्लाहकार तथा पूर्वअध्यक्षज्यूहरूको प्रेरणादायी जीवन यात्राबारे लेखिएको जीवनी 'म र मेरोबारे जन्मदेखि कर्म क्षेत्रसम्म' प्रकाशनलाई निरन्तरता दिइने छ।

९) नेवाःभाषा नेपालीभाषा, संस्कृति र साहित्यको विकास, संरक्षण, सम्वर्धन र भाषिक उत्थानलाई टेवा पुग्नेगरी साहित्यिक कार्यक्रम गर्ने ।

१०) गुठी संस्थापक सदस्य तथा पूर्व कार्यसमिति सदस्यहरूको उपस्थितिमा सुझाव संकलन तथा भेटघाट कार्यक्रम गर्ने ।

११) तानसेन पाल्पामा पर्यटकीय क्षेत्रमा टेवा पुर्याउने कार्यक्रमको साथै पाल्पा सांस्कृतिक पर्वको निरन्तरताको लागि सहयोग जुटाउने कार्यक्रमको निरन्तरता रहने ।

१२) स्वास्थ्य सेवाको सन्दर्भमा गुठीबाट इन्फ्लुएन्जा तथा निमोनिया भ्याक्सिन कार्यक्रमको निरन्तरता साथै स्वास्थ्यसेवा सम्बन्धित अन्य कार्यक्रमहरू गर्ने ।

१३) गुठीयार सदस्य, सदस्य परिवार का युवा तथा महिला सदस्यहरूलाई सक्रिय बनाउन साथै व्यक्तित्व विकासगर्न नेतृत्व विकास तथा उत्प्रेरणात्मक तालिम कार्यक्रम गर्ने ।

१४) तानसेन नगर पालिकासँग निरन्तर सम्पर्कमा रही आवश्यकता अनुसार सरसल्लाह सुझाव सहयोग पुर्याउने, कार्यक्रमहरू गराउने कार्यमा शाखालाई सक्रिय बनाउने ।

१५) तानसेन गुठीको नाममा YouTube channel बनाई पाल्पाको ऐतिहासिक धार्मिक मठ-मन्दिरस्थल तथा पर्यटनक्षेत्रलाई सहयोग पुर्याउने विविध स्थानीय साहित्य, कला, संस्कृति र परम्परा आदिको प्रस्तुतीको बारेमा कार्यक्रमहरू सन्चालन गर्ने ।

१६) गुठियार सदस्यहरूको बारेमा जानकारी दिन Who is Who लाई पुनःनिरन्तरता दिने ।

१७) सल्लाहकार तथा पूर्व अध्यक्षज्यूहरूसँग कम्तिमा वर्षको दुई पटक संयुक्त बैठक बसि छलफल र राय लिई विभिन्न सामाजिक सेवाका प्रभावकारी कार्यक्रमहरू गर्ने ।

१८) वार्षिक साधारणसभा तथा भेला कार्यक्रमको समिक्षा गरी आवश्यक सुधार गर्ने ।

१९) पौष मसान्तसम्म अर्ध-वार्षिक आय–व्यय तयार गर्ने। वार्षिकआय–व्यय वासलात आषाढ मसान्तसम्मको, वार्षिक भेलाबारे चिनारी प्रकाशन कार्य सम्पन्न गर्ने ।

२०) गुठीमा स्थापित विभिन्न अक्षयकोषको कार्यक्रम सम्बन्धमा रेकर्ड फाईल बनाउने ।

२१) भिजिट तानसेन कार्यक्रम संचालन गरी सांस्कृतिक, धार्मिक, प्राकृतिक सौन्दर्य अवलोकन कार्यक्रम गरी आन्तरिक पर्यटन प्रवर्धनमा टेवा दिन प्रयास गरिने साथै पाल्पा तानसेन टक्सार पर्यटन महोत्सव गर्ने योजनालाई सफलपार्न आवश्यक छलफल सहित प्रयाशरत् रहने छ।

२२) तानसेनको शिक्षा, स्वास्थ्य, धार्मिक, सांस्कृतिक, साहित्यिक र पर्यटन आदिको संरक्षण, संवर्धन, प्रवर्धनमा आजको वर्तमान अवस्थामा समय सापेक्ष विषयमा एक व्यक्ति एक विचार शिर्षकमा सम्बन्धित विज्ञहरूसँग लेख अनुरोध गरी पठनीय प्रकाशन गर्ने।

२३) गुठीका सदस्य कलाकारहरूलाई प्रोत्साहन गर्न तानसेन सँग सम्बन्धित कला संस्कृति झल्काउने, आर्ट, कलाकृति, फोटो आदिको प्रदर्शनी गर्ने, वार्षिक क्यालेन्डर प्रकाशन गरी तानसेनको प्रचार प्रसार गर्ने।

२४) ईच्छुक गुठीयार सदस्यज्यूहरूलाई सुचना र प्रविधि सम्बन्धि प्राथमिक प्रशिक्षण दिने कार्यक्रम गर्ने ।


nanglo
EST. 1976
The Chinese Room
9815597346
Durbarmarg
THE LAWN
• RESTAURANT •
01-5429988 / 01-5431724
Jhamsikhel


UTSAV
jewels
COLLECTION
SA
SIMPLY AFFORDABLE
DIAMOND JEWELLERY
COLLECTION
FLAT 20% TO 40%
DISCOUNT
365 DAYS A YEAR
Contact us: 9851078369
SHOP: 120, CTC Mall,
Sundhara, Kathmandu, Nepal
Website: utsavjewels.com

तानसेन गुठीले ३१ वर्ष पार गरी ३२ औं वर्ष प्रवेशको अवसरमा
गुठीको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना ।



*"For Women Empowerment & Holistic Development of Children"*

वात्सल्य किन्डरवेल्ट विद्यालय

Vatsalya Kinderwelt School

तारकेश्वर-६, जरङ्खु (अस्टमान टोल), फोन: ९८६०१९९९७६





तानसेन गुठीले ३१ वर्ष पार गरी
३२ औं वर्ष प्रवेशको अवसरमा
गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना ।

प्रो. उपेन्द्र मान बज्राचार्य

बज्र मेडिको कन्सर्न

बुटवल-४, रुपन्देही

# GEOCE GROUNDWATER






## Past Projects

| | | |
|---|---|---|
| Rastra Pati Bhawan | PM Quarter | Nepal Electricity authority |
| Chinese Embassy | Bir Hospital | BICC |
| Nepal Telecom | Ncell | Nagdhunga Tunnel Project |



Bhuwan Kumar Shrestha
Managing Director
**Life Member of Tansen Guthi**

GEOCE GROUNDWATER DEVELOPMENT CO. (P) LTD. GGDC

GEOCE GROUNDWATER DEVELOPMENT COMPANY (P) LTD

ggdc

Phone: 9851072727, 01-5360661, Email: ggroundwater@gmail.com

Aabhusan Marg, Bhote Bahal 11
Kathmandu, Nepal

On the Auspicious Occasion of the 32nd Anniversary of

# TANSEN GUTHI

We extend Heartly Congratulation and Best Wishes
and also wish for the continuous progress
of the organisation in the future.



*Surel students of Suri villege, Dolakha*

"A good education is
a foundation for a better future."

*– Elizabeth Warren*

संरचना नेपाल
SAMRACHANA NEPAL

**Prof. Dr. Hari Prasad Shrestha**
President
**Samrachana Nepal**
Kathmandu, Nepal

**Heike Kunze**
President
**Kinderhilfe Nepal e.V.**
Trabelsdorf, Germany

# तानसेन गुठी : वार्षिक गतिविधिहरू
**(आ.व. २०८०/८१)**

तानसेन गुठीको वार्षिक साधारण सभा तथा गुठी भेला कार्यक्रम प्रत्येक वर्ष पाल्पा, तानसेनस्थित ऐतिहासिक श्री ७ रणउजीरेश्वरी भगवती माताको जात्राको लगत्तै आउने शनिबार वा अनुकूल समयमा भगवती माताको स्मरण गरी गुठी पूजा तथा वार्षिक भेला कार्यक्रम गरिने परम्परा रहँदै आएको छ ।

## (क) गुठी पूजा

गुठीको ३१औं वार्षिक भेला तथा साधारण सभा २०८० साल भाद्र ३० गते शनिबारका दिन ललितपुरस्थित कुपण्डोल ब्याङ्क्वेटमा भव्य समारोह बिच सम्पन्न गरिएको थियो । यस कार्यक्रमका थकाली तथा गुठीका आजीवन सदस्य आदरणीय डा. ओमकृष्ण मल्लज्यूबाट श्री ७ रणउजीरेश्वरी भगवती माताको प्रतिमूर्तिमा विधिवत् पूजा अर्चना गरी उपस्थित सम्पूर्ण गुठियार तथा सदस्य परिवारहरूलाई टीका, प्रसाद तथा आशीर्वाद प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख श्री सन्तोषलाल श्रेष्ठज्यूको गरिमामय उपस्थिति रहेको थियो ।


*श्री रणउजीरेश्वरी भगवती माता*


*थकाली डा. ओम कृष्ण मल्लबाट भगवती मातालाई पूजा अर्चना गर्नुहुँदै*


*थकाली डा. ओम कृष्ण मल्लबाट अध्यक्षलाई टीका प्रसाद प्रदान गर्नुहुँदै*


*थकाली डा. ओम कृष्ण मल्लबाट टीका प्रसाद प्रदान गर्नुहुँदै*


*थकाली डा. ओम कृष्ण मल्लबाट टीका प्रसाद प्रदान गर्नुहुँदै*


*थकाली डा. ओम कृष्ण मल्लबाट टीका प्रसाद प्रदान गर्नुहुँदै*


थकालीबाट वरिष्ट सल्लाहकार डा. मोहन मान सैँजुलाई टिका प्रसाद प्रदान गर्नुहुँदै


वरिष्ट सल्लाहकारलाई  चिनारी पत्रिका विमोचनको लागि  दिनुहुँदै प्रधान सम्पादक जयन्ती श्रेष्ठ


सल्लाहकारज्यूहरूबाट चिनारी पत्रिका विमोचन गर्नुहुँदै

## (ख) 'चिनारी' पत्रिका विमोचन कार्यक्रम

पूजाको कार्यक्रम लगतै वार्षिक रूपमा प्रकाशन गरिँदै आएको 'चिनारी' पत्रिकाको २८औं अंकको विमोचन थकाली आदरणीय डा. ओमकृष्ण मल्लज्यू, गुठीका आदरणीय सल्लाहकारज्यूहरू ई. शंकर कृष्ण मल्ल, वनमाली लाकौल र शोभा श्रेष्ठज्यू तथा गुठीका अध्यक्ष निलम गोंगल श्रेष्ठज्यूबाट सामूहिक रूपमा गरिएको थियो। उक्त पत्रिकाका प्रधान सम्पादक श्री जयन्ती श्रेष्ठज्यूले उहाँहरूलाई विमोचनका लागि 'चिनारी' पत्रिका प्रदान गर्नुभएको थियो।

## (ग) दर्ता तथा नवीकरण कार्य

वार्षिक भेला कार्यक्रमको पूर्वार्धमा बिहानको करिब ९ बजे उपस्थित सम्पूर्ण गुठियारहरूलाई उपस्थिति पुस्तिकामा हस्ताक्षर गराई गुठीको वार्षिक पत्रिका 'चिनारी' वितरण गरिएको थियो। गुठीको निर्णय बमोजिम आजीवन सदस्यहरूलाई एक प्रति चिनारी पत्रिका नि:शुल्क वितरण गरिएको थियो।


सदस्यहरूबाट आफ्नो नाम दर्ता तथा नविकरण गर्न सहयोग गर्दै कार्यसमिति सदस्यहरू


सदस्यहरूबाट आफ्नो नाम दर्ता तथा नविकरण गर्न सहयोग गर्दै स्वयमसेवक

### (घ) भगवती पूजा-प्रसाद ग्रहण

आफ्नो जन्मथलोका मेयरको गरिमामय उपस्थितिमा सबै गुठियार सदस्यहरूले श्री रणउजीरेश्वरी भगवती माताको दर्शन गर्नु भएपछि उक्त सभाका थकाली डा. ओमकृष्ण मल्लज्यूले सबैलाई टीका-प्रसाद प्रदान गर्नुभएको थियो। साथै नेवारी परम्परागत समय् बजि प्रसाद पनि वितरण गरिएको थियो। तत्पश्चात् विधिवत् साधारण सभाको कार्यक्रम सुरू गरिएको थियो।



*पूजा कार्यक्रम लगतै नास्ता लिनुहुँदै सदस्यहरू*



*कार्यक्रममा सदस्यहरूलाई स्वास्थ्य परामर्श दिँदै*



*गुठीका तीन अध्यक्षहरू: पूर्व अध्यक्ष, निवर्तमान अध्यक्ष र वर्तमान अध्यक्ष (ऐतिहासिक क्षण)*

### (ङ) वार्षिक भेला कार्यक्रम

बिहानको पूजा-अर्चना पछि चिया नास्ताको व्यवस्था गरिएको थियो भने करिब ११ बजेतिर गुठीको ३१औं वार्षिक भेला कार्यक्रम प्रारम्भ गरिएको थियो। उक्त कार्यक्रम गुठीका अध्यक्ष श्री निलम गोंगल श्रेष्ठज्यूको सभापतित्वमा सञ्चालन गरिएको थियो। सबैलाई टीका-प्रसाद प्रदान गर्नुभएका थकाली आदरणीय डा. ओमकृष्ण मल्लज्यूको प्रमुख आतिथ्यमा सल्लाहकार, पूर्व अध्यक्ष, कार्यकारी सदस्य, आजीवन सदस्य तथा सदस्यज्यूहरूको उपस्थितिमा कार्यक्रम सु-सम्पन्न गरिएको थियो।

#### १. आसन ग्रहण

वार्षिक भेला कार्यक्रममा गुठीका संरक्षक श्री रणउजीरेश्वरी भगवती माताको तस्वीरलाई आसनमा विराजमान गराइएको थियो। आसन ग्रहणको क्रममा गुठीका अध्यक्ष श्री निलम गोंगल श्रेष्ठज्यूको सभापतित्वमा उक्त दिनका थकाली आदरणीय डा. ओमकृष्ण मल्लज्यूलाई प्रमुख अतिथिको रूपमा तथा सल्लाहकारहरूलाई मञ्चमा आसन ग्रहण गराई सभापतिबाट खादा ओढाई स्वागत गरिएको थियो। साथै गुठीका निवर्तमान अध्यक्ष, पूर्व अध्यक्षहरू, कार्यकारी सदस्यहरूलाई तथा अक्षयकोषदाताहरूलाई हलको अग्रभागमा आशन ग्रहण गराइएको थियो तथा विभिन्न संघ-संस्थाबाट पाल्नुभएका आमन्त्रित अतिथिहरू, सम्मानित तथा पुरस्कृत व्यक्तित्वहरू, छात्रवृत्ति पुरस्कार पाउने विद्यार्थीहरू, सम्पूर्ण गुठियारहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरूलाई यथास्थानमा आसन ग्रहण गराइएको



*आशन ग्रहणको क्रममा प्रमुख अतिथि डा. ओम कृष्ण मल्ललाई खादा द्वारा स्वागत गरिँदै*



*आशन ग्रहणको क्रममा गुठीका अध्यक्ष, प्रमुख अतिथि, तथा सल्लाहकारहरू*

थियो । उक्त कार्यक्रम गुठीका सचिव डा. ई. सुरेन्द्र श्रेष्ठबाट सञ्चालन गरिएको थियो ।

### २. सामूहिक राष्ट्रिय गान

कार्यक्रमको सुरूवातमा राष्ट्रको सम्मानमा सम्पूर्ण महानुभावहरू आ–आफ्नो स्थानबाट सामूहिक रूपमा राष्ट्रिय गानमा सरिक हुनुभएको थियो ।



*कार्यक्रमको शुरूवातमा राष्ट्रको सम्मानमा राष्ट्रिय गानमा सहभागी हुँदै*

### ३. स्वागत मन्तव्य

यस कार्यक्रमका संयोजक तथा गुठीका उपाध्यक्ष प्रमी श्रेष्ठले स्वागत मन्तव्य दिनुभएको थियो ।




*उपस्थित सम्पूर्ण सदस्यहरूलाई स्वागत गर्नु हुँदै उपाध्यक्ष प्रमी श्रेष्ठ*

### ४. उद्घाटन कार्यक्रम

यस सभाका थकाली तथा प्रमुख अतिथि आदरणीय डा. ओमकृष्ण मल्लज्यूबाट पानसमा दीप प्रज्वलन तथा श्री



*प्रमुख अतिथिबाट पानसमा दीप प्रज्वलन गरी सभा शुभारम्भ गर्नुहुँदै*

७ रणउजीरेश्वरी भगवती माताको तस्विरमा माल्यार्पण गरी वार्षिक भेलाको औपचारिक रूपमा शुभारम्भ गर्नुभएको थियो ।



*प्रमुख अतिथिबाट भगवती माताको तस्विरमा माल्यार्पण गर्नुहुँदै*

### ५. वार्षिक प्रतिवेदन

गुठीका सचिव विनय शाक्यबाट आर्थिक वर्ष २०७९-०८० को वार्षिक प्रतिवेदन संक्षिप्त रूपमा प्रकाश पार्नुभएको थियो भने सो प्रतिवेदन साधारण सभाबाट अनुमोदन गरिएको थियो ।



*गुठीका सचिव विनय शाक्यबाात वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै*

### ६. वार्षिक आर्थिक प्रतिवेदन

गुठीका कोषाध्यक्ष जीवन ज्योति बज्राचार्यले आर्थिक वर्ष २०७९-०८० को आय–व्यय विवरण संक्षिप्त रूपमा प्रस्तुत गर्नुभएको थियो ।

आ.व. २०७९-८० को लागि कूल आम्दानीतर्फ जम्मा रू. १८,८९,०२६ ।–, कूल खर्चतर्फ जम्मा रू.१६,६७,६४२ ।–, बचततर्फ जम्मा रू. २,२१,३८४ र कूल मौज्दात जम्मा



*गुठीका कोषाध्यक्ष जीवनज्योति बज्राचार्यबाट आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै*

रू.१,६७,२८,८८१ ।– लाई उक्त भेलाबाट अनुमोदन गरिएको थियो । साथै आ.व. २०८०-०८१ को लागि अनुमानित बजेट (आय–व्यय) तथा लेखा परीक्षक पि.पि. प्रधान एण्ड कम्पनीको निरन्तरताको लागि सर्वसम्मतिबाट अनुमोदन गरिएको थियो ।

## ७. उच्च सम्मान अलङ्कृत कार्यक्रम

### (क) श्री हेमन्तराज कोलाक्षपति

गुठीका आजीवन सदस्य तथा वरिष्ठ पूर्व अध्यक्ष आदरणीय श्री हेमन्तराज कोलाक्षपतिलाई गुठीप्रतिको उहाँको अतुलनीय योगदानको उच्च कदर गरी गुठीबाट 'उच्च सम्मान अलङ्कृत पत्र'द्वारा सम्मान गरिएको थियो । उहाँलाई वरिष्ठ सल्लाहकार ई. शंकरकृष्ण मल्लबाट खादा, फूलमाला लगाई तथा प्रमुख अतिथि श्रध्देय डा. ओमकृष्ण मल्लबाट दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो भने गुठीका अध्यक्ष श्री निलम गोंगल श्रेष्ठबाट 'उच्च सम्मान अलङ्कृत पत्र' प्रदान गरी सम्मानित गरिनुका साथै बधाई तथा शुभकामना-ज्ञापन गरिएको थियो । उक्त पत्र चिनारी पत्रिकाका प्रधान सम्पादक श्री जयन्ती श्रेष्ठबाट वाचन गरिएको थियो । सम्मानित व्यक्तित्वबाट शुभकामना मन्तव्य व्यक्त गरिएको थियो ।



*पूर्व अध्यक्ष हेमन्त राज कोलाक्षपतीलाई उच्च सम्मान अलंकृतपत्रद्वारा सम्मान गरिँदै*



*सम्मानित व्यक्तित्व हेमन्त राज कोलाक्षपतीबाट शुभकामना मन्तव्य दिनुहुँदै*

### (ख) श्री गृहमान सिंह

गुठीका आजीवन सदस्य तथा वरिष्ठ पूर्व अध्यक्ष आदरणीय श्री गृहमान सिंहलाई गुठीप्रतिको उहाँको लगाव, लगनशीलता र अतुलनीय योगदानको उच्च कदर गरी गुठीबाट 'उच्च सम्मान अलङ्कृत पत्र'द्वारा सम्मान गरिएको थियो । उहाँलाई वरिष्ठ सल्लाहकार श्री वनमाली लाकौलबाट खादा, फूलमाला लगाई तथा प्रमुख अतिथि श्रध्देय डा. ओम कृष्ण मल्लबाट दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो भने गुठीका अध्यक्ष श्री निलम गोंगल श्रेष्ठबाट उक्त सम्मानपत्र प्रदान गरी सम्मानित गरिनुका साथै बधाई तथा शुभकामना-ज्ञापन गरिएको थियो । उक्त पत्र गुठीका पूर्व अध्यक्ष श्री शान्ता शाक्यबाट वाचन गरिएको थियो भने सम्मानित व्यक्तित्वबाट शुभकामना मन्तव्य व्यक्त गरिएको थियो ।



*पूर्व अध्यक्ष श्री गृहमान सिंहलाई उच्च सम्मान अलंकृत पत्रद्वारा सम्मान गर्नुहुँदै*



*सम्मानित व्यक्तित्व गृहमान सिंहबाट शुभकामना मन्तव्य दिनुहुँदै*

## ८. शुभकामना मन्तव्य

यस गुठीका आजीवन सदस्य तथा तानसेन नगरपालिकाका नगर प्रमुख श्री सन्तोषलाल श्रेष्ठज्यूले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।



*तानसेनका मेयर श्री सन्तोषलाल श्रेष्ठबाट शुभकामना मन्तव्य दिनुहुँदै*

### ९. प्रथम पुरूष राजगोपाल श्रेष्ठ

यस सभाका प्रमुख अतिथि डा. ओमकृष्ण मल्लबाट गुठीका अध्यक्ष तथा साधारण सभाका सभाध्यक्ष श्री निलम गोंगल श्रेष्ठज्यूका श्रीमान् आदरणीय श्री राजगोपाल श्रेष्ठज्यूलाई प्रथम पुरूषको रूपमा परिचयसहित खादा ओढाई सम्मान गरिएको थियो ।



*अध्यक्ष निलम गोंगल श्रेष्ठज्यूको श्रीमान राज गोपाल श्रेष्ठलाई प्रथम पुरूषको रूपमा स्वागत गरिँदै*

साधारण सभाको पहिलो चरण पछि समय् बजि खाजाको व्यवस्था गरिएको थियो त्यसपछि दोस्रो चरणमा विभिन्न छात्रवृत्ति पुरस्कार तथा सम्मानपत्र वितरण गरिएको थियो ।

### १०. काठमाडौंमा वितरण गरिएका पुरस्कार तथा प्रशंसापत्र

### इन्द्र पद्म स्मृति संस्कृति पुरस्कार

नेवाः भाषा, संस्कृति आदिको संरक्षण र सम्वर्धन गर्न योगदान पु-याउने व्यक्तित्व तथा संस्थालाई पुरस्कृत गर्ने उद्देश्यले स्थापित २०८० सालको उक्त पुरस्कार अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो समुदायको संस्कृति, परम्परा र रीतिरिवाजलाई संरक्षण र सम्वर्धन गर्न अतुलनीय योगदान पु-याउँदै आउनुभएका संस्कृतिविद् श्रध्देय श्री वासव राजोपाध्यायज्यूलाई प्रदान गरिएको थियो। हाल उहाँ अमेरिकामा रहनुभएको हुँदा उहाँको प्रतिनिधिको रुपमा उहाँकी दिदी श्री रजनी राजोपाध्यायलाई कोषदाता ई. करूणा गोविन्द श्रेष्ठज्यूबाट दोसल्ला ओढाई सम्मानपत्रसहित नगद



*इन्द्र-पद्म संस्कृति पुरस्कार प्रदान गर्नु हुँदै कोषदाताहरू*

रू. १०,००० ।–(अक्षयरूपी दश हजार मात्र) प्रदान गरिएको थियो भने गुठीका अध्यक्षबाट खादा ओढाई बधाई-ज्ञापन गरिएको थियो ।

### जीवन–जयन्ती उत्कृष्ट पर्यटक पथप्रदर्शक पुरस्कार

नेपालको पर्यटन विकासमा देशको अवैतनिक राजदूत मानिने पर्यटक पथप्रदर्शकहरूको सम्मान र प्रोत्साहनका लागि तथा आफ्नो पेसाप्रति थप उर्जा प्राप्त होस् भन्ने उद्देश्यले स्थापित २०८० सालको उक्त पुरस्कार वरिष्ठ पर्यटक पथप्रदर्शक श्री दिनेश प्रसाद थान्जूलाई कोषदाता तथा पूर्व कार्यसमिति सदस्य श्री जयन्ती श्रेष्ठज्यूबाट दोसल्ला ओढाई चाँदीको पानससहित प्रमाणपत्र प्रदान गरिएको थियो भने अध्यक्षबाट खादा ओढाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो ।



*जीवन- जयन्ती उत्कृष्ट पर्यटक पथप्रदर्शक पुरस्कार दिनेश प्रसाद थान्जुलाई प्रदान गर्नुहुँदै कोषदाता*

### हेमन्तराज कोलाक्षपति साहित्य पुरस्कार

गुठीका पूर्व अध्यक्ष हेमन्तराज कोलाक्षपतिबाट पाल्पाको साहित्यिक विकासमा टेवा पुर्याउने पाल्पाको साहित्यिक संस्थालाई प्रोत्साहन स्वरूप रू.२५०००/- पुरस्कार पाँच वर्षसम्म प्रत्येक वर्ष प्रदान गर्ने उद्देश्यले स्थापित उक्त पुरस्कार २०८० सालको लागि पाल्पामा साहित्यिक विकासको क्षेत्रमा उच्च योगदान पुर्याएवापत ‘पाल्पा साहित्य समाज’लाई प्रदान गरिएको थियो । उक्त समाजका अध्यक्ष पुष्कर अथक रेग्मीज्यूलाई कोषदाताज्यूबाट दोसल्ला ओढाई नगद रू.



*साहित्यकार पुष्कर अथक रेग्मीलाई पुरस्कार प्रदान गर्नुहुँदै कोषदाता*

२५०००/- सहित प्रमाणपत्र प्रदान गरिएको थियो भने अध्यक्षज्यूले खादा ओढाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो ।

### डा. शम्भुमान सिंह साहित्य पुरस्कार

गुठीका संस्थापक डा. शम्भुमान सिंहबाट 'पाल्पा साहित्य समाज'को सिफारिसमा पाल्पामा साहित्यिक विकासको क्षेत्रमा टिवा पुऱ्याउने पाल्पाको साहित्यिक संस्था वा व्यक्ति (साहित्यकार) एकजनालाई प्रोत्साहन स्वरूप रू.२०,०००/- नगद पुरस्कार प्रदान गर्ने उद्देश्यले स्थापित उक्त पुरस्कार २०८० सालको लागि पाल्पामा साहित्यिक क्षेत्रमा उच्च योगदान पुर्याएवापत वरिष्ठ साहित्यकार भागिरथी श्रेष्ठलाई प्रदान गरिएको थियो। उहाँको अनुपस्थितिमा उहाँको प्रतिनिधिलाई कोषदाताज्यूबाट बधाई तथा शुभकामनासहित नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो



*साहित्यकार भागीरथी श्रेष्ठको पुरस्कार प्रतिनिधिलाई प्रदान गर्नुहुँदै कोषदाता*

### कोकिल-गीता मानवसेवा पुरस्कार

समाजका असहाय बालबालिका तथा वृध्दवृध्दाहरूको सेवामा समर्पित व्यक्ति तथा संघ-संस्थालाई उनीहरूले गरेका र गरिरहेका मानवीय पुण्य कार्यका लागि सम्मान गर्ने उद्देश्यले स्थापित २०८० सालको उक्त पुरस्कार नयाँ वानेश्वर शान्तिनगरस्थित 'निःसहाय सेवा सदन'लाई प्रदान गरिएको थियो ।उक्त संस्थाका अध्यक्ष तथा गुठीका पूर्व अध्यक्ष करूणा



*निःसहाय सेवा केन्द्रका अध्यक्षलाई कोकिल-गीता मानव सेवा पुरस्कार प्रदान गर्नुहुँदै कोषदाता*

गोविन्द श्रेष्ठलाई कोषदाता यस गुठीका आजीवन सदस्य श्री कोकिल गोविन्द श्रेष्ठ र उहाँकी धर्मपत्नी गीता श्रेष्ठले दोसल्ला ओढाई प्रमाणपत्रसहित नगद पुरस्कार प्रदान गरिनुका साथै अध्यक्षबाट खादा ओढाई बधाई तथा शुभकामना व्यक्त गरिएको थियो ।

### गुठीका पूर्व अध्यक्ष श्री सर्जुमान लिगल

यस गुठीका पूर्व अध्यक्ष श्री सर्जुमान लिगलज्यूलाई उहाँको कार्यकालमा गुठीलाई अझ संगठित, सबल र सक्षम बनाउन पुर्याउनुभएको उल्लेखनीय योगदानको कदर गर्दै प्रमुख अतिथि डा. ओमकृष्ण मल्लबाट खादा तथा गुठी सल्लाहकार श्री शोभा श्रेष्ठबाट दोसल्ला ओढाई अध्यक्षबाट प्रशंसापत्र प्रदान गरिएको थियो ।



*नि.अध्यक्ष सर्जुमान लिगललाई अध्यक्षबाट प्रशंसापत्र प्रदान गर्नुहुँदै*

### डा. बालकृष्णमान सिंह

यस गुठीका आजीवन सदस्य डा. बालकृष्णमान सिंहज्यूले Mewar University, Gangrar Chittorgarh, Rajasthan India बाट 'Economic Liberalization In South Asia With Special Reference To Nepalese Economy' विषयमा पीएच.डी. गर्नुभएकोमा उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै प्रमुख अतिथि डा. ओमकृष्ण मल्लबाट खादा तथा अध्यक्षज्यूबाट प्रशंसापत्र प्रदान गरिएको थियो ।



*डा. बालकृष्ण मान सिंहलाई अध्यक्षबाट प्रशंसापत्र प्रदान गर्नुहुँदै*

## ११. गुठीको शैक्षिक गतिविधि

### अ. काठमाडौंमा वितरण गरिएका पुरस्कार तथा छात्रवृत्तिहरू

### क) श्यामरत्न स्मृति छात्रवृत्ति पुरस्कार

तानसेन नगरपालिका भित्रका विद्यालयहरूबाट विज्ञान संकायको +२ परीक्षामा सर्वाधिक अंक प्राप्त गरी उत्तीर्ण हुने एकजना छात्र र एकजना छात्रा गरी जम्मा दुई जनालाई काठमाडौंमा सहभागी गराई प्रदान गरिने उक्त छात्रवृत्ति पुरस्कार २०८० सालको लागि तुषार कालिकोटालाई कोषदाता ई. शंकरकृष्ण मल्लज्यूबाट प्रमाणपत्रसहित नगद पुरस्कार प्रदान गरिएको थियो भने गुठीका अध्यक्षबाट खादा ओढाई बधाई-ज्ञापन गरिएको थियो ।



*तुषार कालिकोटालाई श्याम-रत्न छात्रवृत्ति पुरस्कार प्रदान गर्नुहुँदै कोषदाता*

### ख) पद्मचन्द श्रेष्ठ स्मृति पुरस्कार

उक्त पुरस्कार स्थापना भएको सालदेखि २०७९ सालसम्म काठमाडौंमा बसोबास गरेका गुठी सदस्य परिवारका छोरा-छोरीमध्ये नेपालबाट विज्ञान, व्यवस्थापन र मानविकी संकायमा सर्वोकृष्ट अंक प्राप्त गर्ने छात्र एक जना र छात्रा एक जनालाई छात्रवृत्ति पुरस्कार प्रदान गर्दै आएकोमा उक्त उद्देश्य परिवर्तन भई २०८० सालदेखि गुठी सदस्य परिवारका छोरा र छोरी (दुईजना)लाई नेपालबाट कृषि तथा पशुपंछी विषयमा १०+२ तहको परीक्षामा सर्वाधिक अंक ल्याई उत्तीर्ण हुनेलाई पुरस्कृत गर्ने गरिएको छ । यो वर्ष कुनै पनि विद्यार्थीको नाम जानकारीमा नआएकोले उक्त पुरस्कार वितरण भएन ।

### ग) माधवराज मास्के स्मृति पुरस्कार

तानसेन गुठीका सदस्य परिवारमध्येबाट इन्जिनियरिङ र आर्किटेक्चर विधामा स्नातकोत्तर (एम.ई.) उत्तीर्ण गरेकालाई प्रमाणपत्र, चाँदीको पदक र दोसल्लाबाट सम्मान गर्ने उद्देश्यले स्थापित २०८०सालको उक्त पुरस्कार दुईजना इन्जिनियरहरू आ.ई. रक्षा श्रेष्ठ र आ.ई. सुनसुन कसजूलाई गुठीका अध्यक्षबाट दोसल्ला ओढाई बधाई तथा शुभकामना व्यक्त गर्दै उक्त प्रज्ञा सम्मान-पत्र प्रदान गरिएको थियो ।



*माधव राज मास्के पुरस्कार ग्रहण गर्नुहुँदै ई. रक्षा श्रेष्ठ*




*माधव राज मास्के पुरस्कार प्रदान गर्नुहुँदै*

### घ) तीर्थनाथ-जानकी देवी गोंगल पुरस्कार

तानसेन गुठीका सदस्य परिवार मध्येबाट स्वास्थ्य चिकित्सा क्षेत्रमा विशेषज्ञता हासिल गरेकाहरूलाई प्रमाणपत्र, चाँदीको पदक र दोसल्लाबाट सम्मान गर्ने उद्देश्यले स्थापित उक्त पुरस्कार २०८०सालको लागि निम्न पाँचजना डाक्टरहरू



*डा. निशा श्रेष्ठलाई तीर्थनाथ-जानकीदेवी गोंगल पुरस्कार प्रदान गर्नु हुँदै कोषदाता*



*तीर्थनाथ-जानकीदेवी गोंगल पुरस्कार प्रदान गर्नु हुँदै कोषदाता*



तीर्थनाथ-जानकीदेवी गोंगल पुरस्कार प्रदान गर्नु हुँदै कोषदाता



तीर्थनाथ-जानकीदेवी गोंगल पुरस्कार प्रदान गर्नु हुँदै कोषदाता




तीर्थनाथ-जानकीदेवी गोंगल पुरस्कार प्रदान गर्नु हुँदै अध्यक्ष

डा. निशा श्रेष्ठ, डा. गौरव गोंगल, डा. प्रशुमा मल्ल, डा. भाग्यश्री श्रेष्ठ तथा डा. रायना श्रेष्ठलाई कोषदाता श्री तीर्थनाथ गोंगलज्यूबाट दोसल्ला ओढाई उक्त उक्त प्रज्ञा सम्मान-पत्र प्रदान गरिएको थियो भने अध्यक्षले खादा ओढाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो ।

### आ. काठमाडौंमा स्थापित तानसेन शाखाबाट वितरित शैक्षिक छात्रवृत्ति तथा अन्य क्षेत्रका सहयोगहरू

प्रत्येक वर्ष तानसेनमा वितरण गरिँदै आएको शैक्षिक, धार्मिक, संस्कृति तथा स्वास्थ्य क्षेत्रका सहयोगहरू २०८० सालका लागि देहायका अक्षयकोषबाट प्राप्त व्याज रकमबाट तानसेनमा विशेष कार्यक्रमको आयोजना गरी उक्त सहयोग वितरण गराइएको थियो ।

#### क) दिव्यमान वैश्यत स्मृति छात्रवृत्ति

तानसेनस्थित पद्म पब्लिक नमुना उ.मा.वि.बाट एस.इ.इ. परीक्षामा सर्वाधिक अंक ल्याई उत्तीर्ण हुने एकजना विद्यार्थीलाई छात्रवृत्ति पुरस्कार प्रदान गर्ने उद्देश्यले श्री प्रदिप मान वैश्यतबाट स्थापित उक्त पुरस्कार २०८० सालको लागि निशा आलेलाई प्रदान गरिएको थियो ।

#### ख) जीतगोविन्द-चन्द्रलक्ष्मी स्मृति छात्रवृत्ति

जनता नमूना उ.मा.वि. तानसेनबाट एस.इ.इ. परिक्षामा र कक्षा ५ मा सर्वाधिक अंक ल्याई उत्तीर्ण हुने एक-एकजना (जम्मा दुई जना) विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापित उक्त छात्रवृत्ति पुरस्कार २०८० सालको लागि प्रशंसा पन्थी (एस.इ.इ.) लाई र कुन्दन के.सी. (कक्षा ५) लाई प्रदान गरिएको थियो ।




जीतगोविन्द चन्द्रलक्ष्मी पुरस्कार वितरण  पाल्पा शाखाको गतिविधि २०८०

#### ग) नारायण-सरोज स्मृति छात्रवृत्ति

तानसेन नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका एकजना छात्रालाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापित उक्त २०८० सालको छात्रवृत्ति पुरस्कार सेन मा.वि.मा अध्ययनरत कक्षा ९ का मधु श्रीसलाई प्रदान गरिएको थियो ।

#### घ) दशरथ-मिथिला स्मृति छात्रवृत्ति

त्रिभुवन क्याम्पस पाल्पाबाट बि.ए. र बि.बि.एस.को परीक्षामा सर्वाधिक अंक ल्याई उत्तीर्ण हुने एक-एकजना (जम्मा दुईजना) विद्यार्थीलाई पुरस्कार प्रदान गर्ने उद्देश्यले स्थापित उक्त २०८० सालको छात्रवृत्ति पुरस्कार कादम्बिनी शाक्य (बि.ए.)लाई प्रदान गरिएको थियो ।

#### ङ) शिवनाथ-यमुना देवी गोंगल स्मृति छात्रवृत्ति

तानसेन नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ८ को जिल्ला स्तरिय परीक्षामा सर्वाधिक अंक ल्याई उत्तीर्ण भई कक्षा ९ र १० मा अध्ययन गर्ने दुइजना

विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापित उक्त २०८० सालको छात्रवृत्ति पुरस्कार दमकडा मा.वि. कक्षा ८ का पवि भट्टराई र जनता मा.वि. कक्षा ८ का क्षितिज कुँवरलाई प्रदान गरिएको थियो ।

**च) मूर्तेन्द्र-मोहनमाया स्मृति छात्रवृत्ति**

तानसेन नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमध्ये पद्म पब्लिक न.उ.मा.वि., जनता न.उ.मा.वि. र मोहन कन्या उ.मा.वि.मा अध्ययनरत जेहन्दार र आर्थिक अवस्था कमजोर भएका तीन जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापित उक्त २०८० सालको छात्रवृत्ति पुरस्कार पद्म पब्लिक न.उ.मा.वि. कक्षा १२ का सिर्जना कार्की, जनता न.उ.मा.वि. कक्षा ५ का रोजी घर्तीमगर र मोहन कन्या उ.मा.वि. कक्षा ११ का भिमु चिदीलाई प्रदान गरिएको थियो ।

**छ) अनन्त-मथुरा प्रसाद राजभण्डारी स्मृति छात्रवृत्ति**

तानसेनस्थित पद्म पब्लिक नमुना उ.मा.वि.बाट एस.इ.इ. परीक्षामा सर्वाधिक अंक ल्याई उत्तीर्ण हुने दुई जना छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापित उक्त २०८० सालको छात्रवृत्ति पुरस्कार दुर्गा हेमचुली र भिजिला दर्लामीलाई प्रदान गरिएको थियो ।

**ज) तेजकुमारी-गणेश बहादुर गुभाजु स्मृति छात्रवृत्ति**

तानसेन नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका एकजना छात्रालाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले २०८० सालको उक्त छात्रवृत्ति पुरस्कार महेन्द्रबोधी मा.वि. कक्षा १० का निरजला क्षेत्रीलाई प्रदान गरिएको थियो ।

**झ) महालक्ष्मी श्रेष्ठ स्मृति छात्रवृत्ति**

तानसेन नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका एकजना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापित उक्त छात्रवृत्ति पुरस्कार २०८० सालको लागि देववाणी संस्कृत मा.वि.का यज्ञ तिमल्सेनालाई प्रदान गरिएको थियो ।

**ञ) देवी-सरस्वती छात्रवृत्ति**

तानसेनको जनता नमुना उ.मा.वि.बाट कक्षा ८ मा सर्वाधिक अंक ल्याई उत्तीर्ण हुने एकजना विद्यार्थीलाई छात्रवृत्ति पुरस्कार प्रदान गर्ने उद्देश्यले स्थापित २०८० सालको उक्त पुरस्कार रितिका श्रेष्ठलाई प्रदान गरिएको थियो ।

**ट) देवलक्ष्मी-शान्तिदेवी स्मृति छात्रवृत्ति**

तानसेनस्थित पद्म पब्लिक नमुना उ.मा.वि.बाट कक्षा ८ को परीक्षामा सर्वाधिक अंक ल्याई कक्षा ९ मा सोही विद्यालयमा अध्ययनरत विद्यार्थी एकजनालाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापित उक्त २०८० सालको छात्रवृत्ति पुरस्कार पवन गाहालाई प्रदान गरिएको थियो ।

**ठ) लाले जोकर सुखलक्ष्मी चित्रकार स्मृति छात्रवृत्ति**

तानसेनबाट एस.इ.इ. परीक्षामा सर्वाधिक अंक ल्याई उत्तीर्ण हुने दृष्टिविहीन विद्यार्थी एकजनालाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापित उक्त २०८० सालको पुरस्कार दमकडा मा.वि.का गोविन्द कुँवरलाई प्रदान गरिएको थियो ।

**ड) गृहेन्द्रध्वज-मनकुमारी स्मृति छात्रवृत्ति पुरस्कार**

त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा बि.बि.ए. मा भर्ना भई नियमित रूपमा अध्ययनरत विद्यार्थी एकजनालाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापित उक्त २०८० सालको पुरस्कार प्रिती रानालाई प्रदान गरिएको थियो ।

**ढ) जय-चिरञ्जीवी स्मृति छात्रवृत्ति पुरस्कार**

एस.इ.इ. परीक्षा उत्तीर्ण गरी तानसेनमा स्वास्थ्य शैक्षिक क्षेत्र (सि.एम.ए. वा नर्स) मा अध्ययन गर्न चाहने आर्थिक अवस्था कमजोर तथा जेहन्दार एकजना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापित उक्त २०८० सालको पुरस्कार तानसेन स्कुल अफ हेल्थ साइन्सका सन्दिप कुमाललाई प्रदान गरिएको थियो ।

**ण) सिध्दि सकल तुलसी कृष्ण इन्द्र दुर्गा स्मृति पुरस्कार**

त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट बि.एस्सी. परीक्षामा सर्वाधिक अंक ल्याई उत्तीर्ण हुने विद्यार्थी एकजनालाई चाँदीको करूवा उपहारसहितको पुरस्कार प्रदान गर्ने उद्देश्यले स्थापित उक्त २०८० सालको पुरस्कार गुणकर अर्याललाई प्रदान गरिएको थियो ।




*सिध्दि सकल तुलसी कृष्ण इन्द्र दुर्गा पुरस्कार प्रदान गर्नुहुँदै*

### त) मुक्ति प्रसाद-लक्ष्मी कुमारी स्मृति पुरस्कार

त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट नेपाली विषयमा स्नातकोत्तर (एम.ए.) परीक्षामा सर्वाधिक अंक प्राप्त गरी उत्तीर्ण हुने विद्यार्थी एकजनालाई चाँदीको पदक सहितको पुरस्कार प्रदान गर्ने उद्देश्यले स्थापित उक्त २०८० सालको पुरस्कार सृजना ढकाललाई प्रदान गरिएको थियो ।



*मुक्ति प्रसाद-लक्ष्मी कुमारी स्मृति पुरस्कार प्रदान गर्नु हुँदै*

### द) जुन-लोक पुरस्कार

लुम्बिनी मेडिकल कलेज एण्ड रिसर्च सेन्टर, प्रभास तानसेनबाट एम.बि.बि.एस. मा सर्वोच्च अङ्क ल्याई उत्तीर्ण हुने एकजना विद्यार्थीलाई स्वर्ण पदक-सहित प्रमाणपत्र प्रदान गर्ने उद्देश्यले स्थापित उक्त २०८० सालको पुरस्कार डा. अशल तिमिल्सिनालाई प्रदान गरिएको थियो ।

### इ. काठमाडौंमा स्थापित बुटवल शाखाबाट वितरित छात्रवृत्ति

### क) कृष्णबहादुर इन्द्रकुमारी दुर्गादेवी स्मृति छात्रवृत्ति पुरस्कार

बुटवल माध्यमिक विध्यालय बुटवलमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका एकजना विध्यार्थीलाई स्कूलको सिफारिसमा छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापित उक्त २०८० सालको पुरस्कार कक्षा ११ मा अध्ययनरत विध्यार्थी रक्षा भुषाललाई विध्यालयको वार्षिक उत्सवको अवसरमा २०८० साल मंसिर २८ गते तानसेन गुठी बुटवल शाखाका तत्कालिन उपाध्यक्ष श्री केदार श्रेष्ठबाट प्रमाणपत्र



*कृष्णबहादुर इन्द्रकुमारी दुर्गादेवी स्मृति छात्रवृत्ति पुरस्कार प्रदान गर्नु हुँदै*

तथा अक्षयकोषदाता परिवार श्री प्रज्वल थान्जूबाट छात्रवृत्ति रकम प्रदान गरिएको थियो ।

### १२. नयाँ स्थापित अक्षयकोषको सम्झौतापत्र आदान प्रदान

### क) बैद्य गोविन्दलाल-चिनिया देवी अक्षयकोषः

पाल्पा तानसेन श्री रणउर्जीरेश्वरी भगवती माताको पूजा प्रसाद तथा वार्षिक भेला कार्यक्रमका लागि सहयोग गर्ने उद्देश्यले स्थापना गरिएको रू.१,००,००० ।– (अक्षरूपी एक लाख मात्र) को 'बैद्य गोविन्दलाल-चिनिया देवी अक्षयकोष'को सम्झौतापत्र कोषदाताको तर्फबाट डा. निशा श्रेष्ठ तथा गुठी अध्यक्ष बिच आदान प्रदान गरिएको थियो ।



*बैद्य गोविन्दलाल-चिनियादेवी अक्षयकोषको संझौतापत्र आदान प्रदान गर्नुहुँदै*

### ख) कोकिल-गीता मानवसेवा अक्षयकोष

समाजका असहाय बालबालिका तथा वृध्दवृध्दाहरूको सेवामा समर्पित व्यक्ति तथा संघसंस्थालाई उनीहरूले गरेका र गरिरहेका मानवीय पुण्य कार्यका लागि सम्मान गर्ने उद्देश्यले स्थापना गरिएको रू.२,००,००० ।– (अक्षरूपी दुई लाख मात्र) को अक्षयकोष सम्झौतापत्र कोषदाता कोकिल गोविन्द श्रेष्ठ तथा गुठी अध्यक्ष बिच आदान प्रदान गरिएको थियो ।



*कोकिल-गीता मानव सेवा अक्षयकोषको संझौतापत्र आदान प्रदान गर्नुहुँदै*

### ग) रामेश्वर नाथ-कल्पना गोंगल अक्षयकोष

पाल्पा तानसेनमा श्री रणउजीरेश्वरी भगवती माताको जात्राको दिन रथमा राखी सिंदुर जात्रा गरी बजार परिक्रमा

हुनु पूर्व तानसेन गुठीबाट गरिने विशेष पूजामा आवश्यक पर्ने सामाग्री (वस्त्र,ध्वजा, फूलमाला, प्रसाद, नैवेध्य दक्षिणा) का लागि प्रयोग गरिने उद्देश्यले स्थापना गरिएको रू.१,००,००० ।– (अक्षरूपी एक लाख मात्र) को अक्षयकोष सम्झौतापत्र कोषदाताको तर्फबाट किशोरनाथ गोंगल तथा गुठी अध्यक्ष बीच आदान प्रदान गरिएको थियो ।



*रामेश्वर नाथ-कल्पना गोंगल अक्षयकोषको संझौतापत्र आदान प्रदान गर्नुहुँदै*

### घ) तीर्थनाथ-जानकी देवी गोंगल अक्षयकोष

स्वास्थ्य चिकित्सा क्षेत्रमा स्नातकोत्तर विशेषज्ञता (एम. डी.)हासिल गरेका गुठी सदस्य परिवारलाई दोसल्ला ओढाई मायाँको चिनो स्वरूप चाँदीको सामान र प्रमाणपत्र सहित सम्मान गर्ने उद्देश्यले स्थापना गर्नुभएको रू.३,००,००० ।– (अक्षरूपी तीन लाख मात्र) को 'तीर्थनाथ-जानकी देवी गोंगल अक्षयकोष'को सम्झौतापत्र कोषदाताको तर्फबाट तीर्थनाथ गोंगल तथा गुठी अध्यक्ष बीच आदान प्रदान गरिएको थियो ।



*तीर्थनाथ-जानकीदेवी गोंगल अक्षयकोषको संझौतापत्र आदान प्रदान गर्नुहुँदै*

### ङ) गृहेन्द्रध्वज-मानकुमारी स्मृति अक्षयकोष

तानसेनस्थित त्रिभुवन ब. क्याम्पसमा बि.बि.ए. पहिलो वर्षमा भर्ना भई नियमित रूपमा अध्ययनरत विद्यार्थीहरूमध्ये कक्षा १२ मा व्यवस्थापन संकायमा सर्वोत्कृष्ट अंक प्राप्त गरेका विद्यार्थीलाई प्रोत्साहनस्वरूप छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको रू.१,४०,००० ।– (अक्षरूपी एक लाख चालिस हजार मात्र) को अक्षयकोष सम्झौतापत्र कोषदाता बालप्रसाद श्रेष्ठ तथा गुठी अध्यक्ष बीच आदान प्रदान गरिएको थियो ।



*गृहेन्द्रध्वज-मानकुमारी स्मृति अक्षयकोषको संझौतापत्र आदान प्रदान गर्नुहुँदै*

### च) पी.पी. प्रधान एण्ड कम्पनी अक्षयकोष

तानसेन गुठी काठमाडौंको दैनिक आय-व्यय वासलात, व्यवस्थापन, रूजु र अवलोकन गर्ने व्यक्तिलाई पारिश्रमिक प्रदान गर्ने उद्देश्यले रकम रू.२,५०,०००/- (अक्षरूपी दुई लाख पचास हजार) 'पी.पी. प्रधान एण्ड कम्पनी अक्षयकोष' सम्झौतापत्र प्रतिनिधका रूपमा जीवनज्योति वज्राचार्य तथा गुठी अध्यक्ष बीच आदान प्रदान गरिएको थियो ।



*पी. पी. प्रधान एण्ड कम्पनी अक्षयकोषको संझौतापत्र आदान प्रदान गर्नुहुँदै*

## १३. बधाई तथा शुभकामना कार्यक्रम

### क) ए.आइ.जी. श्री किरण बज्राचार्य

यस गुठीका आजीवन सदस्य श्री किरण बज्राचार्यज्यू प्रहरी अतिरिक्त महानिरीक्षक (ए.आई.जी.) पदमा बढुवा हुनुभई नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएकोमा गुठी परिवार सगौरव हार्दिक बधाई-ज्ञापन गर्दै गुठीका वरिष्ठ सल्लाहकार डा. ओमकृष्ण मल्लबाट उहाँलाई खादा तथा अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गर्नुको साथै उत्तरोत्तर प्रगतिको कामनासहित शुभकामना व्यक्त गरिएको थियो ।



ए.आई.जी. किरण बज्राचार्यलाई बधाई तथा शुभकामना दिनुहुँदै



ग्रिन भ्याली ग्रिन नेपालको तर्फबाट किरण बज्राचार्यलाई बधाई तथा शुभकामना सहित बिरूवा प्रदान हर्नुहुँदै भुवन श्रेष्ठ

### ख) श्री अशोक महर्जन

यस गुठीका आजीवन सदस्य श्री अशोक महर्जनज्यू श्री रणउजीरेश्वरी भगवती गुठी व्यवस्थापन समितिको गरिमामय अध्यक्ष पदमा मनोनित हुनुभएकोमा गुठीले सगौरव हार्दिक बधाई ज्ञापन गर्दै उहाँलाई गुठीका वरिष्ठ सल्लाहकार डा. ओमकृष्ण मल्लबाट खादा तथा अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गर्नुको साथै उत्तरोत्तर प्रगतिको कामनासहित शुभकामना व्यक्त गरिएको थियो ।



अशोक महर्जनलाई बधाई तथा शुभकामना दिनुहुँदै

### ग) श्री अर्जुन मान सैंजु

यस गुठी बुटवल शाखाका अध्यक्ष श्री अर्जुन मान सैंजुज्यू व्यवसायिक क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउनुभएका सफल व्यवसायी एवम् सामाजिक अभियन्ता पीएमजेफ लायन उहाँ लायन्स क्लब अन्तर्राष्ट्रिय डिष्ट्रिक ३२५ पी को भैरहवामा सम्पन्न महाअधिवेशनबाट (सन् २०२३/०२४) गरिमामय डिष्ट्रिक गभर्नर पदमा निर्वाचित हुनुभएकोमा गुठी परिवार सगौरव उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै उहाँको प्रतिनिधि मार्फत उहाँलाई गुठीका वरिष्ठ सल्लाहकार डा. ओमकृष्ण मल्लबाट खादा तथा अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गर्नुको साथै उत्तरोत्तर प्रगतिको कामनासहित कार्यकालको पूर्ण सफलताको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गरिएको थियो ।



अर्जुन मान सैंजुको बधाई तथा शुभकामना पत्र लिनुहुँदै प्रतिनिधि

### घ) श्री निर्मल प्रसाद लाकौल

तानसेन गुठी बुटवल शाखाका निवर्तमान अध्यक्ष समाजिक अभियन्ता श्री निर्मल प्रसाद लाकौलज्यूलाई नेपाल राष्ट्रको गौरव एवम् नेपाली जनताको हित अभिवृध्दिमा उल्लेखनीय योगदान पुर्याएवापत उच्च मुल्याङ्कन गर्दै सम्मान स्वरूप सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट 'प्रवल जनसेवा श्री चतुर्थ श्रेणी' पदकद्वारा विभूषित हुनुभएकोमा गुठी परिवार सगौरव यहाँलाई हार्दिक बधाईज्ञापन गर्दै उहाँको प्रतिनिधिमार्फत गुठीका वरिष्ठ सल्लाहकार डा. ओमकृष्ण मल्लबाट खादा तथा अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गर्नुको साथै उत्तरोत्तर प्रगतिको कामनासहित शुभकामना व्यक्त गरिएको थियो ।

### ङ) श्री चन्द्रमान मलेकु

यस गुठीका आजीवन सदस्य श्री चन्द्रमान मलेकुज्यू नारायणी डेभलपमेन्ट बैंकको अध्यक्ष पदमा नियुक्त हुनुभएकोमा गुठी परिवार सगौरव हार्दिक बधाई ज्ञापन गर्दै

उहाँको प्रतिनिधिमार्फत उहाँलाई गुठीका वरिष्ठ सल्लाहकार डा. ओमकृष्ण मल्लबाट खादा तथा अध्यक्षज्यूबाट प्रमाणपत्र प्रदान गर्नुको साथै उत्तरोत्तर प्रगतिको कामनासहित शुभकामना व्यक्त गरिएको थियो ।



*चन्द्र मान मलेकुको बधाई तथा शुभकामना पत्र लिनुहुँदै प्रतिनिधि*

## १४. काठमाडौंमा स्थापित पाल्पामा वितरण गरिएको स्वास्थ्य सहयोग

क) निम्नलिखित कोषहरूबाट २०८० सालको स्वास्थ्य बीमा वापत अन्जु जोशीलाई रू. ३५०० ।- र तानसेन भीमसेन टोल निवासी कलेजो सम्बन्धी रोगबाट पीडित बिरामी श्री गम्भीर मान शाक्यलाई रू.२३,७६५ ।- सहयोग प्रदान गरिएको थियो ।

| अक्षयकोष | सहयोग रकम रू. |
|---|---|
| १. नारायण-सरोज अक्षयकोष | ६,२७६/- |
| २. गोविन्द-इन्दिरा अक्षयकोष | १३,७४१/- |
| ३. मूर्तेन्द्र-मोहन माया स्मृति अक्षयकोष | ४२२६/- |
| ४. तेजलक्ष्मी-लाल प्रसाद श्रेष्ठ स्मृति अक्षयकोष | ३०२२/- |
| जम्मा | २७,२६५/- |

ख) जय-चिरञ्जिवी स्मृति छात्रवृत्ति र वैधराज पूर्णलाल श्रेष्ठ अक्षयकोषको सहयोग कसैको निवेदन तथा अनुरोध नआएको जानकारी गराइएको थियो ।

## १५. धार्मिक क्षेत्रका निम्नलिखित अक्षयकोषबाट प्राप्त सहयोग रकम तानसेनमा पठाइसकेको जानकारी गराइएको थियो ।

- नेपाल सरकार भगवतीजात्रा अक्षयकोष
- वेणीप्रसाद-ज्योतिलक्ष्मी स्मृति अक्षयकोष
- धर्मराज-सूर्यकुमारी स्मृति अक्षयकोष
- यज्ञ प्रसाद(प्यूठानी माइला)-भगवतीमाया कक्षपति स्मृति अक्षयकोष
- रामलाल-ज्योतिलाल स्मृति अक्षयकोष
- नारायण प्रसाद महाजन-हरिलाल वैध्य स्मृति अक्षयकोष
- मुर्तेन्द्र मोहनमाया स्मृति अक्षयकोष
- गृह-गीता अक्षयकोष
- प्रतिमान-नीमा स्मृति अक्षयकोष
- सुर्य -चन्द्र स्मृति अक्षयकोष
- तेज लक्ष्मी-लाल प्रसाद श्रेष्ठ अक्षयकोष
- बै.गणेश कुमारी/चन्द्र कुमारी श्रेष्ठ स्मृति अक्षयकोष
- उमा-गणेश नारायण श्रेष्ठ स्मृति अक्षयकोष
- नारायण-सरोज अक्षयकोष
- रामलाल-ज्योतिलाल-दुर्गालाल कक्षपति स्मृति अक्षयकोष
- भगवती-गीता देवी थान्जु अक्षयकोष
- गणेश प्रसाद-सानुमाया-महालक्ष्मी थान्जु अक्षयकोष
- अमरगञ्ज बटुक भैरव अक्षयकोष
- सुर्य-भीकुमारी मलेकु अक्षयकोष
- रामेश्वरनाथ-कल्पना गोंगल अक्षयकोष

## १६. पाल्पा साहित्य समाजबाट पुरस्कृत

तानसेन गुठी, काठमाडौंका पूर्व अध्यक्षहरू श्री गृहमान सिंह र श्री हिमाल कसजूलाई 'पाल्पा साहित्य समाज'बाट पाल्पा तानसेनको भाषा कला, संस्कृति र सम्पदा र साहित्यको क्षेत्रमा योगदान पुर्याएवापत उक्त समाजका अध्यक्ष श्री पुष्करराज रेग्मीबाट सम्मानपत्र प्रदान गरी सम्मानित गरिएको थियो साथै गुठीका पूर्व प्रथम महिला अध्यक्ष श्री शान्ता शाक्यलाई साहित्यिक तथा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएवापत 'शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान'बाट 'लक्ष्मीप्रिया जगतबहादुर जोशी स्मृति पुरस्कार'बाट सम्मान गरिएको थियो ।



*गुठीका पूर्व अध्यक्ष गृहमान सिंहलाई पाल्पा साहित्य समाजका अध्यक्षबाट सम्मान गर्नुहुँदै*



गुठीका पूर्व अध्यक्ष हिमाल कसजुलाई पाल्पा साहित्य समाजका अध्यक्षबाट सम्मान गर्नुहुँदै




प्रमुख अतिथि डा. ओमकृष्ण मल्ललाई अध्यक्षबाट मायाँको चिनो प्रदान गर्नुहुँदै



गुठीका पूर्व अध्यक्ष शान्ता शाक्यलाई पाल्पा साहित्य समाजका अध्यक्षबाट सम्मान गर्नुहुँदै

### १७. मन्तव्य

भेलाका प्रमुख अतिथि डा. ओमकृष्ण मल्लले गुठीबाट गरिएका विभिन्न क्रियाकलापहरूको मुक्त कण्ठले प्रशंसा गर्दै आफूलाई प्रमुख अतिथि भई श्री रणउजीरेश्वरी भगवतीमाताको पूजा अर्चना गरी सम्पूर्ण उपस्थित गुठियार सदस्यहरूलाई टीका प्रसाद प्रदान गर्ने सुअवसर प्रदान गर्नुभएकोमा गुठीप्रति आभार व्यक्त गर्दै गुठीको उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।



प्रमुख अतिथि डा. ओमकृष्ण मल्लबाट शुभकामना मन्तव्य दिनुहुँदै

### १८. कार्यक्रम सञ्चालन

कार्यक्रमको अन्त्यतिर उद्घोषक डा. ई. सुरेन्द्र श्रेष्ठबाट कार्यक्रम सञ्चालनको क्रममा कहीं केही भूलचुक भएमा क्षमा याचना गर्दै सबैमा आगामी दिनहरू सुखमय बितोस् भन्दै ३१ औं वार्षिक साधारण सभाको औपचारिक कार्यक्रमबाट बिदा लिनुभयो ।



गुठीका सचिव डा.ई. सुरेन्द्र श्रेष्ठबाट वार्षिक भेला कार्यक्रम संचालन गर्नु हुँदै

### १९. धन्यवाद-ज्ञापन तथा नयाँ कार्यसमितिको नाम घोषणा

कार्यक्रमको अन्तमा गुठी अध्यक्ष तथा सभाध्यक्ष श्री निलम गोंगल श्रेष्ठबाट मन्तव्य दिने क्रममा आफ्नो दुईवर्षे कार्यकालमा अध्यक्ष भई काम गर्ने अवसर दिनुभएकोमा सम्पूर्ण गुठियार सदस्यहरूप्रति आभार प्रकट गर्नुभयो साथै यो अमूल्य कार्यकाल सफल बनाउन आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गरी योगदान दिनुहुने सम्पूर्ण महानुभावहरूमा आभार व्यक्त गर्दै धन्यवाद-ज्ञापन गर्नुभयो । उहाँले नयाँ कार्यसमितिको नाम घोषणा गर्नुका साथै नव निर्वाचित अध्यक्ष श्री प्रमी श्रेष्ठ लगायत सम्पूर्ण कार्यसमिति सदस्यहरूलाई हार्दिक बधाई तथा शुभकामना दिंदै उहाँहरूको कार्यकालको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गरिएको थियो ।



अध्यक्षबाट मन्तव्य तथा धन्यवाद दिनुको साथै नयाँ कार्यसमितिको घोषणा गर्नुहुँदै

## २०. नव निर्वाचित अध्यक्षको मन्तव्य

गुठीको नयाँ कार्यसमितिका अध्यक्ष श्री प्रमी श्रेष्ठज्यूबाट आफ्नो मन्तव्य दिने क्रममा गुठीले आगामी दुई वर्षका लागि विश्वास गरेर यति ठूलो जिम्मेवारी दिनुभएकोमा गुठीप्रति हृदयदेखि आभार प्रकट गर्नुका साथै आफू उक्त जिम्मेवारीलाई गुठीको मर्म तथा दायरा भित्र रहेर गुठीको प्रगति र उन्नतिमा सदा लागिरहने प्रण गर्दै यसको लागि गुठियार सदस्यहरू सबैको साथ र सहयोगको अपेक्षा राखेको कुरा व्यक्त गर्नुभएको थियो। यसै क्रममा उहाँले आगामी योजना र कार्यक्रमको बारेमा पनि प्रकाश पार्नुको साथै अन्तमा सभा विसर्जन भएको घोषणा गर्नुभयो।



नव निर्वाचित अध्यक्ष प्रमी श्रेष्ठबाट धन्यवाद सहित मन्तव्य दिनुहुँदै

## २१. मनोरञ्जनात्मक कार्यक्रम

गुठीका आजीवन सदस्य दिव्यचन्द्र श्रेष्ठकी श्रीमती हीरादेवी श्रेष्ठ र अरू गुठी सदस्य तथा सदस्य परिवारबाट नृत्य प्रस्तुत गरी उपस्थित सम्पूर्ण गुठियारहरूमा मनोरञ्जन प्रदान गरिएको थियो।



मनोरञ्जनात्मक कार्यक्रममा सहभागिता जनाउँदै रमाउँदै गुठियार सदस्यहरू




मनोरञ्जनात्मक कार्यक्रममा हिरादेवी श्रेष्ठको नृत्य



नव निर्वाचित अध्यक्ष प्रमी श्रेष्ठ सहित नयाँ कार्यसमितिका सदस्यहरू

## २२. नेवाः भ्वय्

कार्यक्रमको अन्तमा गुठीबाट परम्परागत रूपमा व्यवस्था गरिएको नेवाः भ्वयको रमाइलो वातावरणमा सबै गुठियारहरू सरिक हुनुभएको थियो । यसरी गुठीको ३१ औं वार्षिक भेला तथा साधारण सभाको कार्यक्रम सभ्य तथा भव्य तरिकाले रमाइलो वातावरणमा सुसम्पन्न भएको थियो ।















*वरिष्ठ सल्लाहकार ई. शंकरकृष्ण मल्लबाट टिका तथा आशीर्वाद ग्रहण गर्नुहुँदै नव निर्वाचित अध्यक्ष प्रमी श्रेष्ठ*



*मेयर श्री सन्तोष लाल श्रेष्ठबाट नव निर्वाचित कार्यसमितिका सदस्यहरूलाई बधाई तथा शुभकामना दिनुहुँदै*

## तानसेनमा वितरण गरिने धार्मिक, सांस्कृतिक पर्व र स्वास्थ्य सहयोगहरू

आ.व. २०८०/८१

| क्र.सं. | धार्मिक, साँस्कृतिक र स्वास्थ | ठेगाना | रकम |
|---|---|---|---|
| १ | श्री ७ रणउजीरेश्वरी भगवती रथ यात्रा | भगवती टोल | ७८३६९ |
| २ | श्री अमर नारायण रथ यात्रा | नारायण टोल | २५६५० |
| ३ | श्री श्रीनगर सिध्दी विनायक रथ यात्रा | श्रीनगर | ११०२० |
| ४ | श्री सुर्य विनायक गणेश रथ यात्रा | टक्सार टोल | २१५० |
| ५ | श्री भिमसेन रथ यात्रा | शितल पाटी | ४१५० |
| ६ | श्री भिमसेन रथ यात्रा | भिमसेन टोल | ४१५० |
| ७ | श्री बटुक भैरब रथ यात्रा | अमर गंज | १७०५८ |
| ८ | श्री पाल्पा भैरब रथ यात्रा | भैरब स्थान | ३४३२ |
| ९ | श्री बुध्द रथ यात्रा आनन्द बिहार | टुँडिखेल | २१५० |
| १० | श्री बुध्द रथ यात्रा गुठी महाचैत्य बिहार | टक्सार टोल | २१५० |
| ११ | श्री काल भैरब रथ यात्रा | टक्सार टोल | २१५० |
| १२ | श्री लक्ष्मी नारायण रथ यात्रा | बसन्तपुर टोल | २१५० |
| १३ | श्री देउराली सांस्कृतिक प्रतिष्ठान | तानसेन | ९००० |
| १४ | श्री हास्य व्यङ्ग तथा नाट्यकला सांस्कृतिक | बसपार्क | ४१७१ |
| १५ | श्री लाखे नृत्य समुह | बसपार्क | |
| १६ | श्री धवल पुस्तकालय सहयोग | मेहलधारा | १३०३४ |
| १७ | स्वास्थ्य उपचार सहयोग | | ३०००० |
| १८ | स्वास्थ्य बिमा सहयोग | नारायण टोल | ३६०३ |
| १९ | तानसेन गुठी (भगवती नित्य पूजा प्रसाद) | तानसेन शाखा | ६००० |
| २० | ज्ञानमाला भजन धर्म चक्र बौध्द युवा संघ | बडीज्ञान टोल | ४९३२ |
| | | **जम्मा** | **२२५३१९** |

## गुठीबाट पाल्पामा वितरण गरिने वार्षिक जात्रा , सांस्कृतिक पर्व तथा स्वास्थ्य सहयोग

आ.व २०८०/०८१

| क्र.सं. | अ.कोष क्र.सं. | धार्मिक साँस्कृतिक र स्वास्थ्य कोष | दाताहरू | सहयोग रकम |
|---|---|---|---|---|
| १ | २ | नारायण-सरोज अक्षयकोष | मी.सु. नारायण प्रसाद श्रेष्ठ | ३८४३७ |
| २ | ८ | गोविन्द-इन्दिरा अक्षयकोष | इन्दिरा श्रेष्ठ | १२५६३ |
| ३ | १३ | नेपाल सरकार भगवती जात्रा | नेपाल सरकार | १८८४६ |
| ४ | १५ | राम लाल-ज्योति लाल कक्षपति स्मृति अक्षयकोष | श्यामसुन्दरलाल कक्षपती | ६९१० |
| ५ | १६ | वेणी प्रसाद-ज्योति लक्ष्मी श्रेष्ठ स्मृति अक्षयकोष | आनन्द, विनोद, विज्ञान प्र श्रेष्ठ | ३१४१ |
| ६ | १८ | नारायण प्रसाद महाजन-हरिलाल वैध्य अक्षयकोष | डा. चिरञ्जीवीलाल प्रधान | ६२८२ |
| ७ | २० | गृह-गीता अक्षयकोष | गृहमान सिंह | २८१२ |
| ८ | २१ | मूर्तेन्द्र-मोहन माया स्मृति | हित सिंह तथा परिवारहरू | ८४६७ |
| ९ | २४ | उमा-गणेश नारायण श्रेष्ठ स्मृति | रमेश नारायण श्रेष्ठ | ६३५२ |
| १० | २६ | धर्म राज-सुर्य कुमारी लिगल स्मृति अक्षयकोष | पृथ्वी राज लिगल | ६२८२ |
| ११ | २७ | यज्ञ प्रसाद(प्यूठानी माइला)-भगवती माया कक्षपति स्मृति | भगवतीमाया कक्षपती | ६९७९ |
| १२ | २९ | गणेश प्रसाद-सानुमाया-महालक्ष्मी थान्जू सांस्कृतिक अ.कोष | महालक्ष्मी थान्जु | ६२८२ |
| १३ | ३० | तेज लक्ष्मी-लाल प्रसाद श्रेष्ठ स्मृति अक्षयकोष | दिल प्रसाद श्रेष्ठ | ६२८२ |
| १४ | ३३ | बै.गणेश कुमारी श्रेष्ठ /चन्द्र कुमारी स्मृति अक्षयकोष | रेणुका देवी जोशी | ३१४१ |
| १५ | ३४ | सुर्य -चन्द्र स्मृति अक्षयकोष | दिव्यमान वैश्यत परिवार | १२५६३ |
| १६ | ३६ | प्रतिमान-नीमा स्मृति अक्षयकोष | दिपक बोहरा | ६२८२ |
| १७ | ४० | रामलाल-ज्योतिलाल-दुर्गालाल-कक्षपति स्मृति अक्षयकोष | पुष्पलाल कक्षपती | २२४९१ |
| १८ | ४१ | हरिहर प्रसाद-कृष्ण माया प्रधान स्मृति | क्या. रविन्द्र प्रसाद प्रधान | ३४२४ |
| १९ | ४३ | भगवतीप्रसाद-गीतादेवी थान्जू अक्षयकोष | गीता देवी थान्जू | ६६७२ |
| २० | ४९ | अमरगंज बटुक भैरव अक्षयकोष | विजयलक्ष्मी लाकौल | ८९९५ |
| २१ | ५० | सुर्य -भीम कुमारी मलेकु अक्षयकोष | भीमकुमारी मलेकु | १६६२१ |
| २२ | ५४ | रामेश्वरनाथ-कल्पना गोंगल अक्षयकोष | रामेश्वरनाथ गोंगल | १०००० |
| २३ | | आनन्द विहार, आर्थिक सहयोग | पुष्पा, प्रकाश, विकाश, जयन्ती, प्रमी श्रेष्ठ | ५००० |
| २४. | | सूर्य विनायक गणेश, काल भैरव, बुध्द रथयात्रा टक्सार आर्थिक सहयोग | विद्या भुषण ध्वज जोशी | ३००० |
| २५. | | लक्ष्मी नारायण रथयात्रा आर्थिक सहयोग | अमोद श्रेष्ठ | १००० |
| | | **जम्मा** | | **२२८८२४** |

# तानसेनमा वितरण गरिने छात्रवृत्ति तथा स्वास्थ्य उपचार सहयोगको विवरण

आ.व. २०८०/८१

| क्र.सं. | कोष क्र.सं. | अक्षयकोष | विद्यार्थीको नाम | विद्यालय | रकम |
|---|---|---|---|---|---|
| १ | २ | नारायण-सरोज | कमला राना | सेन मा.वि. | २०७०० |
| २ | ३ | श्याम रत्न स्मृति | विराट न्यौपाने | दमकडा मा.वि. | ५६२० |
| ३ | ३ | श्याम रत्न स्मृति | सुरभी घिमिरे | पाल्पा आवासिय | ५६२० |
| ४ | ५ | दिव्य मान वैश्यत | मुस्कान सोनी | प.प.न.मा.वि. | ३१७० |
| ५ | ६ | जीत गोविन्द/चन्द्र | जस्मीन गाहा | जनता मा.वि. | ३००० |
| ६ | ६ | | रोजी घर्ती मगर | जनता मा.वि. | ३००० |
| ७ | ७ | जय चिरन्जीवी | अनिशा लम्तारी | तानसेन स्कूल अफ साइन्स | ६९१० |
| ८ | १० | दशरथ-मिथिला | जिविता राई | त्रिभुवन ब.क्याम्पस | २८१० |
| ९ | १० | | गुन बहादुर घर्ती | त्रिभुवन ब.क्याम्पस | २८१० |
| १० | ११ | शिव नाथ-यमुना | शिवानी बस्याल | दमकडा मा.वि. | ६६३० |
| ११ | ११ | | सुरज डाँगी | जनता मा.वि. | ६६३० |
| १३ | १७ | वैध्य पूर्ण लाल श्रेष्ठ | | लुम्बिनी मेडिकल कलेज | ७१६२ |
| १४ | १९ | जुन-लोक अक्षयकोष | डा. मनिष उप्रेती | लुम्बिनी मेडिकल कलेज | ६५९५ |
| १५ | २१ | मूर्तेन्द्र-मोहन माया स्मृति | जानु माया हिस्की | प.प.न.मा.वि. | २८०० |
| १६ | २१ | मूर्तेन्द्र-मोहन माया स्मृति | आकृती नेपाल | मोहन कन्या मा.वि. | २८०० |
| १७ | २१ | मूर्तेन्द्र-मोहन माया स्मृति | प्रमिता ढुंगाना | जनता मा.वि. | २८०० |
| १८ | २२ | अनन्त-मथुरा प्रसाद | मुना हिस्की | प.प.न.मा.वि. | ३१४० |
| १९ | २२ | अनन्त-मथुरा प्रसाद | पवित्रा गाहा | प.प.न.मा.वि. | ३१४० |
| २० | २३ | तेज-गणेश बहादुर | अनुष्का बस्याल | महेन्द्र बोधी मा.वि. | ५६८० |
| २१ | ३१ | मुक्ति प्रसाद-लक्ष्मी कुमारी | | त्रिभुवन ब.क्याम्पस | चाँदिको पदक |
| २२ | ३५ | महालक्ष्मी श्रेष्ठ | पुजा गाहा | देववाणी संस्कृत वि. | ६३५० |
| २३ | ४४ | लाले जोकर-सुख | विवश कुमाल | दमकडा मा.वि. | १५०० |
| २४ | ४५ | देवलक्ष्मी-शान्तिलक्ष्मी स्मृति | नबिन थापा | प.प.न.मावि. | ७२६५ |
| २५ | ४६ | देवी-सरस्वती | सुजन खड्का | जनता मा.वि. | ६६७० |
| २६ | ५६ | गृहेन्द्र ध्वज-मानकुमारी | आशिष भाट | त्रिभुवन ब.क्याम्पस | ७८७० |
| २७ | ५९ | माराइस श्रेष्ठ | प्रतिक्षा ज्ञवाली | मोहन कन्या मा.वि. | ५५०० |
| | | | | **जम्मा** | **१२२४१५** |

## काठमाडौंमा वितरण गरिने छात्रवृत्ति, सम्मान तथा पुरस्कारहरू २०८१

आ.व. २०८०/८१

| क्र.सं. | कोष क्र.सं. | अक्षयकोष | व्यक्तिको नाम | पदक | रकम |
|---|---|---|---|---|---|
| १ | १ | श्री नगर छात्रवृत्ति अक्षयकोष | दीपंकर राज बज्राचार्य | | ४०५० |
| २ | | | रिध्दीमा मास्के | | ४०५० |
| ३ | ४ | पद्मचन्द श्रेष्ठ स्मृति अक्षयकोष | | | ६२८२ |
| ४ | १२ | सिध्दि सकल तुलसी कृष्ण इन्द्र दुर्गा अक्षयकोष | पदम शर्मा | चाँदिको करुवा | |
| ५ | १९ | जुन-लोक अक्षयकोष | डा.मनिश उप्रेती | स्वर्ण पदक | |
| ६ | २८ | इन्द्र पद्म स्मृति अक्षयकोष | फणीन्द्र रत्न बज्राचार्य | | १०००० |
| ७ | ३२ | जगत बहादुर-रुद्रबहादुर | डा.सिता बिष्ट कार्की | | ६१६५ |
| ८ | ४२ | जीवन-जयन्ती अक्षयकोष | नरेन्द्र देव भट्ट | चाँदिको पानस | |
| ९ | ४७ | माधव राज मास्के स्मृति | ई.दिवेश मान मलेगो | चाँदिको पदक | |
| १० | ५३ | कोकिला-गीता मानवसेवा | पुष्पा लक्ष्मी बज्राचार्य | | १२००० |
| ११ | ५५ | तिर्थनाथ-जानकी देवी गोंगल अक्षयकोष | डा.आयशा श्रेष्ठ | चाँदिको पदक | |
| १२ | | | डा.बिनिशा गोंगल | चाँदिको पदक | |
| १३ | | | डा.संजिला बज्राचार्य | चाँदिको पदक | |




तानसेन गुठीले ३१ वर्ष पार गरी
३२ औं वर्ष प्रवेशको अवसरमा
गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**केदार प्रसाद श्रेष्ठ**
**अध्यक्ष**
**तानसेन गुठी, बुटवल शाखा**
**बुटवल**

# इन्फ्लूएन्जा तथा निमोनिया खोप कार्यक्रम



**सुबोध लाल श्रेष्ठ**
स्वास्थ्य संयोजक, तानसेन गुठी

तानसेन गुठी, काठमाडौं आफ्ना गुठी सदस्य परिवारहरूको सदा स्वस्थ्यताको कामना गर्दछ । वातावरण लगायत अन्य प्रदुषणका कारण रोग प्रतिरोध्यात्मक क्षमतामा परिरहेको असरका कारण हामीहरू प्रायले सामान्य रुधाखोकी तथा भाइरलको सामना गरिरहनु परेको सबैमा विदितै छ। फलस्वरुप प्राथमिक उपचार लगायतमा हामीहरू ठुलै रकम खर्च गरिरहनु परेको छ । तर पनि हामीहरू आफ्नो स्वास्थ्य प्रति कम संवेदनशील छौं । सामान्य अस्वस्थ्यताले समयमै उपचार नपाएमा दीर्घकालमा ठुलै समस्या ल्याउन सक्ने भएकोले यस तर्फ समयमै सजकता अपनाउन हामी सबै सदस्यज्यूहरुमा विशेष अनुरोध गर्दछौं ।

अत स्वास्थ्य सम्बन्धी संवेदनशीलतालाई ध्यानमा राखी खोप कार्यक्रमलाई निरन्तरता दिंदै २०८० साल कार्तिक १८ गते (०४ नोभेम्वर,२०२३) शनिबारका दिन बयोधा हस्पिटल, बल्खु, काठमाडौंमा इन्फ्लूएन्जा तथा निमोनिया खोप कार्यक्रमको आयोजना गरिएको थियो ।

विगतमा झैं यस वर्ष पनि गुठीले सहुलियत दरमा प्रति व्यक्ति रु.५० दर्ता शुल्क सहित इन्फ्लूएन्जा खोप रु.२,४००/र निमोनिया खोप रू.५,४५०/- मा उपलब्ध गराइएको मा १३७ जनाले इन्फ्लूएन्जा तथा ६ जनाले निमोनिया खोप लगाउनु भएको थियो । गुठी सदस्यज्यूहरूको उत्साहजनक सहभागीताका लागि उहाँहरू प्रति आभार व्यक्त गर्दछु र आगामी वर्षहरूमा आयोजना हुने खोप कार्यक्रममा बढी भन्दा बढी सदस्यहरू सहभागी हुनुहुनेछ भन्ने आशा गरेकोछु ।

अन्त्यमा, खोप कार्यक्रम सञ्चालन गर्न स्थान उपलब्ध गराइदिनु भएकोमा बयोधा हस्पिटल व्यवस्थापन समिति प्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु । साथै यो कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न यस उपसमितिका सल्लाहकार प्रा. डा.मनोहर लाल श्रेष्ठज्यू, स्वास्थ्य प्राविधिक श्री गोपाल प्रसाद शर्माज्यू तथा गुठीका तत्कालिन अध्यक्ष श्री निलम गोंगल श्रेष्ठ, कार्यसमिति सदस्यहरू श्री जीवन ज्योति बज्राचार्यज्यू, श्री कविकृष्ण अमात्यज्यू र श्री ऐश्वर्य मान वैश्यतज्यू लगायत अन्य सदस्यज्यूहरूबाट प्राप्त सहयोगका लागि उहाँहरू सबैमा धन्यवाद ज्ञापन गर्दछु ।





# Develop Your Personal Brand
# एकदिने महिला व्यक्तित्व विकास तालिम



**उषा मल्ल सिंह**
प्रतिवेदक तथा प्रशिक्षक

अंग्रजीमा उल्लेख 'Ten Secrets of Successful Men that Women Want to Know' अर्थात ती सफल पुरुषहरुका १० वटा रहस्यहरू आज महिलाहरू जान्न चाहन्छन् भन्ने अनुशन्धानात्मक पुस्तक जुन डोना ब्रुक्स र लिनब्रुक्स दुई दिदीबहिनीहरुले लेखेका पुस्तकमा उल्लेख भएको पहिलो नम्बरमा नै पर्ने डेभलोप योर पर्सोनल ब्राण्ड नामक रहस्यमा आधारित रही यो तालिम तयार पारिएको हो ।

कुनै पनि व्यक्तिहरूका लागि व्यक्तिगत ब्राण्डीङ अत्यन्त महत्वपूर्ण हुने गर्दछ । हामीलाई हाम्रो समाज, परिवार, राष्ट्रले हेर्ने र अनुमान लगाउने आधार नै हाम्रो व्यक्तिगत ब्राण्ड हो । जसबाट हामी यो समाजमा चिनिने गर्दछौं । व्यक्तिगत ब्राण्ड हाम्रो लवाइखवाइ तथा व्यक्तिगत प्रर्दशनमा भन्दा पनि हाम्रो मूल्य, मान्यता र दक्षताले निर्धारित गर्ने गर्दछ । जसका लागि हाम्रो कोर मूल्यमान्यता र दक्षताको पहिचान गरी त्यसको क्रमशः विकास गर्दै हाम्रो व्यक्तिगत ब्राण्ड बनाउनका लागि यो प्रशिक्षण तयार पारिएको हो ।

**तालिमको शिर्षक :** 'Develop Your Personal Brand'– महिला व्यक्तित्व विकास तालिम
**तालिम मिति :** २०८० चैत्र २४गते
**तालिम स्थल :** अमृत इङ्लिस बोर्डिङ्ग स्कुल,म्हेपी काठमाडौं
**आयोजक :** तानसेन गुठी, काठमाडौं
**प्रशिक्षक :** उषा मल्ल सिंह (सह सचिव तानसेन गुठी)
**सहभागी :** ६०जना (तानसेन गुठीका महिला सदस्यहरू तथा विभिन्न संघसंस्थाका महिलाहरू)

**उद्देश्यहरू**

१. सहभागीहरुले आफ्नो वास्तविक पहिचानबारे भन्नुका साथै र यो समाजमा महिलाहरू कहाँ र कुन अवस्थामा हुनुहुन्छ भन्ने पत्ता लगाउन सक्नेछन् ।
२. आफ्नो पुरानो सोंचाइ प्याटर्नलाई नयाँ सोंचाइ प्याटर्नमा रूपान्तरण गर्न सक्नेछन् ।
३. आफ्नो कोर मूल्यमान्यता र दक्षताको पहिचान गरी त्यसको ब्राण्डीङ् गर्न सक्नेछन् ।

**विषयवस्तुहरू**

१. महिलाः म को हुँ र काहाँ छु?
२. तपाइको सोंचाइ प्यार्टनले तपाईको ब्राण्ड तथा पहिचानलाई प्रत्यक्ष रुपमा प्रभाव पार्दछ
३. पुरानो सोंचाइ प्यार्टनलाई नयाँ सोंचाइ प्यार्टनमा शिफ्ट गर्ने विधि
४. कोर मूल्यमान्यता र दक्षताको पहिचान गर्ने सिप
५. व्यक्तिगत ब्राण्डलाई भिजीबल बनाउने विधि



**कार्यक्रमको पहिलो सत्र**

**१. तालिमको लागि नामदर्ता तथा चियापान**

(बिहान ९ बजे देखि ९.३० बजेसम्म)

तानसेन गुठीका उपाध्यक्ष जीवन ज्योति बज्राचार्यज्यू, सचिव डा. सुरेन्द्र श्रेष्ठज्यू, कोषाध्यक्ष कविकृष्ण अमात्यज्यू, सदस्य ऐश्वर्य मान वैश्यतज्यू तथा तानसेन गुठी परिवारबाट सम्पूर्ण सहभागीज्यूहरूलाई तालिमको लागि नामदर्ता गराउँदै चियापानमा अण्डा, सेल र चिया खान सहजीकरण गर्नुभयो ।

**२. तालिमको औपचारिक सत्र**

(विहान ९.३० बजे देखि १०.०० बजेसम्म )

यसै तानसेन गुठीका अध्यक्ष प्रमी श्रेष्ठज्यूको अध्यक्षता, तथा पहिलो महिला पूर्व अध्यक्ष अध्यक्षज्यूको प्रमुख आतिथ्यताको भूमिकामा श्री शान्ता शाक्यज्यू, विशेष अतिथिको भूमिकामा वरिष्ठ सल्लाहकार श्री वनमाली लाकौलज्यू, सहसचिव, कार्यक्रम संयोजक तथा प्रशिक्षक श्री उषा मल्ल सिंहज्यू तथा सम्पूर्ण सहभागिहरूको उपस्थितिमा सचिव डा. ई. सुरेन्द्र श्रेष्ठज्यूले औपचारिकरूपमा कार्यक्रम संचालन गराउनुभयो ।





**३. तालिमको पहिलो सत्र**

(बिहान १०.३० बजे देखि ११.१० बजेसम्म)

**विषयवस्तुहरू**

१. नीतिनियम निर्माण
२. आइस ब्रेकिङ्ः जन्म महिना अभ्यास
३. विषयवस्तुबारे जानकारी

प्रशिक्षक उषा मल्लज्यूले एकजना सहभागी तथा स्वयम् सेवक रोजी तिमसिनाज्यूको सहयोगबाट प्रजातान्त्रिक विधिलाई अपनाउँदै के गर्ने के नगर्ने भन्ने विषयमा निर्णय गराउनुभयो ।

प्रशिक्षकज्यूले १२ वटा महिनालाई चार भगमा विभाजन गराउनुभयो र सबैलाई आआफ्नो जन्म महिनामा गएर बस्नु भनेर अनुरोध गर्नुभयो । हरेक समूहमा सबैको राशी पत्ता लगाउँदै ब्राण्डीङ् भन्नाले के बुझाइ छ छलफल गर्न लगाउँदै सेयर गर्न लगाउनु भयो ।

प्रशिक्षकज्यूले दिनभरिको विषयवस्तुलाई प्रस्तुतीकरणको माध्यमबाट सबैलाई जानकारी गराउनुभयो ।

**विधिहरूः** खेल, प्रदर्शन, मष्तिष्क मन्थन, सानो समूह छलफल, प्रस्तुतीकरण आदि ।

**सामाग्रीहरुः** ल्यापटप, प्रोजेक्टर, चार्ट पेपर, पर्मानिन्ट मार्कर, मास्किङ्ग टेप इत्यादि ।

**परिणामहरू**

१. सहभागीहरुले दिनभरिको तालिममा के गर्ने के नगर्ने भन्ने विषयमा सहमति जनाउँदै ताली बजाएर पारित गर्नुभयो ।
२. सहभागीहरू एकआपसमा रमाइलोका साथ हाँस्दै आफ्नो राशी र ब्राण्ड सम्वन्धी बुझाइ सेयर गर्नुभयो ।

**४. तालिमको दोस्रो सत्र**

(बिहान ११.१० बजे देखि १२.४० बजेसम्म)

**विषयवस्तुहरू**

**महिलाः म को हुँ र कहाँ छु ?**

प्रशिक्षक उषा मल्ल सिंहज्यूले सबैजना सहभागीहरूलाई महिला भन्नासाथ केके मनमा आउँदछ र पुरूष भन्नासाथ केके मनमा आउँदछ भनेर मस्तिष्क मन्थन गराई सेयर गर्न लगाउनुभयो । लगत्तै एउटा पावर एक्सरसाईज नाम गरेको खेलमा सहभागी गराउनुभयो । जसबाट यो प्रष्ट भयो कि अधिकाँश नेतृत्व पदमा पुरुष हुनुहुँदो रहेछ र महिला सजिलैसँग पछाडि परेको कुरा देखाउँदै हामी महिलाका अहिलेको वास्तविक अवस्थालाई छर्लङ्ग पारी दिनुभयो ।

यस्तो अवस्था किन भयो ? कसरी उकास्न सकिन्छ भन्ने विषयमा छलफल गराउनुभयो । छलफलबाट अधिकाँश कारण हाम्रो समाज, घर, परिवार, ज्ञान र क्षमतामा कमी भन्ने कुरालाई ल्याउनुभयो ।

यसै क्रममा प्रशिक्षकज्यूले ५ जना सहभागीहरूलाई बोलाइ अध्यात्मिक गुरू, देशको प्रधानमन्त्री, त्रिभुवन

युनिभरसिटीको प्रमुख, अमृत स्कुलको प्रिन्सिपल, सहकारी महासंघको प्रमुख को चित्र बनाउन लगाउनुभयो । परिणामस्वरूप पाँचैजना सहभागीहरूले महिलाको चित्र कसैले पनि बनाउनुभएन । चित्रमा महिला नबनाउनुको कारण हामी महिलाहरूले हामी नेतृत्वमा नपुग्नु, हामी महिलारूको स्थान दोस्रोमा र हाम्रो पहिचान नेतृत्वपंतिमा नदेख्नुको कारण जसरी समाज, परिवार तथा संघसंस्थाहरू हो भनेर दोष दिइरहेका थियौँ यद्दपि नआउनुका कारण हाम्रो मन भित्र लुकेको वा जकडेर बसेको पितृसतात्मक सोंच हो । यो लडाइ महिला र पुरुषको भन्दापनि यस्तो सोंच सँग मात्र हो त्यसैले हाम्रो सोंचाइमा नै परिवर्तन ल्याउनुपर्छ भन्ने कुरा राख्दै यो विषयलाई विराम दिनुभयो ।

**विधिहरुः** खेल, प्रदर्शन, मष्तिष्कमन्थन, प्रस्तुतीकरण आदि ।

**सामाग्रीहरुः** ल्यापटप, प्रोजेक्टर, चार्ट पेपर, पर्मानिन्ट मार्कर इत्यादि ।

**परिणामहरू**

सहभागीहरूले हामीलाई दोस्रो दर्जा, नेतृत्वमा जान नसक्ने तथा समाजका कारण सहेर बस्नुपर्ने व्यक्ति मान्नुका मुख्य कारण त ति व्यक्तिहरूका सोंच लगायत हाम्रो पितृसतात्मक सोंच हो त्यसैले विकास गर्न सकिन्छ भन्ने विचार राख्नुभयो अर्थात् सोंचाइमा परिवर्तन आयो ।

**५. सुन्तला विश्राम**
(दिउँसो १२.४० बजे देखि १२.५० बजेसम्म)

**६. तालिमको तेस्रो सत्र**
(दिउँसो १२.५० बजे देखि २.०० बजेसम्म)

**विषयवस्तुहरू**

१. तपाईको सोंचाइ प्याटर्नले तपाईको ब्राण्ड तथा पहिचानलाई प्रत्यक्ष रूपमा प्रभाव पार्दछ
२. पुरानो सोंचाइ प्याटर्नलाई नयाँ सोंचाइ प्याटेनमा शिफ्ट गर्ने विधि

प्रशिक्षकज्यूले सहभागीहरू माझ हाम्रो सोंचाइ जस्तै (१) हामी कोमल छौं, (२) त्यसैले साह्रो गाह्रो काम हामीले गर्न हुँदैन (३) परिणामस्वरूप हामीले साह्रो गाह्रो काम गर्न सक्दैन जस्ता विभिन्न उदाहरणहरू, कथाहरू तथा भनाईहरूको माध्यमबाट हाम्रो सोंचाइले हामीलाई जे बन्न चाहन्छन् त्यसबाट सिधै कसरी विचलित गर्दो रहेछ भन्ने कुराहरु राख्दै स्लाइड प्रस्तुतीकरणबाट प्रष्ट पार्नुभयो ।

यसै क्रममा प्रशिक्षकज्यूले सहभागीहरूलाई यसबाट





माथि उठ्न चाहानुहुन्छ? भन्ने प्रश्न राख्नुभयो र आकर्षणको नियम नामक एउटा अभ्यासमा सबैजनालाई सहभागी गराउँदै उहाँहरूको सम्भावित चाहना तथा सपनालाई निकाल्नुभयो । ती सपनाहरूलाई सबैका सामु सेयर गर्न पनि लगाउनुभयो ।

**विधिहरूः** प्रदर्शन, मष्तिष्कमन्थन, प्रस्तुतीकरण आदि ।

**सामाग्रीहरुः** ल्यापटप, प्रोजेक्टर, इत्यादि ।

**परिणामहरू**

सहभागीहरूले आफ्नो सपना तथा लक्षलाई निर्धक्क साथ सबैको सामु घोषणा गर्नुभयो ।

**७. नेवारी खाजा विश्राम**
(दिउँसो २.०० बजे देखि २.३५ बजेसम्म)

**८. हाजिरी जवाफ प्रतियोगिता**
(दिउँसो २.३५ बजे देखि ३.०० बजेसम्म)



## ९. तालिमको चौथो सत्र

(दिउँसो ३.०० बजे देखि ४.१५ बजेसम्म)



**विषयवस्तुहरू**

१. कोर मूल्यमान्यता र दक्षताको पहिचानगर्ने सिप

२. व्यक्तिगत ब्राण्डलाई भिजिबल बनाउने विधि

प्रशिक्षकज्यूले सबै सहभागीहरूलाई दक्षता पहिचान गराउनका लागि ६ वटा प्रश्नहरूको उत्तर लेख्न लगाउनुभयो । जसबाट सहभागीहरूले आफ्नो कोर दक्षता पत्ता लगाउनुका साथै त्यसमा आईपरेका व्यवधान तथा डिस्ट्राक्सनहरू पनि पत्ता लगाउनुभयो ।

ती अभ्यासहरूबाट आएको दक्षता र त्यो दक्षतासँग मिल्ने मूल्यमान्यतालाई बजारीकरण गर्न हाम्रो चारै वटा भागलाई खोल्न के के गर्ने भन्ने विषयमा छलफल गराउनुभयो ।

**विधिहरू:** प्रदर्शन, मष्तिष्कमन्थन, प्रस्तुतीकरण आदि ।

**सामाग्रीहरु:** ल्यापटप, प्रोजेक्टर, नोटबुक पेन इत्यादि ।

**परिणामहरु**

सहभागीहरूले आफ्नो दक्षता र रुचि तथा मूल्यमान्यतालाई पत्ता लगाई सकेपछि त्यसको ब्राण्डीङ्ग गर्नका लागि एउटा काम भिजीवल गराउनुपर्छ भन्ने कुरा व्यक्त गर्नुभयो । आफूलाई भिजीवल बनाउन वा ब्राण्डीङ्ख गर्नका लागि हाम्रो बन्द भाग, लुकेको भाग, थाहा नै नभएको भागलाई खोल्दै जानुपर्छ र खुलाभागलाई फराकिलो बनाउनुपर्छ भन्ने बुझाई राख्नुभयो ।

## १०. तालिमको मूल्यांकन सत्र

(दिउसो ४.१५ बजे देखि ४.३० बजेसम्म)

प्रशिक्षक उषा मल्ल सिंहज्यूले स्वयम् सेवकज्यूको सहयोगबाट ४ वटा चार्टपेपरलाई भित्तामा टाँसी त्यसमा सबै सहभागीहरूलाई आफ्नो अनुभव, सिकाइ र सुझाव लेख्न लगाउनुभयो ।




**विधिहरू:** प्रदर्शन

**सामाग्रीहरू:** चार्ट पेपर, पर्मानेन्ट मार्कर, मास्किङ्ग टेप इत्यादि ।

**परिणामहरू**

## ११. तालिमको समापन तथा प्रमाणपत्र वितरण सत्र

तानसेन गुठीका अध्यक्ष तथा यस तालिम कार्यक्रमका सभाध्यक्ष श्री प्रमी श्रेष्ठज्यू, तानसेन गुठीका पहिलो महिला अध्यक्ष तथा प्रमुख अतिथि श्री शान्ता शाक्यज्यू, प्रशिक्षक तथा सह सचिव श्री उषा मल्लज्यू र सचिव डा. ई. सुरेन्द्र श्रेष्ठज्यूको उद्घोषणमा कार्यक्रम संचालन भयो । जसमा प्रमाणपत्र वितरण, मायाँको चिनो हस्तान्तरण गर्दै कार्यक्रमको समापन भयो ।






अवसरको लागि हामी आभारी छौं ।

# तीर्थयात्रा कार्यक्रम



**कविकृष्ण अमात्य**
कार्यक्रम संयोजक

तानसेन गुठीले हरेक वर्ष आयोजना गर्दै आएको र सबै गुठियार सदस्यहरूले रूचाइएको तीर्थयात्रा कार्यक्रम यसपाली २०८० साल फागुन २६ गते शनिबार धार्मिक पर्यटनको नयाँ गन्तव्यस्थल काठमाडौंको पूर्व थलीस्थित श्री लक्ष्मी ह्यग्रीव मन्दिर तथा भक्तपुर चाँगुनारायण नगरपालिका छालिङस्थित श्री पञ्च महालक्ष्मी मन्दिरको एकदिने यात्रा सम्पन्न भयो।

तीर्थयात्रामा उल्लेखनीय सहभागी भएकोले तीन वटा स्थानीय रूटको बस व्यवस्था गरी तीर्थ यात्रीहरूलाई सहज होस् भनेर तीन ठाउँबाट यात्रीहरूलाई चढाउने व्यवस्था मिलाइएको थियो। तीर्थयात्रीहरू ९३ जना र चालक सहचालकहरू छ र गरी जम्मा ९९ जना सहभागी भएको थियो।

शनिबारको बिहानीको शुरूवातसँगै हामीले तीर्थयात्रीहरूलाई साढे छ बजे यथास्थानमा आइपुग्नु भनेका थियौं। बस ढिलो आएकोले म चढ्ने बस त्रिपुरेश्वर थापाथली बस स्टपमा साढे सात बजे आइपुग्दा भने ढिला हुन गयो। हामी चढेको बस साढे सात बजे थापाथलीबाट हिँडे पछि तीनवटा बसहरू चाबहिलमा भेट हुने कुरा भएअनुसार भेटेर त्यहाँबाट थलीको लागि श्री लक्ष्मी ह्यग्रीव मन्दिर प्रस्थान गर्यौं। त्यहाँ पुजारी लगायत मन्दिरका अन्य सदस्यहरूले हाम्रो स्वागत गर्नु भएको थियो। मन्दिर नयाँ भएकोले सफासुग्घरको साथै बिहानीको समय भएकोले सबै तीर्थयात्रीहरू मन्दिर दर्शन गर्न लामबध्द भई श्री लक्ष्मी ह्यग्रीव भगवानको दर्शन गरियो। दर्शन गरिसकेपछि त्यहीँको व्यवस्थापन समितिले चिया र बिस्कुटको व्यवस्था गरेको थियो। यसमा हामीले नास्ताको व्यवस्था गरेका थियौं। यो सबैलाई वितरण गरी चिया र नास्ता मन्दिर परिसरमै खायौं र थली चोकमा गुठीको तर्फबाट चियाको व्यवस्था मिलाइएको थियो। त्यहाँ एकैछिन चिया खाने काम सक्यौं । त्यहाँबाट श्री पञ्च महालक्ष्मी मन्दिरतर्फ हिँडियो।

### श्री पञ्च महालक्ष्मी मन्दिर

थलीबाट साँखु बजारको दक्षिणतिर रहेको श्री पञ्च महालक्ष्मी मन्दिर पनि त्यति टाढा नभएकोले हामी सबै साढे दशबजे नै मन्दिर पुग्यौं। मन्दिरको प्रवेशद्वार बाह्र बजे बन्द हुने भएकोले सबैलाई सूचना गरी एघार बजे तिर मन्दिर प्रवेश गरी पुजारीसँग कुरा गरी पूजाको लागि सबै तीर्थयात्रीहरूलाई भगवानको प्रतिमा अगाडि बस्न लगाई पुजारीले मन्त्र वाचन गरी सबै तीर्थयात्रीहरूको फूलप्रसाद लिई अति सुन्दर तरिकाले सबैको फूलप्रसाद भगवानको पाउमा चढाइदिनु भयो। त्यस पश्च्यात् केहि बेर भजन गरी सबै भक्तजनहरू बाहिरिए। बाह्र





बज्न लागिसकेको थियो। मन्दिर नयाँ बनाइएकोले सफा र भव्य रहेछ। ठूलो एरियामा बनाइएको मन्दिरको माथि डाँडामा अत्यन्त सुन्दर तरिकाको कुँदिएको एउटा मन्दिर बनाइएको



रहेछ। त्यसको अलि माथि एउटा सानो गुफा रहेछ। त्यस गुफाको मुखमा सिँहको मुखको आकृतिबाट गुफामा प्रवेश गरी माथि वनतिर निस्किएर फेरि तलतिर आउने बाटो बनाइएको रहेछ। गुफामा प्रवेशको लागि रू. १००/-को टिकट काट्नु पर्ने व्यवस्था रहेछ। जेष्ठ नागरिकलाई निःशुल्क प्रवेशको व्यवस्था गरिएको थियो।

पूर्व जानकारीअनुसार बाह्र बजे मूलढोका बन्द गरियो। त्यसपछि सबैजना फोटो खिच्न र ठूलो ठाउँ भएकोले मनोरम दृष्य हेर्न र घुम्न लागे। यसको साथै एउटा मन्दिर रहेछ जुन मन्दिर भित्र पस्न टिकट काट्नु पर्ने रहेछ। मन्दिर भित्र सबैठाउँमा ऐना नै ऐना राखिएको रहेछ त्यसैले यसलाई भुलभूलैया मन्दिर भनेको रहेछ।



*तीर्थयात्राको क्रममा आजीवन सदस्य कोकिल गोविन्द श्रेष्ठबाट जेष्ठ तीर्थयात्रीलाई पुरस्कार प्रदान गर्नुहुँदै*




त्यसपछि गुठीको तर्फबाट विना हात खाली चिठ्ठाको कार्यक्रम गरी सांस्कृतिक कार्यक्रम गरियो। यसमा गुठीको आजीवन सदस्य श्री कोकिल गोविन्द श्रेष्ठज्यूले आफ्नो सुमधुर स्वरले गीत गाएर सबैलाई मनोरञ्जन गराउनुभएको थियो भने केशव बहादुर थापाज्यूले चुट्किला सुनाएर सबैलाई हँसाउनु भयो। त्यसपछि साढे चार बजेतिर चिसोको आभास भएकोले सबैजना आत्तिनु भयो र हामी रिसोर्टको अगाडि सबैजना फोटो खिचेर काठमाडौंतिर फर्किने तरखर गरी बस चढ्न लाग्यौं। तीनवटा बसले जहाँबाट चढाएको थियो त्यहि स्थानमा लगेर छोडिदिनु भएको थियो। यसरी यसपालिको तीर्थयात्रा रमाइलो गरी सम्पन्न भएको थियो। यो सम्पूर्ण कार्यक्रमलाई सफल बनाउन सहयोग गर्नुहुने साथीहरू जीवनज्योति बज्राचार्य, ऐश्वर्यमान वैश्यत र अध्यक्ष प्रमी श्रेष्ठप्रति आभारी छु। साथै तीर्थयात्रीहरूको सहभागिता बिना यो कार्यक्रम सम्भव नहुने हुनाले सम्पूर्ण सहभागीहरूप्रति पनि अभार एवम् धन्यवादज्ञापन गर्दछु।

**नगरकोटतर्फ**

तीर्थयात्राको अर्को रमाइलो ठाउँ भनेको नगरकोट जाने र त्यहाँबाट रमाइलो दृश्य हेर्ने थियो। यसै क्रममा हामीहरू नगरकोटको लागि उकालो लाग्यौं। करिव एक बजिसकेको थियो सबैलाई भोक लागिसकेको थियो तापनि खानाको समय नगरकोटमा दुई बजे राखिएको थियो। हामी करिव पैंतालिस मिनेटको उकालो यात्रा पछि नगरकोटको सबैभन्दा अग्लो ठाउँको संग्रिला रिसोर्टमा पुग्यौं। त्यहाँ खानाको व्यवस्था होटल व्यवस्थापक मधुजीले गर्नुभएको थियो। खाना बफेट सिस्टम भएकोले सबैले सन्तुष्ट हुने गरी खानुभयो।

**तीर्थ यात्रामा सहभागीहरूको नामावली**

१ प्रकाश मान श्रेष्ठ
२ निलिमा श्रेष्ठ
३ पुष्प लता मुल
४ कमल प्रधान
५ सृजना प्रधान
६ केदार बहादुर श्रेष्ठ
७ कुसुम श्रेष्ठ
८ बिन्जु श्रेष्ठ
९ निशा श्रेष्ठ
१० आरजु श्रेष्ठ
११ मैया श्रेष्ठ
१२ निना श्रेष्ठ
१३ निलम राजभण्डारी
१४ प्राजक्ता राजभण्डारी
१५ बन्दना शाक्य
१६ शोभा शाक्य
१७ हरि प्रसाद श्रेष्ठ
१८ लक्ष्मी प्रसाद श्रेष्ठ
१९ विजय लक्ष्मी श्रेष्ठ
२० उमा बैश्यत
२१ उजना श्रेष्ठ
२२ कृष्ण लिगल
२३ निभा बज्राचार्य
२४ प्रकाश उदय
२५ शारदा उदय
२६ प्रदिता बज्राचार्य
२७ प्रतिभा थैब
२८ अनिता श्रेष्ठ
२९ मनोहर राज मास्के
३० लक्ष्मण श्रेष्ठ
३१ समा श्रेष्ठ
३२ मन्जरी बज्राचार्य
३३ गंगा श्रेष्ठ
३४ जमुना प्रधानलिगल
३५ अम्बा प्रधान दवाडी
३६ सवरी प्रधान मुल्मी
३७ केशव बहादुर थापा
३८ पुरुषोत्तम अमात्य
३९ मन्दिरा अमात्य
४० मेहरुनिषा अमात्य
४१ रबि श्रेष्ठ
४२ गंगा श्रेष्ठ
४३ रुवी अमात्य
४४ प्रज्वलप्रसाद कसजु
४५ साधना बजिमय
४६ चैतन्यप्रकाश प्रधान
४७ रिनु प्रधान
४८ निर्मला सिलवाल
४९ रिभा रायमाझी
५० अम्बिका थापा
५१ कल्पना देवी
५२ रोशनी श्रेष्ठ
५३ पुर्वी बिन्दुकार
५४ जुदिथ आले मगर
५५ सुहाना आले मगर
५६ महिमा नेपाली
५७ सलिना महर्जन
५८ स्मृति बुढाथोकी
५९ रुजुना थापा
६० स्नेहा लामिछाने
६१ चन्द्रिका तामाङ
६२ शान्ता थपलिया
६३ स्वस्तिका अधिकारी
६४ करिश्मा तामाङ्ग
६५ सपना रोक्का
६६ सुनिता कुमाल
६७ सन्तोष कुमाल
६८ सिता कुमाल
६९ सिर्जना मानन्धर
७० सुस्मिता महर्जन
७१ दशरथ सिलवाल
७२ देवी बैद्य
७३ निवेश श्रेष्ठ
७४ रेश्मा क्षेत्री
७५ दुर्गा क्षेत्री
७६ रमिला श्रेष्ठ
७७ सानु मैया श्रेष्ठ
७८ अमृता सैंजु
७९ दान मान शाक्य
८० शान्ता शाक्य
८१ कृष्ण प्रसाद श्रेष्ठ
८२ मंजु देवी श्रेष्ठ
८३ चाँदनी अमात्य
८४ सुनिता श्रेष्ठ
८५ नरेन्द्र कुमार शाक्य
८६ अनिता शाक्य
८७ कबि कृष्ण अमात्य
८८ एश्वर्य मान बैश्यत
८९ कोकिलगोविन्द श्रेष्ठ
९० जीवनज्योति बज्राचार्य
९१ प्रमी श्रेष्ठ
९२ प्रतिभा श्रेष्ठ
९३ प्रभा श्रेष्ठ

# गुठीको संरक्षणमा रहेका शैक्षिक छात्रवृत्ति पुरस्कारहरू

| क्र.सं. | कोष क्र.सं. | छात्रवृत्तिको नाम | विवरण | संख्या |
|---|---|---|---|---|
| १ | १ | श्रीनगर छात्रवृत्ति | काठमाडौंमा बसोबास गरेका गुठी सदस्यका छोराछोरीहरू मध्ये एस.ई.ई. परीक्षामा सबैभन्दा बढी अङ्क ल्याई उत्तीर्ण हुने छात्र एक, छात्रा एकजनालाई | २ |
| २ | २ | नारायण–सरोज छात्रवृत्ति | तानसेन नगर भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका कक्षा ९ मा अध्ययनरत, सो विद्यार्थी पुनः उत्कृष्ट भएमा पुरस्कार (कुलब्याजको १५% निरन्तर गर्ने ) | १ |
| ३ | ३ | श्याम–रत्न स्मृति छात्रवृत्ति | तानसेन नगरको विद्यालयहरूबाट विज्ञान संकायमा +२ परीक्षामा सर्वोत्कृष्ट अंकल्याई उर्तीण गर्ने छात्र र छात्रा | २ |
| ४ | ४ | पद्म–चन्द्र श्रेष्ठ स्मृति छात्रवृत्ति | गुठी सदस्य परिवारका छोरा र छोरीमध्ये नेपालबाट कृषि तथा पशुपंछी विषयमा +२ को परीक्षामा उत्कृष्ट अंक ल्याई उत्तीर्ण गर्ने एकजना छात्र र एकजना छात्रा | २ |
| ५ | ५ | दिव्यमान वैश्यत स्मृति छात्रवृत्ति | प.प. नमुना उ.मा.वि.बाट एस.ई.ई. परीक्षामा सबैभन्दा बढी अंक ल्याई उत्तीर्ण गरी +२मा भर्ना भएको छात्र वा छात्रा | १ |
| ६ | ६ | जीत गोविन्द चन्द्रकुमारी स्मृति छात्रवृत्ति | क) जनता न.उ.मा.वि. बाट एस.ई.ई. परीक्षामा सबैभन्दा बढी अङ्क ल्याई उत्तीर्ण गर्ने छात्रा<br>ख) जनता न. उ.मा.वि.बाट कक्षा ५ मा सबैभन्दा बढी अंकल्याई उत्तीर्ण गर्ने छात्रा (स्कुलको वार्षिक फी, कापी, किताब) | २ |
| ७ | १० | दशरथ–मिथिला छात्रवृत्ति | त्रिभुवन ब.क्याम्पस पाल्पाबाट बि.बि.एस. र बि.ए.मा उच्च अंक ल्याई सोहि क्याम्पसमा मास्टर्समा भर्ना भई अध्ययन गरेका विद्यार्थीलाई प्रेरणा स्वरुप पुरस्कार प्रदान गर्ने। | २ |
| ८ | ११ | शिवनाथ–यमुना देवी गोंगल छात्रवृत्ति | तानसेन नगर भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ८ को जिल्ला स्तरीय परीक्षामा सर्वोत्कृष्ट अंकल्याई उत्तीर्ण भई कक्षा ९ र १० मा अध्ययन गर्ने छात्र वा छात्रा | २ |
| ९ | १२ | सिध्दि सकल तुलसी कृष्ण इन्द्र दुर्गा स्मृति पुरस्कार | त्रिभुवन क्याम्पस पाल्पाबाट बि .एस्सीमा उत्कृष्ट अंकल्याई उत्तीर्ण गर्ने विध्यार्थी एकजनालाई चाँदीको करुवा र प्रमाणपत्र | १ |
| १० | २१ | मूर्तेन्द–मोहनमाया स्मृति छात्रवृत्ति | क) पद्म पब्लिक न. उ. मा.वि.<br>ख) मोहनकन्या उ.मा.वि .वि .<br>ग) जनता न.उ.मा.वि .का जेहेन्दार आर्थिक अवस्था कमजोर भएका छात्रा १/१ जनालाई प्रदान गर्ने। | ३ |
| ११ | २२ | अनन्त मथुरा प्रसाद राजभण्डारी छात्रवृत्ति | तानसेन पद्म पब्लिक न.उ.मा.वि .बाट एस.ई.ई. परीक्षामा सर्वाधिक अंकल्याई उत्तीर्ण हुने दुई छात्राहरूलाई | २ |
| १२ | २३ | तेज कुमारी गणेश बहादुर गुभाजु स्मृति छात्रवृत्ति | तानसेन सामुदायिक विद्यालयमा अध्ययन गर्ने आर्थिक अवस्था कमजोर भएका छात्रालाई प्रदान गर्ने । | १ |
| १३ | ३१ | मुक्ति प्रसाद लक्ष्मीकुमारी छात्रवृत्ति | त्रिभुवन ब.क्याम्पस पाल्पाबाट नेपाली विषयमा स्नातकोत्तर तहमा सर्वाधिक अंक प्राप्त गर्ने विध्यार्थी एकजनालाई २ तोला चाँदीको पदक र नगद पुरस्कार प्रदान गर्ने। | १ |
| १४ | ३५ | महालक्ष्मी श्रेष्ठ स्मृति छात्रवृत्ति | तानसेन पाल्पास्थित देववाणी संस्कृत विद्यालयमा अध्ययन गर्ने आर्थिक अवस्था कमजोर जेहेन्दार विद्यार्थीलाई प्रदान। | १ |
| १५ | ४१ | हरि प्रसाद कृष्णमाया प्रधान स्मृति अक्षयकोष | तानसेन धवल पुस्तकालयलाई सहयोग गर्ने (रवीन्द्र प्रसाद प्रधान) | |
| १६ | ४४ | लालेजोकर–सुखलक्ष्मी चित्रकार स्मृति अक्षयकोष | दृष्टिबिहीनहरूमध्ये एस.ई.ई. परीक्षामा उत्कृष्ट अंकल्याई उत्तीर्ण गर्ने एकजना विद्यार्थीलाई पुरस्कृत गर्ने । | १ |
| १७ | ४५ | देवलक्ष्मी–शान्तिलक्ष्मी स्मृति छात्रवृत्ति | प.प. नमुना उ.मा.वि.तानसेनबाट कक्षा ८ मा सर्वोत्कृष्ट अंकल्याई कक्षा ९ मा सोही विद्यालयमा अध्ययनरत छात्रा एकजनालाई प्रदान गर्ने। | १ |
| १८ | ४६ | देवी सरस्वती छात्रवृत्ति | तानसेन जनता न.उ.मा.वि. ले छनौट गरी पठाएको विद्यार्थीलाई प्रदान गर्ने । | १ |
| १९ | ४७ | माधव राज मास्के स्मृति पुरस्कार | गुठी सदस्य परिवारबाट इन्जिनियरिङ्ग तथा आर्किटेक्चर विधामा स्नातकोत्तर (Masters) उपाधि हासिल गरेकाहरूलाई चाँदीको पदक र प्रमाणपत्र प्रदान गर्ने । | |
| २० | ५० | सूर्य भीमकुमारी मलेकु अक्षयकोष | तानसेन धवल पुस्तकालयलाई सहयोग गर्ने | १ |
| २१ | २१ | मूर्तेन्द–मोहनमाया स्मृति अक्षयकोष | तानसेन धवल पुस्तकालयलाई सहयोग गर्ने | १ |
| २२ | ५१ | कृष्ण बहादुर इन्द्र कुमारी दुर्गा देवी स्मृति अक्षयकोष | बुटवल मा.वि.मा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका एकजना विध्यार्थीलाई आर्थिक सहयोग गर्ने । | १ |
| २३ | ५५ | तीर्थनाथ–जानकी देवी गोंगल छात्रवृत्ति_ | गुठी सदस्य परिवारबाट स्वास्थ्य चिकित्सा क्षेत्रमा स्नातकोत्तर (विशेषज्ञता हासिल) गरेकाहरूलाई चाँदीको पदक, प्रमाण–पत्र र दोसल्लाबाट सम्मान गर्ने । | |
| २४ | ५६ | गृहेन्द्र ध्वज –मान कुमारी स्मृति छात्रवृत्ति | +२ मा उत्कृष्ट अंक ल्याई त्रिभुवन ब.क्याम्पस तानसेनमा बि.बि.ए.मा भर्ना भई नियमित अध्ययनरत विद्यार्थीलाई। | १ |
| २५ | ५८ | माराइस श्रेष्ठ अक्षयकोष | मोहनकन्या मा.वि.बाट एस.इ.इ. गरी सोहि स्कुलमा +२ भर्ना भइ कम्प्युटर साइन्समा अध्ययनरत छात्रालाई प्रदान। | २ |

# सम्मान, पुरस्कार तथा शैक्षिक गतिविधि

शिक्षा तथा अन्य क्षेत्रमा स्थापित अक्षयकोष उद्देश्य अनुरूप प्रोत्साहन मिलोस् भन्ने उद्देश्यले हरेक वर्ष तानसेन गुठीले आफ्नो वार्षिक भेला कार्यक्रमका दिन विभिन्न तहमा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने छात्रछात्राहरूलाई दाताहरूबाट स्थापित छात्रवृत्ति पुरस्कार तथा अन्य क्षेत्रका उद्देश्य अनुरूप सम्मान तथा पुरस्कृत गर्ने परम्परा कायम राख्दै आएको सर्वविदितै छ ।

## अ) काठमाडौंमा वितरण गरिने पुरस्कारहरू

### १) श्रीनगर छात्रवृत्ति अक्षयकोष

**संस्थापक – लक्ष्मण प्रसाद श्रेष्ठ, श्याम सुन्दर लाल कक्षपती, पुष्प प्रधान**

काठमाडौंमा बसोबास गरेका गुठी सदस्य परिवारका एस.इ.इ. परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने छोरा र छोरी गरी दुई जनालाई प्रदान गरिने छ ।

क) नाम : दीपङ्कर राज बज्राचार्य
स्कुल : सेन्ट जेभियर स्कुल
साल : २०८१


*दीपङ्कर राज बज्राचार्य*

ख) नाम : रिध्दिना मास्के
स्कुल :
साल : २०८१


*रिध्दिना मास्के*

### २) पद्मचन्द श्रेष्ठ स्मृति छात्रवृत्ति

**संस्थापक – चन्द्रलक्ष्मी श्रेष्ठ**

गुठी सदस्य परिवारका छोरा र छोरीमध्ये नेपालबाट कृषि र पशुपंछी सम्बन्धित विषयमा +२ को परिक्षामा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण गर्ने एकजना छात्र र एकजना छात्रालाई पुरस्कृत गर्ने ।

नोट: यो साल कसैको आवेदन नआएको ।

### ३) सिद्धि सकल तुलसी कृष्ण इन्द्र दुर्गा स्मृति पुरस्कार

**संस्थापक –स्व. अमृतमान श्रेष्ठ स्व. पृथ्वी कुमारी श्रेष्ठ**



त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट बि.एस्सी. परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने एकजना विद्यार्थीलाई प्रदान गरिने उपहार सहितको पुरस्कार यस वर्ष देहाय बमोजिमका विद्यार्थीहरूलाई पुरस्कृत गरिएको छ ।

क. नाम : पदम शर्मा
कक्षा : बि.एस्सी. (२०७७/२०८० समूह)
प्राप्ताङ्क : ७८.९५ प्रतिशत
म जन्मेको ठाऊँ पाल्पा, तानसेन नगरपालिका १ ध्रुवघाट हो। यो ठाऊँ तानसेनको शितलपाटी देखि पूर्व करीब डेढ किलोमिटरको दूरीमा पर्दछ। पहिले बर्तुङ गाऊँ पञ्चायत अन्तर्गत पर्दथ्यो। २०३२ सालतिर तानसेन नगर पञ्चायतमा गाभिएको हो। हाम्रो गाऊँ, हाम्रो बसाइ तानसेनको बजार क्षेत्र भन्दा बाहिर भए पनि अन्य कर्म व्यवसाय गतिविधिले तानसेन भन्दा बाहिरको कहिल्यै भइएन। मेरो शिक्षा दिक्षा सबै तानसेनमै भएको हो। कक्षा एक देखि उच्च तहसम्मको शिक्षा मैले तानसेन मै प्राप्त गरेको हूँ। त्यतिबेला तानसेनमा नेवार समुदायको बाहुल्यता थियो, त्यसैले मेरा साथीहरु पनि धेरै नेवारहरु नै थिए। त्यसैले नेवार जातिका चाड पर्वहरुसँग परिचित हुने अवसर पनि मिल्यो। अचेल उमेरका कारणले हो वा अन्य कुनै कारणले हो बाल्यकालका अनेकन घटनाहरु ताजा भएर आउन थालेका छन् सम्झदा पनि रमाइलो लाग्दछ। काठमाडौ भन्दा बाहिर नेवारहरुको ठूलो बस्ती बसेको शहर हो तानसेन। तानसेनमा पनि काठमाडौमा जस्तै वर्षभर अनेकन जात्रा चाडपर्व मनाइने गरिन्थ्यो र म ती जात्रा चाडपर्व तथा त्यससँग जोडिएर आउने भोज भतेरसँग प्रत्यक्ष अप्रत्यक्ष साथीहरुका माध्यमले स्वतः जोडिन्थेँ।

मलाई अत्यधिक मनपर्ने र अचेल सम्झनामा आईरहने पर्व हो गठे मङ्गल। सजिलो र बोलीचालीको भाषामा गठे मङ्गल भनिएता पनि घन्टाकर्ण तथा यो गथांमुगः हो। यो पर्व श्रावण कृष्णपक्ष चतुर्दशीका दिन मनाइन्छ। यसको तैयारी प्रौढ, वयस्क तथा युवकहरुले गर्दछन् र बालबालिका किशोर र युवकहरु मिलेर मनाउँदछन् भरपूर आनन्द लिने गर्दछन्। यो पर्वमा अघिल्लो दिनै तैयार गरेको तिते पातीको हरियो डाँठलाई डोरीले बाँधेर मान्छेको भयानक रुपमा तैयार गरिन्छ। कालो हाँडी घोप्ट्याएर टाउको बनाइन्छ। नाङ्लो(सुपो)मा राक्षसको भयानक अनुहारको चित्र बनाएर वा बनिबनाउ राक्षसको मुकुन्डो लगाइन्छ। कानमा घन्टी झुन्ड्याइन्छ। शरीर नाङ्गै पारिएको छ भन्नलाई लौका, घिरौला आदिको लिङ्ग बनाइन्छ। र बजारको मुख्य मुख्य चोकमा राखिन्छ। बिहानैदेखि डोरी टाँगेर आउने जाने मानिसहरुबाट पैसा उठाउने गरिन्छ। दिनभर टोलका मानिसहरु जम्मा भएर हाहाहुहु गर्दै पैसा उठाउँदे गर्दछन र साँझ परेपछि त्यो राक्षसको प्रतिमूर्तिलाई लठ्ठीले पिट्दै घिसार्दै शहर भन्दा बाहिर खोल्साखाल्सीमा लगेर विसर्जन गर्ने गरिन्छ। शुरु शुरुमा गठे मङ्गलका दिन बिहानैदेखि तानसेनका चोक चोकमा बाटो छेक्ने काम हुन्थ्यो। त्यति बेला हामी जस्ता साना केटाकेटीसँग पैसा हुदैनथ्यो। शुरुमा चारकक्षा सम्म पढ्दा त्यति साथी बनी नसकेकाले स्कुल जाँदा पनि पैसा तिर्नु पर्थ्यो। यदि पैसा भएन भने बटुवाहरुलाई चोकमा ठड्याइएको डरलाग्दो आकृतिमा लिङ्गको रुपमा झुन्ड्याइएको लौका, घिरौला लाई ढोगाइन्थ्यो। त्यसको शिकार म धेरै पल्ट भएको छु। बटुवालाई ढोगाइरहँदा त्यहाँ जम्मा भएकाहरुले गठेमङ्गलको नाति आयो भन्दै थपडी बजाएर ईल्ली बिल्ली पारिन्थ्यो। त्यो बेला रमाइलो वातावरणको सिर्जना हुन्थ्यो। म पाँच कक्षा पुगे पछि तानसेन बजारका थुप्रै नेवार साथी बने र म पनि आयोजक पक्ष मै सामेल हुन लागेँ। त्यो दिन विद्यालय पनि हाजिर गरेर छुट्टी हुने गर्थ्यो। त्यति बेला धेरै पानी परिरह्यो भने र यस्तै साना चाडपर्वहरुमा विद्यालयमा हाजिर गरेर छुट्टी हुने परम्परा थियो। गठेमङ्गलसँग अर्को प्रसङ्ग औंठी लगाउनेसँग पनि छ। त्यो दिन फलामको या पञ्चरत्ने औंठी गठेमङ्गलका दिन चोकमा राखिएको त्यही आकृतिमा छुवाएर लगायो भने औंलामा उचेरा जाँदैन र भूतप्रेतको डर पनि हूँदैन भन्ने किंवदन्ती भएकाले पनि त्यसप्रति आकर्षित हुन्थ्यौं। अर्को कुरा हामी केटाकेटीले ठूला बडाले सुनको चाँदीको औंठी लगाएको त देखेका हुन्थ्यौं तर लगाउने कल्पना पनि गर्न सकिदैन थियो। हाम्रो गाऊँबाट तानसेन आउने बाटोमा विश्वकर्माहरुले औंठी बनाएर बेच्दथे। फलामको औंठीलाई पाँच पैसा र पञ्चरत्ने औंठीलाई बीस पैसा पर्थ्यो। बीस पैसा तिर्ने हैसियत हाम्रो हुदैनथ्यो त्यसैले फलाम कै औंठी मै चित्त बुभाउनु पर्थ्यो। दिनभर बाटो छेकेर उठेको पैसामा भागमा परेको पाँच दश पैसाले चकलेट (पिपलमेन्ट) किनेर खाँदा कम्ती

*- नेपाली साहित्यका वरिष्ठ साहित्यकार **श्री वनमाली निराकार** पाल्पा साहित्य समाजका संस्थापक अध्यक्ष हुनुहुन्छ।*

मजा हुदैनथ्यो। मुख्य गरेर तानसेनका मेहलधारा, नारायणस्थान चोक, भीमसेन टोलको भीमसेन मन्दिर अगाडि, शितलपाटी र टक्सारमा राखिने गठे मङ्गल हेर्न लायकको हुन्थ्यो। हामी केटाकेटीलाई त्यसबेला रमाइलो, स्कुलमा छुट्टी र खानपानसँग मात्र सम्बन्ध हुन्थ्यो,यसको सास्कृतिक सामाजिक आर्थिक र धार्मिक महत्व के छ भन्ने तर्फ ध्यान जादैनथ्यो। अचेल फुर्ससदको समयमा जोडिन आउने बाल्यकालका घटनाहरुलाई हेर्ने बुझ्ने र सम्झने अर्कै दृष्टि हुनथाल्यो। मैले धेरै पछि बुझेँ कि यो पर्व सर्व साधारण जनता अन्याय अत्याचार र आर्थिक शोषणका विरुद्ध जागेको दिनको सम्झनाको लागि मनाइदो रहेछ। भय त्रासबाट मुक्ति पाएको दिन रहेछ। यो पर्व कहिले देखि शुरु भयो समय यकिन भएको छैन तैपनि यस्ता पर्व, चाड र जात्राका पछाडि निश्चय पनि कुनै न कुनै घटना अवश्य हुन्छ नै। यस पर्वका पछाडि पनि एउटा कथा रहेछ, परापूर्व कालमा एउटा अत्यन्त क्रूर राक्षस थियो, त्यसले आम नागरिकलाई अत्यन्त दुःख दिन्थ्यो, अनावश्यक कर उठाउँथ्यो, यहाँसम्म कि बाटोमा हिड्ने मानिससँग पनि पैसा असुली गथ्र्यो। राम्रो कुरा सुन्न चाहदैनथ्यो त्यसैले उसले कानमा घन्ट झुन्ड्याएको थियो ता कि अरुको कुरा पनि नसुनियोस् र असल राम्रा कुरा पनि नसुनियोस। कानमा घन्ट झुन्ड्याइएकाले त्यस राक्षसलाई घन्टाकर्ण भनिन थालियो। दिनानुदिन उसको अन्याय अत्याचार यति बढ्यो सर्वसाधारण मनिसलाई घरबाट बाहिर निस्कन पनि कठिनाई हुन थाल्यो। जस्तो सुकै अन्याय अत्याचार भएपनि एकदिन त अन्त्य हुनै पर्छ र अवश्य हुन्छ। अन्तमा जनता जागे र घन्टाकर्णलाई पनि बाँधेर चोकमा ठड्याउन सफल भए। बिहानै देखि विशालकाय राक्षसलाई बलियो डोरीले बाँधेर दिनभर घामपानीमा उभ्याएर मानिसहरुले दुष्ट राक्षसलाई सजाय दिए र उत्सव मनाए। साँझ परेपछि तिनै डोरीले तानेर लतार्दै पिट्दै शहर परिक्रमा गराउन थाले। दिनभरिको भोको रहेको राक्षस जनताको पिटाई र लतारेको सहन नसकेर मऱ्यो। र त्यसको लाशलाई अपवित्र ठानिने गन्दा नाला तथा खोल्सामा फ्याँकियो वा जलाइयो र जनताले घन्टाकर्णको अन्यायबाट मुक्ति पाए। त्यो दिन श्रावण कृष्ण पक्षको चतुर्दशीको दिन परेको थियो। त्यस पछि हरेक साल श्रावण कृष्ण चतुर्दशीका दिन अन्याय अत्याचार र आसुरी प्रवृत्तिलाई विजय गरेको सम्झना स्वरुप उत्सवका रुपमा घन्टाकर्ण गठे मङ्गल पर्व मनाइने गर्दै आइएको देखिन्छ। अहिले पनि घन्टाकर्ण राक्षसको रुपमा काठमाडौतिर नर्कट र छवालीबाट तथा उपत्यका बाहिर पाल्पातिर र अन्य स्थानमा पनि पाती परालबाट डरलाग्दो मानव आकृति बनाएर दिनभर शहरका मुख्य मुख्य चोकमा राखिन्छ र साँझ त्यही आकृतिलाई घिसार्दै ठटाउँदै खोल्साखाल्सी तिर लगेर जलाइन्छ या फ्याकिन्छ। त्यो दिन नेवार समुदायमा आआफ्नो घरलाई भूतप्रेत तथा दुष्टात्माहरुबाट बचाउन सरसफाइ, पूजा आजा गर्ने र विभिन्न सामग्री जुटाएर दोबाटोमा ग्रह फाल्ने प्रचलन पनि छ।

समय परिस्थितिले चाडपर्व मनाउने तौरतरिकामा पहिलेको भन्दा फरक हुदै गएको तथ्य मान्नै पर्दछ ता पनि अन्तर्य भने यथावत नै रहेको छ। कतिपय स्थानमा यो प्रचलन हराउँदै गएको छ। तानसेनमा हामी केटाकेटी छँदाको रौनक घट्दै गएको परम्परालाई टक्सार टोलका बासिन्दाहरुले जोगाई आएकोमा केही वर्ष यता तानसेनमा संस्कृतिको संरक्षण गर्न स्थापित द्यौराली सांस्कृतिक प्रतिष्ठानले घन्टाकर्ण गठेमङ्गलका दिन चोक चोकमा राख्ने मानव आकृतिको राक्षस बनाउने प्रतियोगिता नै गर्न थाले पछि अचेल अलि रौनक बढ्न थालेको छ। कुनै पनि जात्रा चाडपर्व विना कारण विना उद्देश्य मनाइएको हुँदैन। यसका पछाडि समाज र मानवको विकास, कल्याण र भलाइ लुकेको हुन्छ भन्ने मलाई लाग्दछ। हरेक कालखण्डमा घन्टाकर्ण जस्ता अन्यायी अत्याचारी दुराचारी व्यक्ति अवश्य हुन्छन् र समय आएपछि घन्टाकर्णको जस्तै अन्त अवश्यम्भावी छ। यसको उदाहरण पुराण इतिहास साक्षी छ। आजको नेपालमा पनि राक्षसी प्रवृति भएका अन्यायी,अत्याचारी, दूराचारी र स्वेच्छाचारी नेताहरु देखा पर्न थालेका छन्। जनताका राम्रा कुरा सुन्न चाहिरहेका छैनन्। अन्याय अत्याचार र भ्रष्टाचार बढ्दै गइरहेको छ। जनता पीडित हुँदै गइरहेका छन् यस्तै अवस्था बढ्दै गयो भने जनताले यी नेतालाई पनि घन्टाकर्णलाई जस्तै बनाउने कुरामा शंका छैन। यो पर्वबाट हामीले सिक्नु पर्ने कुरा यही हो। प्रत्येक मानिसले आफ्नो मनबाट राक्षसी प्रवृत्ति हटाउनु श्रेयस्कर हुन्छ।

यो सानो लेखमा बाल्यकालमा धेरै रमाएको पर्वलाई सम्झदै लेख्दै गर्दा बाल्यकाल मै पुगेको अनुभूत गर्न पुगेँ। मलाई के लाग्छ भने चाड पर्व जात्रा मनाउने मात्र नभएर मनाउनुका कारण, उद्देश्य, यसका सकारात्मक पक्षको खोजी गरी जीवनमा आत्मसात गराउनु पर्दछ र यसमा देखिएका नकारात्मक पक्षलाई फिजुल खर्चलाई हटाउँदै लैजानु आवश्यक देखिन्छ। अहिले लाई यत्ति। आफ्ना विचार राख्ने अवसर दिनुहुने तानसेन गुठीलाई र चिनारी परिवारलाई धन्यवाद छ।

*कथा कुथुङ्ग्री घर, प्रवेश पथ, सिद्धार्थनगर ८ रुपन्देही*




## A Full - Fledged English Medium school

- Activities based Teaching/ learning
- Extra classes for lack behind students
- Hostel / Day Boarders
- Tour and Excursion
- DG school programme
- Regular Teachers/ parents interaction

**AMRIT SECONDARY BOARDING SCHOOL**
(SCHOOL/+2)

www.amritschool.com, Facebook: facebook.com/amrithighschool
Phone: 014353825 / 014358722, Email: amritboardingschool @ gmail.com
Mhepi, Balaju, Kathmandu, Nepal

Made with PosterMyWall.com


2023
ADMISSION
OPEN
SINCE 2000
Offered Programs
BIT
MIT
BCA
BE Computer
BBA
For More Details :
9851114636 / 9851247988
College of IT & Engineering (CITE)
Affiliated To Purbanchal University
www.cit.edu.np
info@cit.edu.np
Subidhanagar, Tinkune, Kathmandu


kathmandu automobiles center
Nepal's most trusted used car dealership
Multi-Point Inspection of all our cars
Finance facility available
Quick and Easy Exchange Facility
KATHMANDU AUTOMOBILES CENTER
BUY
SELL
EXCHANGE
FINANCE
INSURANCE
01-4420555/955, 9851170119
www.kathmanduautomobiles.com.np
Gahanapokhari, Tangal


AIR DYNASTY
HELI SERVICES
9N-ALA
Helicopter Charter in Nepal
Kathmandu to EBC
Kathmandu to ABC
Pokhara to ABC
www.airdynastyheli.com
+977 9801 089 842
24/7 Assistance


AADIM
NATIONAL COLLEGE
आदिम नेशनल कलेज
www. aadimcollege.edu.np
AADIM
COLLEGE OF MANAGEMENT & IT
Excellence in Education and Innovation
INTERNSHIP PLACEMENT
JOB PLACEMENT
APPLY NOW
BACHELORS PROGRAM
BSC(CSIT)
BCA
BBA
BSW
BA PSYCHOLOGY
MBA
For more information
Chabahil, Chuchepati, Kathmandu
info@aadimcollege.edu.np
01-4580609, 01-4580610


SIDDHI PLASTIC INDUSTRIES PVT. LTD.
Siddhi
भरोसा तपाईंको,जिम्मेवारी हाम्रो!
Siddhi GOLD
Siddhi HEAVY
Siddhi COLOR
Tanks
Petro Chemical Partner
sabic
HALDIA PETROCHEMICALS LTD
PROPEL
Siddhi
Tel. : 9857072875, 9857025875
Email : plasticindustriesnepal@gmail.com
Siddhi
SIDDHI PLASTIC INDUSTRIES PVT. LTD.
Butwal-18, Motipur, Nepal

# ओस्टियो आर्थराइटिस (Osteoarthritis) एक जानकारी



डा. सुविन व्यञ्जनकार

**१. आस्टियो आर्थराइटिस (Osteoarthritis) भनेको के हो ?**

ओस्टियो आर्थराइटिस एउटा अवस्था हो, जुन तपाईको जोर्नीहरूलाई असर गर्दछ। धेरैजसो घुँडाको जोर्नीमा हुन्छ। यस्तो अवस्था भएमा जोर्नीमा भएका कुरकुरे हड्डी विस्तारै पातलो हुँदै जान्छ र वरिपरिका मांसपेशीहरू, त्यसका नसाहरू कडा र कमजोर हुँदै जान्छन्। यही कुरकुरे हड्डी पातलो हुनेलाई नै जनमानसमा हड्डी खिइने भनेर बुझिन्छ। यो रोग आजको एक प्रमुख समस्या हो। नेपालमा घुँडा खिइएका मानिसहरूको बारैमा कुनै ठोस तथ्याङ्क नभए पनि विश्वभरिका १०% मानिसहरू यो समस्याबाट ग्रसित छन्।

**२. ओस्टियो आर्थराइटिस (Osteoarthritis) के–के कारणले हुन्छ?**

**क. बढी उमेर भएकाहरू:** उमेर सँग–सँगै हाम्रो कपाल फुले जस्तै, छाला चाउरी परे जस्तै, जोर्नीमा भएका कुरकुरे हड्डी विस्तारै पातलो हुँदै जान्छ। त्यसैले कम उमेरका मानिसहरूमा यो रोग लाग्ने सम्भावना न्यून रहन्छ।

**ख. धेरै वजन भएकाहरू:** हाम्रो शरीरको सबै भार घुँडामा पर्ने गर्दछ। त्यसैले जति धेरै वजन भयो त्यति नै चाँडो घुँडाको कुरकुरे हड्डी बिग्रिने सम्भावना हुन्छ।

**ग. जोर्नीमा चोट लाग्नाले:** जोर्नीमा चोट लागेर हड्डी भाँचियो भने पनि कुरकरे हड्डी चाँडै बिग्रिने सम्भावना हुन्छ।

**घ.** जोर्नीमा कुनै कारणले संक्रमण हुनाले पनि यो रोग चाँडो हुन सक्छ।

**ङ. हाडजोर्नीको बाथ रोग:** रगत सम्बन्धी रोग (जस्तैः हिमोफिलिया)को कारणले पनि चाँडै कुरकुरे हड्डी बिग्रिने सम्भावना हुन्छ।

**३. ओस्टियो आर्थराइटिसका लक्षणहरू के–के हुन् ?**

माथि उल्लेखित विभिन्न कारणले गर्दा घुँडाको हड्डी खिइने समस्या आउन सक्छ। बिरामीमा रोगको लक्षण, डाँक्टरको जाँच र एक्स–रे अनुसार घुँडा खिइने अवस्थालाई विभिन्न ग्रेडिङ्ग गर्न सकिन्छ। एक्स–रे अनुसार यो रोगलाई चार वटा ग्रैडिङ्ग गरिएको छ।




*- **डा. सुविन व्यञ्जनकार** स्टार हस्पिटलमा Senior Consultant Orthopedic Surgeon हुनुहुन्छ।*

यसका प्रमुख लक्षणहरू यस प्रकार छनः

- जोर्नी सुनिने, दुख्ने र चलाउन गाह्रो हुने
- बिहानपख जोर्नीहरू धेरै दुख्ने वा कडा हुने
- अरु जोर्नीभन्दा दुखेको जोर्नी अलि ठूलो देखिने
- जोर्नी चलाउँदा आवाज निस्कने
- घुँडा बाङ्गो देखिने

**४. जोर्नी खिइने प्रकारहरू (X-Ray अनुसार)**

A. X-Ray मा केही नराम्रो नदेखिने तर घुँडा दुखिरहने

B. सानो–सानो हड्डी पलाएको
जोर्नीको खाली ठाउँ कम नभएको

C. सानो हड्डी अलि धेरै पलाएको
जोर्नीको खाली ठाउँ पनि कम भएको

D. सानो हड्डीहरू धेरै पलाएको
जोर्नीको खाली ठाउँ निक्कै कम भएको
लगभग दुईवटा हड्डीहरू जोडिएको

**५ उपचार विधिः**

यो रोग भएका विरामीको संख्या धेरै भएतापनि हालसम्म बिरामीहरूले उचित परामर्श र उपचार पाउन सकेका छैनन् । समाजमा यस रोगको बारेमा विभिन्न गलत धारणाहरू रहेको पनि पाइएको छ । उचित परामर्शको अभावमा बिरामीहरू धेरै डाक्टरहरू धाउने र विभिन्न किसिमका उपचार लिने क्रम पनि बढी रहेको छ । यस्तै घुँडाको हड्डी खिइने बित्तिकै शल्यक्रिया गर्नुपर्ने हो कि भन्ने डर पनि मानिसहरूमा रहेको छ । कुनै पनि उपचार विधि सही या गलत भन्नु भन्दा पनि यस रोगको उचित उपचार के हो? र शल्यक्रिया बाहेक, अरू उपचारका विकल्पहरूको (इन्जेक्सन)बारेमा यहाँ चर्चा गरिएको छ ।

- वजन कम गर्ने
- रहनसहनमा परिवर्तन गर्नेः उकालो ओरालोमा कम हिँड्ने, टुक्रुक्क परेर भुँइमा नबस्ने
- सन्तुलित र स्वस्थ खाना खानेः सन्तुलित खाना (Carbohydrate कम भएको) खाने, हरियो सागसब्जी धेरै खाने
- दुखाइ र सुन्निने कम गर्ने औषधि केही समयको लागि प्रयोग गर्ने (जस्तैः सिटामोल)
- हिड्नको लागि लौरोको प्रयोग गर्नेः नदुखेको घुँडाको तर्फको हातमा लौरोले टेकेर हिंड्ने
- सिकाएको अनुसार व्यायाम (Exercises) गर्नेः घुँडाको हड्डी खिइएको कारणले, वरिपरिको मांसपेशीहरू, त्यसका नसाहरू कडा र कमजोर हुँदै जान्छन् । नियमित व्यायाम गर्नाले मांसपेशी बलियो हुन्छ र दुखाइ कम हुन्छ । यो प्रक्रिया हरेक दिन ४–५ पटक नियमित रूपमा गर्नुपर्छ। व्यायामले दुखाइ बढेमा, केही दिन व्यायाम रोकेर, फेरि गर्नुपर्छ ।

**६. इन्जेक्सन थेरापीहरूका प्रकार र प्रयोगः**

**क. Steroid इन्जेक्सन कहिले र कुन बिरामीले लगाउनेः**

- घुँडा दुखाइको कारणले दैनिक क्रियाकलापहरू जस्तै सिंढी चढ्ने, लुगा लगाउने, नुहाउने वा खाना पकाउने गर्न गाह्रो भएमा Steroid इन्जेक्सन लगाउने ।
- पाइला टेक्न नै गाह्रो भएमा लगाउने।
- X-Ray अनुसार C र D प्रकार

**ख. Platelet Rich Plasma (PRP) इन्जेक्सन कहिले र कुन बिरामीले लगाउनेः**

प्लेटिलेटयुक्त प्लाज्मा (PRP) इन्जेक्सनको एक प्रकारको उपचार विधि हो। प्लाज्मा रगतको एउटा भाग हो । सामान्य रगतमा भन्दा PRPमा प्लेटिलेटको मात्रा धेरै हुन्छ । यसले जोर्नी खिइएको र मांशपेशीको नसाको (Tendinitis) समस्याको समाधान गर्दछ । यस उपचार विधिमा आफ्नै शरीरको रगतबाट प्लाज्मा छुट्याइन्छ र दुखाइ भएको ठाउँमा इन्जेक्सनको माध्यमबाट दिइन्छ ।

PRP इन्जेक्सनको लागि शरीरबाट १५ एम.एल. रगत निकालिन्छ । यो रगतलाई सेन्ट्रिफ्यूज मेशिनमा ५ मिनेटको लागि राखिन्छ । यो एक किसिमको मेशिन हो जसले रगतबाट प्लाज्मा छुट्याउन मद्दत गर्दछ । यही PRP इन्जेक्सनको माध्यमबाट जोर्नीमा लगाइन्छ ।

प्लेटिलेट हाम्रो शरीरमा सेतो र रातो रक्तकोषहरूको साथसाथै रगत बनाउँदछ । यसमा प्रशस्त मात्रामा प्रोटिनहरू र वृध्दिकारकहरू (Growth Factor) पनि हुन्छन् जसको

कारणले नयाँ कुरकुरे हड्डी बन्नमा मद्दत गर्दछ र दुखाइ कम हुन्छ । अहिले यो विधि जोर्नी प्रत्यारोपण अपरेशनको विकल्प वा ढिला गराउनेको रूपमा धेरैजसो विकसित देशका अस्पतालहरूमा प्रयोग भइराखेको छ।

- प्रारम्भिक ओस्टियो आर्थराइटिसको लागि PRP इन्जेक्सन अत्यधिक राम्रो हुन्छ ।
- X-Ray अनुसार A र B प्रकार

**ग. Ozone इन्जेक्सन कहिले र कुन बिरामीले लगाउने:**

- घुँडाको दुखाइ अत्याधिक भएमा
- घुँडा दुखाइको कारणले दैनिक क्रियाकलापहरू जस्तै सिंढी चढ्न, लुगा लगाउन, नुहाउन वा खाना पकाउन गाह्रो भएमा
- औषधिको प्रयोगले, तौल घटाउने वा अरु इन्जेक्सन लगाएर पनि दुखाइ कम नभएमा
- अपरेसन गर्नै नमिल्ने अथवा गर्न नचाहनेहरूले
- X-Ray अनुसार C र D प्रकार

(Ozoneले घुँडा सुन्निएको, कडा भएका नसाहरू (ligament, capsule) खुकुलो बनाउने र इन्फ्लामेसन कम गराई दुखाइ कम गर्दछ ।)

**ङ. Hyaluronic acid इन्जेक्सन कहिले र कुन बिरामीले लगाउने:**

- Hyaluronic acid इन्जेक्सन अरु इन्जेक्जन (Steroid/Ozone)सँग सहायकको रूपमा पनि प्रयोग हुन्छ ।
- अपरेसन गर्नै नमिल्ने अथवा गर्न नचाहनेहरुले
- X-Ray अनुसार C र D प्रकार

(थप जानकारीको लागि सम्बन्धित विषेशज्ञ डाक्टर सँग सम्पर्क गर्न सक्नुहुन्छ ।)

# तानसेन



**तीर्थ श्रेष्ठ**

अलिकता मनका उकालीहरू उक्लेर
अलिकता मनका ओरालीहरू ओर्लेर
तिमीलाई मायाले स्पर्श गर्न
यस पटक म यहाँसम्म आइपुगेको छु
कतै बाँधिइसकेको मनलाई पनि फुक्का छोडेर
सल्लाका निर्दोष हांगाहरू भाँचेर
उकाली उक्लँदा
अलिकता मन पनि भाँच्चियो
मनै त रहेछ
सायद त्यसैले नचाही नचाही
पुन:यतै अल्मलिने
सपना साँचियो
तिमी सम्झ/ नसम्झ जे गर
तर तानसेन
एक फाँको मुस्कानले नै सहि
तिमी मलाई माया गर
सपनाको शहरमा
बैंस हराएको मान्छे म
त्यतैकतै
सल्लाका सुसाइहरूमा
स्विकार मेरा मनका सुसाइहरू
तिमी सम्झ/ नसम्झ जे गर
तर तानसेन
एक फाँको मुस्कानले नै सहि
तिमी मलाई माया गर ।

*__श्री तीर्थ श्रेष्ठ__ नेपाली साहित्यका ख्याति प्राप्त कवि हुनुहनछ ।*

# रिडीमा पहिलो दिन



**प्रतीक ढकाल**

जीवनमा पहिलो पटक दर्शन गर्न पाइएका भगवान् ऋषिकेशको श्यामवर्णी शिलाका अगाडि उभिएर मैले श्रद्धासाथ शिर निहुराएँ। मैले पश्चिमतिर फर्केर मूर्तिलाई हेर्दै प्रणाम गरेँ भने भगवान्को निख्खर कालो शिलाले चाहिँ पूर्वतिर फर्किएर मलाई आशीर्वाद दिएजस्तो लागिरह्यो। ठूलो रहर थियो मनमा- कुनै दिन यो रुरुक्षेत्र पुग्ने र आफ्नो कठोर तपस्याका बलले भगवान् विष्णुलाई समेत यहीँ रहन वचनबद्ध बनाउने मृग–आमाले हुर्काएकी रुरुकन्याको दर्शन गर्दै भगवान् ऋषिकेशको शरणागत हुने।

आहा, पाल्पाली राजा मणिमुकुन्द सेनद्वारा पुनस्थापित यो पौराणिक सम्पदाको दर्शन गर्ने रहर बल्ल आज पूरा भएको छ र म पनि दङ्ग परेको छु।

वराह पुराणमा समेत महत्वबारे चर्चा गरिएको यो धामको धेरैबेर लगाएर दर्शन र वरिपरिका दृश्यहरूको अवलोकन गरिसकेपछि हामी मन्दिर परिसरबाट बाहिर निस्किँदा वि.सं. २०४० को चैत्र महिनाको तेस्रो साताको चर्को घाम आफ्नो पूरै शक्तिका साथ हाम्रा पसिना निकाल्न उद्यत देखिँदैछ। म असिनपसिन भएर पनि लगातार हिँडिरहेको नै छु।घाम त साँझतिर मात्र शीतल होला, अनि पर्खेर भयो त?आखिर घामसँग त कसको के लाग्छ र? खप्नै परेको छ, र सम्झौता गरेरै हिँडिरहेको छु।



मन्दिर परिसरबाट बाहिर निस्केपछि हामी सिँढी ओर्लेर तल बगरमा आयौँ। माघेसङ्क्रान्तिमा मेला लागेका वेला हालिएका टहरा/झुप्राहरू दुईतिर फैलिएका देखिए र बीचबाट चाहिँ मोटर कुद्ने बाटोको आकृति देखियो। पानी थोरै भएको ठाउँबाट मोटर र ट्र्याक्टरले रिडीखोलो तरेर रिडीबजार निस्किने प्रबन्ध मिलाइएको रहेछ। यही वेलारामबहादुरको भनाइ सुनियो- "बाटोको हालत जस्तोसुकै गएगुज्रेको भए पनि गुल्मी जिल्लाको प्रमुख प्रवेशद्वार यही नै हो।"

बजारमा पुगेपछि सर्वप्रथम चुकाउनी त खानै पर्‍यो।उसिनेको आलुमा दही हालेर बनाइने यो अचार अचेल मलाई पनि मन पर्न थालेको छ। एउटा पसलमा गइयो र थपीथपी खाइयो। कृष्णले भने- "यो हुँगेलीको पसल हो। चुकाउनीका लागि प्रख्यात छ। यो घरको छोरो किशोर भट्टराई एकदमै असल मान्छे छन्। अहिले त तानसेनतिरै होलान्। पछि परिचय भेटेका वेला गर्नुपर्छ।"

चुकाउनीले पेट भरेपछि लखरलखर बजार पनि घुमियो- एक चक्कर। बाटो फाट्ने सानो ठाउँमा आएपछि कृष्णले भने- "तपाईंले भागीरथी श्रेष्ठको नाम सुनेको छ?"

मैले भनेँ-"मान्छे त देखेकोछैन तर नाम भने सुनेको छु। पत्रपत्रिकामा छापिएका उहाँका केही कथाहरू पढेको पनि छु।"

अनि कृष्णले नै थपेर भने- "भागीरथी दिदीको माइतीघर यही हो। उनी यही घरकी हुलाकी मुखियाकी छोरी हुन्। यो हुलाक बसेको घर उनकै माइतीघर हो।"

*- प्रसिद्ध पर्वतीय नियात्राकार **श्री ढकाल** नेपाल सरकारका पूर्वसहसचिव तथा डा. एपीजे अब्दुल कलाम अन्तर्राष्ट्रिय पुरस्कार -२०२३ बाट सम्मानित स्रष्टा हुनुहुन्छ।*

मैले त्यो घरलाई फर्कीफर्की हेरेँ। त्यो घर पनि मलाई भागीरथी दिदीका कथामा जस्तै प्लट मिलेको र सुन्दर लाग्यो।

बजार परिक्रमापछि हामी फेरि कालीगण्डकीकै बगरमा आइपुग्यौँ।छेउमै एउटा चिता जल्दैथियो। चितामा कुनै एक अपरिचित मान्छेको शरीर खरानीमा रूपान्तरित हुँदै थियो। त्यो मानिस जो भए पनि जल्दो चितातिर फर्केर मैले हात जोडेँ र उनको आत्मालाई चिर शान्ति मिलोस् भनेर भगवान्सित प्रार्थना गरेँ। त्यो चिताभन्दा केही माथि गएर कृष्ण, रामबहादुर र मैले पनि कालीगण्डकीको पवित्र जलले पञ्चस्नान ग¥यौँ।कालीगण्डकीमा स्नान गरेर ऋषिकेश भगवानको दर्शन गरे चार धाम गएको पुण्य प्राप्त हुन्छ भनेर लेखेको छ वराह पुराणमा। नेपालको काँशी पनि भनिन्छ यो क्षेत्रलाई। तर हाम्रो दर्शन गराइ भने उल्टो भएको छ आज।पहिले दर्शन र पछि प्रक्षालन हुन पुगेको छ।

रिडीबजार र बगरको पहिलो भ्रमण यत्तिकैमा टुङ्ग्याएर हामी फेरि मन्दिर परिसरमा नै फर्कियौँ। बाटोमुनिकास–साना टहरामा बसेका रुरुक्षेत्रमै मर्न चाहने कल्पवासी भक्तिनी आमाहरू, त्यहीँ कान्लामा उम्रिएका सिस्नाका मरन्च्याँसे झ्याङहरू, फालिएका फोहोरहरू, अनाथजस्ता देखिने गाईका बाच्छा–बाच्छीहरू, मन्दिरको आडैबाट गएको ‘कुसेनी’गाउँतिर जाने बाटो सबैलाई हेर्दै पुनःमन्दिरकै परिसरमा भित्रियौँ। बीचमा रहेको भगवान् ऋषिकेशको मन्दिर, त्यसलाई बीचमा पार्ने गरी वरिपरि बनेका अन्य संरचनाहरू सबै देख्दा यो भव्य मन्दिरको भविष्य पनि राम्रो छ जस्तो लाग्यो। सरकार र अन्य सरोकारवालाले अलि बढी ध्यान दिएर यसको महिमाको प्रचार–प्रसार गर्न सके यो तीर्थ चाडै नै यस क्षेत्रको लोकप्रिय गन्तव्य बन्न सक्छ जस्तो पनि लाग्यो।

“अबत फर्कने कि ?”

कृष्णको प्रस्ताव मलाई पनि मन प¥यो। घाम पनि चर्को र हेर्ने कुरो पनि सकिएपछि रिडीको तप्त बगरमा बसेर गर्मी खाइरहनुको कुनै अर्थ थिएन। कच्ची भए पनि बाटो त मोटर–बाटो नै हो, हामीले पनि त्यसैको छातीमा टेक्दै फिर्ती पाइला चाल्न थाल्यौँ।

सुनौला टुटीबाट निरन्तर पिउनेपानी झारिरहेका जोरधारा भएको पहेँलीपौवा आयो। यही धाराको माथितिर पर्ने भिरालो पाखामा रहेको सत्येश्वर महादेवको मन्दिर आयो।कृष्णले चोर औँलाले देखाउँदै भने-“जनरल भीमसेन थापाले आफ्नी आमा सत्यदेवीका नाममा बनाएको सत्येश्वर महादेवको मन्दिर हो यो।”अघि यतातिर आउँदा पनि कृष्णले मलाई अर्गलीको देउरालीबजारभन्दा केही माथि रहेको जुद्ध शमशेरको दरबार देखाएका थिए। अहिलेको माध्यमिक विद्यालय त्यही दरबारको भवनमा चलिरहेको छ भनेर पनि प्रत्यक्ष रूपमै देखाएका थिए। रानीमहल पनि यही जिल्लामा छ। पाल्पाको सदरमुकाम तानसेनमा त झन् ठूलो दरबार नै छ। भनेपछि राणाकालमा पनि उच्च सम्मान पाएकै जिल्लामध्येको एक हो रहेछ पाल्पा भन्ने थाहा पाएर मलाई पनि आफ्नो सुब्बासरहको स्थायी जागिरको यो पहिलो पोस्टिङप्रति गर्व नै लाग्यो।

हिँड्न थालेको २० मिनेट जति व्यतीत भएपछि हामी आँपको बगैँचा भएको ‘कुडापानी’ भन्ने ठाउँमा आइपुग्यौँ।

“अब यहाँबाट यो घुमाउरो मोटरबाटोलाई छोड्ने र मान्छे मात्र हिँड्ने छोटो बाटो घर जाने, हुन्न र ?”

मेरो त भनाइ नै के हुन्थ्यो र ? हिजो मात्र त प्रख्यात ‘और्व’ ऋषिको हिँडडुल गर्ने गल्ली (अर्गली) मा पहिलो वास बस्न आइपुगेको मान्छे म। कृष्णले नै सोधे र मेरो जवाफको प्रतीक्षा नै नगरी सुरुकै एउटा चिया–पसलको पिँढीमा बसालेहामीलाई। घरका मूली हुनुपर्छ, लोग्नेमान्छे चाहिँ बिरामी रहेछन्- घरकै एउटा कुनामा बसेर लगातार खोक्दै हाम्रा कुरा सुन्दै थिए। पसलकी साहुनीले मीठो बोलीवचनसहित हामीलाई चिया–खाजा खुवाउनुभयो। कृष्णले तिनै साहुनीलाई मेरो परिचय दिँदै भने-“उहाँको घर झापा, नाम प्रतीक ढकाल, अब अर्गलीकै कृषि सेवा केन्द्रका नयाँ जेटी साहेब। बसाइ पनि उही हो- हामीसँगै, ठूलापीपल, कुलामुनि हरि मास्टरको भाइको घरमा। यसभन्दापहिलेका जे.टी. सा’बहरू जहाँ बस्थे, त्यहीँ!”

यत्तिकैमा भर्खरै जुँगाको रेखी मात्र बस्न थालेका एक नवयुवकले हाम्रा छेउमा आएर भने- “म जीवन केसी, यही घरको छोरा। नयाँजेटी दाजुलाई हाम्रो गाउँ अर्गलीमा हार्दिक स्वागत छ।”

एकैछिन् बोलेर हामी बाटो लाग्यौँ र माथि डाँडामा रहेको पुजेरीगाउँको फेदीको बाटो हुँदै ठूलापीपल आइपुग्यौँ। दिन अभैm बाँकी नै छ, साँझ पर्न त अझै धेरै नै बाँकी छ। त्यसैले बाँकी समय बिताउन म पनि कृष्णकै ऋषिकेशव कपडा उद्योगको तानमा ढाका कपडा बुनेको हेरेर समय कटाउँदै छु।ढाकाका तान एकनासले चलिरहेकै छन्- ट्याकट्याक ! खिर्लिक् !! ट्याकट्याक !!!

•

सपनाजस्तै लागिरहेको छ- म कसरी यो ठाउँमा आइपुगेँ हँ ? ओहो, मेरो पुख्र्यौली थलो त पाँचथरको अमरपुर पो हो त जहाँ अभैm पनि त्यही खायलमा हाम्रो पुरानो घर उभिएकै छ। त्यही ठेगाना पनि कहाँ थियो र २०१८ साल बैशाख १ गतेभन्दा अघि त !त्यस वेला त त्यो ठाउँलाई याङरूप दोरुम्बा र 'थुम' ताप्लेजुङ भन्नुपथ्र्यो। अनि जन्मेको चाहिँ भुटानको दागापेला जिल्लाको गोशीगाउँको दमाईडाँडा भन्ने ठाउँमा। तर पनि हुर्केको चाहिँ झापामा। मास्टरी गरेको पनि झापामै। अराष्ट्रिय तत्व (अत) ठहरिएको पनि झापामै। अनि मास्टरीबाट बर्खास्त गरिएको पनि झापामै। तर अहिले जागिर खान भने आइपुगेको छु, सुल्टो र उल्टो जताबाट पढे पनिएउटै उच्चारण हुने नेपालको एक मात्र जिल्ला- पाल्पामा।

अनि एकपटक मेरो स्मृतिमै सररर घुम्यो मेरै जागिरको- यो यात्रा।

झापाको मास्टरीबाट बर्खास्त भएपछि म गृहत्याग गरेर सिधै पोखरा आएँ। म घरबाट भागेपछि त्यस्तो ठाउँमा जान चाहन्थेँ जहाँ मलाई चिन्नेहरूले नदेखून् र देख्नेहरूले चिन्दै नचिनून्। त्यसैले गाउँभरिका मान्छेहरू छाप्छाप्ती भेटिने काठमाडौँ शहर मेरो रोजाइमा पर्दै परेन। म सिधै पोखरा आइपुगेँ जहाँ मलाई चिन्ने मान्छे भेटिने सम्भावना ज्यादै कम हुन्थ्यो। हिँड्ने वेलामा कृष्ण धरावासीले आफ्नो साथी शङ्कर सुवेदीलाई लेखिदिएको चिट्ठी साथमा छँदैथियो। त्यही चिट्ठीले मलाई शङ्करजीसम्म पु¥याइहाल्यो। शङ्करजीको कोठामा यस्तै १५/२० दिन उहाँसँगै बसेपछि मैले पोखरामै रहेको खानेपानी समितिको कार्यालयमा मासिक ज्यालादारीको 'खरिदार' सरहको जागिर पाएँ। त्यहाँ तीन हप्ता जति जागिर खाएपछि त्यही बीचमा कृषि कार्यालयमै 'जेटिए' पदको १ सिट जागिर खुल्यो। अन्तर्वार्ता दिएपछि म छानिएँ र कास्की जिल्लाकै रूपाकोट, कास्कीकोट, सराङकोट र भदौरे तामागी चारगाउँ पञ्चायतमा अलैँची लाग्न सक्ने सम्भावित क्षेत्रको सर्भेक्षण गर्ने कार्यका लागि खटाइएँ। यो सर्भेक्षणमा जानुभन्दा पहिले नै एक सिट 'जेटी' पदको पनि विज्ञापन खुलेको थियो पश्चिमाञ्चल क्षेत्रीय कृषि निर्देशनालयमा र मैले त्यसमा पनि अन्तर्वार्ता दिएर मात्र खटाएको काममा गएको थिएँ। काम सकेर फर्किँदा त त्यसमा पनि मेरै पो नाम निस्केको रहेछ। सुब्बा सरहको जागिर पाइसकेपछि खरिदारको जागिर खाइरहने कुरो पनि भएन। दर्खास्त हालेका ३६ जनालाई अन्तर्वार्तामा उछिनेर १ सिटमा नाम निकालेपछि क्षेत्रीय कृषि निर्देशनालय पोखराले मलाई पाल्पा जिल्लामा रिक्त रहेको दरबन्दीमा काम गर्न जाने गरी खटायो। म पनि नियुक्तिपत्र बोकेर पाल्पा आएँ।

जिन्दगीमा पहिलोपल्ट पाल्पा आइपुगेको थिएँ। बसपार्कभन्दा अलि तल भिरालोमा रहेको जिल्ला कृषि विकास कार्यालयमा पुगेँ। देवराज भट्ट हुनुहुँदोरहेछ ड्याडो (DADO) अर्थात् त्यहाँको हाकिम । पत्र बुझाएँ र थप निर्देशनको प्रतीक्षा गरेर बसिरहेँ।

देवराज सर अलि कडा मिजासको भएजस्तो लाग्यो। सुरुमै भन्नुभयो-"कृषि विषयमा प्रमाणपत्र तह पास गर्दैमा जेटी भइदैन। जेटीर जेटिए भनेका किसानका साथी हुन्। ती सधैँ किसानकै खेतबारीमा भेटिनुपर्छ। उनीहरूको समस्यालाई आफ्नै समस्या ठानेर समाधान गरिदिनुपर्छ। भागेर अन्यत्र गइरहन पाइँदैन। तपाई लोकसेवा पास गरेर आएको मान्छेको योग्यतामाथि मेरो कुनै प्रश्न छैन, तर काम चित्तबुझ्दो भएन भने वा फिल्डमा भेटिनुभएन भने म जत्तिको खराब हाकिम कोही पाउनुहुने छैन। पाल्पाका कृषकहरू तपाईं जेटी/ जेटिएभन्दा धेरै जान्ने छन्। त्यसमा पनि 'मदनपोखरा' र 'अर्गली' का किसानहरू त झनै माथि रहेका छन्। तिनीहरूले त तपाईहंरूजस्ता प्राविधिकलाई पनि कृषिको पाठ पढाएर पठाइदिन्छन्। मैले तपाईंलाई 'अर्गली' पठाउने विचार गरेको छु। गएर काम गर्न त सक्नुहुन्छनि ?"

"हुन्छ सर। मलाई जता पठाए पनि हुन्छ। म त त्यसै पनि घर छोडेर यति टाढा आइसकेको छु। अब मलाई के टाढा, के नजिक ?"

मुखले भन्न त भनेँ तर मनमनै खूबै डराएको थिएँ म। त्यसको प्रस्ट कारण के थियो भने २०३७ को जेठमा कृषिशिक्षामा प्रमाणपत्र तह पास गरेर आएदेखि यता एकदिन पनि मैले यो विषयतिर फर्केर हेरेकै थिएन।सिफारिस गरिएका सबै बालीका जात र नाम, तिनको वानस्पतिक नाम, तिनमा लाग्ने रोगका नाम, कीराका नाम, प्रयोग गर्नुपर्ने औषधिका नाम सबै सबै नै मैले बिर्सिसकेको थिएँ। लगातार सात वर्षसम्म स्कुलका सात कक्षासम्मका नानीहरूलाई नेपाली, अङ्ग्रेजी र विज्ञान पढाउन यी कुनै पनि कुरा आवश्यक नै पर्दैनथे।मलाई ओरिजा सेटिभा (धान), पास्पालम् स्क्रोबिकुलाटम् (कोदो), ट्रिटिकमआस्टिबम् (गहुँ), ग्लाइसिन म्याक्स (भटमास), ब्रासिका ओलेरेसिया (काउली), सोलानम् टुबेरोसम् (आलु) जस्ता नामहरूको कहिल्यै कुनै कामै पर्दैनथ्यो। त्यसैले म यी

सबै कुरामा 'आलु'नै भइसकेको थिएँ। मेरो विषयगत पढाइ त पूरै 'ढुस' भइसकेको थियो।

फिल्डमा खटाएको पत्र बुझ्न कार्यालयमैबस्दै जाँदा मैले के पनि थाहा पाएँ भने भोलि यस कार्यालयको स्टाफ मिटिङ हुनेवाला छ। स्टाफ मिटिङका लागि जिल्लाभरि खटाइएका जेटी र जेटिएहरू सबै सदरमुकाम आउनेवाला छन्। सबै सहकर्मी साथीहरूसँग परिचित हुन मेरालागि यो एकदमै राम्रो मौका हुनेवाला रहेछ। कामका कुरा पनि खुलेरै सुन्न पाइने हुनाले यही मौका नै मेरो कामका लागि एउटा उल्लेखनीय प्रस्थान बिन्दु पनि हुन सक्नेछ जस्तो लाग्यो। यही सोचेर बसपार्कतिरै आएँ र होटलमा हिजो सुतेकै कोठा पुनः बुक गरिराखेर फेरि बजारतिरै घुम्न निस्किएँ। कृषि कार्यालयभन्दा अलि तल रहेको बागबानी केन्द्र, आलु विकास केन्द्र, पशु विकास कार्यालय सबैतिर पुगेँ। आफ्नो पुरानो पढाइसँग अलिअलि भेट हुन थालेजस्तो लाग्न थालेको छ- बल्ल।

•

स्टाफ मिटिङमा मेरो ध्यान एउटै कुरामा केन्द्रित थियो- मदनपोखरा। म एउटै मान्छेलाई खोजिरहेको थिएँ जसले मदनपोखराको प्रतिनिधित्व गर्दै उभियोस्। नभन्दै एकैछिनमा आफ्नो पालो आएपछि एकजना जेटी जुरुक्क उठे, आफ्नो नाम रेशमबहादुर दनाई बताए र आफ्नो मासिक प्रगति विवरण प्रस्तुत गर्न थाले। मैले उनलाई ध्यान दिएर सुनेँ र कार्यक्रम सकिएपछि पनि उनकै पछि लागेँ। उनकै डेरामा गएँ र एक हप्ता पेइङगेस्टको रूपमा उनकै डेरामा बस्ने प्रबन्ध पनि मिलाएँ। अब मेरो काम नै खाना खाएर रेशमसँगै दिनभरिका लागि मदनपोखरा जाने, उनकै पछिपछि विभिन्न साइटहरूमा गएर काम र कुरो सिक्ने, किसानहरूसँग कुराकानी गर्ने र केही सिकेर फर्किने हुन थाल्यो। अब भने मैले सात वर्षअघि किताबमा पढेको मेरो पुरानो कृषिज्ञान अलिअलि गर्दै ब्युँतिन थालेको महसुस गर्न थालेँ। नत्र त मैलेबिरुवाको कलमी बनाउनेसीप पनि बिर्सिसकेको रहेछु।

यो सात दिनमा मैले मदनपोखरा पूरै घुमेँ। माडी, प्रभास र दमकडातिर मात्र होइन, भित्री गाउँगाउँसम्म पनि पुगेँ।अगुवा किसानहरूद्वारा नमूना खेती गरिएका प्रायः सबै ठाउँहरूमा पुगेँ। नप्र (नतिजा प्रदर्शन) र तप्र (तरिका प्रदर्शन) गरिएका सबै कृषकहरूका खेतबारीमा पुगेँ।दमकडा माध्यमिक विद्यालयको त १० कक्षामै पसेर विज्ञानको एउटा कक्षा पनि लिएँ। तानसेनको सेरोफेरो सबै घुमेँ। प्रमाणपत्र तह पास गरेदेखि नै कतै भर्ना भएर स्नातक तहमा कलेज पढ्न नपाएको 'घाउ' मनमा हुनाले सर्वप्रथम त त्रिभुवन बहुमुखी क्याम्पसको परिसरसबै घुमेँ। पछि भर्ना खुलेका वेला आएर बि.कम.मा भर्ना हुनेमा पनि रेशम र मैले कुरो मिलायौँ। रेशमको पढाइ पनिमेरोजस्तै केके भएर छुटेको रहेछ।यही बीचमा श्रीनगर डाँडामा मात्र दुईपटक पुगेँ म। नचिने पनि उत्तरतिर फर्केर हिमालका लहरहरूलाई धेरै पटक हेरेँ।बतासे डाँडामा गएर सल्लाका हुर्किंदा बिरुवाहरूसँग खेलेर पनि धेरै समय बिताएँ। अमरनारायण मन्दिरको दर्शन पनि गरेँ।कर्णेल उजीरसिंह थापाले वि.सं. १८७७ असार १९ गते स्थापना गरेको भनिएको रणउजीरेश्वरी मन्दिरको दर्शन पनि गरेँ। जता गए पनि तानसेनको केन्द्रमा पर्ने पाल्पा दरबार र टुँडिखेलमा पनि धेरै पटक पुगियो। सिडिओ कार्यालय लगायत अधिकांश सरकारी अड्डाहरू यही दरबारमा भएकाले त्यसै पनि त्यता त पुगिन्थ्यो नै। खाजा खानका लागि सबैको प्रिय ठाउँ शीतलपाटी पनि धेरै पटक पुगियो। मोमो कसरी बन्छ भन्ने थाहै नपाए पनि धेरै पटक त्यहीँ गएर मोमो खाइयो। यही बीचमा धरमपानी पुगियो, घोरबन्दा पुगियो र त्यस क्षेत्रका जेटी ध्रुव भण्डारीको निमन्त्रणामा एउटा रातै बिताउने गरी रेशम र म हार्थोक गएर पनि बस्यौँ। भोलिपल्ट बिहान भोकै पेट भैरवस्थान गएर दर्शन गरियो, जीवनमा पहिलोपल्ट प्रसादको रूपमा 'रोट' पनिखाइयो र एसियाकै सबैभन्दा ठूलो मानिएको त्रिशूलको पनि दर्शन/अवलोकन गरियो।

गाडीहरू जोतिएर घरभित्रै पस्लान् जस्तो हार्थोकको एकदमै साँघुरो बाटो, उस्तै कुचुक्क परेको बजारक्षेत्र, खस्यौली जानका लागि दक्षिणतिर फाटेर गएको सानो चक्रेटो, रिडीतिर लम्किने अलि हेर्नुहुने खालको बाटो सबैको रमिता हेरियो। गाडीहरूले बडो मुश्किलले एकले अर्कालाई साइड दिएको, अलि फराकिलो ठाउँमा पर्खेर बसेको, घुम्तीमा लगातार हर्न बजाएर अर्को गाडीलाई 'म छु है यता' भनेर जानकारी गराएका कुराहरू मजस्तो तराईको खुला र फराकिलो ठाउँमा हुर्केको मान्छेका लागि एक किसिमले असामान्य नै थिए।

पाल्पा बसाइको यो क्रममै मेरो परिचय सुरेशशेखर बज्राचार्य, रमेशशेखर बज्राचार्य, पुरन बज्राचार्य, हिमाली पुस्तक पसलका वृहस्पतिजी जस्ता केही साथीहरूसँग भयो। रमेश र सुरेश दुवै मेरा दौँतरी उमेरका थिए भने पुरन र वृहस्पतिजी चाहिँ उमेरमा दाइवर्गका हुनुहुन्थ्यो। तर पनि चारैजना उत्तिकै

सहयोगी, हार्दिक र आत्मीय भावनाले भरिएका हुनाले २/४ दिनमै मित्रता मौलाइहाल्यो।

तर खै भएर हो कुन्नि, नाम सुनेर पनि नेपालको ताजमहल मानिने रानीमहल जाने समय भने पटक्कै मिलाउनै सकिएन।

जे होस्, यसरी आफूलाई केही हदसम्म तयार पारेर र मन दह्रो बनाएर बल्ल म अर्गली जान तयार भएँ। हिँड्ने वेलामा पनि रेशमले भनेका थिए- “आफूले नजानेको कुनै प्राविधिक समस्या प¥यो भने अनुमान गरेर केही पनि नभन्नु होला। त्यहाँका किसान त एकदमै जान्ने छन्। बरु गाडी चढेर यतै आउनू। अनि जे भन्नु परे पनि सल्लाह गरेरै भनौँला। अरू ठाउँमा खटिएका साथीहरूलाई त जागिर खान अलि सजिलै छ। ती त वेला वेलामा कसैलाई थाहै नदिई घरतिर पनि गइरहन्छन्। कसैले थाहै पाउँदैन तिनीहरू फिल्डबाट भागेको। तर अर्गली र मदनपोखरामा खटिएका हमीलाई त्यस्तो सजिलो छैन। यहाँ त हरसमय खोजी भइरहन्छ। भागेर कतै जाऔँला भनेर त नचिताए पनि हुन्छ।”

•

बसपार्क पुगेँ अर्गली जाने गाडी चढ्न। तर खुट्टा टेक्ने ठाउँ पनि थिएन गाडीमा। बुटवल भैरहवातिरबाट ‘तम्घास’ जाने गाडी धेरै समयको अन्तरालमा मात्र आउने हुनाले सिट पाउन त्यति सजिलो थिएन। त्यसमाथि पनि ‘अर्गली’ त चार घण्टाको मात्र बाटो हुनाले प्रायः उभिएरै जानु पर्ने बाध्यता रहन्थ्यो। गाडीवालाले पनि लामो दूरी ‘तम्घास’सम्म जाने यात्रीलाई पहिलो प्राथमिकता दिनु स्वाभाविकै थियो।

बसको स्थिति देखेपछि मेरो पनि मन मर्दै गयो। हिँडेरै जाने सोच बनाएँ। आखिर बसमा गए पनि चार घण्टा नै लाग्ने हो र हिँडेर गए पनि चार घण्टा नै लाग्ने हो भने किन दुःख पाईपाई कोच्चिएर जाने ?

छड्के पारेर झोला भिरेँ र हिँड्न थालेँ। त्यही शीतलपाटी हुँदै बतासेडाँडा निस्केँ। अलि अगाडि जानासाथ मोटरबाटो छोडेर पैदल हिँड्ने बाटो रोजेर लुइँलुइती हिँड्दै चण्डीभञ्ज्याङ, बौघा र एउटा पुरानो सुरुङ भएको ठाउँ हुँदै केही वेर हिँडेपछि राजुवास भन्ने ठाउँ आइपुगेँ र त्यहीँ झोला बिसाएर केही खाजा खाएँ। होटेलका मालिक मोटेदाइ निकै रमाइला मान्छे रहेछन्। खाजा खाउन्जेल पनि रमाइलो गराइरहे।

धातुको एउटा ठूलो पाइपले लगातार बाटोलाई पछ्याउन थाल्यो। अरू बटुवालाई सोधेर थाहा पाएँ– यो त तानसेनमा लगिएको खानेपानीको पाइप पो हो रहेछ। ‘भुल्के’ रे यस ठाउँको नाम। यति गहिरोमा भएको पानीलाई तानेर त्यति माथि डाँडामा रहेको तानसेन बजारमा पु¥याइएको देखेर अचम्म पनि लाग्यो। आखिर प्रविधि नै त रहेछ नि सबथोक, सबैभन्दा ठूलो कुरो भन्ने सम्झेर हिँडिरहेँ।

निकैबेर लगातार हिँडिरहेपछि म ‘जोर्ते’ भन्ने ठाउँमा आइपुगेँ। माथि डाँडातिरबरालिँदै घुम्न निस्केको जस्तो देखिनेमोटरबाटो पनि फन्को मारेर ओरालिँदै यहीँ नै मिसिन आइपुग्यो। मान्छेको बाटो र मोटरको बाटो दुवै भेट भएको यो ठाउँमा ३/४ वटा होटल रहेछन्- थकालीका। होटल भनेर शहरतिरका जस्ता सबै कुरा तयारी हालतमा पाइनेहोटल होइन कि ग्राहकले अनुरोध गरेपछि मात्र खाना बनाइदिने खालका टहराहरू। उही चिया, चना, उसिनेका अण्डा, केही सेलरोटी मात्र तयारी हालतमा भेटिने खालका चमेनागृह भनौँ न ! यिनैमध्येको कुनै एकमा पसेँ।दुइटा सेता शालिग्रामसहित केही खाजा र चिया खाएँ। बसका चालक र होटलका साहुनीहरू मजाले जिस्केको पनि रमाइलो मानेर हेरिरहेँ।नयाँ ठाउँ, नयाँ रीति, नयाँ चलन भएको ठाउँमा आफू केही बोल्ने कुरै आएन, सबै कुराको अनुभव मात्र बटुल्दै रहेँ।

कुरैकुरामा थाहा पाएँ, अब बढीमा एक घण्टा हिँडेपछि अर्गली पुगिन्छ। मलाई होटलकी साहुनीले “अबको बाटो सजिलो छ, बसमै गए पनि हुन्छ” भनेर सल्लाह दिँदै थिइन् तर मलाई त्यो बसमा झुण्डिनु उचित लागेन। पैदल हिँडे सबै कुरा हेर्दै, मज्जाले दुइटै हात हल्लाउँदै हिँड्न पाइन्छ भने कसले भोगोस् खुँगीमा च्यापिएको कुखुराको जस्तो सकस ?

हिँडिरहेको छु, हेरिरहेको छु– खेतका ठूला ठूला फाँटहरू, बारीका ससाना पाटाहरू, मैले चिनेका भन्दा बेग्लै छन् यताका रुखहरू, बिरुवा उही भए पनि नाम बेग्लै छ। मान्छे उस्तै भए पनि पहिरन बेग्लै छ, बोलीको लवज र भाका नै बेग्लै छ। म त “यस्तो अरे उस्तो अरे” भनेर बोलिरहेको मान्छे अब “यस्तो गरे उस्तो गरे” भन्ने ठाउँमा आइपुगेको रहेछु। “कहाँसम्म हो ?” भनेर कसैलाई सोध्ने बानी परेको मान्छे म यहाँको “कत्ना थिम् हो ?” बाट अल्मलिन पनि थालेको छु। हामीले ‘भने’ भन्ने ठाउँमा यताका मान्छेले ‘पार’ भन्दा रहेछन्। हामीले “हिँड्यो भने बाटो घट्छ” भन्ने ठाउँमा यतातिर “हिँडे पार बाटो छोट्टिन्छ” भनिँदो रहेछ।

जे होस्, बाटोमै भेटिने र छुट्टिने यात्रीहरूसँग सानातिना प्रश्नहरू गर्दै र उत्तर पाउँदै अब म ‘टिपुरे’ आइपुगेको छु।

घडी हेरेँ- १२ नाघिसकेको रहेछ । अब त खाना नै बनाउन लगाउनु पर्ने भयो। अहिलेसम्म त राजुवास र जोर्तेमा खाएको कच्याककुचुक मात्र परेको छ पेटमा पनि । अलिकति गोर्खाली तातो जाउलो त हुल्नै प¥यो नि पेटाँ । सानो 'स्टेसन' रहेछ यो भनौँ न, जम्मा नै तीनवटा टहरे होटल देखिएका छन् । बाटोको उत्तरतिर पर्ने एउटा छाप्रोको बेन्चीमा गएर बसेँ। साहुनीको रूपमा देखा परेकी एउटी सुन्दरी युवतीले मुस्कुराउँदै भनिन्- "के लिनुहुन्छदाइ ?"

मैले खाना नै खान्छु भनेपछि तिनले भनिन्– "एक घण्टा त लाग्छ नि दाइ।"

मैले हुन्छ पर्खिन्छु भनेँ।

"कबेलीको तर्काली र बाइँबेँडाको अचार बनाउँछु, हुन्छ ?"

म त पाँचथर/ताप्लेजुङतिर पुर्ख्यौली घर भएको मान्छे, यो 'कबेली' शब्दलाई त मैले 'काबेली' जस्तो पो सुनेँछु । यो शब्द सुन्न पाउँदा पनि उतै पुगेजस्तो लाग्यो र कुरै नबुझी बडो खुशी व्यक्त गर्दै भनेछु- "हुन्छ हुन्छ । मलाई काबेली मन पर्छ।"

जुन नदीको पानी खाएर मेरा पुर्खाहुर्के, त्यही नदीको पवित्र नाम मलाई मन नपर्ने कसरी हुन सक्थ्यो र ?

झोला त्यहीँ बिसाएर म सडकैसडक पर परसम्म घुम्न निस्किएँ। खाना तयार नहुन्जेलसम्म मेरो त्यहाँ कुनै काम पनि त थिएन। झण्डै एक घण्टा बाटो वरपर टहलिएर म होटलमा आइपुग्दा फर्सीको पहेँलो लेदो जस्तो देखिने तरकारीसहित मेरो खाना तयार भएको थियो। 'कबेली' भनेको त 'फर्सी' पो हो रहेछ । जीवनमा नराम्ररी झुक्किएँ म। फर्सीको तरकारी त छुँदा पनि नछुने मान्छे थिएँ म । मनै नपर्ने । आजसम्म त खाएको पनि थिएन। तर आफैँलाई सोधेर पकाएको हुनाले मैले नाकनुक गर्ने कुरो पनि आएन। त्यसैले बडो मुश्किलले अलिकति खाना खाएँ। धन्न 'बाइँबेँडा' भनेको चाहिँ गोलभँडा हो रहेछ र त्यही अचारको सहारामा केही गाँस खाएँ। कुरा गर्दागर्दै थाहा पाएँ- यताका मान्छेले नरिवललाई पनि 'गडी'र हलुवालाई 'मनभोग' भन्दा रहेछन् ।

अब अर्गलीको फाँट सुरु भयो। सबै जग्गा खेतीयोग्य। सबैमा किसानको उद्यम पोखिएको छ। यो चैत्रको खडेरीको वेला हो, तर पनि कुला चलेका छन्- कुलुलुलु गर्दै। खेतीले ढाकेको छ पूरै फाँटलाई। हरियाली छ चारैतिर। घाम चर्को छ तर पनि किसानहरू प्रायः खेतमै देखिँदैछन् ।

मोतीलाल न्यौपाने र राधाकृष्ण भट्टराई यी दुई नामलाई खोज्नुछ अब मैले। यी दुई अगुवा किसानका घर देउराली बजारका छेउछाउमै छन् भन्ने थाहा पाएरै आएको छु तानसेनदेखि नै। बाटोमा भेटिएका मान्छे र खेतबारीमा भेटिएका कृषकहरू सबैलाई यी दुई नामका बारेमा सोध्दै हिँडिरहेको छु र के पनि थाहा पाइसकेको छु भने मोतीलाल न्यौपानेको घर अब आउनै लागेको छ।

"बाटैमा छ उहाँको घर। अब एकैछिनमा पुगिहाल्नुहुन्छ तपाईं।" भर्खरै मात्र एउटा किसानले भनेका थिए मलाई।

नभन्दै केहीबेर हिँडेपछि म मोतीलालजीको घरमा पुगेँ। उहाँ घरमा हुनुहुँदो रहेनछ। भेट भएन। तर पनि उहाँको पौरख पोखिएको बारी देखियो ।माटो रातो भए पनि विभिन्न जातका तरकारीका बिरुवाहरू उमार्न बनाइएका ब्याडहरूका लहर देखिए। टाट्नामा बाँधिएका पोटिला पोटिला बाख्राहरू, वरिपरि रहेका सप्रेका बोटबिरुवाहरू, कान्लामा रहेका डालेघाँसका रुखहरू सबै सबैले नै यो एक सफल कृषकको घर हो भन्ने प्रमाण प्रस्तुत गरिरहेका देखिए।

घरका अन्य सदस्यहरूसँग बिदावारी भएर फेरि बाटोमै आएँ। केही क्षणमै राधाकृष्ण भट्टराईजीको घर पनि आइहाल्यो। त्यहाँ पनि पसेँ।यो घर पनि कृषिको नमूना नै देखियो। परिचय भएपछि बुढीआमा धेरै नै खुशी हुनुभयो। राधाकृष्णजी त खुशी नहुने कुरै भएन। कुरैकुरामा मैले के थाहा पाएँ भने जुन घरमा कृषिको सेवा केन्द्र रहेको छ, त्यो त यिनै आमैको एक भाइ छोराको घर पो हो रहेछ। यिनै आमैका छोराहरूमध्ये यी राधाकृष्णभन्दा माथिका दाजु र त्यो सेवाकेन्द्रको छेउमैघर रहेका हरि मास्टरका भाइ पो रहेछन ती घरधनी त।

चिया खाएपछि हामी उठ्यौँ। राधाकृष्णजी मलाई घरसम्मै छोड्न तयार हुनुभयो। हामीले अलिकति हिँडेर एउटा सानो कल्भर्ट माथिबाट 'गुहेखोला' नाघ्यौँ र देउराली बजारतर्पm जाने मूलबाटोलाई छोडेर ठूलापीपलतर्फ जान दाहिने हाततिर मोडियौँ।

राम्रो चौरमा रहेछ ठूलापीपल भन्ने ठाउँ। त्यसैको आडमा रहेछ ऋषिकेशव कपडा उद्योगका तानहरू जडान गरिएको एउटा ठूलो घर। यही ठूलो घरका दुइटा कोठा भाडामा लिएर बसेको रहेछ यहाँको- पशु सेवा केन्द्र।यसै केन्द्रमा पशु सहायक (जेटिए) को रूपमा कार्यरत रहेछन्गुल्मीको सदरमुकाम तम्घास घर भएका रामबहादुर थापा। यहीँ परिचय भयो यस उद्योगका मालिक लक्ष्मण भट्टराईसँग, उहाँकै भाइ कृष्णसँग, अनि चिया

बनाएर खुवाउने पशु सेवा केन्द्रका पियन भाइ रामशोगारथ मण्डलसँग पनि।

यो त मानिसहरूको जमघट हुने ठाउँ नै हो रहेछ। अरू धेरैसँग त परिचय भयो, मलाई कुनै आश्चर्य भएन। तर एकैछिनमा परिचय भयो ४/५ जना विष्णु भट्टराईहरूसँग। अनि म आश्चर्य र अलमल्ल दुवैमा परेँ।मानिसहरू पातलिँदै गएपछि नायव प्राविधिक सहायक (नाप्रास) रामबहादुर थापाले नै सम्झाए- "यहाँ विष्णु भट्टराई नाम भएका मानिसहरू धेरै भएकाले हामीले चिन्ने तरिका पनि अलि भिन्नै छ। ती अघि भेटिएका दाह्रीवालालाई हामी त्यागी विष्णु भन्छौँ, देउराली बजारमा खाजापसल चलाउनेलाई हेलिकोप्टर विष्णु भन्छौँ, त्यो हाम्रो दौँतरीजस्तो विष्णुचाहिँ फेन्सी विष्णु हुन्। यहाँको पुजेरी गाउँमा मात्र १२/१५ जना विष्णु भट्टराई होलान्।

कुरै कुरामा थाहा पाएँ, यहाँ पुजारीलाई पुजेरी, पुरोहित (पुरेत) लाई उप्रेत, अम्बालाई बेलौती, पत्नीलाई मेरीदुलै, सिँचाइ गर्नुलाई पानी चाहार्ने, बोक्रा छोडाउनुलाई फोक्नु, कसैलाई साह्रै खसालेर गाली गर्नुपर्दा 'कुपु' र मानाचामललाई 'घोत' भनिँदो रहेछ।

साँझमा समाजका केही गण्यमान्य व्यक्तित्वका घरहरूमा भेट्न जाने कार्यक्रम मिलाएका थिए कृष्ण र रामबहादुरले। तर हामी जानै परेन। काशीनाथ भट्टराई, लीलाबल्लभ राना, परशुराम भट्टराई, दोलखबहादुर राना, पदम पाण्डे, हेमलाल भट्टराई, सबैले राजा भन्ने गरेका मुरारीजङ्ग राणा, प्रधानपञ्च दुर्गादत्त रेग्मी, उपप्रधानपञ्च ज्रकाशलाल श्रेष्ठआदि सबै व्यक्तित्वहरू आजकै दिनकोकुनै न कुनै समयमाआफैँ यही ठाउँमा आइपुग्नुभयो। त्यही वेला परिचय भइहाल्यो; हामी कतै जाने परेन।

रामबहादुर र कृष्णले मलाई मेरै अफिस रहेको घरमा लिएर गए। आफ्नै निवास भनिएको सानो माटे घरको टेबुलमा लगेर मैले पनि झोला थन्क्याएँ। लुगा फेरफार गरेर सजिलो भएर बसेँ।बेलुकाको खाना पनि रामबहादुरकै भान्छामा हुने निधो भयो। कृष्णले भने-"यो मुलुकका चार प्रसिद्ध क्षेत्र वराहक्षेत्र, पाशुपतक्षेत्र, मुक्तिक्षेत्र र रुरुक्षेत्रमध्ये तपाईं रुरुक्षेत्रको नजिकै आइपुग्नुभएको छ। जीवनमा पाइने एक दुर्लभ अवसर हो यो। त्यसैले यहाँ काम थाल्नुभन्दा अगाडि भोलि बिहान नै भगवान् ऋषिकेशको दर्शन गर्न जाऔँ। भगवान्लाई आफू यहाँ आइपुगेको कुरो निवेदन गरेर मात्र गाउँ डुल्न थाले राम्रो होला।"

अनि यही व्यहोरामा रामबहादुरले पनि सही थाप्दै भने- "मैले पनि यहाँ आइपुगेकै दिन त्यसै गरेको थिएँ। त्यसपछि त कति पटक त्यहाँ पुगियो भन्ने हिसाबै छैन।"

खाना खाएर बल्ल सुत्नका लागि मात्र म मेरो भनिएको क्वार्टरमा पुगेँ।

ओछ्यानमा पल्टेको त छु। तर पनि खै किन किन, मनमा कुरा खेलिरहे। ड्याडोको धम्कीयुक्त भाषा मात्र होइन, तिम्रालागि मर्छु भन्ने पनि धेरैलाई सम्झिरहेँ। निद्रै लागेन।

बिहानै कृष्ण आए। रामबहादुर पनि फेरि रिडी जान तयार भए। हामी फेरि पनि फुक्काफाल भएर रिडीतिर लाग्न थाल्यौँ। सुन्तली मगरको चियापसलबाट दाहिनेतिर लाग्यौँ र पुनः हिजो छोडिएकै बाटो समातेर देउराली बजारतिर लाग्यौँ। हेलिकोप्टर विष्णुदाइको खाजापसल, पदम पाण्डे दाइको किराना पसल, अर्गली दरबारतिर जाने उकालो बाटो, अम्बिकादिदीको प्रख्यात चुकाउनी पसल, उपप्रधानपञ्च प्रकाशलाल श्रेष्ठको घर, प्रधानपञ्च दुर्गादत्त रेग्मीको घरको बाटो हुँदै हामी कुडापानी आइपुग्यौँ। कुडापानीको कुइँनेटोबाट कालीगण्डकीको प्रवाह, गुल्मी जिल्लामा पर्ने रिडीबजार, पारि स्याङ्जामा पर्ने कृष्णगण्डकीको 'कालीपार' पनि मजाले देखियो।कालीगण्डकी र रिडीखोलाको यो सङ्गमले त तीन जिल्ला पाल्पा, स्याङ्जा र गुल्मीलाई पो जोड्दो रहेछ।

मोटर बाटैबाटो गएर हामी ऋषिकेश मन्दिरको छेउमा पुग्यौँ। यो मन्दिरचाहिँ पाल्पा जिल्लामा र यसको ठेगाना बोक्ने रिडीबजारचाहिँ गुल्मी जिल्लामा पर्दा रहेछन्। पाल्पा र गुल्मीले त घाँटी नै जोडेको देखियो- आफ्नै आँखाले। तर ओदानको तेस्रो खुट्टो स्याङ्जातिर जानचाहिँ अलि माथिबाट मात्र एउटा सानो झोलुङ्गे पुल मात्र हालिएको छ भन्ने जानकारी दिइरहेका छन् कृष्णले।

कृष्णले नै यो ठाउँको पौराणिक महत्व बुझाउँदै भने- "परापूर्व कालमा यो पवित्र धाममा देवदत्त नामका कुनै ऋषि कठोर तपस्यामा बसेका थिए रे। उनको तपस्याको ख्याति यसरी पैmलियो रे कि स्वर्गका राजा इन्द्रसमेत आफ्नो सिंहासन गुम्ने डरले छटपटिन थालेछन्। अनि ऋषि देवदत्तको तपस्या भङ्ग गर्न उनले स्वर्गकी सबैभन्दा राम्री अप्सरा ब्रह्मलोचालाई खटाएछन्। ब्रह्मलोचाको हनी–ट्र्यापमा ऋषि पनि फँस्न पुगेछन्। वर्षौंसम्म पति–पत्नीको रूपमा रहेपछि उनीहरूबाट एउटी छोरीको पनि जन्म भएछ। छोरी जन्मेको देखेपछि पो झल्यास्स भएर ऋषि पनि छाँगाबाट खसेछन् र आफूले बाटो

बिराएको महसुस गरी त्यसको प्रायश्चित्त गर्न यहाँभन्दा अलि माथि पर्ने भृगुतुङ्गेश्वर महादेवको थानमा गई पुनः तपस्या गर्न थालेछन्। ब्रह्मलोचा त त्यसै पनि छलकपटकी एक पात्र मात्र थिइन्, काम सकेर उनी पनि स्वर्गतिरै लागिछन्।बाबु आमा दुवैबाट त्यागिएकी ती अबोध बालिकालाई एक पोथी मृग (रुरु) ले आफ्नो दूध चुसाएर हुर्काइछन्। रुरुले हुर्काएकी हुनाले तिनी रुरुकन्याको नामले प्रख्यात हुँदै गइछन्। किशोरी भएपछि तिनले पनि "मेरो जन्म हुनुमा मेरो के दोष थियो?" भनेर प्रश्न सोध्न भगवान् विष्णुको नाममा कठोर तप सुरु गरिछन्।उनको तपस्याको बलले वशीभूत भएर एकदिन चतुर्बाहुभगवान् विष्णुले दर्शन दिएर उनको जिज्ञासालाई शान्त पारिदिँदै अब उनी रुरुकन्याकै नामबाट यो लोकमाविख्यात हुने, यो क्षेत्रको नाम उनकै नामबाट 'रुरुक्षेत्र' रहने भन्ने वरदान पाएपछि उनले पनि भगवान्सँग थप प्रार्थना गरिछन्- हजुर पनि अब यही रूपमा यही स्थानमा सधैँका लागि विराजमान हुने हो भने मात्र म यो वरदान स्वीकार गर्न तयार छु। बालिकाको अनन्य भक्ति, अविचल निष्ठा, समर्पण र अतिशय प्रेमले बाँधिएर भगवान् विष्णु पनि यहीँ बस्न थाल्नुभएछ र त्यही दिन यो मन्दिरको उत्पति भएको हो भन्ने मानिएको छ।"

"मेरो जन्म हुनुमा मेरो के दोष थियो भन्ने मूल प्रश्नको विषयमा चाहिँ भगवान् विष्णु र रुरुकन्याका बीचमा के कुरा भएछन् नि ? कुनै स्रोतले केही भन्दैन र ?" मेरो थप जिज्ञासा पोखियो कृष्णसँग।

"त्यो दिन म बुटवल गएको हुनाले अरू कुरा त सुन्नै पाइएन नि यार !"

कृष्णको यो अनपेक्षित जवाफले हामी हाँस्नुसम्म हाँस्यौँ। बडो गम्भीर भएर जवाफ दिएका थिए कृष्णले, त्यही भएर पनि हामी झन् हाँस्यौँ। उनको 'सेन्स अफ ह्युमर' राम्रो रहेछ। मौका पाए कलाकार हुन सक्ने रहेछन्।

हाम्रो हाँसो मत्थर हुन नपाउँदै मन्दिरतर्फ जाने ढुङ्गे सिँढीहरू देखा परिहाले। मैले सिँढीको पहिलो खुट्किलामै ढोग अर्पण गरेर ढुङ्गा छापिएको मन्दिर परिसरमा प्रवेश गरेँ।

अब म भगवान् ऋषिकेशवको श्यामवर्णी शिलाका अगाडि हात जोडेर उभिएको छु।




तानसेन गुठीले ३१ वर्ष पार गरी ३२ औं वर्ष प्रवेशको अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

आजको सानो बचतले भोलिको ठूलो गर्जो टर्दछ ।

**Sapana Multipurpose Co-Operative Society Ltd.**
**सपना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
51-Apex Building, Kamaladi, P.O.Box: 21539 Kathmandu, Nepal
Tel: 977-1-4168625, 4168626, Fax: 977-1-4168620
E-mail: sapanampcs@yahoo.com

# सु. कृष्ण प्रसाद लाकौल र वहाँका कृतिहरू



**बनमाली प्रसाद लाकौल**



यही २०८१ साल बैशाख ३ गतेका दिन तानसेनमा त्यहाँको पाल्पा साहित्य समाजद्वारा आयोजित कार्यक्रममा स्व. सुबा कृष्ण प्रसाद लाकौल लिखित दुई कृतिहरूको लोकार्पण गर्ने कार्य सम्पन्न भएको थियो। गत शताब्दिमा लेखिएका यी कृतिहरू थिए: पहिलो बि. सं. १९३७ तिरको 'तीर्थयात्रा दैनिकी' र दोस्रो बि. सं. १९६७।६८ को 'गितासार'। प्रस्तुत लेखमा वहाँको परिवार, कृति ढीलो प्रकाशनमा आउनुको कारण, वहाँको व्यक्तित्व, आदि बारे जे जति सामग्री उपलब्ध छन् ती फुटकर वा अनुमानित रूपमा भएपनि समावेश गर्ने कोशिश भएको छ। यसमा व्यांख्यात्मक पक्ष नगन्य छन्।

बि. सं. १९१२(?) मा तानसेनमा जन्मनु भएका र बि. सं. १९६९ मा बुटवलको बजार अड्डामा काम गरिरहनु भएको समयमै मृत्यु भएका सु. कृष्ण प्रसाद लाकौल बारे धैरै तथ्य उपलब्ध छैन, तथापि वहाँको कैयौं लिखित कृतिहरू सुरक्षित रहेकोले तिनको आधारमा अरू केही जानकारी हासिल गर्न मद्दत पाइएको छ। उपरोक्त प्रकाशित कृतिहरूका अतिरीक्त वहाँले लेख्नु भएको, देवी भागवतको संस्कृत र नेपालीमा टीका, तदोपनिषद (संस्कृतमा), तान्त्रिक विधि आदि विषय र केही अन्य फुटकर पाण्डुलिपिहरू छन्। तिनीहरूलाई प्रकाशमा ल्याउने प्रयत्न जारी नै छ।

यी प्रकाशित तथा अप्रकाशित कृति र वहाँ बारे बुढा पाकाहरूले भन्ने गरेको कुराबाट अनुमान गर्न सकिन्छ, वहाँ अति मेहनती, मेधावी र आफू जागीरको व्यस्त रहे तापनि बौद्धिक क्रियाकलापमा सक्रीय हुनुहुन्थ्यो। वहाँ संस्कृत भाषाको ज्ञान मात्र होइन त्यस भाषामा लिखित अध्यात्म सम्बन्धी वार्ता, वादविवाद एवं परामर्शमा पुरोहित, पण्डितहरूसंग पनि राम्रो र सार्थक सम्बन्ध राख्न सक्षम हुनुहुन्थ्यो। धैरै समय पाल्पाको सामाजिक, आध्यात्मिक र साहित्यिक परिवेशमा ओझेलमा पर्नु भएका यस्ता प्रतिभाका धनी मेरा पूज्य बाजेका केही कृतिहरू भएपनि प्रकाशमा ल्याउन सकेका हामी वहाँका नाति पनातिहरूकानिम्ति ठूलो शौभाग्य र गौरवको विषय हो।

वहाँको पारिवारिक पृष्ठभूमि बारे, छोटकरीमा उल्लेख गर्नु पनि सान्दर्भिक ठान्दछु। लाकौल वंशावली अनुसार, तानसेनमा बि. सं. १८६९ मा गएर बस्ने लाकौल वंशका पहिलो व्यक्ति थिए, विष्णुदत्त। भक्तपुरका राजा रणजित मल्लका भारदारहरूमध्ये एक, काजी धनसिंह, तिनका बाजे हुन् र यी काजी बि. सं. १८२७ मा पृथ्वीनारायण शाहको भक्तपुर विजयको क्रममा बीरगति प्राप्त गरेका थिए, र यही क्रममा तिनको सर्वस्व हरण भएको थियो र त्यसको परिणामस्वरुप तिनका सन्ततिहरू ज्यान समेत बचाउन भागेर पनौति नजिक

*- तानसेन गुठीका सल्लाहकार **श्री बनमाली प्रसाद लाकौल** परराष्ट्र मन्त्रालयका पूर्व का.मु. शिष्टाचार महापाल हुनुहुन्छ।*

रहेको बतासे भन्ने गाउँमा गई शरण लिन पुगेका थिए। कालान्तरमा त्यहाँ बसोबास गरी खेतिपाती मात्रले गुजारासम्म हुने अवस्थाबाट उम्कन प्रयत्न गर्ने क्रममा, विष्णुदत्त पहिले नेपालको पूर्वतिरका जिल्लामा गई केही व्यवसाय गरेका र त्यता सफल हुन सकेनन् र घर फर्के। त्यसको केही वर्षपछि विष्णुदत्त तानसेन पुगे। यीनै विष्णुदत्तका पनाति थिए सुबा कृष्ण प्रसाद।

सुबा कृष्ण प्रसाद लाकौल, ५ जना दाजुभाईमध्ये काहिंला हुन्। यीनका बुवा दाजुभाई भतिजाहरूमध्ये धेरै जना सरकारी जागीरमा थिए। यस्तो परिस्थितिमा यीनले आफूलाई, जागीरे निरस तथा व्यस्त जीवनबीच कसरी उकास्न सके यसबाट तिनको एकाग्रता तथा लगनशीलताको प्रसंशा गर्नै पर्ने हुन्छ भन्न मलाई संकोच छैन। अझ साक्षरता सून्यप्राय: रहेको त्यो जमानामा कुनै औपचारिक शिक्षा बेगर, अध्यात्म, तन्त्र जस्ता क्षेत्रमा गहन अभ्यासमा लाग्नु सानो उपलब्धी भन्न सकिन्न।

अहिले प्रकाशित पहिलो कृति, तीर्थयात्रा दैनिकी, वहाँ २५ वर्षको उमेर छँदा ६ महिना जति लामो तीर्थयात्राको अवधिको वर्णन हो। त्यस बखत हरेक दिनको विवरण लेखिएको यो कृति सादा टिपोट् मात्र नभई नेपालको नियात्रा लेखन क्षेत्रमा नयाँ कीर्तिमान स्थापित गरेको आंकलन गरिएको छ। यस विषय, पाल्पा साहित्य समाजका अध्यक्ष तथा त्यस क्षेत्रमा चीरपरिचित र अग्र पंक्तिका व्यक्तित्व श्री पुष्कर अथक रेग्मीले सो पुस्तकको भूमिकामा लेख्नु हुन्छ: “प्रस्तुत नियात्रा नेपाली वाङमयको आकाशमा ऐतिहासिक दस्तावेज सहित उदाहरणीय संग्रहणीय एवम अनुसंधानीय कृतिको रूपमा रहनेछ भन्ने विश्वास लिएको छु।” यो दैनिकी ठाउँ ठाउँमा गई विभिन्न देवी देवताका पूजा र तिनका नामावली, दान दक्षिना, श्राद्ध कर्म जस्ता विवरणका अतिरीक्त ती स्थानमा रहेका बजार बन्दव्यवस्था, मानिसहरूको बोली व्यवहार पनि संक्षिप्त र सरल भाषामा दिइएको छ। ती सबैको लेखाजोखा यथासमय होला भन्ने आशा गरिएको छ तथापि हाल यति जिकिर गर्न सकिन्छ कि सुबा कृष्ण प्रसाद लाकौल लगनशील, जांगरिला र सामर्थवान थिए।

यो पुस्तकको पाण्डुलिपि शीशाकलमले लेखिएको छ। त्यस समय कागज, कलम र मसीदानी लिई लेख्ने गर्नुपर्ने अवस्थामा ती सबै बोकेर हिंडन व्यावहारिक थिएन होला। त्यसमाथि तीर्थयात्रामा यस्तो कलम मसी लिई हिंडने काम धेरै बोझिलो हुने प्रष्टै देखिन्छ। धेरै समय पैदल यात्रामा नै खर्च हुने, फलत: थकाई लाग्ने मात्र होइन अरू व्यवस्थामा पनि अल्झिनु पर्ने आदि जे जति व्यवधान आई परेतापनि, हरेक दिनको गतिविधि टीपोट गर्नु अर्को कसरत हुने गर्थ्यो भनी सजिलै अनुमान गर्न सकीन्छ। सबै काम कुरा पन्छयाएर एक्लै बसी अक्षर कोर्नुले यीनको लगनशीलताको परिचय दिन्छ।

उपर्युक्त पाण्डुलिपि राम्रो अवस्थामा भएपनि यसका शुरूका ९ पानाहरू पाउन नसकिएकोले यो तीर्थयात्राका पुरा विवरण, उदाहरणकालागि भनौं, को कति जना थिए, खर्च कसकसले बेहोरे, जस्ता कुरा थाहा पाउन सकिएन तैपनि केही निर्क्यौल अनुमानको भरमा गर्न सकिन्छ। जस्तै, रेलको टिकट जनही यति परेको भन्ने उल्लेख भएबाट तीर्थ जाने समूह थियो, कुन दिन कहाँ कसरी पुगियो भन्ने टिपोटबाट बुझिन सकिन्छ। त्यस समय तानसेनबाट रेल भएको ठाऊँ पुग्न दुई हप्ता पैदल यात्रा गर्नु पर्थ्यो। सबभन्दा नजीकको रेल स्टेशन, पश्चिममा कानपुर/लखनउ र पूर्बतिर पटना थियो। कति शारीरिक परिश्रममा समय दिनु पर्थ्यो र गन्तव्यमा पुग्न बित्तिकै पूजा आदिको व्यवस्था गर्दै तीर्थयात्रा जारी गर्नु पर्थ्यो ती कष्टका विषय केही विवरण लेखिएको पाइन्न। त्यस समयका जांगरिला मानिसहरूका निम्ति खाने पिउने, ओढने ओछयाउने सामान सबै साथमा लिई हिडनु पर्ने कुरा सामान्य थियो भन्न सकिन्छ। यस अतिरीक्त तीर्थ यात्रामा सामग्री चोखो राख्ने, बस्ने कुरामा अझ बढी ध्यान दिनु पर्ने अर्को बोझिलो पक्ष हुने तथ्य थियो नै।

प्रकाशनमा ल्याइएको अर्को रचना, गितासार, संस्कृतमा लेखिएको र त्यसको भावार्थ नेपालीमा दिइएको छ। यस पुस्तक बारे रूरू संस्कृत विद्यालयका सह-प्राध्यापक श्री लिलामणि शर्माले ‘शुभारम्भ’ शीर्षक आफ्नो मन्तव्य यसरी दिनु भएको छ: “ महाभारत भीष्मपर्व गीतामा उल्लेख गरिएको प्राणायाम निर्देश गरिनुका साथै प्रत्याहारको दिइएको छ। कृतिभित्र धारणा, ध्यान र समाधिका कुराहरू समेत उठान गरिएका छन्। अष्टाङ्ग योग, ओंकार लगायतका विषय वस्तुको प्रकाश पार्दै संस्कृतको नेपालीमा भावार्थ सहित गीतासारका रसहरू संक्षेपमा उल्लेख गरिनुले पनि कृति मननीय सूत्रात्मक हुन पुगेको छ।”

पाल्पा साहित्य समाजका अध्यक्ष एवम् सुपरिचित साहित्यिक व्यक्तित्व श्री पुष्कर अथक रेग्मीले सो पुस्तकमा ‘प्राक्कथन’ शीर्षक आफ्नो आलेखमा, “....औपचारिक

अनौपचारिक रुपमा शिक्षाको व्यवस्था नरहेको अवस्थामा बनारस, कलकत्ता, पटना लखनउ लगायत भारतका विभिन्न शहरमा गई हिन्दी र संस्कृत पढनु पर्ने समयमा पनि औपचारिक शिक्षा बिना नै संस्कृत र नेपालीमा गहन अध्ययन गरी गितासार लगायतका कृतिहरू लेख्ने सुब्बा कृष्ण प्रसाद लाकौल साँच्चिक्कै सोध खोज सोच र ओजका धनी थिए। पाल्पाली साहित्य जगतका अग्रज भविष्यद्रष्टा नक्षत्र थिए।" भनी प्रसंशा गर्नु भएको छ।

गहन तथा गंभीर विषयमा लेखिएको सोही पुस्तकको पुछारतिर त्यस ताका काशीबाट प्रकाशित एक पात्रोमा दिइएको निम्नलिखित उद्धहरण उल्लेख गर्नु भई, आफ्नो चरित्रको अर्को पक्ष उजागर गर्नु भएको छ तथा आफू सरल र साधारण व्यक्ति नै भएको कुरा प्रष्ट्याउनु भएको छः-

"व्याकर्णै नपढि पुराण कहन्या पण्डित भया देशमा
पंचागै नगुनी लगन लेखि दिन्या जोतिस भया गाउँमा
ब्राह्मण भैकन वेद सास्त्र नपढी कर्मै चलाउँदछन्
सबै सांचा गुणज्ञान ढाकि कलिमा झुठा बढ्यो लोकमा"

यी हरफमा दिइएको विचार हल्का देखिन्छन् तैपनि अहिले धेरै क्षेत्रमा भई रहेका अभ्यास नियाल्दा यस्तै क्रियाकलाप अद्यापि विद्यमान नै छन् भन्ने अनुभव हुन्छ।

सुबा कृष्ण प्रसाद लाकौल दिवंगत हुनु भएको एक सय दश वर्षपछि मात्र वहाँका कृतिहरू प्रकाशमा ल्याउने प्रयास सफल भएको छ। वहाँका कृतिहरू सुरक्षित राख्ने तथा प्रकाशन गर्ने क्रममा धेरै समय व्यतित भयो। आजभन्दा चालीस वर्ष पहिले दाज्यू नरेन्द्र प्रसाद लाकौलले पाण्डुलिपि उतार गर्ने काम थाल्नु भएको हो, तर वहाँको स्वास्थ्यले गर्दा ती प्रयास अधुरो रह्यो। यसपछि २० वर्ष जति पहिले मेरा आदरणीय गुरू श्री जगतबहादुर जोशीज्यूले, तानसेनस्थित धवल पुस्तकालयको वार्षिकोत्सव मनाइएको सभामा यी कृतिहरू प्रकाशनमा ल्याउनका निम्ति प्रेरणादायी सुझावका साथै आह्वान गर्नु भयो। यसबाट प्रभावित भै, उपरोक्त दुई कृतिहरू उतार गरी त्यसको टाइप कपी वहाँलाई टक्राई वहाँको उचित निर्देशन पाउन अनुरोध गरियो। केही समयपछि वहाँ पनि दिवंगत हुनु भयो। गत वर्ष मात्र केही शुभचिन्तकहरूको सार्थक सहायता पाइएकोले यी कृतिहरू प्रकाशमा ल्याउने लामो समयको प्रयत्न सफल भयो। यसमा आफ्नो परिवारका सदस्यहरूको पूर्ण सहयोग रह्यो।

अन्तमा, पढन सहज होस् भन्ने उद्देश्यले पुस्तकमा पाण्डुलिपिका चित्रहरू र तिनका उतार पनि समावेश

छन्। तीर्थयात्रा दैनिकीको पाण्डुलिपिमा अर्ध वा पूर्ण विराम, पाराग्राफ आदि नगण्य हुंदा त्यसको उतारका अतिरीक्त सरलीकृत भाषामा पनि दैनिकी प्रस्तुत गरिएको छ। गितासार, संस्कृतका साथै त्यसको भावार्थ सहित लेखिएको हुँदा त्यसमा सरलीकृत गर्दा अर्थको अनर्थ हुने संभावना देखिएकोले जस्ताको त्यस्तै उतार मात्र प्रेषित गरिएको छ। सुबा कृष्ण प्रसाद लाकौललिखित बाकी कृतिहरू, विषेश गरी तन्त्र र त्यसका विधि संस्कृतमा लेखिएकोले त्यसलाई अनुवाद गरी प्रकाशन गर्ने कोशिश भई रहेको छ। अस्तु।

श्रावण ७, २०८१,
बालुवाटार, काठमाडौं।

---

नोट: दुवै पुस्तकका प्रकाशकहरू : बनमाली प्रसाद लाकौल, रूपकिशोर लाकौल, शरदकिशोर लाकौल र भारतकिशोर लाकौल। प्रकाशन मिति २०८१ बैशाख, र मुद्रक: सरोज प्रिंटर्स, नयाँ बानेश्वर, काठमाडौ।




# ऐतिहासिक विरासत बोकेको पाल्पा गौँडा



बुद्धिनारायण श्रेष्ठ

पश्चिम नेपाल अवस्थित पाल्पा जिल्लाले लामो ऐतिहासिक विरासत बोकेको छ। अहिल्यै पनि पाल्पाको ऐतिहासिक विवरण खोतल्ने हो भने यसको पौराणिकता आप्mनै ठाउँमा रहेको पाइन्छ। सेनवंशीय राजा रुद्र सेनले पाल्पा राज्यको स्थापना गरेका थिए। रुद्र सेनका पितापुर्खा तुथाराय सेन भारतमा मुगलहरूको आक्रमण सहन नसकी प्रयागबाट उत्तरतर्फ बढ्दै बुटवलको बाटो हुँदै रिसिङ्ग आइपुगेका थिए। तुथाराय त्यहाँ लामो समयसम्म बसेपछि कुसुमखोला, पालुङ्गमैनादी र ठिमुरेको सिमानामा पर्ने रिब्दीकोटमा उनले संवत् १३६३ मा आफ्नो एउटा स्वतन्त्र राज्य स्थापना गरे। यसै सिलसिलामा उनका सन्तति सेनवंशीय राजाहरूले शिलाङ्गथोकको नजिक रहेको पुरानकोटलाई राजधानी बनाई शासन गरेका थिए। त्यसपछिका सन्तति अझ अगाडि बढ्दै तानसेनतिर आए। अन्ततः रुद्र सेनले आप्mना पितापुर्खा भारतको मुगल तथा अवधबाट उत्तरतिर आएको क्षेत्र समेटी संवत् १५६३ मा तानसेनलाई केन्द्र मानी पाल्पा राज्यको स्थापना गरेको हुनाले उनलाई पाल्पा राज्यको संस्थापकका रूपले चिनिन्छ। मुकुन्दसेन राजाका पालामा मगर र खस लगायतका भारदारहरूलाई मिलाएर पाल्पालाई बलियो राज्य बनाइएको थियो।

संस्थापनाकालदेखि झण्डै ५०० वर्षसम्म शासन गर्ने पाल्पाली सेन राजाहरूमध्ये पछिल्ला पृथ्वीपाल सेनको पालामा ठूलो क्षेत्रफल ओगटेर पाल्पा शक्तिशाली राज्यमा परिणत भएको थियो। नेपाल एकीकरण अभियन्ता पृथ्वीनारायण शाहका सन्तति बहादुर शाह र मुख्तियार भीमसेन थापाको रणनीतिक चतुर्‍याइँले पाल्पा राज्य संवत् १८६१ मा नेपाल राज्यमा गाभिएको थियो।

पाल्पा, बुटवल, तथा तत्कालीन जिल्ला खजहनी सिउराज क्षेत्रको जमिनलाई लिएर मुख्य विवाद उत्पन्न भएको कारणले नेपाल र बेलायती सेनाबीच युद्ध (सन् १८१४–१६) भएको मानिन्छ। त्यस बखत शक्तिशाली पाल्पा राज्य नेपाल राष्ट्रमा समाहित भइसकेको थियो। भारतका विभिन्न राज्य रजौटालाई आफ्नो अधीनमा पारेर अङ्ग्रेज इस्ट इन्डिया कम्पनी सरकारले भारतमा राज गरिरहेको थियो। अङ्ग्रेजले तिब्बतसम्म आफ्नो मालसामान लगी बेच्न नेपालको बाटो जान खोजेको थियो। तर नेपालले दिएन। नेपालको विचार थियो अहिले कम्पनी सरकारलाई तिब्बत जाने बाटो दिइयो भने कालान्तरमा नेपाललाई नै कब्जा गर्नेछ।

यसै कुरालाई लिएर कम्पनी सरकारले पाल्पा, बुटवल, खजहनी सिउराज क्षेत्रको भूमि तत्कालीन अवधको नवाब राज्यभित्रको थियो, मुगल साम्राज्यको भाग थियो, ती भाग कम्पनी सरकारको अधीनमा रहेको भूमि हो भनी दाबी गर्‍यो। नेपालले चाहिँ यी क्षेत्र साबिकदेखि पाल्पा राज्य सरहदभित्रको भूभाग हो भन्ने दलिल प्रस्तुत गर्‍यो। तत्कालीन नवाबका आधारमा खंग्रेजले दाबी गरे तापनि उसको भनाइमा दम थिएन। पाल्पाली सेन राजाकै अधीनको भूभाग हो भन्ने ठहरियो। यी भूभाग हाल विशाल नेपाल राष्ट्रभित्र समाहित भएको हुनाले यो क्षेत्र नेपालको सीमाभित्रै पर्छ भन्ने नेपालले जिकिर लियो। इस्ट इन्डिया कम्पनी सरकारका अङ्ग्रेजलाई यसमा चित्त बुझेन र नेपाललाई हेप्दै युद्ध गर्ने कुरा बतायो। यस्तैमा भारतमा शासन गरिरहेको कम्पनी सरकारले नेपाललाई विधिवत् १ नोभेम्बर १८१४ मा चिठी पठाएर युद्ध घोषणा गर्‍यो।[1] युद्धको कुनै मोर्चामा नेपालको विजय भएको थियो भने अन्य कतिपय मोर्चामा अङ्ग्रेजको जीत हुने गरेको थियो। युद्ध निकै लम्बियो। यसैले दुवैतर्फका सेना लगभग थकित हुन थालेका थिए। त्यसैले अङ्ग्रेजले शान्ति सन्धिको मस्यौदा गरी २ डिसेम्बर १८१५ मा नेपाललाई १५ दिनभित्र काउन्टर हस्ताक्षर गर्नका निम्ति पठायो।

१ Prem Singh Basnyat (2017), Anglo-Nepal War: A Militaryh Review, Sarwochana M S Basnyat, Kathmandu, page-115

*- मदन पुरस्कार (२०५७) बाट सम्मानित **श्री बुद्धि नारायण श्रेष्ठ** नेपालको सिमानासम्बन्धी अध्ययन अनुसन्धानमा विज्ञ हुनुका साथै वहाँ नापी विभागको पूर्व महानिर्देशक हुनुहुन्छ।*

नेपाललाई सन्धिको कतिपय धारा चित्त बुझेको थिएन। यही कारणले म्यादभित्र नेपालले सहिछाप गरेन। अन्ततः अङ्ग्रेजले काठमाडौँमा हमला गर्ने भन्ने अफवाह पैmलाएपछि नेपालले बाध्य भएर सन्धिमा हस्ताक्षर गर्न पण्डित गजराज मिश्रलाइ साथ लगाएर भारदार चन्द्रशेखर उपाध्यायलाई सुगौलीमा पठाइयो। चन्द्रशेखरले ४ मार्च १८१६ का दिन सन्धिपत्रमा हस्ताक्षर गरी अङ्ग्रेजका अक्टरलोनीलाई दिए। यसलाई सुगौली सन्धिका नामले जान्न सकिन्छ। फलतः नेपालले विशाल नेपालको एक तिहाइ भूभाग गुमाउनु पऱ्यो। पूर्वमा मेचीदेखि टिस्टा नदीको र पश्चिममा महाकाली नदीदेखि पश्चिम किल्ला काँगडासम्मको भूभाग गुम्यो। तर पनि जङ्ग बहादुरका पालामा बाँके, बर्दिया, कैलाली र कञ्चनपुर ४ जिल्ला नयाँ मुलुकका रूपमा नेपालले फिर्ता पायो। यसबाट वर्तमान नेपालको सिमाना कायम भयो। यद्यपि, नेपालको लालपुर्जा भएको लिपुलेक–कालापानी–लिम्पियाधुराको ३७२ वर्ग किलोमिटर भूभागमा भारतीय फौजले आजसम्म ओगटिरहेको छ।[२] यी विवरणहरूबाट पनि पाल्पा गौंडा ऐतिहासिक कालदेखि नै संवेदनशील राज्य रहेको बुझ्न सकिन्छ।

नेपाल ७५ प्रशासनिक जिल्ला (हाल ७७ जिल्ला) मा कोरिनुभन्दा अगाडि ३५ जिल्ला रहेको थियो। त्यस बखत नेपालका जिल्लाहरूमध्ये कतिपयलाई गढी, गौँडा, थुम भनिन्थ्यो। जस्तो, पाल्पा गौँडा, उदयपुरगढी, तेह्रथुम आदि। पृथ्वी राजमार्ग निर्माण हुनुअघिसम्म पाल्पा गौँडा नेपालको पश्चिम क्षेत्रको केन्द्र थियो। यसै पाल्पा गौँडा हालको गुल्मी, अर्घा, खाँची, स्याङ्जा, नवलपरासी, कपिलवस्तुका केही भागको प्रशासनिक अखडा थियो। राणाकालमा समेत यसै गौडाबाट त्यस क्षेत्रको प्रशासन सञ्चालन गरिन्थ्यो।

भैरहवाबाट पोखरा जोड्ने पृथ्वी राजमार्ग सञ्चालनमा आएपछि पाल्पा तानसेनको रौनक घट्न थाल्यो। सडक सञ्जालले तराईबाट तानसेन मात्र छोएको थियो। अहिलेजस्तो तानसेनबाट गुल्मी, अर्घाखाँची, प्युठान, स्याङ्जा, तनहुँ आदि क्षेत्र जाने सडक सञ्जाल थिएन। त्यसैले केही पाल्पालीहरू यातायात सुविधा भएको क्षेत्र भैरहवा, बुटवल, पोखरातिर विस्थापित भएका थिए। फलस्वरुप अहिले पनि बुटवल तथा सिद्धार्थनगर भैरहवामा पाल्पाली बासिन्दा व्यापारी, साहु, महाजन, उद्यमी तथा राजनीतिकर्मीका रूपमा रहेका छन्। अहिले पाल्पा जिल्लामा पूर्वाधार सुविधाको विकास भएको र व्यापारिक सामानको चल्तिफिर्ति वृद्धि भएकोले खासगरी बुटौलका र त्यसपछि भैरहवाका केही बासिन्दाहरू पाल्पा फर्कँदै छन्। गर्मी मौसममा भैरहवाको उखरमाउलो गर्मी छल्न मानिसहरू शीतल जलवायु भएको पहाडी‘हिल स्टेसन’पाल्पामा फर्कने/आउने क्रम बढिरहेको छ।

**संस्कृति जगेर्ना**

तानसेन नगर मध्यकालीन सहरका रूपमा मात्र होइन विशेषतः नेवार तथा मगर समुदायको जातीय संस्कृतिका दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ। तानसेनको रैथानेका अनुसार यहाँ ती समुदायले आफ्नो जातीय कुल परम्पराअनुसार संस्कारगत कर्म, चाडपर्व, व्रतउपासना, कुलपूजा, मण्डलीपूजा, बाजेबराजु पूजा, चण्डी पूर्णिमा, राँकेसङ्क्रान्ति, पन्ध्र पौष, असार पन्ध्र, माघे सङ्क्रान्तिजस्ता पर्व तथा पूजाउपासना र धार्मिक चाडपर्व मनाउने गर्छन्। यसका साथै अमरनारायण रथयात्रा, भगवती जात्रा,गाईजात्रा, बटुक भैरव जात्रा, गणेश जात्रा, भीमसेन जात्रा, कालभैरव जात्रा श्रीपञ्चमी, शीतलादेवी खटयात्रा, भगवान् बुद्ध रथयात्रा जस्ता जात्रा तथा पर्व पनि यस नगरमा मनाइन्छन्। यस्ता समग्र पक्ष तानसेन नगरका महत्त्वपूर्ण अमूर्त संस्कृति र सांस्कृतिक सम्पदा हुन्। पाल्पाको तानसेन सहरमा जनै पूर्णिमाको दिनदेखि दश दिनसम्म खास जात्रा पर्व मनाउने गरिन्छ। हिले जात्राका रूपमा रोपाइँ जात्रा, अनि त्यसको भोलिपल्ट बाघजात्रा पर्छ। बाघको रूपमा सिँगारिएको मान्छेलाई सिकारीहरूले सिकार गर्न घेरेको अभिनयमा बाघजात्रा देखाइन्छ। यो निकै रोचक र रोमाञ्चक पनि हुन्छ भन्ने तानसेनवासीको भनाइ तथा लेखाइ रहेको छ।

तानसेनमा चाडपर्वको सुरुवातसँगै विभिन्न किसिमका जात्राहरू निकाल्ने परम्परा रहेको छ। यसैबीच तानसेनवासीले यस वर्ष गाईजात्रा आई नपुग्दै गाईजात्रे तरिकाबाट प्रदर्शन गरिएको बेग्लै प्रकारको जात्रा देख्न पाएका छन्। तानसेनमा २०८१ असार ७ गते अनौठो प्रकृतिको जात्रा मनाएको देखियो। जात्रामा युवाले तितेकरेलाको चस्मा, हरियो आधा फर्सी घोप्ट्याएको टोपी, परबलको माला लगाएका थिए। उनले कुमबाट तलतिर तितेकरेला, भान्टा, रामतोरिया, आलुका दानाहरू झुन्ड्याएका थिए। अनि पछाडि पिठ्युँतिर घिरौँला झुन्ड्याई लौकाका गुदी झिकेर ढुङ्ग्रोका रुपमा दुई हातमा भिरेका थिए। हातका दसैँ औँलामा लामो नङको रूपमा रामतोरिया घुसारेका थिए। साथै

२ बुद्धिनारायण श्रेष्ठ (सं. २०७१), नेपालको सिमाना, रत्न सागर प्रकाशन, काठमाडौं, पृष्ठ–३१३

कट्टु छोपिने गरी फर्सीको पातसहितको मुन्टा, तथा इस्कुस मुन्टासमेतको लहरा, लामोलामो बोडी डोरीमा उनेर लगाएको देखिन्थ्यो। युवतीले पाकेको फर्सीको बीचभाग काटी चक्का बनाएर टाउकोमा पगरीजस्तो लगाई त्यसमाथि छोटो बोडीको त्यान्द्रो श्रीपेचका रूपमा ठड्याएर मुकुटजस्तो पारेका थिइन्। तितेकरेलाको सानो चक्का धागोमा बानेर यार्लिङ्का रूपमा कानमा झुन्डाएकी थिइन्। रातो गोलभैँडाका दाना उनेर मुगाको मालाजस्तै लगाएकी, अनि बन्दा कोपीको पातैपातले छाती र पेट छोपेकी र सानो लौकाको चक्का काटेर चुरी लगाएकी थिइन्। हातका दसैँ औँलामा लामो नङ्ग्राको रूपमा रामतोरिया सिउरिएकी थिइन्। हाफपेन्ट छोपिने गरी हरियो लसुन प्याजको पातको जामा लगाएर दाहिने कम्मरमा फूलकाउलीर भन्टा झुन्ड्याएकी थिइन्। अनि परबलको कल्ली बनाएर खुट्टामा भिरेकी थिइन्।

यसरी शरीरभरि विभिन्न प्रकारका हरियो सागसब्जी, तरकारी झुन्ड्याइएको दृश्यले तानसेनका तरकारी उपभोक्तालाई जिज्ञासु बनाएको थियो। शरीरभरि तरकारीको पहिरन लगाएका युवायुवतीले प्रत्येक तरकारी पसलमा पुगेर स्थानीय तरकारी उपयोग र कारोबार गर्न सम्झाउने गरेका थिए। बजार क्षेत्रमा जताततैबाट विषादीयुक्त तरकारीको बारोबार बढेपछि उपभोक्ताको ध्यान खिच्न नयाँ शैलीबाट पाल्पामै उत्पादित तरकारी उपभोग गर्नका लागि प्रचार प्रसार गर्ने यो तरकारी जात्राको अभिप्राय थियो। विषादीमुक्त, स्वच्छ, सफा र पहिचानयुक्त स्थानीय तरकारी उत्पादनलाई उपभोक्तामाझ पुऱ्याउने उद्देश्यले तानसेन बजारमा यस्तो फरक किसिमको जात्रा देखाइएको थियो।

समग्रमा भन्नुपर्दा युवायुवतीले तानसेन बजारमा आउने स्थानीय कृषकहरूका सबै खाले तरकारीहरू शरीरका विभिन्न अङ्गहरूमा लगाएर प्रदर्शन गरेका थिए। कलाकारद्वय गोकुल सारु र नानू मगरले शरीरभरि माथि उल्लेख गरिएको आलु, लसुन, प्याज, गोलभैँडा, भिन्डी, करेला, लौका, काउली, बन्दा, बैगन, सिमी, बोडी, पर्वलजस्ता हरियो तरकारीहरू लगाएर जात्रा देखाएका थिए। तानसेनको बसपार्क, टुँडिखेल, भीमसेन टोल, नारायणस्थान,असनटोल, शीतलपाटी, मखनटोल, हुलाकचोक, सिल्खानटोल हुँदै बिशालबजारसम्म तरकारी जात्रा प्रदर्शन गरिएको थियो।



शिरदेखि पाउसम्म शरीरभरि थरिथरिका तरकारीको माला लगाएर युवा युवती तानसेन बजार घुमिरहेका देखेर तानसेन बजारका उपभोक्ताले चोकचोकमा उक्त जात्रा अचम्म मानेर अवलोकन गरेका थिए। यसरी विभिन्न थरीका तरकारी जीउभरि भिरेर प्रदर्शन गर्दै हिँडेका ती युवायुवतीसँग तानसेन बजारमा फोटो र सेल्फी खिच्ने/खिचाउनेहरुको भिडभाड देखिन्थ्यो।[३]

## पाल्पाली ढाकाटोपी सम्झनाको चिनो

ढाका कपडाले बनेको पाल्पाली ढाकाटोपी देशविदेशमा प्रख्यात छ। यहाँ सक्कली ढाकाको टोपी बन्छ। सक्कली ढाकाको टोपी कुनै पनि व्यक्तिको शिरमा लगाउँदा उसको अनुहार नै उज्ज्वल देखिन्छ। त्यसैले पाल्पा तानसेन भ्रमण गर्न आउने आगन्तुकले आफ्नो साथीभाइ नाता–पाताका निम्ति 'सम्झनाको चिनो' स्वरूप किनेर लैजान्छन्। कतिपय कार्यक्रमका प्रमुख अतिथि तथा अन्य अतिथिवृन्दलाई पाल्पाली ढाकाटोपीले मानमर्यादा गर्ने चलन पनि छ। यो टोपी जति पटक धोए पनि यसको चमक जाँदैन। केही वर्षदेखि ढाका कपडाको खादा गलामा लगाइदिने प्रचलन पनि बढेर आइरहेको छ। यस्ता ढाकाको खादा लगाएका



३ अन्नपूर्ण पोस्ट दैनिक, २०८१ असार ८

अतिथिहरू मञ्चमा रहँदा कार्यक्रमको रौनकै बढ्छ। हिजोआज ढाकाको इस्टकोट, लबेदा सुरुवाल पनि लगाउने प्रवृत्ति बढेर आएको पाइन्छ, खासगरी बिहे, व्रतबन्धका अवसरमा। महिलाका निम्ति ढाका चोली तथा पछयौरा पनि चल्तीमा रहेको छ। ढाकाको थैली पनि बनाउने गरिएको छ। यो उपहारको रूपमा छोरीबेटीलाई गरगहना रुपैंया दाम हालेर दिइने गरिन्छ। हिजोआज पाल्पाली ढाकाटोपीको नक्कल गरेर अन्यत्रबाट कमसल कपडा प्रयोग गरिएका उत्पादन बजारमा आउने गरेको छ। यसले गर्दा पाल्पाली सक्कली ढाकालाई केही असर पर्न गएको छ। तर पारखीहरूले पाल्पाली सक्कली ढाकालाई टाढैबाट पहिचान गरी अलिकति महँगो भए तापनि यसैतर्पm आकर्षित हुन्छन्।

**पाल्पाली करुवाको कालिगढी**



पाल्पाको नामी वस्तुहरूमध्ये करुवा पनि एक रहेको छ। पाल्पा तानसेनमा पानी खाने करुवा कालिगढीपूर्ण तरिकाले बनाइन्छ। नेपालका अन्य केही भागमा पनि करुवा बन्ने गरेको छ। तर पाल्पाली काँसको करुवाको बनौट अरूभन्दा अलि भिन्न शैलीको हुन्छ। यहाँको करुवा जति पुरानो भए तापनि यसको चमकमा ऱ्हास आउँदैन। तानसेन नगरपालिका पस्ने गौँडामा विशाल करुवाको प्रतिमा स्थापना गरिएको छ। यसले 'करुवाको सहर' पाल्पा नै हो भन्ने सङ्केत गरेको छ। यस्ता करुवा आफ्नो बैठक कोठाको शोकेस ऐनाको दराजमा सजाएर राख्ने गरिन्छ। जिन्सी उपहार दिनमा पाल्पाली करुवाको रोजाई पहिलो स्थानमा आउँछ।

**पाल्पाको चुकाउनी**



पाल्पा घुम्न जाँदा पाल्पाको शिरमा रहेको श्रीनगर डाँडा प्राकृतिक छटाको रमणीय पाखो सफर गर्नेले त्यहाँबाट तानसेन बजार फर्कँदा खाजा खाने क्रममा चुकाउनीको स्वाद लिन धेरैजसोले बिर्सदैनन्। चुकाउनी पनि ढाकाटोपी जस्तै पाल्पाको 'ब्रान्डेड आइटम' भित्र पर्छ। चुकाउनी आलु र दही सम्मिश्रण गरेर बनाएको एक प्रकारको अचार हो। मुखै रसाउने आलुको परिकारमध्ये पाल्पाको चुकाउनीले नेपाली खानाको रूपमा चर्चा पाएको छ।

**हाँसको छोयला**



तानसेन बजारको खानपिनमा हाँसको छोयला अभिन्न अङ्गको रूपमा रहेको छ। साथीभाइसँग बसेर रमाइलो गरौँ भन्ने व्यक्तिहरूले ऐला (स्थानीय रक्सी)को रसास्वादन गर्नेले त हाँसको छोयला चाख्न छुटाउँदैनन्। छोयला चपाएपछि जिब्रोको टुप्पा ट्वाक्क पड्काएर कस्तो मिठो रहेछ भनी स्वादको वर्णन गर्छन्। हाँस काटेर भुङ्ग्रो आगोमा ओल्टाइ पल्टाइ पोल्ने, अनि मुखमा क्वाप्प हाल्न सजिलो हुने गरी ससाना टुक्रा पारेर त्यसलाई स्थानीय बास्नादार काँचो तोरीको तेलमा मल्ने, त्यसमा टिमुर, हरियो लसुन, नुन मसला आदि ठिक्क मात्रामा (न त धेरै, न त थोरै) हालेर फेरि मलेर छोयला बनाइएको हुन्छ। यो खानेकुरो बनाउने एउटा कला हो। यस्तो कला पाल्पामा पुस्तैनी सरेर आइरहेको पाइन्छ।

**बिट मार्दै**

पछिल्लो समयमा तानसेनको चाडपर्व र जात्राहरू हराउँदै जान थालेको बुझिन्छ। यसको संरक्षणमा सबै पक्षले ध्यान दिनुपर्ने आवाज समेत उठ्न थालेको छ। जात्रा पर्व मनाउन खर्चिलो हुने भएकाले खर्चको उचित प्रबन्ध हुन नसकेका कारण बिस्तारै हराउँदै जान थालेको बुझिन्छ। यो पङ्क्तिकार केही वर्षअघि तानसेन भ्रमणमा जाँदा नगर क्षेत्रको मठमन्दिर जीर्ण हुँदै गएको,संरक्षणको अभावमा कतिपय इतिहास बोकेका सम्पदाहरू समेत लोप हुने अवस्थामा पुगेको देखियो। यसलाई चिन्ताको विषय मान्नुपर्छ। जेनतेन केही गुठी र स्थानीय टोल समूह मिलेर सामान्य रूपमा परम्परा धान्ने काम गरेको स्थानियवासीको भनाइ रहेको छ। यसलाई पाल्पामा जन्मेर देशविदेशमा ख्याती प्राप्त गरेका विद्वान धन र मन दुवै भएका महानुभावहरूले चासो लिनुपर्ने खण्ड आइपरेको छ। उनीहरूको बोली बिक्ने भएकोले सम्बन्धित निकाय, राजनीतिक व्यक्ति, योजनाकारसमक्ष कुरा पुऱ्याइ सांस्कृतिक तथा ऐतिहासिक महत्वका सम्पदालाई जगेर्ना गर्नु पर्छ। वर्तमानकालमा पाल्पा तानसेन गुठी, काठमाडौँले यस सम्बन्धमा कार्य अगाडि बढाएको छ। यसबाट पाल्पा तानसेनको विरासत र पहिचान थामिने र बढ्ने छ भन्ने आशा लिन सकिन्छ।

# तानसेनः कला र वास्तुकलाको एक खुला सङ्ग्रहालय



सन्तोषलाल श्रेष्ठ

***सारांश***

*पाल्पा जिल्लाको सदरमुकाम तानसेन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक रूपमा धनी नगरपालिका हो । यस नगरपालिका सेनकालीन, शाहकालीन र राणाकालीन कला र वास्तुकलाको मिलन बिन्दु हो । यसैले तानसेन सेनकालीन, शाहकालीन र राणाकालीन कला र वास्तुकलाको खुला सङ्ग्रहालयको रूपमा रहेको छ । यहाँका कला र वास्तुकलाको विकास क्रमलाई फर्केर हेर्दा पाचँ÷छ शताब्दी पर पुग्ने गर्दछौँ ।सेनकालीन, शाहकालीन र राणाकालीनकला र वास्तुकलाको इन्द्रधनुषिय मिलन बिन्दु रहेको छ । त्यस जीवन्त स्थापत्यकला आन्तरिक र बाह्य पर्यटकहरूका लागि पर्यटकीय गन्तव्य बनेको छ । यी निधिहरूले पाल्पा तानसेनको पर्यटन उद्योगलाई मात्र होइन, समग्र नेपालको पर्यटन उद्योग विकासमा र वैकल्पिक आयलाई पनि टेवा दिन सघाउँछ । सेनकालीन कला कौशलहरुमा स्थापत्यकला तहत् शिखर शैलीका मन्दिर तथा पाल–सेलीका प्रस्तरका मूर्तिहरू रहेका छन् । पाल्पा राज्य नेपाल अधिराज्यमा विलय भएपछि पाल्पाका प्रथम तैनाथवाला भई पाल्पा आएका साना काजी अमरसिंह थापाको पालादेखि शाहकालीन कला कौशलको विकास भएको देखिन्छ । त्यसमा तले शैलीका मठ–मन्दिर, धातुका मूर्तिहरूको विकास, गञ्ज(ठूलाघर),नेपाली शैलीका निजी आवासहरू रहेका छन् । नेपालको राजनीतिमा श्री ३ जङ्गबहादुर कुँवर राणाको उदय भएपछि पाल्पामा तैनाथवाला भई आएका कुँवर राणा तैनाथवालाहरूले तानसेनमा राणाकालीन कला कौशलको विकास गरेको देखिन्छ । उनीहरूका पालामा बनेका मठ–मन्दिर, दरबार, निजी आवासहरू तानसेनको धरोहर हुन् । खुला सङ्ग्रहालयको रूपमा रहेका सेनकालीन, शाहकालीन र राणाकालीन कला कौशललाई आन्तरिक पर्यटकको स्पन्दन साट्दै यसलाई विश्व सामु परिचित गराउन सकियो भने पर्यटन विकासको लयमा लागि परेको तानसेन नगरपालिकाले आफ्नो आन्तरिक आयलाई वृद्धि गर्न सहज हुने देखिन्छ ।*

***शब्द कुञ्जी:*** *शिखर शैली, पाल–सेन शैली, तले शैली, काष्ठकलाको स्वप्निल रचनामा रति संयोग, धातु मूर्तिकला, नियो–क्ल्यासिकल आर्किटेक्ट ।*

## विषय प्रवेश

मानव निर्मित दोस्रो प्रकृतिको रूपमा रहेको कला कौशलको सारपक्ष (ध्येय) भनेको सौन्दर्यको अनुसन्धान र रसानुभूति हो ।सभ्यताको विकासक्रममा सबै युगहरूमा कला कौशलको कुनै न कुनै रूपमा मानव जीवनसँग सम्बन्ध रही आएको छ। साधारणतया ‘कला’लाई अर्थ्याउँदा मान्छेको सिर्जनात्मक क्षमता व्यक्त गर्ने सीप, मानवीय प्रतिभाको कुशलतापूर्वक गरिने प्रदर्शनको रूपमा लिने गरिन्छ । शिल्पबाट उत्पादित वस्तुहरू नै कलाकृतिहरू हुन् । मानिसले आपूmभित्र कलाको विकास मात्र गरेन उसले मानव निर्मित दोस्रो प्रकृतिको निर्माण गर्नुको साथै कौशलको पनि विकास ग¥यो । जुन कला–कौशलले हरेक युगलाई र मानिसको सभ्यताको रूपमा परिचित गराउँदै आएको छ ।

## सेनकालीन कला कौशल

पाल्पा तानसेनको सेनकालीन कला कौशलको सन्दर्भमा गंगाको तटीय क्षेत्र प्रयागको सेरोफेरोमा धेरै पुस्तासम्म राज्य गरेका सेनहरू मुसलमानहरूको आक्रमण भएपछि सेनवंशका

*- तानसेन नगरपालिकाका नगरप्रमुख श्री **सन्तोष लाल श्रेष्ठ** त्रिभुवन बहुमुखी क्याम्पसको पूर्व क्याम्पस प्रमुख हुनुहुन्छ । वहाँ तानसेन गुठी तानसेन शाखाको सल्लहकार पनि हुनुहुन्छ ।*

सन्तान तुथा (तुला) सेनले राजपुरमा आई राजपुर राज्य खडा गरेका थिए। सो राज्यले चुरेको तलहट्टिको ठूलो भाग ओगट्नुका साथै पहाडको रिब्दीकोटसम्म पैmलिएको थियो। तुथा (तुला) सेनले पहाड र तराईमा एकीकृत राज्य वि.सं. १३०६ देखि वि.सं. १३४६ सम्म कायम गरेका थिए। उनैका दर सन्तानहरूमा पृथ्वीपालसेनसम्म आई पुग्दा सेनवंशले पाल्पामा करिब पाँच/छ शताब्दी शासन गरेको देखिन्छ। पाल्पा राज्य नेपाल अधिराज्यमा विलय भएपछि वि.सं. १८६१ मा पाल्पाराज्य इतिहासको पानामा समेटिन पुग्यो (श्रेष्ठ,२०७५:८–१३)। सेनहरूले यहाँ आफ्नै खालका बान्किका इतिहास, कला र संस्कृतिको रचना गरे, त्यो पाल्पाली सभ्यताको रूपमा जीवन्त रहेको छ। तानसेन बजारको मध्य भागमा रहेको महिषासुरमर्दिनी श्री ७ रणउजीरेश्वरी भगवतीको मूर्तिको पृष्ठ भागमा रहेको सेनकालीन प्रस्तरको सोह्रबाहुको करिहस्त मुद्रामा रहेकी महिषासुरमर्दिनी भगवतीको मूर्ति लगायत पाल–सेन शैली प्रस्तरका मूर्तिहरू, नुवाकोटगढी लगायत विभिन्न गढी किल्लाहरू, शिखर शैलीका मन्दिरहरू, स्थापत्य आदि सेनकालीन मूर्त सम्पदाहरू रहेका छन् भने थुप्रै अमूर्त सम्पदाहरू पनि जीवन्त रहेका छन्।

**प्रभास क्षेत्रको शिवालय**

तानसेन नगरपालिका वडा नं. ७ मा अवस्थित प्रभास क्षेत्रले धार्मिक महिमा बोकेको छ। प्रभास क्षेत्र तानसेन बजारदेखि ८ कि.मि. र बुटवलबाट ३१ कि.मि.को दुरीमा रहेको छ। होलाङ्दी खोला (तानसेनेली खोलाको उद्गम विन्दु) र कमलपोखरी झरनाको संगम स्थलमा रहेको यस प्रभास क्षेत्रलाई सिद्धार्थ राजमार्गले बिचौबिच चिर्दै आफू पोखरातिर लागेकी छिन्। प्रभास क्षेत्रमा रहेको शिखर शैलीमा निर्माण भएको शिवालयको परिसरको पुनर्निर्माण गर्दा संवत् १४१४ (+१३५= वि.सं.१५४९) मिति उत्कीर्ण गरिएको शिलालेख प्राप्त भएको छ। त्यस शिलालेखमा 'उभय शिवाय मनुमिन्द्र गते कि १४१४ शाक उदैई सू त्रा दा धर्मै ण रु द्री विर सेन राजा ये' उत्कीर्ण गरिएको छ। यस सन्दर्भले 'प्रभास क्षेत्र'को स्थापना सेनराजा रुद्रसेनको पालामा भएको देखिन्छ। यो शिलालेख अहिलेसम्म पाल्पामा पाइएका शिलालेखहरूमध्ये सबैभन्दा पुरानो शिलालेख हो। उनै रुद्रसेनका सन्तान सेनवंशीय राजा मुनि मुकुन्दसेन प्रथमले यस ठाउँमा शिवालय, नुहाउने पोखरी, सूर्य कुण्ड निर्माण गरी उक्त पोखरीमा गुजरातको कठियावादमा अवस्थित श्री सोमनाथको मन्दिर जो 'प्रभास क्षेत्र' भनेर प्रसिद्ध हुनुका साथै द्वादश ज्योतिर्लिंगमध्ये प्रथम ज्योतिर्लिंग मानिन्छ, त्यस ठाउँबाट पवित्र जल ल्याई सो पवित्र जल यस कुण्डमा मिसाई यस क्षेत्रलाई पावन 'प्रभास क्षेत्र' नामाकरण गरिएको भन्ने जनश्रुति रहेको छ।

प्रभास क्षेत्रमा सेनकालीन शिखर शैलीको शिवालय र पाल–सेन शैलीको वंशगोपालको मन्दिर रहेको छ। हाल मुकुन्देश्वर महादेव शिवालयको नामले परिचित यस शिवालयको गर्भगृहमा पश्चिमतिर आकर्षक चक्रशिला रहेको छ। त्यसको दायाँ–बायाँ दुईवटा पाल–सेन शैलीका कालो प्रस्तरका मूर्तिहरू रहेका छन्। दक्षिणपट्टि रहेका विष्णुको मूर्तिको माथिल्लो शरीरको भाग घाँटीमा हार र जनै, कानमा पुष्प कुण्डल, शिरमा कीर्तिमुख अङ्कित किरिट, हातमा बाला, पाखुरामा केयुर स्पष्ट रूपमा उत्कीर्ण गरिएको छ। सो मूर्तिको तल्लो दुईहातमा कमल बीज र शंख देखिन्छ भने माथिल्ला दुईहातमा चक्र र गदा लिएको देखिन्छ। उत्तरपट्टि समपाद आसनमा सूर्यको मूर्ति रहेको छ। घाँटीमा कण्ठहार, कानमा पुष्पकुण्डल, टाउकोमा अलङ्कृत मुकुट, पाखुरामा केयुर र नाडीमा बाला देखिन्छ भने दुवै हात छातीको वक्षस्थलसम्म उठाएर दुवै हातले फक्रिएको कमलको फूलको नाल समातेको देखिन्छ। यस शिवालयको गर्भगृहलाई हेर्दा मध्य भागमा शिवलिङ्ग रहेको, दुई कुनामा विष्णु र सूर्यको मूर्ति रहेको छ भने अर्को विपरीत दुई कुनाहरू खाली रहेका छन्। त्यस खाली रहेका स्थानका पाञ्चायन विधिविधानलाई अध्ययन गर्दा ती खाली रहेका कुनाहरूमा गणेश र देवीका मूर्तिहरू रहनु पर्ने देखिन्छ। त्यस कारण यस शिवालयमा विष्णु, सूर्यको मूर्ति उपस्थित हुनु र गणेश र दुर्गाको मूर्तिहरू समयको अन्तरालसँगै हराउनुले यो शिवालय 'शिव पाञ्चायन'को रूपमा देखिन्छ।

यस शिवालयको दक्षिण पूर्वको पल्लोपट्टिको डाँडामाथि वंशगोपालको मन्दिर रहेको छ। मन्दिर भित्र दुईवटा पाल–सेन शैलीका कालो चम्किलो प्रस्तरको दुईवटा सुन्दर मूर्तिहरू रहेका छन्। एउटा वंशी (वासुरी) धारण गरेको श्रीकृष्णको मूर्ति रहेको छ भने अर्को हरिहर मूर्ति रहेको छ। सेनराजाहरु शैवमार्गी भएका र त्यसताका यस भेगमा वैष्णवमार्गीहरु पनि प्रशस्त भएकाले दुवै मतहरूको बीच सद्भाव र धार्मिक सहिष्णुता कायम गर्नको खातिर हरिहर मूर्तिको स्थापना गरेको देखिन्छ। हरिहरको मूर्तिमा विष्णु (हरि) र शिव (हर) देवताहरूको आयुध र आकृतिहरूलाई विशेष ढंगले उत्कीर्ण गरिएको छ। मूर्तिमा दायाँ भाग हर (शिव) र बायाँ भाग हरि (विष्णु) को हो। जटामुकुट र किरीट (मुकुट,

शिरोभूषण) बाट दुवै देवताहरूको शिरोभाग स्पष्ट देखिन्छ। दाहिने कानमा सर्प कुण्डल बायाँ कानमा मकर कुण्डल क्रमशः हर (शिव) र हरि (विष्णु) को गहनाको रूपमा देखिन्छ। वैजयन्ती माला विष्णुको प्रतीक देखिन्छ भने नन्दी र गरुड दुवै वाहनहरू पनि राखिएको छ। हरिहरको मूर्तिको शिरोभागमा किरिट, त्यसमाथि जटामुकुट प्रष्ट देखिन्छ भने दायाँ कानमा सर्प कुण्डल र बायाँ कानमा मकर कुण्डल प्रष्ट देखिन्छ। मूर्ति चतुर्भुज भएता पनि तलको दुवै हातहरू भग्न अवस्थामा रहेका छन्। शास्त्रीय आधारमा ती हातहरूमा त्रिशूल र शङ्ख हुनु पर्ने देखिन्छ। माथिल्लो दायाँ हातमा शिवको अस्त्र खटवाङ्ग जस्तो छ, जसको शिरमा सर्प बेरिएको र माथिल्लो बायाँ हातमा चक्र धारण गरेको प्रष्ट देखिन्छ। वैजयन्ती माला पहिरिएको यस मूर्तिको दायाँबायाँ साना साना नारी मूर्तिहरू पनि रहेका छन्। शिरको दायाँ बायाँ हात्तीको शिर कुँदिएको यस मूर्तिको आसनमा ऋषि मुनिहरूका मूर्तिहरू पनि कुँदिएका छन्।

### ऋषिकेशवको मूर्ति

तानसेन नगरपालिका वडा नं.१४, रुरु क्षेत्रमा अवस्थित ऋषिकेशवको मूर्तिको सन्र्भमासोह्रौं शताब्दीमा कार्तिक शुक्ल एकादशीका दिन राजा मुकुन्दसेन प्रथमले कालीगण्डकीमा स्नान गर्न जाँदा कालीगण्डकीको गर्भमा ऋषिकेशव भगवानको मूर्ति फेलापारि हाल मन्दिर भएको स्थानमा सो मूर्तिलाई बडो आस्थाका साथ स्थापना गरेको जनश्रुति छ। ऋषिकेशवको मूर्तिको मूर्तिकलाको प्रतिमा लक्षणलाई नियाल्दा सो मूर्ति पाल–सेन शैलीमा निर्मित भएको देखिन्छ। शिखर शैलीमा निर्मित मन्दिरभित्र भगवान ऋषिकेशवको सपरिकर जय, विजय आदि पार्षद लगायत शंख चक्रधारी चतुर्बाहु कृष्णवर्णको तीन फूट नौ इन्च अग्लो पाल–सेन शैलीको स्थानक ऋषिकेशवको अति मनोहर मूर्तिहरू रहेका छन्। साथै रुरु क्षेत्र रिडीमा नेवारी शैलीका निजी आवास एवम् अन्य विभिन्न शैलीबाट निर्मित विभिन्नमठ–मन्दिरहरू रहेका छन् भने यसमा खामिएको काष्ठकलाको बेजोड नमुना र कला कौशलहरु तानसेनका निधि हुन्।

### शाहकालीन कला कौशल

रणबहादुर शाहको अति आग्रहले गर्दा मनले नमान्दा नमान्दै वि.सं. १८६३ साल जेष्ठ महिनाको आधा आधिमा काठमाडौँमा उत्रेका पृथ्वीपालसेन शहरभित्र पस्न नपाउँदै उनी र उनका अंगरक्षकहरुलाई पक्री ललितपुर राजभवनमा नजरबन्द गरिएको थियो। नजरबन्द गरिएको पर्सिपल्ट पाल्पा राज्य माथि अधिकार कायम गर्न भनी साना काजी अमरसिंह थापा र दलभञ्जन पाँडेले सैन्यवलसहित पाल्पा रवाना भएका थिए। पाल्पा पुगेर पाल्पाराज्यलाई नेपाल अधिराज्यमा विलय गराएपछि पाल्पामा शाहकालको थालनी भएको थियो। राजनैतिक र भौगोलिक रूपमा पाल्पाराज्यमाथि अधिकार कायम गरिएता पनि सांस्कृतिक रूपमा पनि विजय हासिल गर्नु आवश्यक थियो। त्यस कारण पाल्पामा शाहकालीन कला कौशलको विकास गर्ने कुरामा साना काजी अमरसिंह थापाले कुनै कसुर बाँकी राखेनन्। साना काजी अमरसिंह थापा र उनी पछि पाल्पा आएका तैनाथवालाहरूले तले शैलीका मठ–मन्दिर, नेपाली शैलीका निजी आवास, अमरगञ्ज (ठूलाघर), धातुका मूर्तिहरू निर्माणमा सघाउने काम गर्‍यो।

### श्री ७ अमरनारायण मन्दिर

पाल्पा राज्य नेपाल अधिराज्यमा विलय गरिएपछि साना काजी अमरसिंह थापाले बुटवल लगायत यसका आसपासका भू–भागहरु जुन अघि पाल्पाराज्यको अधिकारीहरूको मातहतमा थियो। ती भू–भागहरुलाई आफ्नो नियन्त्रणमा लिनुका साथै त्यहाँको प्रशासन पनि आफ्नो हातमा लिएका थिए। यस कार्यपछि उनले तानसेन नगरको मध्य भागमा श्री ७ अमरनारायणको मन्दिर निर्माण गरेका थिए (श्रेष्ठ,२०७७:१९०)। यस श्री ७ अमरनारायण मन्दिरलाई भारतबाट आउने तीर्थयात्रीहरूले स्वामीनारायण भनी बडो आस्था राख्ने गर्दछन्। तले शैलीमा बनेको यस सुन्दर मन्दिर तीन तलाको छ। मन्दिरका झ्याल, ढोकाहरू काष्ठकलाको बेजोड नमुना खामिएका छन्। मन्दिरका जडिएका टुडालहरुमा काष्ठकलाको स्वप्निल रचनामा रतिसंयोगका आकृतिहरू उत्कीर्ण गरिएको छ। जुन यस भेगको उत्कृष्ट निधि हो।

### काष्ठकलाको स्वप्निल रचनामा रति संयोग

तानसेन नगरको मध्य भागमा रहेको श्री ७ अमरनारायण मन्दिरमा जुन काष्ठ कलाको स्वप्निल रचनामा रति संयोगका आकृतिहरू देखिन्छन्, आन्तरिक र बाह्य पर्यटकहरू जब रुरु क्षेत्र रिडीमा पुग्ने गर्दछन्, तब तिनीहरूको नयन झनै ताजा हुने गर्छ। काठमाण्डौं खाल्डोबाट बाहिर पश्चिमतिर लागेपछि नेपाली काष्ठकलामा खामिएको कामुक सरसता (EROTIC

THEMES) गोरखाको मनकामना, गोरखा दरबार, पोखराको भीमसेन मन्दिर, तानसेनको अमरनारायण हुँदै सत्येश्वर महादेवको बगलमा रहेको पिहाली पौवामा देख्न पाइन्छ। जनरल भीमसेन थापाले आफ्नी महतारी सत्यरुपादेवीका सङ्कल्प अनुसार संवत् १८७९ साल चैत्र १ गते बदी २ रोज ५ का दिन सत्येश्वर महादेवको स्थापना गरी मन्दिर निर्माण गरेका थिए। सो मन्दिरको बगलमा रहेको दोहरी दलाल भएको बेजोडको काष्ठकला खामिएको पिहाली पौवा र हावाको झोक्का, वर्षातको चिसाई अनि घामको तप्ततालाई वर्षौंसम्म खेपेको काष्ठको स्वप्निल रचनामा रति संयोगका आकृतिहरु देखिन्छन्। जुन शाहकालीन कला कौशल जीवन्त उदाहरण हुन्।

**महिषासुरमर्दिनी श्री ७ रणउजीरेश्वरी भगवती**

ब्रिटिश साम्राज्यको इकोनोमी इञ्जिनको रूपमा रहेको ईष्ट इण्डिया कम्पनीले आफ्नो स्वार्थ पुरा गने हेतुले सन् १८१४ नवम्बर १ तारिखका दिन नेपाल उपर एकातर्फ युद्ध घोषणा गर्‍यो। त्यस युद्धमा पाल्पाको जीतगढी मोहोडामा कम्पनी फौजलाई एकपटक होइन पटक पटक वि.सं. १८७१ पौष १५ गते र अर्को पटक वि.सं.१८७२ वैशाख ७ गते दुई पटक पराजित गरी नेपालले विजयश्री हासिल गरेको थियो। विजयश्री हासिल भएपछि युद्धमा जानु अघि तानसेन बजारको मध्य भागमा अवस्थित सेनकालीन महिषासुरमर्दिनी भगवतीको पाउमा परी युद्धमा विजयश्री हासिल भएपछि भव्य मन्दिर निर्माण गरी माता भगवतीको महिमा चारैचौरास पैmलाउने छु भनी भाकल गरेका थिए। सोही भाकल बमोजिम कर्णेल उजीरसिंह थापाले काष्ठकलाको बेजोड नमुना खामिएको वि.सं. १८७२ सालमा थालनी गरी वि.सं.१८७६ सालमा तीनतले भव्य मन्दिरको निर्माण सम्पन्न गरेका थिए। मन्दिरको शिरमा आफ्नो कद (उचाइ) बराबरको सुनको मोलम्बो चढाइएको अजङ्गको गजुर पनि चढाए। कर्णेल उजीरसिंह थापाले भगवती मन्दिरको निर्माणसँगै अठारवाहु भएकी अष्टधातुको महिषासुरमर्दिनी श्री ७ रणउजीरेश्वरी भगवतीको मूर्ति मन्दिरको गर्भगृहको मध्य भागमा स्थापना गरी मन्दिरको भित्री प्रदक्षिणामार्गको वायव्य कोणमा सूर्य, ईशान कोणमा विष्णु, आग्नेय कोणमा शिव, नैऋत्य कोणमा गणेश आदिको मूर्तिहरू स्थापना गरी मन्दिरलाई ‘दुर्गा पाञ्चायन’ को रूप दिएका थिए।सातौं शताब्दीभन्दा अघिदेखि नै अष्टधातुबाट मूर्ति निर्माणको थालनी भएता पनि सुन्दर र आकर्षक मूर्ति निर्माण अठारौँ/उन्नाइसौं शताब्दीतिर आएर विकास भएको थियो (श्रेष्ठ,२०७९ः२८७)। धातुको मूर्तिकलाको विकाससँगै सोही तहत् अष्टधातुबाट बनेको यस महिषासुरमर्दिनी श्री ७ रणउर्जीरेश्वरी भगवतीको मूर्ति अति नै मनमोहक र चित्तआकर्षक देखिन्छ। अठार बाहुसहितको अष्टधातुले बनेको महिषासुरमर्दिनी श्री ७ रणउजीरेश्वरी भगवती माईको मूर्ति १० इञ्च उचाइ भएको आसनमाथि दायाँ पाउ सिंह माथि र बार्यांँ पाउ महिषासुरको छातीमा टेकेको छ। मूर्तिको आयतन सिंह माथिको ५ इञ्च आसनमाथि रहेको छ। त्यस आसनमाथि २५ इञ्च उचाइ र २४ इञ्च चौडाइ भएको आलिढ मुद्रामा भव्य महिषासुरमर्दिनी श्री ७ रणउजीरेश्वरी भगवतीको मूर्ति स्थापित छ। मूर्ति ज्यादै अलङ्कृत भइकन पनि आकर्षक छ। हृदय स्पर्शी चम्किलो दुई नेत्र र भृकुटीमा थप एक नेत्र सहित यस मूर्ति तीननेत्रको छ। त्रिनेत्र भएकीले महिषासुरमर्दिनी भगवतीलाई शिवको शक्तिको रूप मानिन्छ (Moore,1977:122)। महिषासुरमर्दिनी श्री ७ भगवतीमाई शिव शक्तिको रूप भएको हुनाले मन्दिरको गर्भगृहको बायाँतिरको गाह्रोको खोपामा भैरवको भयङ्कर मुखाकृत स्थापना गरिएको छ।

त्रिनेत्र धारण गरेकी महिषासुरमर्दिनी श्री ७ रणउजीरेश्वरी भगवतीलाई नागको छत्र ओढाइएको छ। मूर्तिको शिरमा चाँदीको सुन्दर मुकुट धारण गरेको छ। मूर्तिको शिर माथि छेपु छ भने दायाँतिर चाँदीको फणा उचालेको कलात्मक नाग रहेको छ। जात्राको दिन सुन्दर मुकुट र विभिन्न गहनाहरू लगाई दिने प्रचलन छ। ती थप गहनाहरू मूर्तिमा लगाई दिँदा मूर्ति बहुतै भव्य र सुन्दर देखिने गर्छ। अठारबाहु भएकी यस महिषासुरमर्दिनी श्री ७ रणउर्जीरेश्वरी भगवतीको ती बाहुहरूमा विभिन्न आयुधहरू धारण गरेको छ। दक्षिणावर्त, घडी चाल सरह दायाँ पहिलो बाहुले त्रिशूल धारण गरेको छ भने अर्को बाहु बरद मुद्रामा छ। अरू दायाँ बाहुहरूले दक्षिणावर्त, घडी चाल सरह बज्र, अंकुश, डमरु, चक्र, तीर, खड्ग धारण गरेको छ। बज्र धारण गरेको बाहुपछिको बाहु करिहस्त मुद्रामा छातिसम्म उठेको छ र करपात्र धारण गरेको छ। बायाँतिरको माथिल्लो बाहुहरूमा दक्षिणावर्त, घडी चाल सरह केतका (ढाल), नाग, गदा, सुला, पास धारण, करिहस्त मुद्रा, घण्ट धारण गरेको छ भने एउटा बाहु अभय मुद्रामा छ। बायाँतिरको पछिल्लो बाहुले महिषासुरको टुप्पी समातेको छ। सो महिषासुरमर्दिनी श्री ७ रणउजीरेश्वरी भगवतीको मूर्तिको अगल बगल दुईवटा ढलोटका सिंहहरू रहेका छन्। मन्दिरको मूलढोकाको बाहिरपट्टि दायाँतिर अजङ्गको घण्ट कर्णेल उजीरसिंह थापाका महतारी रणकुमारी थापाले चढाएको सो

अजङ्गको घण्टको मुनि माथवरसिंह थापाको शाके संवत् १७५१ (वि.सं. १८८६) मा मन्दिर जीर्णोद्धार गरिएको भन्ने ब्यहोरा उत्कीर्ण गरिएको शिलालेख रहेको छ।

**राणाकालीन कला कौशल**

श्री ३ महाराज जङ्गबहादुर कुँवर राणाको उदयसँगै नेपालको राजनीतिमा राणा शासनको थालनी भयो। यसको साथै साथै राणाकालीन कला कौशलको पनि विकास हुन थाल्यो। श्री ३ जङ्गबहादुर कुँवर राणा प्रधानमन्त्री भएपछि श्री ३ जङ्गबहादुर कुँवर राणाले आफ्ना भाइ कृष्णबहादुर कुँवरलाई तैनाथवाला बनाई पाल्पा पठाएका थिए। उनैका भाइ भतिजाहरूमा बख्तावरसिंह थापा, रणवीरसिंह थापा, भतिजा केदार नरसिंह राणा, उनका पिता बद्री नरसिंह राणा आदि पाल्पाका तैनाथवाला भई पाल्पा आएका थिए। बीसवर्ष पाल्पाको तैनाथवाला भई बसेका बद्रीनरसिंह (वि.सं. १९११–१९३०) ले तानसेनमा ढुङ्गेधाराको व्यवस्था, पोखरी निर्माण, बद्रेश्वर महादेवको मन्दिर निर्माण लगायत आफू करिब दुईवर्ष इलाहावादको किल्लामा नजरबन्दमा रहँदा त्यस बखत बद्रीनरसिंहको बन्दी जीवनमा स्मृतिपटलमा कोरिएका स्थापत्य कलालाई पाल्पामा पोख्दै भव्य दरबार, इङ्ग्लिस शैलीलाई मिसाई खापामा फलामका चुच्चो किल्लाहरू सजाएर मुगल शैलीमा बनेको ठूलो मुलढोका, सिलेखान, कौशल अड्डा, तहविल अड्डा, जंगी अड्डा, मुलढोकाको अगल बगल अन्य अड्डाहरू साथै चौघेरा ठूलो पर्खाल लगाई दरबार परिसरलाई घेर्ने काम गरेका थिए। उनको पालामा तानसेनमा कला र वास्तुकलाको मनज्ञ विकास भएको देखिन्छ।

**रानीघाट दरबार**

श्री ३ जंगबहादुरको मृत्यु पश्चात् राणाशासनको विरुद्धमा भएको असफल षडयन्त्र र त्यसको निर्ममतापूर्वक दमन, अठ्तीस सालको पर्व अनि श्री ३ महाराज एवम् प्राइममिनिस्टरको उत्तराधिकार सम्बन्धी अमिल्दो रोलक्रम तर्जुमाले कुँवर राणा परिवार, जङ्ग र शमशेर खलकमा बाँडियो। श्री ३ जङ्गका कान्छा भाइ धीर शमशेरको अकस्मात् मृत्युपछि जंग खलकलाई समाप्त पार्ने योजना धीर शमशेरका छोराहरूले गर्न थाले। वि.सं. १९४२ साल मार्ग ९ गते धीर शमशेरका छोराहरू वीर शमशेर, चन्द्र शमशेर, डम्बर शमशेर, खड्ग शमशेर र भीम शमशेरको योजनाअनुसार रणोद्धीप सिंहको इहलिला समाप्त पारी धीर शमशेरका जेठा छोरा वीर शमशेर श्री ३ महाराज एवम् प्राइमिनिष्टर भए। यस घटनापछि कमाण्डर इन चिफमा नियुक्त भएका खड्ग शमशेरलाई १६ महिना पछि पदबाट च्यूत गरी श्री ३ वीर शमशेरले तानसेनबाट करिब सोह्र कोस पश्चिममा पर्ने ठाडा भन्ने ठाउँ निर्वासित गरे। वि.सं. १९४३ फाल्गुन २० गते कर्नेल नयनसिंह घले, लेफ्टिनेन्ट कर्णेल देवीबहादुर सिंजापति र माहिला पण्डित काशिनाथ आचार्य दीक्षितहरूको साथ पहाडको बाटो पोखरा भएर ठाडा पठाइएका थिए। पछि वि.सं. १९४५ सालमा खड्ग शमशेरले पाल्पामा बस्ने अनुमति पाएका थिए। तर वि.सं. १९४८ सालमा मात्र खड्ग शमशेरलाई पाल्पा गौँडाको तैनाथ र पश्चिम तर्फको प्रधान सेनापतिको पद समेत दिई बुटवल चारटप्पा अर्थात तराई तर्फ भैरहवा, तौलिहवा सम्म एवम् पहाडमा बागलुङ, पर्वत सम्मको अख्तियारी समेत दिइएको थियो। वि.सं. १९४९ सालमा पाल्पा गौँडाको तैनाथवाला, पश्चिम तर्फको प्रधानसेनापति खड्ग शमशेरकी रानी तेजकुमारी देवीको देहावसान भएपछि उनै रानीको सम्झनामा उत्तरबाहिनी भई बगेकी कालीगण्डकीको किनारमा पाटी पौवा, घाट, मन्दिर, दरबार निर्माण गर्न लगाएका थिए। प्रेमको प्रतीकको रूपमा रहेको यस भव्य रानीघाट दरबार वि.सं. १९५० सालमा शिलान्यास गरी वि.सं. १९५४ सालमा दरबारको निर्माण कार्य पुरा भएको थियो(श्रेष्ठ,२०६१ः३,४)।

सन् १८५० मा श्री ३ जङ्गबहादुर कुँवर राणा बेलायत यात्रा गरी फर्कँदा त्यहाँको neo-classical architecture बाट घैरै प्रभावित भएका थिए। अठारौँ र उन्नाईसौं शताब्दीमा प्राचीन ग्रिस र रोमको कला र वास्तुकलालाई साधारण सेमेस्ट्रिकल शैलीको समाहरण गरी नीयो–क्ल्यासिकल आर्किटेक्ट विकास भएको थियो (Rooney,1999:1268) सोही शैलीलाई श्री ३ जङ्गले नेपालमा भित्राएका थिए। सोही शैलीबाट रानीघाट दरबार निर्माण भएको छ। अलंकारयुक्त ग्रीक शैलीका खम्बा (corinthian columns), त्रिकोणात्मक छाना भएको झ्याल (Tringular-roofed Windows), गुम्बज (Arches), सेतो चुनाले पोतेको दिवाल (White washed walls) र लिउन/बज्र (Stucco da-dahas) लगाइएको नीयो–क्ल्यासिकलस्थापत्यकला (Neo-ClassicalArchitecture) को शैलीमा निर्माण गरिएको 'रानीघाट दरबार' नेपालको एक नमूना स्मारक हो (Punja,1994:274)। यो दरबार आन्तरिक र बाह्य पर्यटकहरूको आकर्षणको केन्द्रबिन्दु बनेको छ। उत्तरबाहिनी कालीगण्डकीको तिरमा निर्माण भएको धार्मिक

धरातल, आफ्ना रानी प्रतिको अगाध प्रणयको प्रतीकको रूपमा निर्माण गरिएको रानीघाट दरबार हो।

दरबारको अग्रभागको त्रिकोणात्मक पेडिमन्ट (Trangular pediment) को रेकिङ्ग कारनिस (Raking cornice) माथि 'श्री परब्रह्म शरण श्री रानी तेजकुमारी देवी शरण' लेखिएको छ। यस रानीघाट दरबार तानसेन नगरपालिका वडा नं.१३, साबिकको बौघागुम्बा गा.वि.सं. वडा नं. २ अन्तर्गत कि.नं. ४६५ क्षेत्रफल ५-१०-०-२ मा समेटिएको छ। यो दरबार क्याम्प कालीगण्डकी उत्तरतिर हानिने मोडको विशाल चट्टान माथि निर्माण गरिएको छ। दरबारमा इमबुस र इनकार्बिन प्रविधिबाट बनाइएका 'खड्ग शमशेर' उत्कीर्ण गरिएको दुई प्रकारका इट्टाहरूको प्रयोग भएको छ। प्राकृतिक भू–बनोटलाई ध्यान राखी तीन तहमा दरबार, दरबार अगाडि ठूलो लङ्ग, दरबारको बायाँ शीतलपाटी र दरबारको लङ्गमा कुँदिएको डुङ्गाले निर्मित फोहोरा राख्ने गरी दुईवटा पोखरीहरू रहेका छन्। दोस्रो तहमा दाहिने पट्टी पाले पहरा बस्ने ठाउँ बनाइएको छ भने बायाँतिर तीनवटा एकै ढाँचाका मन्दिरहरू रहेका छन्। मन्दिरभित्र दुईतिर शिवजी र बीचमा गंगाको मूर्ति स्थापना गरिएको छ। दरबारको दाहिने तिर कि.नं. ४६६ क्षेत्रफल १७-३-१-० मा फूलबारी रहेको छ। दरबारको मूल ढोकाबाट ढुंगा र इट्टाबाट बनाइएको सुन्दर खुड्किलो कालीगण्डकीसम्म पुगी कुण्डमा जोडिएको छ। स्याङ्जातिर जाने झोलुङ्गे पुलबाट हेर्दा करनेटा डाँडाको काखमा रहेको रानीघाट दरबार कालीगण्डकीमाथि तैरिरहेको झैँ देखिन्छ।

## पाल्पा दरबार

वीरशमशेरका कान्छी महारानी तोपकुमारी देवीका कान्छा छोरा आफ्ना छैठौं (ग्वाइला) छोरा प्रताप शमशेर पाल्पा गौडाका वि.सं. १९८२ सालमा तैनाथवाला भई पाल्पा आएका थिए। कान्छी महारानी तोपकुमारीको इच्छाअनुसार वीरशमशेरले नारायणहिटी राजदरबारको पूर्वतर्फ दुईवटा भव्य दरबार बनाउन लगाएका थिए। ती दुवै दरबारलाई फोहरा दरबार भन्ने गरिन्थ्यो। ती दुवै दरबार प्रतापशमशेरलाई तोकिएको थियो। फोहरा दरबारका मालिक प्रतापशमशेर पाल्पा गौडाको तैनाथवाला भई आएपछि बद्रीनरसिंहले बनाएको दरबार निकै पुरानो भइसकेकोले त्यस दरबारलाई भत्काई सोही ठाउँमा एक चोक भएको हाल पुनर्निर्माण गरिएको दरबार बनाई वि.सं. १९८९ माघ २८ गते सम्म प्रतापशमशेरले त्यही पाल्पा दरबारबाट पाल्पा गौडाको तैनाथी चलाएका थिए। तानसेनमा चण्डी भञ्जाङ्गको डाँडो छेडेर सुरुङ बनाई बाँझा भन्ने ठाउँबाट पानी ल्याई तानसेनमा कलधारा वितरण गर्ने प्रतापशमशेरदेखि सातसालको आन्दोलनको पक्षमा लागेका भनी यही पाल्पा दरबारभित्र नजरबन्द गरिएका तैथानवाला रुद्रशमशेरसम्मको आवास यो दरबारमा नै थियो। वि.सं. २०१५ सालमा राजा महेन्द्रको पाल्पा आगमन भएको बेला प्रायः जसो तत्कालीन श्री ५ को सरकारका कार्यालयहरू पाल्पा दरबारभित्र राख्ने निर्देशन मुताबिक यहाँ जिल्लाका धेरै जसो सरकारी कार्यालयहरू राखिएका थिए (प्र.गृह पञ्चायत मन्त्रालय,२०२५:१७,१८)।

करिब ५० रोपनी जमिन ओगटेको पाल्पा दरबार र दरबार क्षेत्र (कि.नं. २०० क्षेत्रफल ७-१४-२-१ दरबार) मा पुनर्निर्माण गरिएको पाल्पा दरबार, हाल पाल्पा दरबार सङ्ग्रहालयको रूपमा रहेको छ। लुम्बिनी प्रदेशभित्रका ऐतिहासिक, सांस्कृतिक, राजनैतिक, आर्थिक, सामाजिक धरोहरहरू यस सङ्ग्रहालयमा समेटिएका छन्। साथै दरबारको माथिल्लो तलामा रहेको नेपाली सेनाको सङ्ग्रहालयले यस पाल्पा सङ्ग्रहालयको गरिमा झनै बढाएको छ।

## पछिल्लो कुरा

पाल्पा तानसेन, सेनकालीन, शाहकालीन र राणाकालीन कला कौशलको एक खुला सङ्ग्रहालय हो। यो पर्यटन उद्योगको रोल मोडेल पनि हो। पाल्पा तानसेनमा आउने बाह्य तथा आन्तरिक पर्यटकहरूलाई यी विभिन्न शैलीका कला कौशललाई अवलोकन गर्न धेरै टाढा टाढा जानु पर्दैन, एउटा सीमित घेरामा नै सबै धरोहरको अवलोकन गर्न सहज छ। अब पाल्पा तानसेनमा आउने पर्यटकहरूको बसाइलाई अलिक लामो गर्न होटेल एसोसिएसन नेपाल र तानसेन नगरपालिका बीच सिस्टर रिलेसन कायम हुनु आजको आवश्यकता हो। सेनकालीन, शाहकालीन र राणाकालीन कला कौशलको खुला सङ्ग्रहालयको रूपमा रहेको पाल्पा तानसेनलाई पर्यटनको लयमा अगाडि बढाउन होटेल एसोसिएसन नेपालको भूमिकालाई नकार्न सकिँदैन। पर्यटन उद्योगको विकास र प्रवर्द्धनमा होटेल व्यवसायको ठूलो भूमिका रहेको हुन्छ। पर्यटन उद्योगको विकास र प्रवर्द्धनमा होटेल व्यवसाय एउटा अवयव पनि हो। यस कारण पर्यटन विकास र प्रवर्द्धन गर्ने कार्यमा सहकार्य गर्न तानसेन नगरपालिका जहिले पनि तयार रहेको छ।

# पाल्पामा धातुकला र पाल्पाली करुवा



निर्मल श्रेष्ठ

**विषय प्रवेश**

मानव विकासलाई फर्केर हेर्दा मानिस शिकारयुगमा शिकार खेल्दा खेल्दै अन्नको जोहोतिर पनि लाग्न थालेको थियो। त्यसताका खाद्यान्न मानिसको लागि पहिलो जैविक आवश्यकता थियो। खाद्यान्नको जोहो कुनै व्यवस्थित योजना अन्तर्गत भएको थिएन। खाद्यान्नको आवश्यकतालाई पूर्ति गर्न मानिसले आफूलाई कृषिकर्मतिर संक्रमण ग¥यो (Khatry, 1989:27,28)। फलामको पत्ता लागेपछि कृषिकर्म सहज बन्दै गयो। सिन्धु सभ्यताको विकाससम्म आई पुग्दा धातुको जानकारी, त्यसको प्रयोग साथै धातुकलाको विकास पनि बेस्सनी भई सकेको थियो। सिन्धु उपत्यकाको उत्खनन्मा पाइएको ई.पू.२५०० को धातुको नर्तकीको सुन्दर मूर्ति नेशनल म्यूजियम्, नयाँ दिल्लीमा राखिएको छ (Punja, 1990:75)। यस सन्दर्भले सिन्धु सभ्यतामा धातुको प्रयोग र धातुकलाको विकास भई सकेको देखिन्छ।

नेपालमा परापूर्वकालदेखि नै विभिन्न धातुको प्रयोग र धातुकलाको विकास भएको थियो। फलाम र तामा धातुमा नेपाल धैरै धनि थियो। त्यसताका फलाम र तामाको बस्तु निर्माण राम्रोसँग चलेको थियो, धातुबाट तयार भएका बस्तुहरु बाहिरी मुलुकहरुमा निकासीको लागि हुने गर्दथ्यो। त्यस कार्यमा नेवार समुदायका निपुण शिल्पकारहरुको संलग्नता थियो। तिनीहरुले निर्माण गर्ने बस्तुहरुमा खास गरेर घण्ट हुन्थ्यो (Gimlette, 1993: 62)। एघारौं शताब्दीतिर नेपालमा बनेको 'नेपाल तरवार' को बाहिरी मुलुकमा प्रसिद्ध थियो। यस सन्दर्भलाई जोडेर हेर्दा लिच्छवि–कालमा फलाम उद्योग फस्टाएको देखिन्छ (रेग्मी, २०२६:१४८,१४९)। पाल्पामा विभिन्न स्थानहरुमा पाइएका, उत्खनन्मा प्राप्त भएका एवम् संग्राहालयहरुमा राखिएका विभिन्न ढुङ्गा, माटो, काठ एवम् धातुका भाडाकुँडा, कृषि औजार र दैनिक उपभोग्य सामाग्रीहरुलाई हेर्दा विभिन्न कालखण्डमा ढुङ्गा, माटो, काठ हुँदै धातुको प्रयोग साथै धातुकलाको विकास भएको देखिन्छ।

पाल्पामा धातुकलाको विकास कुन समयबाट भयो भन्ने विषयमा यकिनका साथ भन्न कठिन छ। जनुश्रुति र लिखित इतिहास दुवै स्रोतहरुबाट बृहत् नेपाल निर्माण अभियानको थालनी हुनु भन्दा अघिदेखि मल्लकालमा काठमाडौं उपत्यकाबाट धातुकलाको प्रविधि पाल्पामा भित्रिसकेको देखिन्छ (Blaikie, et.al, 1980:124)। केहि प्राप्त तथ्य प्रमाणलाई जुटाएर हेर्दा धातुकलाको विकास सेनकालमा भएको देखिन्छ। धातुकला र टकमरीको विषयमा चर्चा गर्नु पर्दा महादत्तसेनको पालामा पाल्पामा तामा धातुको पैसा टकमरी हुने गरेको पाइन्छ। 'गोरखपुरे पैसा' भनेर चिनिने सो तामा धातुको पैसाको एकापट्टि 'गोरखपुर' र अर्कोपट्टि 'शाफुदौला' लेखिएको हुन्थ्यो (Gabrisch,et.al.,1989:179)। पाल्पामा टकमरी भएका ती मुद्रा गोरखपुर र गोरखपुरको सेरोफेरोमा चलनचल्ति थिए। महादत्तसेनका छोरा पृथ्वीपालसेनको पालामा पनि पाल्पा सामाकोट (हाल तानसेन नगरपालिका वडा नं.११) मा टकमरी हुने गर्थ्यो। विष्णुमहाजन र वौझगरी महाजनलाई टकमरी गर्नु भनि पृथ्वीपालसेनले काठमाडौंबाट पठाएको रुक्कापत्रले पाल्पामा टकमरी हुने कुरा पुष्टि गर्दछ। उक्त रुक्कापत्रमा:

**'श्री भवानी ऋषिकेशौं जयतः पटासही (राजहस्ताक्षर)'**

*'स्वस्ति श्री मन्महाराजधिराज श्री श्री मत्पृथ्वीपालसेन बहादुर देवान सदा समर विजयिनाम आगे विष्णुमहाजन वौझगरी महाजनके सामाकोट कै टक्सार बतिस सय येक ३२०१ रूपैया मध्य आधा आधा कै के इजारा कै दिहल आपन षात्र जम्मा से दुई जना मिलिके एकै टक्सार चलावै आधा आधा पट्टा बमोजिम रूपैया सर्कार दाषिल कहल करै नफा टोटामे दुई जने वरावर कै के षाही सन् १२११ साल अगन वदि १० राजे ५ मु. काठमाण्डौं शुभम्'* (योगी,२०२२: ६०८) भन्ने बोल परेको छ। उक्त रुक्कापत्रमा फसली संवत्को प्रयोग भएको छ। फसली सम्वत् सेनहरुले आप्mनो स्याहामोहरमा प्रयोग गर्ने

- *श्री **निर्मल श्रेष्ठ** नेपाली इतिहास, संस्कृति, कला, साहित्य तथा पर्यटन विषय अध्ययन अनुसन्धानका ज्ञाता हुनुहुन्छ।*

गर्दथे। कटनी फटनीको आधारमा फसली सम्वत्लाई निर्धारण गरिन्थ्यो। फसली सम्वत्मा ५९२ वर्ष जोड्दा ईसवी सम्वत् हुन आउँछ (रिजवी, १९८८ः६)। यसले उक्त रुक्कापत्र ईसवी सम्वत् १८०३ को देखिन्छ।

चौबीसेराज्यहरुमध्ये पाल्पाराज्य अरु राज्यहरु भन्दा शक्तिशाली राज्य थियो। पाल्पाराज्य शक्तिशाली हुनुको कारण पाल्पाराज्यमा मजबूत शासन व्यवस्था, आर्थिक रुपमा समृद्ध साथै कोषको व्यवस्था मजबूत हुनु थियो। कोषको एउटा महत्वपूर्ण पाटो मुद्राको टकमरी हो। सेनकालमा टकमरी व्यवस्थित रुपमा चलेको थियो। साथै सेनकालमा धातुकलाको पनि बेस्सनी विकास भएको थियो। हाल पाल्पा रिब्दीकोट गाउँपालिका–४ दथुटोलमा अवस्थित श्री ७ भीमसेनको मन्दिरमा रहेको घण्ट सेनकालीन धातुकलाको उत्तम नमुना हो। उक्त घण्टमा 'स्वस्ति श्री सम्वत् १८६४ साल मिति पौष वदि १३ रोज ७ दथु टोलको भजन गर्ने भाइले यो घण्ट श्री ५ भीमसेन प्रिति समर्पण थामी सुभम्॥' भन्ने हरफहरु उत्कीर्ण गरिएको छ। सुन्दर शैलीमा निर्माण भएको उक्त घण्टलाई नियाल्दा सेनकालमा मुद्राको टकमरीमात्र होइन कि धातुकलाको विकास पनि बेस्सनी भएको देखिन्छ (श्रेष्ठ,२०७७ः १४१)। धातुकलाको विकासलाई आधार लिदा, पाल्पा सामाकोटमा सेनकालदेखि नै धातुका सुन्दर मुर्तिहरु बन्ने गरेको अनुमान गर्न सकिन्छ। पाल्पाका तैनाथवाला कर्णेल उजीरसिंह थापाले नेपाल–अँग्रेजयुद्ध (वि.सं.१८७१–१८७२) मा विजयश्री हासिल गरेपछि भाकल बमोजिम भव्य महिषासुरमर्दिनी श्री ७ रणउर्जीरेश्वरी भगवती मन्दिरको निर्माण गरी मन्दिर भित्र अष्टधातुको अठारवाहु भएकी महिषासुरमर्दिनी श्री ७ रणउर्जीरेश्वरी भगवतीको भव्य सुन्दर मूर्ति स्थापना गरेका थिए। सो मूर्ति आफ्mनो मामाघर पाल्पा सामाकोट (हाल तानसेन नगरपालिका–११) मा बनेको तानसेन टक्सारटोल निवासी वर्ष ८४ वर्षीय मंगलप्रसाद बज्राचार्यको भनाई रहेको छ।

उक्त सन्दर्भलाई जोडेर हेर्दा पाल्पामा धातुकलाको विकास पनि सेनकालदेखि नै भएको देखिन्छ। सेनकालीन पाल्पाराज्य नेपाल अधिराज्यमा विलय भएपछि तानसेन नयाँ प्रशासकीय केन्द्रको रुपमा अगाडि आयो। प्रशासनिक केन्द्र तानसेनमा बनेपछि पाल्पा सामाकोटमा हुने टकमरी कार्य पनि तानसेनको टक्सारमा सारियो। टकमरीको काम हुने भएकोले यस ठाउँलाई टक्सार भन्ने गरियो। हाल यस ठाउँलाई टक्सारटोल भन्ने गरिन्छ। तानसेनको टक्सारटोलमा टकमरीको कामको थालनी भएपछि टकमरी र धातुका सामान बनाउन अधिकांश कालिगढहरु (मुलतः शाक्य र बज्राचार्यहरु) कोही काठमाडौं खाल्डोबाट सिधै पाल्पा आएका थिए भने कोही नुवाकोट, गोर्खा, बाग्लुङ्ग हुँदै पाल्पा आएका थिए। काठमाण्डौ खाल्डोबाट पाल्पा आउनेहरुमा पाटन नाग बहाल क्वालुख्वाका मणिराज, तेजमुनि, चन्द्रमुनि पाल्पा आएका थिए (स्रोत: प्रेमराज शाक्य, टक्सारटोल, तानसेन)। साथै पाटन बडिगाउँ (बडिगामी)का रत्नमनि ब्रजाचार्य पाल्पा आएका थिए (स्रोत: वर्ष ८४ का मंगलप्रसाद ब्रजाचार्य, टक्सारटोल, तानसेन)। धातुकलामा पारङ्गत यी कालिगढहरुले टकमरी गर्ने कामको साथ–साथै तामा, पितल, काँस, ढलोट आदिका सामाग्रीहरु पनि बनाउने गर्दथे। यी कालिगढहरु लगायत तानसेन टक्सार टोलमा धातुको काम गर्ने 'थँ बमि',वास्तुका ढुङ्गाको काम गर्ने 'ल्हव: कमि', डकर्मी, माटोको काम गर्ने 'दँ: कमि', काठको काम गर्ने 'सिँ: कमि', सुवर्णकार, सुनको काम गर्ने 'लुँ: कमि', मास, चुना आदि मिलाएर सुर्की बनाई लेप लगाउने काम गर्ने 'बज्र: कमि' हरुको पनि टक्सारटोलमा बसोबास थियो। तिनै शिल्पकारहरुको सीप, संस्कृति, रीति–रिवाज एवम् रहन–सहनले सिंचिएको तानसेनको टक्सारटोल संस्कृतिको इन्द्रधनुषिय मिलन बिन्दु रहेको छ (श्रेष्ठ, २०६७:५)।

नयाँ प्रशासनिक केन्द्र तानसेनको वरिपरि फलामका खानीहरु थियो। सोही ठाउँमा तामा खानी पनि पत्ता लागेको थियो। खानी पत्ता लागेपछि सो खानीबाट वर्षको ५०००० रुपैयाको तामा उत्पादन हुने गर्दथ्यो (Hamilton,1990:181)। यसरी स्थानीय खानीहरु हुनुले तानसेनमा धातुको काम प्रशस्त हुने गर्दथ्यो। धातुकलामा पारङ्गत यी कालिगढहरुले टक काट्ने कामको साथै तामा, पित्तल, काँस तथा ढलोटका सामानहरु पनि बनाउने गर्दथे। यिनीहरुले बनाउने काँस र ढलोटका 'त्वारिवा' र 'सुकुण्दा'को निर्माण शैली, मदुरा शैलीसँग मिल्दोजुल्दो हुन्थ्यो। प्राचीन नगर मदुरा, ई.सं.को पहिलो शताब्दीमा पाण्डव राज्यको राजधानी थियो। कौटिल्य अर्थशास्त्रमा पनि मदुरा, मिहिन सुन्दर सुति कपडा र मोतीको नगर भनि वर्णन गरिएको छ। त्यस नगरमा अनेकन भव्य मन्दिरहरु रहेका थिए। साथै ती मन्दिरहरुमध्ये सुन्दरेश्वर र मीनाक्षीको मन्दिरहरुसबै भन्दा प्रसिद्ध थियो (भट्टाचार्य,२००१:३४५)। ती मन्दिरहरु भित्रका 'त्वारिवा' र 'सुकुण्डा' अहिले तानसेन टक्सारटोलमा बन्ने 'त्वारिवा' र 'सुकुण्डा'को शैली हु–बहु

मिल्दोजुल्दो देखिन्छ (Birdwood, 1986: 60,61)। मदुरा शैलीले यहाँसम्मको भौगोलिक दूरीलाई छिचोल्दै यहाँसम्मको यात्रा तय गर्नु अचम्म कुरा थियो।

वि.सं.१९६४ सालमा तानसेनको टक्सारटोलमा ठूलो आगलागी भई धनसम्पतिको क्षती भएपछि वि.सं.१९६५ सालदेखि टक्सारटोलमा टकमरीको काम बन्द हुन गयो (रेग्मी, २०३५:.१८८)। टक काट्ने काम बन्द भएपछि यहाँका कालिगढहरु धातुका विभिन्न सामानहरु बनाउने व्यवसायतिर लाग्न थाले। धातुका विभिन्न सामानहरुमा हुक्का, करुवा, अम्खोरा, झारी, अन्ती जस्ता मन नै लोभ्याउने काँसका सामानहरु बनाउन थाले। त्यसताका तानसेनको टक्सारटोलमा धातुको काम गर्ने सबै परिवारमा एउटै किसिमको सामानहरु बनाउने गरेता पनि सामानहरुको फरक फरक ढाँचा हुने गर्दथ्यो। श्रम विभाजन भनु या सीपको उत्तम नमुना भनु कि आप्mनै खालको सीप माथिको दखल भनु सामान बनाउँदा फरक फरक ढाँचाको बनाउने गर्दथे। तानसेन टक्सारटोलको रत्नमणिका छोरा रत्नप्रसाद वज्राचार्यले काँसको बटुको (बाच्चा) बनाउने काम गर्दथे। बटुको/कचौरा (नेपाल भाषामा **बाच्चा**) बनाउने काम गर्ने भएकाले तिनीहरुलाई '**बाच्चा कमी**' भन्ने गरिन्थ्यो। जीतबहादुर शाक्यका परिवारले '**अँखरा**', ज्योतिमान शाक्यका परिवारले '**थकाली बाच्चा**' (थकालीहरुले प्रयोग गर्ने कचौरा) र हिरालाल शाक्यका परिवारले '**मग बाच्चा**' (मगरहरुले प्रयोग गर्ने कचौरा) बनाउने गर्दथे। अहो ! कस्तो श्रम र सीपको विभाजन ? एकले गरेको काम अर्कोले नगर्ने ! ती धातुका सामानहरुले देशै भरी प्रसिद्धि पाएको थियो।

समयको अन्तरालसँगै भारतको बजारमा उत्पादित धातुका सामग्रीको छैलोखैलो प्रवेशले तानसेनको धातुकला उद्योगमा प्रतिकुल असर पर्न गयो। तानसेन टक्सारटोलमा बन्ने धातुको सामानहरुको ठाउँ भारतीय सामानले विस्तारै बजार लिदै गयो। भारतीय सामान भन्दा यहाँ तयार हुने सामानको लागत मूल्य बढी पर्ने भएकोले तानसेन टक्सारटोलमा बन्ने काँसका हुक्का, करुवा अखरा, झारी, अन्ती र बाच्चा जस्ता सामानको निर्माणमा सुस्तता छायो। सिद्धार्थ राजमार्ग खुलेपछि ता झनै धातुकलाको उद्योगमा असर प¥यो (Blaikie, et.al.,1980: 189)।

धातुका विभिन्न सामानहरुमा हुक्का, करुवा, अम्खोरा, झारी, अन्ती कचौराको खपतमा कमी आएपछि त्यसको फलस्वरुप परम्परागत सीपमा आधारित परम्परागत पेशाको गति क्षीण हुन थाल्यो। युवावर्ग कालिगढी काम छाडेर पढाइतिर लागे। साथै शहरीकरण, यातायातको सुविधा, शिक्षामा व्यापक प्रचार प्रसार र अभिरुचि, भूमिसुधार कार्यक्रम, वन योजना आदि विभिन्न कारणले संयुक्त परिवारमा विखण्डनको थालनीसँगै जीविकाको लागि जागिरे पेशातिर उन्मुख हुँदा परम्परागत कालिगढी पेशा जीवन्त रहिरहेन सकेन। वि.सं. २०१६ सालसम्म सोह्र/सत्र परिवारहरु धातु पेशामा संलग्न थिए। १०० जना कालिगढीहरु काममा लागेका थिए भने वि.सं.२०३४ सालसम्म आई पुग्दा पाँच परिवारहरु मात्र सिमित हुन पुग्यो। त्यसबेला १० जना मात्र कालिगढहरु यस काममा लागेका थिए (रेग्मी, २०३५: १७४)। हाल धातुकला उद्योगमा तीन परिवारमात्र संलग्न रहेका छन्। यी परिवारहरु संयुक्त परिवारमा छन्। यी तीन परिवारहरुमध्ये रामलाल शाक्यको परिवारले करुवा बनाउँदैनन्। उनीहरुले 'शुकुण्डा', 'पानस' र 'मूर्ति' बनाउने काम गर्छन्। सूर्यमान वज्राचार्यको परिवारले 'करुवा', 'त्वारिवा' एवम् 'शुकुण्डा'बनाउने गर्दछन् भने रत्नप्रसाद वज्राचार्यका नाति सन्तप्रसाद वज्राचार्यका छोरा वर्ष ८४ का मंगलप्रसाद वज्राचार्यले 'करुवा' लगायत 'पानस', 'त्वारिवा' र 'मूर्ति' बनाउने कामलाई निरन्तरता दिंदै आएको छ। यस मेहनतकश काममा मंगलप्रसाद वज्राचार्यका छोराहरु मनिन्द्रप्रसाद वज्राचार्य र दिपेन्द्रप्रसाद वज्राचार्यले सघाउँदै आएका छन्।

केही समय अघिसम्म यो धातुकला उद्योग हराउने अवस्थामा पुगिसकेको थियो। तर पर्यटन उद्योगको विकास र विस्तारले गति लिन थालेपछि करुवाको माग बढ्न थाल्यो। धातुकला उद्योगमा नयाँ आयामको शरुवात भयो। अहिले पाल्पाली करुवा, पाल्पाको पहिचान बनेको छ। कुनै वेला पानी राख्न र पिउन प्रयोग हुने पाल्पाली करुवा अहिले घरमा सजावट र उपहार दिने वस्तु बन्न पुगेको छ। सुन्दर र विशिष्ट ढाँचाको पाल्पाली करुवा लोकप्रिय बन्दै गएको छ। तर, अन्यत्र बनेको करुवा भन्दा पाल्पाली करुवा अलि महँगो भएको गुनासो पनि यदा कदा सुन्नमा आउने गर्छ। परम्परागत सीपले बनाइने पाल्पाली करुवा केही महँगा हुनु निश्चित हो। धातुकलाको विकासको इतिहासले पनि पाल्पाली करुवालाई विशिष्ट बनाई दिएको छ। लोकप्रियता हासिल गरेको पाल्पाली करुवाले आफू उपभोक्तासम्म पुग्दासम्म लामो एवम्

कठीन यात्रा तय गर्नु पर्ने हुन्छ। यस यथार्थलाई नजरअन्दाज गर्न सकिदैन्।

**पाल्पाली करुवाको जीवन–यात्रा**

गोष्ठी, सेमिनार र कार्यशालाहरुमा परम्परागत सीप पोखिएको पाल्पाली करुवाको मुक्तकण्ठले प्रशंसा गर्ने गरिन्छ। ब्रोसर, लोगो, भित्तेपात्रो र स्मारिकाहरुमा पनि पाल्पाली करुवाले ठाउँ पाएकै हुन्छ। तर, एउटा करुवा तयार हुँदासम्मको परिश्रम र निर्माणको समय देखाउनु पर्ने एकाग्रता अतुलनीय छ। विभिन्न चरण पार गरेपछि मात्रै पाल्पाली करुवाले आप्mनो ग्राहकसम्म पुग्ने गर्दछ।

पहिलो चरणमा मैनको 'साँचो' (नेपाल भाषामा 'थासा') बनाउनु हो। सिद्धहस्त हातहरुले बडो मिहिनेतका साथ बनाइएको यो 'थासा' पहिलो झलकमा ता मैनको नै करुवा झै भान हुन्छ।

दोस्रो चरणमा 'थासा'लाई कुँदेर सफा र चिल्लो पारिन्छ।

तेस्रो चरणमा, करुवाको माथिल्लो पानी भर्ने भाग (जो मैनको बनेको हुन्छ) मा धातुको तातो झोल खन्याउने बाटोको रूपमा तीन कुर्मि जस्तो 'नाल' जोड्ने गरिन्छ। यस कामलाई नेपाल भाषामा 'नौ' जोड्ने भनिन्छ।

चौथो चरणमा, मैनको करुवाका विभिन्न भागमा देवलमाटोको लेप लगाइन्छ। यसका लागि धमिराको गुँड (जसलाई संस्कृतमा 'देवल' भनिन्छ) र गाईको गोबर मिसाएर बनाएको लेदो प्रयोग गरिन्छ। अति तापक्रममा पनि नफुट्ने अन्तरनिहित गुण भएको यो देवलमाटो मिसाइएको झोलको लेप दुई–तीनपटक लगाएर सुकाउने गरिन्छ।

पाचौँ चरणमा, देवलमाटोको लेप सुकेपछि उक्त मैनको साँचोमा माटोको लेप लगाइन्छ। यो लेप रातोमाटो र डडल्नो भुस (नेपाल भाषामा 'छयाँकमो') साथै कहिलेकाहीँ सामान्य माटो मिसाएर पनि तयार गरिन्छ। यो लेसिलो लेप तयार भएपछि बडो सावधानीपूर्वक पहिले एक पाखामा लगाइन्छ र सुकेपछि बल्ल अर्को पाखामा लेप लगाउने गरिन्छ। यसरी भित्र बाहिर लेप लगाउँदै सुकाउँदै गरेपछि यो माटोको साँचो जस्तो देखिन्छ।

छैठौं चरणमा मैन पगालेर खन्याएपछि अन्तिम साँचो तयार हुन्छ। त्यसका लागि पग्लिएको तातो काँस खनाउन सकिने गरी साँचो सुकेपछि त्यसको माथिल्लो भाग काटिन्छ। त्यसमा भएको मैन पगाल्न विशेष प्रकारले तयार पारिएको भट्टीको माथिल्लो भागमा राखिन्छ। यो कामलाई नेपाल भाषा '**साँ बुकेउ**' भनिन्छ। साँचो पोलेपछि नालमा बनाइएको बाटोबाट पग्लिएको मैन बाहिर खनाइन्छ र मैन निस्केपछि भित्र खोक्रो भई साँचोको रूप लिन्छ। यो साँचो पोल्ने काममा बडो निपुणताको खाँचो पर्दछ। यदि पोल्दा कहीँ कतै केही कमजोरी हुन गयो भने या हेक्का राखिएन भने केही मैन, साँचोको भित्री भागमा रहन जान्छ। त्यसले पछि धातु खन्याउँदा बाधा पर्न जान सक्छ।

सातौं चरणमा साँचोमा तातो काँस धातुको झोल खन्याउने काम हुन्छ। साँचो तयार भएपछि भट्टीको तल्लो भागमा आगो बालिन्छ भने माथिल्लो भागमा साँचोलाई रातो हुने गरी पोल्नको लागि राख्ने गरिन्छ। तलको आगोमा घरुवामा धातु (काँस) राखिन्छ। सबैभन्दा ध्यान दिनुपर्ने बेला यतिखेर नै हुन्छ, धातु गलेर तयार हुनु र माथिल्लो भागमा रहेको साँचो पाकेर रातो हुने समय एउटै हुनुपर्छ। यही वेला परम्परागत सीप र अनुभवको खाँचो पर्दछ। जो शिल्पी, अनुभव र मिहिनेतले खारिएको हुन्छ उसले तातो नाप्ने यन्त्र बिना नै साँचो पाकेको र धातु गलेर खन्याउन तयार भएको थाहा पाउँछ। यहि नै परम्परागत सीप हो। काँस छिटो जम्ने धातु भएकाले रातो गरी पाकेको साँचोमा मात्रै यो सबै ठाउँमा फैलिनसक्छ। गलेको धातुको झोल, साँचोमा खन्याएपछि करुवा बनाउने काम लगभग पुरा हुन्छ।

आठौं चरणमा साँचोको बाहिरी भाग फुटाल्ने, जोड्ने र उजिल्याउने काम हुन्छ। माटोको साँचो फोरेपछि धातुबाट बनेको करुवाको तल्लो भाग, माथिल्लो भाग, टुटी (नेपाल भाषामा '**अंखुचा**') र कलात्मक चरा आदि जोडेपछि कुँदने काम हुन्छ। यसरी तयार भएको पाल्पाली करुवालाई चम्काउने गरिन्छ।

यसरी आठौं चरण पार गरिसकेपछि पाल्पाली करुवा तयार हुन्छ। मन नै लोभ्याउने पाल्पाली करुवामा प्रयोग हुने धातुहरुको आप्mनै महत्व छ।

७५ प्रतिशत तामा र २५ प्रतिशत राङको मिश्रणबाट काँस धातु तयार हुन्छ। राङ ३ देखि ९ भाग, टिन अनि १ भाग सीसा (लिड) को मिश्रणबाट काँस तयार हुन्छ (द.ः, त्रिफोनोव.र अन्य १९८०ः १५५)। आयुर्वेदमा काँसलाई उपयोगी धातुका रुपमा लिने गरिन्छ। राजनिघन्टु अनुसार तीतो, गरम, रुखो, टर्रो स्वभाव रहेको काँस धातुले दृष्टिका

लागि हितकारी हुन्छ। यसले बाथ र कफ रोग निर्मुल गर्न र खाना पचाउन सघाउने गर्छ (चालिसे, २०४६:१५८)। यसैगरी नेपाली निघन्टु अनुसार काँसको भाँडामा घ्यू बाहेक अरु जुनसुकै खाद्य वस्तु राखी खानाले आरोग्य सुख–सात्म्य (एकरूपता) गराउँछ (देवकोट, २०२५:२४०)।

बेजोड कला र परम्परागत सीप खामिएको पाल्पाली करुवा शिल्पीको दृष्टिले सुन्दर ता छ नै, स्वास्थ्यको दृष्टिले पनि त्यत्तिकै उपयोगी छ। तर, कच्चा माल, धातु गाल्ने कोइलाको अभाव, साँचो बनाउन आठ चरण पार गर्नु पर्ने, एक पटक बनाइएको साँचो एक पटक प्रयोग भएपछि फेरि अर्को पटक प्रयोगमा ल्याउन नसकिने जस्ता निर्माण कार्य अति नै कठिन हुनाले लागत मूल्य धेरै पर्नु स्वभाविक नै हो। उत्पादन कम हुने भएकोले उत्पादित वस्तु दैनिक प्रयोजनको लागि नभएर रहरको चिज हुन पुगेको छ। आधुनिक विकाससँगै प्लाष्टिक क्रान्तिले धातुबाट बनेका वस्तु पाखा लगाई रहेको बखत् पाल्पाली करुवा चिनो, उपहारको माध्यम बन्न पुगेको छ। पाल्पाली करुवा परम्परागत सीप, सौन्दर्य र इतिहासको चिनारीमात्र होइन हाम्रो परम्परागत सीपको पहिचान पनि हो। यसलाई दिगो राख्न निफर होइन दर्विलो सोच र पक्का योजनाको खाँचो छ। बैठकमा सजिने पाल्पाली करुवालाई अब शयनकक्ष, भोजनालय, भोजनगृह र भोजनकक्षसम्म पु¥याउनु पर्ने आजको आवश्यकता छ।

**सन्दर्भ पुस्तकहरु**


देवकोटा, कोषनाथ, *नेपालीनिघण्टु: अनेक भाषा–संग्रहसहित:*, प्र. नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, काठमाडौं, नेपाल, वि.सं.२०२५।

चालिसे, चक्रपाणि, *हितैषी शब्दकोश*, प्र. चक्रपाणि स्मारक समिति, काठमाडौं, नेपाल, वि.सं.२०४६।

द., त्रिफोनोव., वा., त्रिफोनोव ,*रसायनिक तत्व कैसे खोजे गये ?*, प्र. राजस्थान पीपुल पब्लिशिंग हाउस (प्रा.) लि., जयपुर, सन् १९८०।

भट्टाचार्य, सच्चिदानन्द, *भारतीय इतिहास कोश*, प्रं उत्तर प्रदेश हिन्दी संस्थान, लखनऊ, सन् २००१।

योगी नरहरिनाथ, *इतिहासप्रकाशमा सन्धिपत्र संग्रह भाग–एक*, प्र. रापती अञ्चल दाङ्गको आध्यात्मिक सम्मेलन, वि.सं. २०२२।

रिजवी, सैयदनजमुल रजा, *अठारहवी सदी के जमींदार*, प्र. पीपुल पब्लिसिंग हाउस, लखनऊ, सन् १९८८।

रेग्मी, ऋषिकेशवराज, *'एक स्रोत तीन धारा'*, प्र. साझा प्रकाशन, काठमाडौं, वि.सं. २०३५।

रेग्मी, जगदीशचन्द्र, *लिच्छवि–संस्कृति*, प्र. रत्न पुस्तक भण्डार, काठमाडौं, नेपाल, वि.सं. २०२६, पृष्ठ १४८,१४९।

श्रेष्ठ, निर्मल, *तानसेनको टक्सार गणेश–२*, नेपाली राष्ट्रिय दैनिक बुटवल टुडे, वर्ष ६, अंक २७३, प्र. बुटवल मिडिया प्रकाशन प्रा. लि.बुटवल, वि.सं. २०६७।

श्रेष्ठ, निर्मल, '*सांस्कृतिक नगर तानसेन: the Living Museum*, प्र. केशलक्ष्मी श्रेष्ठ, पाल्पा, वि.सं. २०७७।

Birdwood, G.C.M., *The Arts of India*, pub.British Book Company, Jersey, 1986A.D.

Blaikie, Piers, Cameron, John and Seddon, David, *Nepal In Crisis Growth And Stagnation At The Periphery*, pub. Clarendon Press, Oxford, 1980A.D.

Gabrisch, K and Rhodes,N.G., *The Coinage Of Nepal*, pub. Royal Numismatic Special Publication, London, 1989A.D.

Gimlette, G.H.D., *Nepal And The Nepalese*, Anmol Publications Pvt. Ltd., New Delhi, 1993A.D.

Hamilton, Francis Buchanan, *An Account of The Kingdom Of Nepal, An of The Territories Annexed To This Dominion By The House Of Gorkha*, pub. Asian Educational Services, New Delhi, 1990A.D.

Khatry, Prem K., *Aspects of Nepali Culture*, pub. Punya Khatry, Kathmandu, 1989A.D.

Punja, Shobita, *An Illustrated Guide to Museums of India*, pub. The Guidebook Company Ltd, Hong Kong, 1990A.D.



# An auditing legend

**By Peta Tomlinson**
Journalist

संयुक्त अधिराज्यबाट प्रकाशित हुने ACCA जर्नल **'Accounting and Business'** को डिसेम्बर २०२३ अंकमा प्रकाशित तानसेन गुठीका आजीवन सदस्य तथा नेपालका वरिष्ठ लेखा परीक्षक **श्री प्रताप प्रसाद प्रधान**ज्यूको परिचयात्मक अन्तरवार्ता उपयोगी हुने देखेर यहाँ साभार गरी प्रस्तुत गरिएको छ। - प्रधान सम्पादक

**Throughout a career spanning more than 40 years, doors have fortuitously opened in the right place at the right time for Pratap Pradhan. One of the earliest ACCA members in Nepal, he founded boutique practice PP Pradhan & Co in 1979, when the accountancy profession was in its infancy in the country.**

He started small, embarking on his career as a sole practitioner with a second-hand type writer in a shared office. But he soon 'got lucky', he says. The World Bank was starting a water supply project in Kathmandu Valley and an international financial analyst on this mission, recognising the benefits of hiring an ACCA-qualified accounting professional, asked Pradhan to support him.

'I saw enormous future in the financial management sector of the country'

### Building connections

'This was my opening to consulting work, which is a mainstay of my business to this day,' says Pradhan.

He has since consulted on myriad development projects, involving water supply, irrigation, agriculture, education and institution building. With expertise in development project audits, his firm specialises in working with UN agencies, the EU, the United States Agency for International Development-funded projects, the German development agency GIZ and various non-governmental organisations (NGOs).

'I saw enormous future as there was a very limited number of financial experts in the country, including in development sector project audit,' he says.

Over time, Pradhan's firm has grown to 25 full-time staff and a dedicated office in Kathmandu. There's also a new arm to the business: collaborating with BDO on projects in Nepal and nearby countries. This follows a successful partnership with Moore Stephens (now part of the BDO network) in a number of development projects. 'They were happy with our performance and hired us to work on similar development projects funded by UN agencies, GIZ and EU overseas,' he explains.

### Reasons to thrive

Half of the firms trainees are ACCA students. This, Pradhan feels, is a way to not only 'give back' but to also support the next generation in bringing sound financial leadership to the private and public sector.

With the number of professionally qualified accountants in Nepal still relatively low – around 2,000 – Pradhan acknowledges that there is more to be done.

'I was known as an ACCA man and very much enjoyed talking to students and parents'

'The economy is growing and most of the non-qualified accountants will retire in due course,' he says, adding that the migration of qualified accountants abroad is a concern. 'The biggest employer of accountants is the government, but both the Office of the Auditor General and Financial Comptroller General Office have only a handful of qualified accountants.'

**ACCA advocate**

Pradhan began advocating for ACCA long before a registered office was opened in Kathmandu in 2020. As a voluntary delegate, he'd meet with government departments, employers and the Institute of Chartered Accountants of Nepal (ICAN). He participated in exhibitions, put ads in newspapers, and counselled students and their parents on the merits of the qualification.

'I was known as an ACCA man and very much enjoyed talking to students and parents,' Pradhan says of his advocacy. The parents were really pleased when they saw their children's successes, which gave me great satisfaction.'

Pradhan has since served as an ACCA International Assembly member representing South Asia and the Middle East from 2007 to 2010.

'Stronger financial management is very important for the development sector'

In 2015, the first head of ACCA Nepal was appointed, which gave members and students a local point of contact and access to training sessions and resources.

In 2016, ACCA supported ICAN's drive to introduce International Financial Reporting Standards in 2016-17, offering free training to members and later signing a memorandum of understanding with the organisation.

**Getting started**

Pradhan's own start in accountancy came with a scholarship to study in the UK. 'Getting the scholarship brought much prestige to our family,' he recalls. 'Going to the UK was a big dream for most students.'

He moved to Scotland in 1971 for four years of full-time study for the ACCA qualification. A string of exam successes led one of his teachers to introduce him to a partner at Whinney Murray (now part of EY) in Glasgow.

Pradhan then retuned to Nepal and joined a local audit firm, equipping himself with the skills to start his own business. 'I did not see future there, so after my training I opted to take a risk and start my own firm,' he says.

**Succession planning**

Pradhan is now in succession phase, preparing to hand over the reins to the next generation. His son, Abinash Pradhan CA, is the senior manager of the firm, with leadership positions also held by his son-in-law, a CA and partner, and daughter-in-law, an ACCA member and audit manager.

Pradhan is confident that the firm will continue to thrive, thanks in part to its history in the development sector. 'I would like the firm to continue to work in this field and assist in strengthening the audit and financial management in the development sector,' he says, adding that he hopes to continue to guide the firm on a part-time basis. But he also plans to spend plenty of time with his family in 'my small home town located at Tansen, a beautiful hill in the west Nepal'.

Beyond the business he's worked so hard to grow, Pradhan is heartened by the next generation of finance professionals. His advice to them? 'Work hard, have patience and be sincere,' he says. 'Success will follow.'

# काका टेक प्रसाद उदय सत्कर्म



रेणुका देवी श्रेष्ठ



मानव भएर यस धरातलमा जन्मे पछि जन्मभूमिमा सबैले आफ्नो कर्मानुसार कार्य गर्दछ। कोही असली मानवको रूपमा भने कोही मानव आकृतिमा मात्रै।

कर्मको फल आ-आफ्नो तरिकाले सबैले भोगिरहेका हुन्छन्। त्यस्तै तानसेन पाल्पा नारायण टोलका हाम्रा छिमेकी काका टेक प्रसाद उदयज्यूले पनि आफ्नो जीवनलाई सफल पार्नुभएको छ।

हाम्रो नारायण टोलमा कुनै कलधारा जडान गरिएको थिएन। अरू टोलहरू असन टोल, भीमसेन टोल, भगवती टोल आदिमा धारा जडान गरिदिएका थिए। अनि गन्यमान्य ठूलाबडा कहलिएकाहरूको घर घरमा धारा जोडिएको थियो। नारायण टोलमा एउटा सानो मूलधारो थियो काठको। काठ पनि मक्किएको साह्रै फोहर लेउले टम्म हुन्थ्यो। त्यो टोलवासीले त्यही पानी पिउनु पर्दथ्यो। साह्रै दुख कष्ट थियो पानीको। गर्मीको याममा रातभरि पानीको लाइन बसेर पानी भर्नुपर्थ्यो। यस्तो दुख कष्ट देखेर होला काका टेक प्रसाद उदयज्यूले धाराको मर्मत गर्नुभएको हो। त्यो पँधेरोलाई दुनधारा भनिन्छ। त्यो धारा भएको ठाउँ पनि अचम्मको छ चारैतिर पर्खालले घेरिएको आवत-जावत गर्न एउटा सानो ढोका छ बिचमा शिवजीको मन्दिर स्थापना गरिएको छ। सायद त्यो मन्दिर अमर सिंह थापाको पालामा बनाएको होला। मन्दिरको बाहिर पट्टि बास बस्नको लागि एउटा पौवा छ भने उत्तर र दक्षिणपट्टि पोखरी छ। माथिल्लो पोखरीमा पौडी खेलिन्छ भने तल्लो पोखरी सदुपयोगमा आएको छैन। त्यसपछि २२-२३ वटा सिँढी उक्लेपछी नारायणको मन्दिर स्थापना गरिएको छ। त्यस अमर नारायण मन्दिरमा चतुर्मास भरी कथा वाचन हुने र पाका व्यक्तिहरू कथा सुन्न जाने प्रचलन थियो।

दुनधारा भनेपछि सबैले बुझेकै हुन्छ त्यो दुर्दशा अनि पानीको अभाव मनन् गरिकन काका टेक प्रसाद उदयज्यूबाट जीर्णोध्दार भएको साथै धारामा पानी आउने पर्खाल माटोको भित्तालाई प्लाष्टर गराई तीन वटा धारा जडान गराई उहाँले ठूलो पुण्य गर्नुभएको टोलबासी सबैमा विदितै छ। प्राइभेट धारा र टोलटोलमा सरकारी धारा हुने भएपनि एकाबिहानै पानीको आवश्यकता पर्नेहरू बिहानको ३-४ बजेतिर आई त्यहीँको जल भरे भगवानको पूजा आराधना गर्ने चलन थियो। त्यसमा पनि कलधारामा छाला जडान गरिएको भनी विशेष पूजा अर्चना गर्नको लागि एकहत्तर (सानो गाग्री) जल भर्न दुनधारा आउने गर्दथे।

उहाँको चार जना छोराहरू राम प्रसाद, विन्दु नेपाली, ईश्वरी प्रसाद र सरस्वती प्रसाद साथै चार जना छोरीहरू नानुतता, गुह्येश्वरी, बेगम र सानु भन्ने थिए। हाल दुई जना छोरीहरू बेगम र सानु मात्र हुनुहुन्छ।

काकाको पेसा कपडा पसल तथा जडिबुटी थोक बिक्रेता थियो। हिउँदमा बुटवल झर्ने र गर्मी लागे पछि तानसेन बस्ने गर्नुहुन्थ्यो। माहिलो छोरा विन्दु प्रसाद नेपाली शिक्षा क्षेत्रमा कार्यरत हुनुहुन्थ्यो पछि अञ्चलाधीश पनि हुनुभयो भने उहाँकी श्रीमती रूक्मणी नेपाली स्कुलमा शिक्षण पेसामा संलग्न हुनुहुन्थ्यो। तानसेनको टुँडिखेल मैदानमा राजा वीरेन्द्रको शालिक स्थापना विन्दु नेपालीकै सक्रिय नेतृत्वमा भएको थियो।

काकाको महान् सेवा भाव सदा अमर रहनेछ। यस्ता असल काका टेक प्रसादज्यू भौतिक रूपमा संसारबाट बिदा भए पनि उहाँको सत्कर्म सहयोग तानसेनवासी, टोलवासीले बिर्सन सक्दैनन्। उहाँ अमर हुनुहुन्छ । उहाँको कुशल कार्यले अमर बनाएको छ। बैकुण्ठ बास होस्, शान्ति प्राप्त होस् भन्ने कामना गर्दछु।

*- **श्री रेणुका देवी श्रेष्ठ** तानसेन गुठीको आजीवन सदस्य तथा अक्षकोष दाता हुनुहुन्छ ।*

## स्रष्टा र साहित्यिक समाज परिचय

# अग्रणी नारी प्रतिभाः भागीरथी श्रेष्ठ



**शान्ता शाक्य**

### पारिवारिक पृष्ठभूमि

धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक दृष्टिकोणले महत्त्वपूर्ण रूरू क्षेत्र अन्तर्गत रिडी बजार गुल्मीमा २००५ साल असोजमा आमा जानकी देवी बजिमय तथा बुबा राजकुमार श्रेष्ठका एक्ली सुपुत्रीका रूपमा भागीरथी श्रेष्ठको जन्म भएको थियो। सानैदेखि गीत, सङ्गीत, साहित्य, कला आदिमा झुकाब हुनाले हाइस्कुलमा विभिन्न अतिरिक्त क्रियाकलापमा भाग लिने श्रेष्ठले २०२२सालमा एस.एल.सी. गरेपछि उच्च शिक्षाका लागि राजधानी आएर त्रि.वि.वि.बाट स्नातक गरिन्। क्याम्पसमा पढ्दा विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा आफ्ना रचनाहरू प्रकाशित गर्नुका साथै अतिरिक्त क्रियाकलापहरूमा पनि भाग लिने गर्दथिन्। २०२० को दशकमा रिडी बजारमा महिला पौढ कक्षा संचालन गर्दा थुप्रै नाटकहरू रचना गरेका र मञ्चन पनि भएका थिए जसमा उनी स्वयंले कलाकारको भूमिका पनि निभाएकी थिइन्। उनको विवाह पाल्पाका दुर्गा प्रसाद श्रेष्ठसँग २०२६ सालमा भएपछि उनको कर्मभूमि पाल्पा त्यसपछि काठमाडौं भएको थियो। हाल उनी चपलीमा परिवारसँग बस्दै आएकी छिन्। साहित्यप्रति अगाढ स्नेह राख्ने श्रेष्ठलाई आफ्ना श्रीमानको साथसहयोग र प्रेरणा प्राप्त भएको कुरा बताएकी छन्। पहिला पाल्पामा नारी हस्ताक्षर औंलामा गन्न सक्ने स्थिति रहेको थियो। भागीरथी श्रेष्ठ नेपाली साहित्यिक क्षेत्रका एक सुपरिचित, सशक्त एवम् स्थापित नारी प्रतिभा हुन्। उनी भद्र र सरल एवम् शालीन व्यक्तित्व धनी तथा बहुमुखी प्रतिभाशाली साहित्यकार हुन्।

### साहित्यिक व्यक्तित्व

नेपाली साहित्यको उन्नयनमा पाल्पाली नारी साहित्यकारहरूको नाम लिनुपर्दा भागीरथी श्रेष्ठको नाम अग्रपंक्तिमा आउँछ भन्दा फरक नपर्ला। सुरूमा उनले कविता, नाटक लेखे तापनि २०३४ सालदेखि गंभीर भएर यस क्षेत्रमा लागेको बताउँछिन्। विविध विधामा कलम चलाए तापनि उनी मूलतः सशक्त आख्यानकार हुन्।२०२३सालमा 'प्रबल इच्छा' शीर्षकको कथा लेखन पछि उनको साहित्यिक यात्रा प्रारम्भ भएको देखिन्छ भने २०२३ सालमा लुम्बिनी अञ्चल स्तरिय साहित्य सेमिनारमा निबन्ध प्रतियोगितामा प्रथम भई स्वर्ण पदक प्राप्त गरेकी थिइन्। २०४२ सालमा 'गरिमा' पत्रिकामा 'मातृत्व' शीर्षकको कथा छापिए पछि उनी चर्चामा आएकी थिइन्।

आख्यान विधा अन्तर्गत उनले उपन्यास दुई वटा मात्र प्रकशित गरिन् भने कथा संग्रह संख्यात्मक एवम् गुणात्मक रूपमा धेरै नै प्रकाशित गरेकी छन्।

कथा क्षेत्रमा मुख्यतः सामाजिक विषयवस्तुलाई मुख्य पृष्ठभूमि बनाई नारी समवेदना र मनोभावनालाई सुन्दर एवम् आकर्षक ढंगमा प्रस्तुत गरिएको पाइन्छ। जीवनमा घटेका सामान्य घटनालाई टपक्क टिपेर कथा रूप दिन उनी सफल देखिन्छन्। कथामा समाजमा प्रचलित कुरीति, कुसंस्कार एवम् कुपरम्पराबाट मुक्त हुन चाहेको बाटो पहिल्याउन खोज्नु,सामाजिक परिवेश, पारिवारिक समस्या, मातृत्व, वात्सल्यमय भावना, मानवतावादी दृष्टिकोण, नारीले भोग्नुपर्ने बुहार्तन, समर्पण, मानसिक द्वन्द्व, नारी मनस्थितिको उजागर, सम्झौता, नेपाली संस्कार र संस्कृति आदिलाई सरल, सहज एवम् आकर्षक शैलीमा यथार्थ चित्रण गर्न आदि उनका कथात्मक विशेषता हुन्। क्रमशः (२०४२) पहिलो प्रकाशित कथा संग्रह हो भने त्यसपछि विभ्रम (२०५०) मोहदंश (२०४२), भूमिगत (२०६२), रङ्गीन पोखरी (२०५०; लघुकथा संग्रह), रातो गुलाफ (२०६६), समयको अर्को छाल (२०७७), आफ्टर द सनसेट, बालकथा साहित्य अन्तरगत रिमोट कन्ट्रोल, स्वाबलम्बन, घ्याम्पे काका, संस्मरणमा मेरा बा आमा (२०६३) आदि प्रकाशित छन्। त्यस्तै मिर्मिरे कथा सम्पादन, शारदामा कविता अंक आदिमा महत्त्वपूर्ण योगदान पुर्याएको देखिन्छ।

संख्यात्मक रूपमा उपन्यास कम भएता पनि उपन्यास क्षेत्रमा उनको योगदान कम मानिंदैन। नारी चरित्रप्रधान उपन्यास लेख्ने श्रेष्ठ सामाजिक पृष्ठभूमिमा उभिएर नारी मनस्थितिलाई सुन्दर शैलीमा वर्णन गर्ने सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा प्रतिष्ठापित भएकी छन्। नारीका दुःख, पीडा, व्यथा, यातना, अन्याय, जीवन भोगाइ, अनन्तः सम्झौता आदिलाई सहज एवम् सुन्दर ढंगमा उद्घाटन गर्न उनी सफल देखिन्छन्। सामाजिक कुससंस्कार अन्धपरम्परा र धारणालाई विद्रोह गरी सुधारको अपेक्षा राख्ने उनका नारी पात्रहरू पूर्ण विद्रोही नभई कुपरम्परा र अन्यायप्रति लड्न प्रयत्नशील देखिन्छन्। जीवनमा जस्तो कटुता भोग गरे तापनि अन्तमा परिस्थितिसँग सम्झौता गर्नु उनका उपन्यासका

*- तानसेन गुठीका पूर्व अध्यक्ष साहित्यकार **श्री शान्ता शाक्य** पद्मकन्या क्याम्पसमा सह-प्राध्यापक हुनुहुन्छ।*

वैशिष्ट्य छन्। उनको पहिलो उपन्यास 'मालती' (२०३४) हो भने दोस्रो 'यस्तो एउटा आकाश' (२०४६)। 'अग्नि पर्व' (२०६४) हिन्दी उपन्यासको अनुवाद हो। यसरी नेपाली साहित्यको क्षेत्रमा पुर्याएको योगदानस्वरूप उनी विभिन्न मानसम्मान, पदक,पुरस्कार आदिबाट सम्मानित, विभूषित एवम् पुरस्कृत भएका छन्। उनी मानचित्र संचार समूह, पाल्पा वाङ्मय प्रज्ञा प्रतिष्ठान पारिजात स्मृति साहित्य मितेरी सम्मान, गोधूलि साहित्य प्रतिष्ठान, नइ रजत पदक, लिलाध्वज थापा साहित्य सम्मान, रत्नश्री स्वर्ण पदक, लगायत तेह्र संघसंस्थाबाट सम्मानित एवम् विभूषित भएकी छन्।

त्यस्तै मैनाली कथा पुरस्कार, गरिमा पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, नूरगंगा पुरस्कार, महाकवि देवकोटा पुरस्कार, झपट पुरस्कार, सर्वोत्तम टेलिफिल्म पुरस्कार, नेपाली साहित्य रत्न पुरस्कार, नेपाली प्रतिभा प्रतिष्ठान बेलायत, राष्ट्रिय कला श्री पुरस्कार, नेपाली साहित्य नारी रत्न पुरस्कार, साहित्य सन्ध्या पुरस्कार, लक्ष्मीप्रिया जगत बहादुर जोशी स्मृति पुरस्कार, डा. शम्भुमान सिंह साहित्यिक पुरस्कार लगायत ३८ वटा पुरस्कारबाट ससम्मान पुरस्कृत भएकी छन्। उनी गुञ्जन नारी साहित्यिक संस्था, नूरगंगा गुठी, लुम्बिनी संगीत कला साहित्य, रमेश विकल साहित्यिक संस्था, दायित्व साहित्य प्रतिष्ठान आदिमा विभिन्न पदमा आवध्द रही नेपाली साहित्यको श्रीवृध्दिमा सक्रिय रूपमा समर्पित छिन्।

## निष्कर्ष

जन्मथलो गुल्मी कर्मथलो पाल्पा पछि काठमाडौंमा बसी नेपाली साहित्यको उन्नयनमा अनवरत क्रियाशील रही साहित्यप्रति समर्पित श्रेष्ठ पाल्पाली अग्रणी एवम् राष्ट्रिय स्तरमा स्थापित सशक्त साहित्यकार हुन्। उनी पारिजात, प्रेमा शाह, देव कुमारी थापा, तोया गुरूङ, माया ठकुरी, अनिता तुलाधर, जलेश्वरी श्रेष्ठ, पद्मावती सिंह आदि राष्ट्रिय स्तरमा स्थापित समकालीन साहित्यकारहरूकै हाराहारीमा देखापरेकी सुपरिचित एवम् वरिष्ठ साहित्यकार हुन्। विविध विधामा कलम चलाए तापनि उनी आख्यान विधा अन्तर्गत कथा र उपन्यास विधामा सिध्दहस्त देखिन्छन्। भन्नुपर्दा उनी साहित्यकारका एक चम्किलो सशक्त नारी प्रतिभा हुन् भन्नुमा अत्युक्ति नहोला। संस्थात्मक एवम् गुणात्मक हिसाबले आफ्ना समकालीन साहित्यकारहरूका हाराहारीमा उभिन सफल श्रेष्ठको कलमले विश्रान्ति नलागोस् सृजनाको फाँट अझ हराफरा भई झाङ्गियोस् र उनको कलमले अझ सशक्तता पाइराखोस् भनी शुभेक्षाका साथ जीवनको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

## साहित्यिक समाज परिचय

पाल्पामा साहित्यिक उत्थान, सम्वर्धन र संरक्षण गर्ने उद्देश्य राखेर विभिन्न पाल्पा साहित्य समाजकालीन संस्थाहरू स्थापना गरिएको पाइन्छ। पुष्कर राज रेग्मी तथा राजेन्द्र गोपाल सिंहद्वारा लिखित 'पाल्पाको साहित्यिक इतिहास' मा उल्लेख गरेअनुसार पाल्पा साहित्य समाजमा, पाल्पाली समाज पोखरा, वाङ्मय प्रतिष्ठान, पाल्पाली नाट्यकला संस्कृति समूह, शुभनाम सडक नाटक समूह, नारायण युवा क्लव, मानव अधिकार तथा शान्ति समाज पाल्पा, पोखराथोक साहित्य संगम, कला विमर्श केन्द्र, शिक्षा, स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपाल, अखिल नेपाल लेखक संघ, पल्पा विकास केन्द्र, तानसेन भजन संरक्षण समिति, नेनास पाल्पा, त्रिमूर्ति निकेतन पाल्पा, देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान, नेपाल लेखक संघ पाल्पा, लुम्बिनी वाङ्मय प्रतिष्ठान पाल्पा, सम्पदा प्रतिष्ठान, पाल्पा संग्रहालय, अनेसास पाल्पा, नारी उन्नयन तथा विकास प्रतिष्ठान पाल्पा, बग्नासकाली साहित्य परिषद् पाल्पा, नारी साहित्य प्रतिष्ठा पाल्पा, पाल्पाली साइनो चौतारी, घुम्ती सृजना वाचन कार्यक्रम, विश्व नेपाली साहित्य प्रतिष्ठान पाल्पा, शीत काव्य समाज नेपाल लगायत अन्य विभिन्न संघसंस्थाहरू स्थापना भएको उल्लेख गरिएको छ।

उपरोक्त संघसंस्थाहरूले समय समयमा भाषा, साहित्य, संगीत, कला, संस्कृति, स्वास्थ्य आदि क्षेत्रको उन्नयन र संरक्षणका लागि टेवा पुगोस् भन्ने उद्देश्यले अक्षयकोष स्थापना, प्रतिभाहरूलाई प्रोत्साहित र जागरूक गराउन योगदान पुर्याउने व्यक्तित्वहरूलाई सम्मानित गर्ने, सन्देशमूलक नाटक प्रदर्शन, हास्यव्यंग्य कार्यक्रम कविगोष्ठी, कविता र निबन्ध प्रतियोगिता, लेखकीय क्षमता अभिवृध्दि, प्रशिक्षण, स्रष्टा सम्मान, सामाजिक संजालमार्फत सरष्टाहरुको साहित्यिक सृजना र संप्रेसण, विभिन्न पुस्तक विमोचन, पत्रपत्रिका प्रकाशित आदि क्रियाकलाप गरी पाल्पाको साहित्यिक विकासमा योगदान पुर्याउदै आएको देखिन्छ।

## पाल्पा साहित्य समाज

विभिन्न साहित्यिक क्रियाकलापमा सक्रिय रही निरन्तरता दिंदै आइरहेको पाल्पा साहित्य समाज २०५१ सालमा स्थापित साहित्यिक संस्था हो। संस्थापक अध्यक्ष वनमाली निराकार पछि डा. विष्णु खनाल, चित्रवलीराम सुवाल, राजेन्द्र गोपाल सिंह, चिरञ्जीवी शर्मा ढुङ्गाना र वर्तमान अध्यक्ष पुष्कर अथक रेग्मीसम्म आउँदा यस समाजले साहित्यिक उत्थान, अनुसन्धान, सोधखोज, संरक्षण र सम्वर्धनमा निकै फड्को मारिसकेको देखिन्छ। यस समाजले आफ्ना साहित्यिक गतिविधिको दायरालाई सीमित नराखी साहित्यिक अभियानलाई राष्ट्रिय रूपमा व्यापीकरण पनि गरेको छ।

विगतदेखि हालसम्म यस समाजले साहित्यिक संगालो 'जागरण' रजत महोत्सव विशेषाङ्क प्रकाशन, पुस्तक प्रकाशन, विभिन्न अवसरहरूमा हाजिरीजवाफ प्रतियोगिता, कवि गोष्ठी, कवि, लेखक, समीक्षक र साहित्यकारहरूको पहिचान गराउने, चर्चा परिचर्चाको अवसर प्रदान गर्ने, वर्षेनि स्रष्टाहरूको जन्मजयन्तीको अवसरमा साहत्यिक कार्यक्रमहरू गर्ने, पाल्पामा साहित्यको दीगो विकासका लागि संभावनाको खोजी गरी अपिलपत्र जारी गर्ने, प्रथम पटक रजत महोत्सवमा बाजागाजासहित वृहत् साहित्यिक र्यालीको आयोजना, स्रष्टा सम्मान, कदर, अभिनन्दन, अन्तरक्रिया कार्यक्रम आदि विविध साहित्यिक कार्यक्रम गरी पाल्पामा उक्त क्रियाकलापहरूलाई निरन्तरता दिंदै आइरहेको देखिन्छ।

यस समाजले तानसेन गुठीसँग सहकार्य गर्दै तानसेन 'चिनारी' साहित्य तथा संस्कृति अन्तरक्रिया एवम् कविताबाचन कार्यक्रम (२०७९ साल चैत्र १८ गते) सुसम्पन्न गरेको थियो। यस समाजले गुठी सल्लाहकार प्रा.डा. विनोद श्रेष्ठ, आजीवन सदस्यहरू शुभ श्रेष्ठ, अशोक मान सिंह, भरत देउराली, भागीरथी श्रेष्ठ र सदस्य विजय सागरलाई पाल्पाली प्रतिभा पुरस्कारद्वारा पुरस्कृत गरी सम्मानित गरिसकेको छ भने पाल्पा शाखा सदस्य लालकाजी शाक्यलाई पाल्पा साहित्य समाजद्वारा सम्मानित गरिसकेको छ। त्यस्तै गुठीका आजीवन सदस्य शूभ श्रेष्ठद्वारा लिखित 'मधुवन', पुष्कर अथक रेग्मीद्वारा लिखित शुभ श्रेष्ठको संक्षिप्त जीवनी 'अर्पण' प्रकाशित गर्नुका साथै पूर्व अध्यक्ष शान्ता शाक्यको 'अपराजित योध्दा' र 'बादल फाटेपछि', 'दुई कथासंग्रह' प्रकाशित, लोकार्पण र विमर्श कार्य सम्पन्न गरेको छ। त्यस्तै शिक्षा, स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपालद्वारा गुठी आजीवन सदस्य प्रा.डा. सावित्री मल्ल कक्षपती 'कुलमणि देवकोटा प्रतिभा पुरस्कार' र शान्ता शाक्यलाई 'लक्ष्मीप्रिया जगत बहादुर स्मृति पुरस्कारद्वारा पुरस्कृत र पाल्पा साहित्य समाजद्वारा सम्मानपत्र प्रदान गरी सम्मानित पनि गरिसकेको छ। पूर्व अध्यक्ष गृहमान सिंह र हिमाल कसजूलाई विशेष सम्मान अर्पण गरिएको छ।

गुठी संस्थापक सदस्य पूर्व अध्यक्ष हेमन्त राज कोलाक्षपतिबाट उक्त समाजलाई साहित्यिक उत्थानमा प्रोत्साहनस्वरूप रू. २५,०००/- नगद पुरस्कार र संस्थापक एवम् आजीवन सदस्य शम्भुमान सिंहले रू. २०,०००/- नगद पुरस्कार साहित्यकार भागीरथी श्रेष्ठलाई प्रदान गरी सम्मानित गरिएको छ। त्यसैगरी जगत बहादुर- रूद्रबहादुर जोशी साहित्य पुरस्कारबाट पाल्पा सहित्य समाजका अध्यक्ष साहित्यकार पुष्कर अथक रेग्मीलाई पुरस्कृत गरी सम्मान गरिएको छ। यसरी उक्त समाजद्वारा तानसेन गुठीका सदस्यहरू र गुठीद्वारा उक्त समाजलाई पुरस्कृत र सम्मान गरी साहित्यिक समाज र स्रष्टाहरूमा ऊर्जा थप्ने कार्य अगाडि बढाएको देखिन्छ।

अन्तमा उक्त समाजले भविष्यमा साहित्यिक उन्नयनमा टेवा पुग्न सक्ने नवीनतम क्रियाकलापहरू अगाडि बढाउदै लान सकोस्। स्रष्टाहरूको खोजी, पहिचान र प्रोत्साहन दिन सकोस्, साहित्यिक उत्थान, संरक्षण र सम्वर्धनमा अझ प्रभावकारी एवम् उल्लेखनीय योगदान दिन सकोस् भनी हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

तानसेन गुठीले ३१ वर्ष पार गरी ३२औं वर्ष प्रवेशको अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**प्रज्वल प्रसाद कसजू**
**अध्यक्ष**

**एक्सिस** बचत तथा ऋण सहकारी संस्था लि.
**AXIS** SAVING & CREDIT CO-OPERATIVE LTD.

प्यूखा, न्यूरोड, काठमाडौं, नेपाल
फोन नं. ०१-५३६६६४५, ०१-५३४८९८३, इमेलः axis1saving@gmail.com

# तानसेन गुठीमा स्थापित अक्षयकोषहरूलाई फर्केर हेर्दा



जयन्ती श्रेष्ठ

तानसेन, पाल्पाबाट विभिन्न उद्देश्य लिएर काठमाडौंमा आफ्नो पेशा र व्यवसाय गरी बसेका तानसेनवासी बीच सुमधुर स्नेह, मित्रता र भातृत्व कायम गरी पारस्परिक मेलमिलाप र सहयोग अभिवृध्दि गर्दै लैजाने उद्देश्यले २०५१ साल भाद्र १३ गतेका दिन काठमाडौं जिल्ला प्रशासन कार्यालयमा विधिवत दर्ता (दर्ता नं. ८०/०५०/५१) भई हाल विभिन्न कार्यक्रमहरू गर्दै आइरहेको यो गुठी आज ३१औं वर्ष पुरा हुँदैछ। भाद्र कृष्ण नवमीको दिन पाल्पा रणउजीरेश्वरी भगवती माताको रथयात्रा (सिन्दूर जात्रा) गरेको लगतैको शनिबार वा अनुकूल मिलाएर त्यसपछिको शनिबारका दिन तानसेन गुठीको वार्षिक भेला गर्ने प्रचलनलाई हालसम्म निरन्तरता दिइँदै आइरहेको छ।

गुठीको वार्षिक भेलामा भोजको व्यवस्था गर्न आवश्यक पर्ने भाँडाकुँडाहरू खरिद गर्ने उद्देश्यले गुठीका तीनजना सदस्यहरू क्रमशः श्री लक्ष्मण प्रसाद श्रेष्ठबाट रू.१५,०००/, श्री पुष्प प्रधानबाट रू. १५,०००/- र श्री श्यामसुन्दर लाल कक्षपतिबाट रू. २०,०००/- गरी जम्मा रू.५०,०००/- रकम) संकलन गरिएको थियो तर उक्त उद्देश्य अलि अव्यावहारिक भएको हुँदा उक्त रकम (रू.५०,०००/-) छात्रवृत्ति पुरस्कारमा प्रयोग गर्ने निर्णय गरिएको थियो। साथै गुठीका वरिष्ठ सल्लाहकार तथा आजीवन सदस्य मी.सु. श्री नारायण प्रसाद श्रेष्ठज्यूबाट शुरूमा गुठीको सहयोगार्थ रू. २५,०००/- दिने घोषणाको साथै उक्त रकम गुठीलाई प्राप्त भएको थियो। यसरी गुठीको इतिहासमा सबैभन्दा पहिलो छात्रवृत्ति अक्षयकोषको शुरूवात भएको थियो।

यी दुईवटा कोषहरूको जम्मा रकम रू. ७५,०००/- नेपाल हाउजिङ मर्चेन्ट फाइनान्समा गुठीको नाममा मुद्दती खाता खोली जम्मा गरिएको थियो। उक्त कोषको आर्जित व्याजबाट तानसेन नगरभरिका माध्यमिक विद्यालयहरू मध्येबाट एस.एल.सी. परीक्षामा उत्कृष्ट अंक ल्याई उत्तीर्ण हुने एकजना छात्र र एकजना छात्रालाई प्रदान गर्ने उद्देश्यले २०५३ सालमा 'श्रीनगर छात्रवृत्ति पुरस्कार' को स्थापना गरिएको थियो। यसप्रकार गुठीमा अक्षयकोष स्थापना गरी छात्रवृत्ति पुरस्कार प्रदान गर्ने प्रचलनको सुरूवात भएको थियो।

'शिक्षा नै विकासको मूल आधार हो, शिक्षा विना देशको चौतर्फी विकास सम्भव छैन' भन्ने मूलमन्त्रलाई अङ्गिकार गरी विद्यार्थीहरूलाई विशेष प्रोत्साहन मिलोस् भन्ने उद्देश्यले तानसेन गुठीले २०५३ सालदेखि आफ्नो हरेक वार्षिक भेलाका दिन उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई विभिन्न छात्रवृत्ति पुरस्कार प्रदान गर्ने परम्परालाई कायमै राख्दै आएको छ।

श्रीनगर छात्रवृत्ति पुरस्कारको नाममा दिइँदै आएको उक्त पुरस्कार २०५८ सालदेखि कोषमा रकम थप गरी 'तानसेन गुठी छात्रवृत्ति पुरस्कार' को नामबाट काठमाडौंमा बसोबास गरेका गुठी सदस्य परिवारहरूमध्ये एस.एल.सी. परीक्षामा सर्वोकृष्ट अंक ल्याई उत्तीर्ण हुने एकजना छात्र र एकजना छात्रा (जम्मा दुइजना)लाई उक्त छात्रवृत्ति पुरस्कार प्रदान गरिँदै आएको थियो ।

साथै मी.सु. नारायण प्रसाद श्रेष्ठबाट शुरूमा प्राप्त सहयोग रकम रू.२५,०००/- 'नारायण-सरोज अक्षयकोष'को स्थापना गरी २०५८ साल देखि तानसेनस्थित सामुदायिक स्कुलहरूमा अध्ययनरत आर्थिक अवस्था कमजोर, दलित र जेहेन्दार छात्रालाई मात्र 'नारायण-सरोज छात्रवृत्ति पुरस्कार' प्रदान गरिँदै आइरहेको छ।

यसरी २०५३ सालदेखि हाल २०८१ साल सम्ममा जम्मा ५९ वटा अक्षयकोषहरूबाट बुटवल, तानसेन, पाल्पा र काठमाडौंमा विभिन्न शैक्षिक छात्रवृत्ति पुरस्कार, स्वास्थ्य सहयोग, धार्मिक तथा सांस्कृतिक र पर्यटन क्षेत्रमा सहयोगहरू तथा सम्मानहरू गरिँदै आएको छ। यसरी विभिन्न व्यक्तित्वहरूलाई सम्मान तथा पुरस्कृत गर्नको लागि गुठीका सदस्यहरूले स्थापना गर्नुभएका अक्षयकोषबाट आर्जित व्याज रकमबाट वितरण गरिंदै आएको सहयोगहरूमध्ये यसपटक शैक्षिक छात्रवृत्ति पुरस्कारबारे मात्र जानकारी गराउने प्रयास गरेकी छु।

*- तानसेन गुठीको वार्षिक प्रकाशन चिनारीका प्रधान सम्पादक **श्री जयन्ती श्रेष्ठ** पद्मकन्या क्याम्पसमा सहप्राध्यापक हुनुहुन्छ ।*

## १. श्रीनगर छात्रवृत्ति २०५३

- तानसेन नगरबाट एस.एल.सी. परीक्षामा सर्वोत्कृष्ट अंक ल्याई उत्तीर्ण हुने एकजना छात्र र एकजना छात्रा (जम्मा दुईजना) लाई प्रदान गरिने ।
- अक्षयकोष दाताहरू: लक्ष्मण प्रसाद श्रेष्ठ, पुष्प प्रधान र श्यामसुन्दर लाल कक्षपति
- **२०५७ मा कोषको नाम परिवर्तन: 'तानसेन गुठी छात्रवृत्ति पुरस्कार'**
- **२०६७ मा कोषको नाम पुन: 'श्रीनगर छात्रवृत्ति',**
- तानसेनमा प्रदान गरिँदै आएको उक्त पुरस्कार २०५७ सालदेखि काठमाडौंमा प्रदान गरिएको ।
- २०५३ सालमा रू. ५०,०००/- बाट स्थापना गरिएको यस अक्षयकोषमा २०८० सालमा थप गरिएको रकम रू. १,००,०००/- गरी जम्मा रू १,५०,०००/- बनाइएको छ ।

| क्रसं. | पुरस्कृत व्यक्ति | विद्यालय | साल | कैफियत |
|---|---|---|---|---|
| १. | क) सुजन अधिकारी<br>ख) दिव्या शर्मा | क) सेन मा.वि.<br>ख) मोहनकन्या मा.वि. | २०५३ | श्रीनगर छात्रवृत्ति (तानसेनमा वितरण) |
| २. | क) भूषण खनाल<br>ख) आभा श्रेष्ठ | क) प.प.न.ब.मा.वि.<br>ख) पाल्पा आवासीय मा.वि. | २०५४ | श्रीनगर छात्रवृत्ति (तानसेनमा वितरण) |
| ३. | क) निर्मल पन्थी<br>ख) निशा कार्की | क) जनता मा.वि.<br>ख) न्यू होराइजन बो. स्कुल | २०५५ | श्रीनगर छात्रवृत्ति (तानसेनमा वितरण) |
| ४. | क) सुन्दर कुँवर<br>ख) सृजना भट्टराई | क) न्यू होराइजन बो. स्कुल<br>ख) जनता मा.वि. | २०५६ | श्रीनगर छात्रवृत्ति (तानसेनमा वितरण) |
| ५. | क) दीपक श्रेष्ठ<br>ख) सरोज वस्याल | क) नेपाल इ.प्रिपरेटरी स्कुल<br>ख) न्यू होराइजन बो. स्कुल | २०५७ | श्रीनगर छात्रवृत्ति (तानसेनमा वितरण) |
| ६. | क) उत्सव श्रेष्ठ<br>ख) सुम्नी कक्षपति | क) द इलाइट्स को-एजुकेसन मावि<br>ख) शुभतारा स्कूल | २०५७ | **'तानसेन गुठी छात्रवृत्ति'**<br>यस वर्ष देखि काठमाडौंमा वितरण |
| ७. | क) कौशल नारायण श्रेष्ठ<br>ख) शुभा वैश्यत |  | २०५८ | तानसेन गुठी छात्रवृत्ति |
| ८. | क) युजलमान सिंह<br>ख) सुजना श्रेष्ठ | क) गण्डकी आवासीय मा.वि.<br>ख) वृहस्पति मा.वि. | २०५९ | तानसेन गुठी छात्रवृत्ति |
| ९. | क) किर्तन थैव<br>ख) सम्पदा मल्ल | क) जेम्स् स्कूल<br>ख) ग्यालेक्सी स्कूल | २०६० | तानसेन गुठी छात्रवृत्ति |
| १०. | क) कृषा श्रेष्ठ | क) बुढानिलकण्ठ स्कूल | २०६१ | तानसेन गुठी छात्रवृत्ति |
| ११. | क) निशेष राज श्रेष्ठ<br>ख) सृष्टीना प्रधान | क) जेम्स स्कूल<br>ख) ग्यालेक्सी पब्लिक स्कूल | २०६२ | तानसेन गुठी छात्रवृत्ति |
| १२. | क) गौरव गोंगल<br>ख) मिलन सिंह<br>ग) सीजु सिंह | क) जेम्स स्कूल<br>ख) कान्तिपुर स्कूल<br>ग) सेन्ट मेरिज स्कूल | २०६३ | तानसेन गुठी छात्रवृत्ति (ख. र ग. को बराबर प्राप्ताङ्क) |
| १३. | क) उत्कृष्ट श्रेष्ठ<br>ख) इशानी श्रेष्ठ | क) वृहस्पति मा.वि.<br>ख) शुभतारा स्कूल | २०६४ | तानसेन गुठी छात्रवृत्ति |
| १४. | क) अनुराग गोंगल<br>ख) निकी श्रेष्ठ | क) जेम्स स्कूल<br>ख) जेम्स स्कूल | २०६५ | तानसेन गुठी छात्रवृत्ति |

| क्रसं. | पुरस्कृत व्यक्ति | विद्यालय | साल | कैफियत |
|---|---|---|---|---|
| १५. | क) जेनिशा श्रेष्ठ<br>ख) अमिध श्रेष्ठ | क) ग्यालेक्सी पब्लिक स्कूल<br>ख) श्री दिवा इन्टरनेसनल स्कूल | २०६६ | तानसेन गुठी छात्रवृत्ति |
| १६. | क) अल्विन नापित<br>ख) विनिशा गोंगल | क) आदर्श विद्या मन्दिर मावि<br>ख) मोडर्न इ. स्कूल | २०६७ | **'तानसेन गुठी छात्रवृत्ति'** को नाम यस वर्ष देखि **'श्रीनगर छात्रवृत्ति'** |
| १७. | क) रौनक श्रेष्ठ<br>ख) सेलिना श्रेष्ठ | क) वृहस्पति विद्या सदन<br>ख) बुढानिलकण्ठ स्कूल | २०६८ | श्रीनगर छात्रवृत्ति |
| १८. | क) आकृति प्रधान | क) ग्रिनल्याण्ड एकेडेमी | २०६९ | श्रीनगर छात्रवृत्ति |
| १९. | क) निर्वाण शाक्य<br>ख) अनुकृति श्रेष्ठ | क) नाइटिङ्गल स्कूल<br>ख) सेन्टमेरिज स्कूल | २०७० | श्रीनगर छात्रवृत्ति |
| २०. | क) अक्षया श्रेष्ठ<br>ख) सृजन बज्राचार्य | क) डिएभी सुशिल केडिया<br>ख) क्याम्ब्रिज प. हाइस्कूल | २०७१ | श्रीनगर छात्रवृत्ति |
| २१. | क) अविनाश मान कर्माचार्य<br>ख) शामिन श्रेष्ठ | क) आदर्श विद्या मन्दिर<br>ख) लर्निङ रियलम स्कूल | २०७२ | श्रीनगर छात्रवृत्ति |
| २२. | क) निष्ठा शाक्य | क) नाइटिङ्गल सेकेण्डरी स्कूल | २०७३ | श्रीनगर छात्रवृत्ति |
| २३. | क) रिजु श्रेष्ठ<br>ख) आकर्षण प्रधान | क) सेन्टमेरिज स्कूल<br>ख) नाइटिङ्गल सेकेण्डरी स्कूल | २०७४ | श्रीनगर छात्रवृत्ति |
| २४. | क) नन्दिता कर्माचार्य<br>ख) सुलभ गोविन्द श्रेष्ठ | क) रोजवड स्कूल<br>ख) सोमाङ्ग एकेडेमी ठेचो | २०७५ | श्रीनगर छात्रवृत्ति |
| २५. | क) अनिमेष मान वैश्यत<br>ख) दिब्या ऐल्के थान्जू | क) काठमाडौं मोडेल स्कूल<br>ख) वृहस्पति विद्या सदन | २०७६ | श्रीनगर छात्रवृत्ति |
| २६. | क) आरोग्य कर्माचार्य | क) रोजबड स्कूल | २०७७ | श्रीनगर छात्रवृत्ति |
| २७. | क) आवर्तन मान कर्माचार्य<br>ख) विवेक्षा जोशी | क) यूनाइटेड स्कूल<br>ख) काठमाडौं युनिभर्सिटी स्कूल | २०७८ | श्रीनगर छात्रवृत्ति |
| २८. | क) विमर्श मुनन्कमी | क) द चाँदबाग स्कूल | २०७९ | श्रीनगर छात्रवृत्ति<br>(छात्राको नाम नआएको) |
| २९. | | | २०८० | कसैको आवेदन नआएको |
| ३०. | क) दीपंकर राज बज्राचार्य<br>ख) रिद्धिमा मास्के | | २०८१ | |

## २. 'नारायण-सरोज छात्रवृत्ति' २०५८

- अक्षयकोषदाताः मी.सु. नारायण प्रसाद श्रेष्ठ/सरोजिनी श्रेष्ठ
- तानसेन नगरक्षेत्रको सरकारी स्कूलमा अध्ययन गरिरहेका आर्थिक अवस्था कमजोर दलित, जेहेन्दार छात्राको लागि मात्र वर्षभरि लाग्ने स्कुलको शुल्क प्रदान गरिने।
- शुरूमा २०५३ सालमा रू.२५,०००/-, २०५९ सालमा दुई पटक रू. १,५०,०००/- + रू. ५५,०००/-, २०६१ सालमा रू. १,००,०००/-, २०७५ सालमा रू.२,२५,०००/- र २०८० सालमा रू.४,४४,४४४/- रकम थप गरी कूल कोष रकम जम्मा रू. ९,९९,९९९/- हुन पुगेको छ।
- वि.सं. २०५३ मा गुठीलाई सहयोगको रूपमा रू.२५,०००/- जम्मा गरिएको रकमको व्याज २०५७ सालसम्म श्रीनगर छात्रवृत्तिमा समावेश गरिएको

| क्रसं. | पुरस्कृत विद्यार्थी | विद्यालय | साल | कैफियत |
|---|---|---|---|---|
| १. | क) कल्पना नेपाली<br>ख) पुनम वराह | क) जनता न. उमावि<br>ख) मोहन कन्या मावि | २०५८ | |
| २. | क) सुनिता सुनार<br>ख) प्रमिला गन्धर्व | क) महेन्द्रवोधि मा.वि.<br>ख) प.प.न.उ.मा.वि. | २०५९ | |
| ३. | क) विना गन्धर्व<br>ख) प्रियन्का वि.क.<br>ग) सृजना गजमेर | क) सेन उ.मा वि<br>ख) सेन उमावि<br>ग) मोहन कन्या मावि | २०६० | कक्षा ९ मा अध्ययनरत |
| ४. | क) मिना वि.क.<br>ख) पुनम रतन<br>ग) कृष्ण कुमारी दर्जी | क) जनता न. उमावि<br>ख) जनता न. उमावि<br>ग) मोहन कन्या मावि | २०६१ | कक्षा ९ मा अध्ययनरत |
| ५. | क) कृष्ण कुमारी बि.क. | क) प.प.नमूना उ.मा.वि. | २०६२ | कक्षा ९ |
| ६. | क) सरिता नेपाली | क) सेन उ मा वि | २०६३ | कक्षा ९ |
| ७. | क) निलिमा लामिछाने | क) महेन्द्रवोधि मा.वि. | २०६४ | कक्षा ९ |
| ८. | क) निलिमा लामिछाने | क) महेन्द्रवोधि मा.वि. | २०६५ | कक्षा १० |
| ९. | क) रविना परियार | क) सेन उ मा वि | २०६६ | |
| १०. | क) सविना परियार | क) सेन उ मा वि | २०६७ | |
| ११. | क) निमकला नेपाली | क) जनता न. उमावि | २०६८ | |
| १२. | क) विपना विश्वकर्मा | क) महेन्द्र बोधी उ.मा.वि. | २०६९ | |
| १३. | क) मधु विश्वकर्मा | क) सेन उ मा वि | २०७० | |
| १४. | क) कुसुम वि.क. | क) श्री जनप्रिय मा. वि. | २०७१ | |
| १५. | क) रञ्जना परियार<br>ख) अञ्जली वि.क.<br>ग) सृजना गाइने | क) सेन उ मा वि<br>ख) देववाणी संस्कृत मावि<br>ग) महेन्द्र बोधीमा.वि. | २०७२ | कक्षा ९<br>कक्षा १०<br>कक्षा ९ |
| १६. | क) सचिना वि.क.<br>ख) प्रतिज्ञा गुप्ता | क) लक्ष्मी उ.मा.वि.<br>ख) मोहनकन्या मा. वि | २०७३ | कक्षा ९<br>कक्षा १ |
| १७. | क) स्वस्तिका दमाई | क) महेन्द्रबोधि मा.वि. | २०७४ | कक्षा ९ |
| १८. | क) वन्दना वि.क. | क) महेन्द्रबोधि उ.मा.वि. | २०७५ | कक्षा १२ |
| १९. | क) सिता साठीघरे | क) महेन्द्रबोधि उ.मा.वि. | २०७६ | कक्षा ९ |
| २०. | | | २०७७ | नाम प्राप्त नभएको |
| २१. | क) कुसुम रेग्मी | क) महेन्द्रबोधि उ.मा.वि. | २०७८ | कक्षा ९ |
| २२. | क) पुष्पा लिम्बु | क) महेन्द्रबोधि उ.मा.वि. | २०७९ | कक्षा ९ |
| २३. | क) मधु श्रीस | क) सेन मा. वि. | २०८० | कक्षा ९ |
| २४. | क) कमला राना | क) सेन मा. वि. तानसेन | २०८१ | कक्षा ९ |

## ३. श्याम-रत्न स्मृति छात्रवृत्ति २०५७

अक्षयकोष दाताः डा.युगलकृष्ण, ई.शंकरकृष्ण, ई.लक्ष्मणकृष्ण, डा. ओमकष्ण, डा. महावीर र ई. नारायणकृष्ण मल्ल

तानसेन नगरपालिका भित्रका हाइस्कुलमध्येबाट एस.एल.सी.मा सर्वोच्च अंक ल्याई उत्तीर्ण हुने एकजना छात्र र एकजना छात्रालाई पुरस्कृत गर्ने।

२०७४ सालदेखि १०+२ विज्ञान परीक्षामा सर्वोच्च अंक ल्याई उत्तीर्ण हुने एकजना छात्र र एकजना छात्रालाई प्रदान गरिने

| क्रसं. | पुरस्कृत विद्यार्थी | विद्यालय | साल | कैफियत |
|---|---|---|---|---|
| १. | क) अरविन्द पन्थी<br>ख) चाँदनी बस्याल | क) न्यू होराइजन इङ्गलिस बो.स्कूल<br>ख) न्यू होराइजन इङ्गलिस बो.स्कूल | २०५८ | |
| २. | क) आशिष रग्मी<br>ख) स्नेहलता सैंजू | क) न्यू होराइजन इङ्गलिस बो.स्कूल<br>ख) न्यू होराइजन इङ्गलिस बो.स्कूल | २०५९ | |
| ३. | क) शुसिल घिमिरे<br>ख) प्रिश्का खड्का | क) न्यू होराइजन इङ्गलिस बो.स्कूल<br>ख) न्यू होराइजन इङ्गलिस बो.स्कूल | २०६० | |
| ४. | क) विवेक कार्की<br>ख) सन्सीता लिगल | क) न्यू होराइजन इङ्गलिस बो.स्कूल<br>ख) न्यू होराइजन इङ्गलिस बो.स्कूल | २०६१ | |
| ५. | क) विजय रायमाझी<br>ख) अम्बिका काफ्ले | क) न्यू होराइजन इङ्गलिस बो.स्कूल<br>ख) न्यू होराइजन इङ्गलिस बो.स्कूल | २०६२ | |
| ६. | क) अभय राज शाक्य<br>ख) सुजाता घिमिरे | क) पाल्पा आवासीय स्कूल<br>ख) न्यू होराइजन इङ्गलिस बो.स्कूल | २०६३ | |
| ७. | क) अशोक भट्टराई<br>ख) प्रियंका भण्डारी र रीजा महर्जन | क) न्यू होराइजन इङ्गलिस बो.स्कूल | २०६४ | ख) दुइजना छात्राहरूले समान अंक ल्याएको |
| ८. | क) किशोर भट्टराई<br>ख) प्रशंसा शाक्य | क) प.प.न.उ.मा.वि.<br>ख) न्यू होराइजन इ. बो.स्कूल | २०६५ | |
| ९. | क) संगित पन्त<br>ख) अर्पणा रेग्मी | क) पाल्पा आवासिय उमावि<br>ख) न्यू होराइजन इ. बो.स्कूल | २०६६ | |
| १०. | क) विशाल न्यौपाने<br>ख) सेजल उदय | क) न्यू होराइजन इ. बो.स्कूल<br>ख) सेन्ट क्यापिटल ओ.से. स्कूल | २०६७ | |
| ११. | क) सम्झना थापा<br>ख) ललित पुन | ख) न्यू होराइजन इ. बो.स्कूल | २०६८ | |
| १२. | क) गौरव पौडेल<br>ख) रश्मिता घिमिरे | क) न्यू होराइजन इ. बो.स्कूल<br>ख) न्यू होराइजन इ. बो.स्कूल | २०६९ | |
| १३. | क) अस्मिता कार्की<br>ख) विकाश वस्याल | क) न्यू होराइजन इ. बो.स्कूल<br>ख) न्यू होराइजन इ. बो.स्कूल | २०७० | |
| १४. | क) सुस्मिता पाण्डे<br>ख) आदर्श घिमिरे | क) न्यू होराइजन इ. बो.स्कूल<br>ख) न्यू होराइजन इ. बो.स्कूल | २०७१ | |
| १५. | क) स्वस्तिका भट्टराई<br>ख) अमृत बस्याल | क) बेथल इङ्ग्लिस बो. स्कूल<br>ख) न्यूहोराइजनइ.बो.स्कूल | २०७२ | |
| १६. | क) प्रतिक दिवकोटा, सन्तोष बस्याल र सुजन अधिकारी<br>ख) सोनु सुवाल र सुस्मिता बराल | क) न्यू होराइजन इ. बो. स्कूल<br>ख) पाल्पा आवासीय उ.मा.वि. | २०७३ | छात्राहरूले समान अंक ल्याएको |

| क्रसं. | पुरस्कृत विद्यार्थी | विद्यालय | साल | कैफियत |
|---|---|---|---|---|
| १७. | क) कसम पोखरेल<br>ख) सञ्जु रायमाझी | क) जनता उ मा वि<br>ख) जनता उ मा वि | २०७४ | **यो वर्ष देखि १०+२ को आधारमा** |
| १८. | | | २०७५ | अर्को वर्ष प्रदान गरिने |
| १९. | क) भावना बस्याल<br>ख) अशिम थापा | क) मिलेनियम से. स्कूल<br>ख) मिलेनियम से. स्कूल | २०७६ | |
| २०. | | | २०७७ | नाम प्राप्त नभएको |
| २१. | क) सागर गिरी<br>ख) खुशी ज्ञवाली | क) मिलेनियम से. सकूल<br>ख) न्यू होराइजन बो.स्कूल | २०७८ | |
| २२. | क) दानु मश्राङ्गी<br>ख) शशांक थापा क्षेत्री | क) न्यू होराइजन बो.स्कूल<br>ख) न्यू होराइजन बो.स्कूल | २०७९ | |
| २३. | क) तुषार कालिकोटा<br>ख) निशा खासु मगर | क) न्यू होराइजन बो.स्कूल<br>ख) पाल्पा आवासीय उ.मा.वि. | २०८० | |
| २४. | क) सुरभी घिमिरे<br>ख) विराट न्यौपाने | क) पाल्पा आवासिय मा.वि.<br>ख) दमकडा मा.वि. | २०८१ | |

## ४. पद्मचन्द श्रेष्ठ स्मृति छात्रवृत्ति २०५७

- अक्षयकोष दाताः चन्द्रलक्ष्मी श्रेष्ठ
- काठमाडौंमा बसोबास गरेका गुठी सदस्य परिवारका छोरा वा छोरीमध्ये आइ.एस्सी, आइ.ए. र आइ.कम.को परीक्षामा सर्वोकृष्ट अंक ल्याई उत्तीर्ण हुने एक/ एक जना विद्यार्थीलाई प्रदान गरिने।
- २०७४ सालदेखि १०+२ विज्ञान परीक्षामा उत्तीर्ण हुने एकजना छात्र र एकजना छात्रालाई प्रदान गरिने।
- कोषदाताबाट उक्त उद्देश्य परिवर्तन गरी २०८० सालदेखि गुठी सदस्य परिवारका छोरा र छोरी (दुईजना)लाई नेपालबाट कृषि तथा पशुपंछी विषयमा १०+२ तहको परीक्षामा सर्वाधिक अंक ल्याई उत्तीर्ण हुनेलाई प्रदान गर्ने।

| क्रसं. | पुरस्कृत विद्यार्थी | विद्यालय | साल | कैफियत |
|---|---|---|---|---|
| १. | क) प्रणवमान सिंह<br>ख) निरूपा सिंह<br>ग) चारू श्रेष्ठ | क) सेन्ट जेभियर<br>ख) नेसनल कलेज<br>ग) भि.एस. निकेतन | २०५८ | क) विज्ञान<br>ख) व्यवस्थापन<br>ग) मानविकी |
| २. | क) अर्जिना प्रधान | ख) लिटिल एन्जल स्कूल | २०५९ | क) विज्ञान<br>ख) नाम प्राप्त नभएको |
| ३. | क) दिपक श्रेष्ठ<br>ख) सुरूची सिंह | क) बर्नहार्ट से. स्कूल<br>ख) जेभियर एकेडेमी | २०६० | क) विज्ञान<br>ख) वाणिज्य |
| ४. | क) कौशल श्रेष्ठ<br>ख) विवेक श्रेष्ठ | क) सेन्ट जेभियर्स कलेज<br>ख) नेसनल कलेज फर हाइयर एजुकेसन | २०६१ | क) विज्ञान<br>ख) वाणिज्य<br>ग) नाम प्राप्त नभएको |
| ५. | क) युजलमान सिंह<br>ख) सृष्टी मल्ल | क) जेभियर्स एकेडेमी<br>ख) सेन्टमेरिज उ.मा.वि. | २०६२ | क) विज्ञान<br>ख) वाणिज्य<br>ग) नाम प्राप्त नभएको |
| ६. | क) रोजा सिंह<br>ख) आभा सिंह<br>ग) पल्लवी वैश्यत | क) जेभियर्स एकेडेमी<br>ख) युनाइटेड एकेडेमी<br>ग) सेन्ट मेरिज उ.मा.वि. | २०६३ | क) विज्ञान<br>ख) वाणिज्य<br>ग) मानविकी |

| क्रसं. | पुरस्कृत विद्यार्थी | विद्यालय | साल | कैफियत |
|---|---|---|---|---|
| ७. | क) कुशल प्रधान | क) नेशनल इन्स्टिच्यूट अफ साइन्स | २०६४ | क) विज्ञान<br>वाणिज्य र मानविकीबाट प्राप्त नभएको |
| ८. | क) निशेष राज श्रेष्ठ र सृष्टिना प्रधान<br>ख) मनदिपमान सिंह | क) डन बक्स उ.मा.वि. र काठमाडौं युनिभर्सिटी<br>ख) युनाइटेड एकेडेमी | २०६५ | क) विज्ञान<br>ख) वाणिज्य |
| ९. | क) ममता कर्माचार्य<br>ख) सीजु सिंह<br>ग) गौरव गोंगल<br>घ) मिनल सिंह | क) काठमाडौं मोडेल स्कूल<br>ख) सेन्ट जेभियर्स कलेज<br>ग) सेन्ट जेभियर्स कलेज<br>घ) क्यापिटल से.स्कूल | २०६६ | क) विज्ञान<br>ख) विज्ञान<br>ग) विज्ञान<br>घ. वाणिज्य |
| १०. | क) उत्कृष्ट श्रेष्ठ<br>ख) शिखा श्रेष्ठ | क) सेन्ट जेभियर्स<br>ख) प्रसादी एकेडेमी | २०६७ | क) विज्ञान<br>ख) विज्ञान<br>वाणिज्य र मानविकीबाट प्राप्त नभएको |
| ११. | क) अनुराग गोंगल<br>ख) रति पसखल | क) जेम्स ई. उ.मा.वि.<br>ख) ख्वप उ.मा.वि. | २०६८ | क) विज्ञान<br>ख) व्यवस्थापन |
| १२. | क) प्रियन्का सुवाल<br>ख) विनिशा गोंगल<br>ग) रिया श्रेष्ठ | क) ट्रिनिटी इन्टरनेशनल<br>ख) मोडर्न इन्डियन स्कूल<br>ग) युनाइटेड एकेडेमी | २०६९ | क) विज्ञान<br>ख) विज्ञान<br>ग) व्यवस्थापन |
| १३. | क) दिव्यांशु श्रेष्ठ<br>ख) नम्रता श्रेष्ठ<br>ग) भिक्टर थान्जू | क) रातो बंगला स्कूल<br>ख) नेशनल इन्स्टिच्यूट अफ साइन्स<br>ग) मोडर्न इन्डियन स्कूल | २०७० | क) विज्ञान<br>ख) विज्ञान<br>ग) व्यवस्थापन |
| १४. | | | २०७१ | परीक्षाफल प्रकाशित नसकेको |
| १५. | क) आकृति प्रधान<br>ख) विवेक श्रेष्ठ | क) ट्रिनिटी इन्टरनेशनल उमावि<br>ख) न्यू होराइजन स्कूल | २०७२ | क) विज्ञान<br>ख) व्यवस्थापन |
| १६. | क) सुजन बज्राचार्य<br>ख) जेमी श्रेष्ठ | क) निष्ट कलेज<br>ख) सेन्टमेरिज मा.वि | २०७३ | क) विज्ञान<br>ख) मानविकी |
| १७. | | | २०७४ | नाम प्राप्त नभएको |
| १८. | क) अविनाशमान श्रेष्ठ<br>ख) शामिन श्रेष्ठ | क) सेन्ट जेभियर्स कलेज<br>ख) काठमाण्डौं मोडेल स्कूल | २०७५ | क) विज्ञान<br>ख) विज्ञान |
| १९. | क) रिजु श्रेष्ठ<br>ख) स्वष्तिका श्रेष्ठ | क) काठमाण्डौं मोडेल स्कूल<br>ख) सेन्टमेरिज मा.वि. | २०७६ | क) विज्ञान<br>ख) व्यवस्थापन |
| २०. | क) आकर्षण प्रधान | क) काठमाडौं इन्स्टिच्यूट से. स्कूल | २०७७ | क) विज्ञान<br>ख) नाम प्राप्त नभएको |
| २१. | क) नन्दिता कर्माचार्य | क) युलियन्स से. स्कूल | २०७८ | क) व्यवस्थापन |
| २२. | क) स्वर्णिम सेन श्रेष्ठ<br>ख) रिशाल राज मास्के | क) काठमाडौं वर्ड से. स्कूल<br>ख) युनि ग्लोबल से. स्कूल | २०७९ | क) विज्ञान<br>ख) व्यवस्थापन |
| २३. | | | २०८० | आवेदन नआएको |
| २४. | | | २०८१ | आवेदन नआएको |

## ५. दिव्यमान वैश्यत स्मृति छात्रवृत्ति २०५७

- अक्षयकोष दाताः प्रदिपमान वैश्यत/ सुधिरमान वैश्यत
- तानसेनस्थित प.प.नमूना उ.मा.वि.बाट एस.एल.सी.मा उत्कृष्ट अंक ल्याउने विद्यार्थी एकजनालाई प्रदान गरिने।
- २०७४ सालदेखि तानसेनस्थित प.प.नमूना उ.मा.वि.बाट एस.इ.इ.मा उत्कृष्ट अंक ल्याउने विद्यार्थी एकजनालाई प्रदान गरिने।

| क्रसं. | पुरस्कृत विद्यार्थी | साल | कैफियत |
|---|---|---|---|
| १. | विनायक घिमिरे | २०५८ | |
| २. | अमृत काफ्ले | २०५९ | |
| ३. | सपना गैरे | २०६० | |
| ४. | सिध्दार्थ शंकर चौधरी | २०६१ | |
| ५. | विपना पौडेल | २०६२ | |
| ६. | टंक प्रसाद भुषाल | २०६३ | |
| ७. | द्रोणाचार्य भुषाल | २०६४ | |
| ८. | किशोर भट्टराई | २०६५ | |
| ९. | निश्चल श्रेष्ठ | २०६६ | |
| १०. | सविना जि.सी. | २०६७ | |
| ११. | सुवास जि.सी. | २०६८ | |
| १२. | नारायण शर्मा | २०६९ | |
| १३. | पदम गाहा | २०७० | |
| १४. | वीरेन्द्र घर्ती मगर | २०७१ | |
| १५. | अञ्जु दर्लामी | २०७२ | |
| १६. | विमल गाहा | २०७३ | |
| १७. | डिल्लीराम बस्याल | २०७४ | यस वर्षदेखि एस.इ.इ.लाई दिइएको |
| १८. | अनिल सारू | २०७५ | |
| १९. | सागर गाहा | २०७६ | |
| २०. | | २०७७ | नाम प्राप्त नभएको |
| २१. | अमन कार्की | २०७८ | |
| २२ | अमन वर्मा | २०७९ | |
| २३. | निशा आले | २०८० | |
| २४. | मुस्कान सोनी | २०८१ | |

## ६. जीतगोविन्द-चन्द्रकुमारी स्मृति छात्रवृत्ति २०६१

- अक्षयकोष दाताः डा. निरज गोविन्द श्रेष्ठ/ गोविन्द परिवार
- जनता उ.मा.वि. तानसेनबाट एस.एल.सी. परीक्षामा र कक्षा ५ मा सर्वाधिक अंक ल्याउने दुईजना छात्राहरूलाई पुरस्कृत गर्ने (२०७४ सालदेखि एस.इ.इ. उत्तीर्णलाई पुरस्कृत गर्ने)

| क्रसं. | पुरस्कृत विद्यार्थी | साल | कैफियत |
|---|---|---|---|
| १. | क) करिश्मा सिंह<br>ख) योगमाया थापा मगर | २०६१ | क) एस.एल.सी.<br>ख) ५ कक्षा उत्तीर्ण गरी ६ मा अध्ययनरत |
| २. | क) सन्ध्या आचार्य<br>ख) दिपीका शाक्य | २०६२ | क) एस.एल.सी.<br>ख) ५ कक्षा उत्तीर्ण गरी ६ मा अध्ययनरत |
| ३. | क) ममता ज्ञवाली<br>ख) सन्जु राना | २०६३ | क) एस.एल.सी.<br>ख) ५ कक्षा उत्तीर्ण गरी ६ मा अध्ययनरत |
| ४. | क) रञ्जु सिंह<br>ख) दीपा पौडेल | २०६४ | क) एस.एल.सी.<br>ख) ५ कक्षा उत्तीर्ण गरी ६ मा अध्ययनरत |
यो प्रतिवेदन कार्यान्वयनको मुख्य जिम्मेवारी नगरपालिकाकै हुनेछ। यस कार्यान्वयनका लागि तानसेन गुठी, काठमाडौं र पाल्पा सरोकार समाजले उत्प्रेरकको भूमिका निर्वाह गर्नेछन्। नगरप्रमुख सन्तोष लाल श्रेष्ठले यसअघि नै यसको कार्यान्वयनमा प्रतिबद्धता जनाइ सक्नुभएको छ।नगरप्रमख, उपप्रमुख लगायत ता.न.पा.का टोलीले अध्ययनका क्रममा देखाएको सक्रियताले सरोकारवाला सबैलाई हौसाएको छ।

अब प्रमुख प्रश्नहरू उठ्न सक्छः पहिलो यो प्रतिवेदन कार्यान्वयन गर्ने लायक हुनेछ ?  दोस्रो यो प्रतिवेदनको कार्यान्वयन कसरी सुनिश्चित गरिनेछ ? स्थलगत अध्ययन पछि भएको पहिलो प्रस्तुतीकरणमा  तानपा, तानसेन गुठी, पाल्पा सरोकार समाज र सम्वन्धित विषयका विज्ञहरूको सक्रिय सहभागिता र पृष्ठपोषणबाट तयार भएको अध्ययन प्रतिवेदनको दोस्रो प्रस्तुतिकरण भाद्र १७ गते तय गरिएको छ। परिमार्जित सो प्रतिवेदन माथि विज्ञ टोलीमार्फत टिका टिप्पणी तथा समिक्षा हुनेछ र यसरी तयार भएको अन्तिम प्रतिवेदन ता.न.पा.मा सम्बन्धित पक्षहरूको व्यापक सहभागितामा आयोजना हुने प्रस्तुतिकरणसहित विधिवत रूपमा न.पा.लाई हस्तान्तरण गरिने छ। माथि उल्लेखित प्रकियाबाट तयार भएको शैक्षिक अभ्यासको दस्तावेज कार्यान्वयनको आधार बन्ने छ। दस्तावेज कार्यान्वयनको क्रममा केही परिमार्जनको आवश्यकता हुन सक्ने संभावना जहिले पनि रहन्छ भन्नेबारे मनन् गर्नु राम्रो हन्छ।

सीमित श्रोत र साधनको उपयोग गरी तयार भएको यो महत्वपर्ण दस्तावेज कार्यान्वयनको लागि हो र श्रोत जटाउने वलियो दस्तावेज हो। अवधारणाको निर्माणमा तानसेन गुठी र नगरपालिकालाई अध्ययनमा आर्थिक सहयोग गर्न प्रेरित गरेको हैसियतले भन्न सकिन्छ कि यो कार्यान्वयनमा श्रोत व्यवस्थापनको लागि न.पा.कै सक्रियतामा उपलब्ध स्रोतका साथै नगर विकास कोष, एसियाली विकास बैंक, विश्व बैंक लगायतका विभिन्न निकायबाट सफ्ट लोनको व्यवस्था गरिने छ। यस कार्यमा लामो समयदेखि क्रियाशील व्यक्तित्वहरूलाई सामेल गरी सहकार्य गर्ने रणनीति तयार हुनेछ। तानसेन गुठीका अनुभवी वास्तुकलाविद्  योजनाकारहरूले र अन्य विज्ञहरूले परिणाममुखी कार्यान्वयनका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागिता जनाउने विश्वास लिइएको छ ।

ता.न.पा.ले कार्यान्वयनको लागि गर्नपर्ने महत्वपर्ण कार्यहरू निम्नप्रकारका छन्

१. प्रतिवेदनलाइ आत्मसाथ गरी कार्यान्वयनका लागि नीति तथा कार्यक्रम वनाउने।
२. प्रतिवेदनको आधारमा हाल कार्यान्वयनमा रहेको भवन निर्माण मापदण्ड परिमार्जन गरी कार्यान्वयनमा ल्याउने।
३. सम्पदा संरक्षण, जीर्णोध्दार र प्रवर्धनकालागि सम्पदा संरक्षण र विकास शाखा गठन गरी आवश्यक जनशक्ति व्यवस्था गर्नुपर्ने।
४. कार्यान्वयनका लागि आफ्नै श्रोतका अतिरिक्त अन्य वैकल्पिक र सम्भावित श्रोतको परिचालनका लागि तयार हुनु पर्ने
५. तानसेनलाई यनेस्कोको विश्व सम्पदायुक्त शहरको सम्भावितबाट निर्णायक सूचीमा राख्न यो प्रतिवेदनलाई उपयोग गर्नुपर्ने।

तानसेनको भविष्य पर्यटनमा निर्भर छ। यो अध्ययनको प्रमुख लक्ष्य नै पर्यटन प्रवर्ध्दन हो, जसले तानसेनको पर्यटन प्रवर्ध्दनमा दुरगामी प्रभाव पार्ने छ।


**BOUDHA STUPA RESTAURANT & CAFE**

**BOUDHA STUPA VIEW GUEST HOUSE**

Boudha-6, Kathmandu, Nepal
Tel: +977-1-4585585, 4578555, 4575333, 9847698068
Email: stupaorganic@yahoo.com
www.boudhastupaguesthouse.com

**OUR SISTER CONERN:**

**PATAN ROYAL CAFE**

Patan, Lalitpur-16, Nepal
Tel.: 01-5439934, 9748263356
Email: patanroyalcafe@gmail.com
Website: www.patanroyalcafe.com

# बसाइ सराइ रहर कि वाध्यता ?



**शोभा श्रेष्ठ**

पुरातात्विक अध्ययन र अनुसन्धानबाट वसाई सराई एउटा प्राकृतिक नियम भएको तथ्य प्रस्ताएको छ। यसको पनि दुई स्वरुप रहेको जनाइएको छ अस्थाई र स्थाई। प्राग ऐतिहासिक समय देखि हाम्रा पूर्वजहरू राम्रो उर्वर जमिन प्रशस्त मात्रामा जन्तु जनावर पाइने र पानीको राम्रो श्रोत खोज्दै घुम्ने जीवनयापन गरेका पाइन्छ। आफुलाई आवश्यक पर्ने उर्जा रहेसम्म एक ठाउँमा बस्ने र नपाए पछि विकल्प खोज्दै नयाँ ठाउँमा सर्ने गरेको पाइन्छ। यसरी सर्दै सर्दा नाइल नदी, इन्डस नदी र बागमती नदीको छेउछाउमा बस्ती बसेको र क्रमिकरूपमा सभ्यताको विकास भएको कुरा अध्ययनबाट प्रमाणित भइसकेको छ।

शुरूको समयमा मानिसहरु झुण्ड झुण्ड बनाई घुम्ने गर्थे। उनीहरूमा परिवारको महत्व केही थाहा थिएन। खानेकुरा पकाएर खाने ज्ञान पनि थिएन। शायद यसलाई ढुङ्गे युग भनि विज्ञहरू भन्ने गर्दछन्। विस्तारै सोंच र ज्ञानको विकास भएसँगै आफ्नो र अर्काको भनेर छुटयाउन थाले। ओडार ओडारमा आफ्नो परिवार लिएर बस्न र खानेकुरा पकाएर खाने सीपको विकास भयो। यसरी परिवार छुटिएर बस्न थाले पछि आपसमा झैझगडा पनि शुरू भयो र सो समाधानको लागि मुखियाको आवश्यक भए लगतै समूहको जेष्ठ व्यक्तिलाई मुखिया बनाई विस्तारै समाजको विकास र स्थाई रूपमा बसोबास शुरु भएको विज्ञहरूको भनाई छ। यो भयो प्राग ऐतिहासिक समयको कुरा। अहिले पनि पश्चिम नेपालका राउटेहरू कतै पनि स्थाई रूपमा बसोबास गर्दैनन्। उनीहरूको मुख्य पेशा काठको भाँडा बनाउने भएकोले काठ पाएसम्म सो ठाउँमा बस्ने नपाईए अन्त बसाई सराई गर्ने प्रचलन अध्यावधिक छँदैछ।

एउटा अचम्भको संस्कार उनीहरूको बसेको ठाउँमा आफनो मान्छे दिवंगत भए तुरन्तै अन्यत्र बसाई सर्ने गर्दथे। तर अहिले दिवंगत व्यक्तिको काजक्रिया सम्पन्न भए पछि मात्र अन्यत्र जाने गरेको पाइन्छ। यसरी हेर्दा यो उनीहरुको वाध्यता हो।

यस्तै वाध्यता अहिलेको हाम्रो युवा पुस्तामा पाइन्छ। राम्रो आय श्रोतको लागि विदेश पलायन हुन्छन्। केहीवर्ष अघि एस.इ.इ.दिन विद्यालयबाट विदा हुँदा विद्यार्थीहरूले आपसमा गरेका अभिव्यक्ति सुन्दा मुटुमा बिझायो। अभिव्यक्ति थियो खाडीमा भेटौंला। आफ्नो ठाउँमा अवसर नदेखेर यसो भनेको हुनुपर्दछ तर यस्तो संवेदनशील विषयमा कसले मनन गर्ने र कसरी समस्याको निष्कर्ष निकाल्ने ?

यसरी विभिन्न समयमा विभिन्न ढंगले अस्थाइरूपमा बसाई सर्ने गरेको पाइन्छ। जुन अहिले सम्म पनि यथावत नै छ। अब एक पटक आफ्नो जन्मथलो तानसेन पाल्पामा बसाई सरेको फेरी त्यहाँबाट विभिन्न ठाउँमा बसाई सरेको बारे विवेचना गरौं। प्रथमतः बसाई सराईले देखिने समस्याबारे काठमाडौं महानगर पालिकाका प्रमुखले व्यक्त गरेको अभिव्यक्ति समय सन्दर्भ उपर्युक्त देखिन्छ। अवसर र सुबिधाको खोजीमा हुने बसाई सराईले मानिसको आफनो पहिचान सँगै उ सँग जोडिएको कला, संस्कृति, भाषा र स्थानीय ज्ञान पनि मासिने हुँदा त्यसको जगेर्ना गर्न पनि बसाई सराई रोकिनु पर्दछ। ठूलो शहर केन्द्रित बसाइ सराइले भविष्यमा पर्ने असरको व्यवस्थापनको लागि अहिले नै पहल गर्नु पर्दछ।

एक समय पाल्पा तानसेन १२ मगरातको रूपमा रहेको र मगरहरूको नै बाहुल्यता रहेको थियो।विस्तारै काठमाडौं, भक्तपुर र ललितपुर, बनेपा, धुलिखेल तथा नालाबाट नेवारहरू त्यहाँ बसाई सरेर आफ्नो कला र संस्कृतिले सम्पन्न नेवारहरूले शहरको रूपमा विकास भए पछि त्यहाँ रहेका रैथाने मगरहरू विस्थापित भएको देखिन्छ। विस्तारै पाल्पा कला, संस्कृति, सम्पदा, शिक्षा, स्वास्थ्य र हावापानीको क्षेत्रमा राम्रो भएकोले अग्रणी भूमिकामा विकास हुँदै गएर ख्याति पनि प्राप्तभयो। तर केही त्यहाँका नेवारहरू पढाइ, लेखाइ, व्यापार, व्यवसाय राम्रो अवसरको खोजीमा त्यहाँबाट बुटवल, भैरहवा, नारायणगढ, चितवनहुँदै काठमाडौमा स्थायी रूपमा बसाइ सर्ने प्रक्रिया शुरु भइ अहिले सम्म पनि यथावत रहेको छ। यसले गर्दा गाउँतिरका मानिसहरू आएर पाल्पालाई एक प्रकारले घेरा बन्दीमा पारेको भान हुन्छ। नगण्य मात्रामा रहेका स्थानीय नेवार समुदायले आफ्नो कला, संस्कृतिलाई जगेर्ना गरेको देख्दा आत्म सनतुष्टिको अनुभूति हुन्छ। त्यस्को लागि उहाँहरू लाई हार्दिक धन्यवाद तथा शुभकामना।

यसरी सरसर्ति हेर्दा खाडी तिर अस्थायी रूपमा बसाई सर्नु उनीहरूको वाध्यता देखिन्छ। ठूलो शहरमा बसाइ एक प्रकारले हो कि भन्ने देखिन्छ। हुन त राम्रो अवसर खोज्नु, राम्रो ठाउँमा बसोबास गर्नु मानिसको स्वभाव पनि हो र आकाँक्षा पनि हो। तर यसबाट पर्न जाने नकारात्मक प्रभाव पनि नकार्न सकिंदैन। आफ्नो जन्मथलो पाल्पा जाँदा आफु जहाँ जन्मियो हुर्कियो, आफ्नो जीवनको आधा समय बिताइयो जाँदा आफुलाई विरानो र परदेशी जस्तो लाग्छ घुमेर हेर्यो भने आफ्नै सन्तानले आधा ढाकेर बसेको बस्तीमा आफनो भन्ने कोही भेट हुन मुश्किल छ। यो सबै बसाइ सराइको नतिजा हो। सबै रैथाने नेवारहरूको घर छ मान्छे छैन। बजारतिर मान्छे त प्रशस्त देखिन्छ तर आफ्नो भन्ने भेट हुन असंभव नै भएको छ।

---

*- तानसेन गुठीका आजीवन सदस्य तथा सल्लाहकार **श्री शोभा श्रेष्ठ** पुरातत्व विभागका पूर्व का.मु.महानिर्देशक हुनुहुन्छ।*

# REMINISCING ABOUT MY NAMESAKE ANAND



**Anand Aditya**



Does schooling make a difference? A statistian is likely to argue two cases are too small a sample to conclude to say yes, but the two cases happen to know somehow suggest it does. For parents on this side of the border of Nepal, schooling a child at St. Joseph's in far off Naini Tal can be regarded as a daring feet even today and it was certainly so far Anand's parents six decades ago in Tansen, his hometown.

Graduating from St. Joseph thus did give Anand a good start, but his studiousness and Steadfast nature often left me wondering why he left his scholarly pursuit midway and did not rise higher on the ladder, like many others of his peers who did better, yet had started not as well as he did in his adolescence. But this query must be left to those interested to dig further into the comparative pedagogy of teens. That he could do well is obvious from the rendition he has left behind of *Muna Madan* into its English version.

Encounter with Anand was not the sole reason I changed my birth name to a new *nom de plume*. Identity of names, which in my case were ample, brought not just wrong mails, but also fetched false credits for write-ups I never contributed, causing confusion, even miscalls. Our faculties at the University differed but the destination did not: the despatchers were mixing up the direction as a consequence of the mischief this caused. More important in my case, however, was deethnicizing nomenclature. Studies in conflict and violence had convinced me caste and ethnicity are at the root of most of the conflicts and wars between communities and nations. The holocaust of six million Jews in the 2nd World War became possible mainly because the Jews were exposed by their names, among other things. No less notoriously, caste and ethnic identity exposes individuals' family roots rendering them chronically vulnerable to social discrimination and derogation as well. So I asked myself: Why not secularize our names? It was only later that I came to know, somewhat gratifyingly, that Ganga Lall, one of the four martyrs who refused to seek pardon and chose execution instead, ignored referring to his title of birth.

The acquaintance that came by this happenstance took its time to grow, but we came closer particularly after, as the founders of NEFAS (Nepal Foundation for Advanced Studies), two of us invited Anand to join the organization as its Executive Director, Never remiss in his role while he was there, he retained it for years. Nor did he disappoint us in what we anticipated from him. There was thus hardly a reason to look backward, with the right man in the right place. Given the chronic morbidity of organizations, however, NEFAS declined and became dormant despite his efforts to keep it alive and going. In between glaucoma intervened to damage his eyesight and then the trauma of a son who died in Australia. His visits abroad left my wish to meet with him lingering for quite a while when the news arrived that he is no more. Given that neither physical accident nor fatal contagion stole him away from us, was his *elan vital* (Jijivisha, the will to live) uncannily ebbing away?

The shock of his sudden departure has left me flabbergasted but I have a complaint: he left nothing behind to complain about what he did and how, which is why it will keep stirring his memory with nostalgia.

***-* Former Asia Foundation Fellow on the Afghan War *Mr. Aditya* was associated with Tribhuvan University in the Central Department of Political Science (1975-94)**

# नेपालको अन्तरिक्ष अन्वेषण यात्राः उपलब्धि, चुनौती, र भविष्यको सम्भावना

सरिता श्रेष्ठ मास्के[१], रमेश कुमार मास्के[२] र आभास मास्के[३]

**पृष्ठभूमी**

नेपालको पहिलो लघु–भुउपग्रह, क्युटेकको बर्ड्स–३ योजना अन्तर्गत नेपालीस्याट–१ को अन्तरिक्षमा सफल परीक्षण पछि, देशले अन्तरिक्ष अन्वेषण र प्रविधिको विकासमा महत्वपूर्ण प्रगति गरेको छ। यसै सिलसिलामा, मुनाल लघु–भुउपग्रह परियोजना नेपालको यसप्रकारको दोस्रो भुउपग्रह विकास गर्ने प्रयास हो, जसद्वारा अन्तरिक्ष प्रविधिमा देशको क्षमताको विस्तार गर्नको लागि एक निर्णायक कदम सावित हुनेछ (चित्र १)।

यस लेखले नेपालको अन्तरिक्ष अन्वेषणमा भएका उपलब्धिहरू लगायत यसलाई चाहिने अरु भौतिक संरचना, अन्तराष्ट्रीय कुट्नैतिक पहल आदी वारे, तथा विशेष गरी नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान (NAST) र अन्तरिक्ष प्रतिष्ठान नेपाल (APN) को सहकार्यमा काठमाडौं विश्वविद्यालय हाईस्कूल(KUHS) मा स्थापना भएको अन्तरिक्ष प्रणाली प्रयोगशाला (SSL) मा मुनाल भुउपग्रह परियोजना र अमेचर रेडियो डिजिटल कम्युनिकेशन्स (ARDC) द्वारा समर्थित बृएल् को अर्को भुउपग्रह विकास 'स्लिपस२साट' परियोजनाको शुरुवाती कदमलाई प्रस्तुत गरेको छ। साथै यसले शैक्षिक, प्राविधिक, र कूटनीतिक दृष्टिकोणबाट नेपालको अन्तरिक्ष प्रविधिमा विकासको मार्ग–चित्र



चित्र १ः नेपालीस्याट–१ र मुनाल स्याटेलाइट तथा कलात्मक टाइल

प्रस्तुत गर्दछ।

**मुनाल अन्तरिक्ष अन्वेषणका उद्देश्यहरू**

**मुख्य उद्देश्यहरू**

- नेपालकै आन्तरिक श्रोत–साधनमा उच्च–माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई अन्तरिक्ष प्रविधिमा सशक्त बनाउनु र नेपालको दोस्रो लघु–भुउपग्रहको निर्माण गरी अन्तरिक्ष प्रविधिमा आत्मनिर्भरता हासिल गर्नु।
- स्वदेशमा विकसित स्याटेलाइट सिस्टम–अन–चिप (SSoC) मा आधारित सञ्चार र अनबोर्ड कम्प्युटरको प्रदर्शन गर्नु।
- नेपालीस्याट–१ को स्टोर एन्ड फर्वार्ड (S&F) र इमेजिङ मिशनहरू लाई निरन्तरता दिनु।
- 
- **सह–उद्देश्यहरू**
- पृथ्वीको वनस्पति घनत्वको डाटाबेस निर्माण गर्नु।
- मेशिन लर्निङ प्रयोग गरी भूस्थानिक सञ्चालन (Geospatial Operations) को लागि छवि विभाजन (Image Segmentation) कार्यान्वयन गर्नु, जसले इमेज डाउनलोडको दक्षतालाई वृद्धि गर्नेछ।
- अन्तरिक्ष अन्वेषणमा कलात्मक अभिव्यक्तिलाई प्रवर्द्धन गर्दै प्रेरणा र रचनात्मक कार्यलाई वैज्ञानिक प्रयाससँग एकीकृत गर्नु।

**मुनाल लघु–भुउपग्रह निर्माण यात्राः** मुनाल लघु–भुउपग्रह परियोजना NAST र अन्तरिक्ष प्रतिष्ठान नेपाल (APN) को सहकार्यमा अगाडि बढाइएको एक महत्वाकांक्षी परियोजना हो। अक्टोबर २०२१ मा प्ज्क्को सहयोगमा अन्तरिक्ष प्रणाली प्रयोगशाला (SSL) स्थापना भएको थियो। यस परियोजनामा मुनाल भुउपग्रह, जसलाई नेपालीस्याट–२ पनि भनिन्छ, नेपालको



चित्र ३ः मुनाल निर्माण टोली (स्रोतः ग्याजेटबाइट नेपाली)

१ आ. सहरी योजनाकार, कार्यसमिति सदस्य, तानसेन गुठी

२ भौतिक पूर्वाधार विकास विशेषज्ञ, काठमाडौं विश्वविद्यालय

३ भू–उपग्रह विकास विशेषज्ञ, अन्तरिक्ष प्रतिष्ठान नेपाल



*चित्र २: अन्तरिक्ष प्रणाली प्रयोगशालामा मुनाल निर्माण। स्रोत: कान्तिपुर अनलाईन*

पहिलो भुउपग्रह, नेपालीस्याट–१ को सफलतामा आधारित रही, थप उन्नत क्षमताहरू सहित प्रस्तुत गरिएको छ। यो उपग्रहको निर्माणमा नेपाली विद्यार्थीहरूको सक्रिय संलग्नता रहेको छ, जसले यस परियोजनालाई शैक्षिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण बनाएको छ (चित्र २)।

मुनालको प्राथमिक उद्देश्य अन्तर्गत KUHS, चैतन्य माध्यमिक विद्यालय, आजाद माध्यमिक विद्यालय, र संजीवनी मोडल माध्यमिक विद्यालयका प्राधानाध्यापक संगको सहकार्यमा कक्षा १० का नौ जना विद्यार्थीहरू छनोट भएका थिए (चित्र ३)। उक्त कनिष्ट टोली लाई अन्तरिक्ष्य प्रतिष्ठान नेपालका परियोजना प्रबन्धक, इन्जिनियर जनार्दन सिलवालको पर्यवेक्षणमा छ जना को एक विशिष्ट मेन्टर्स टोलीको मार्गदर्शन द्वरा सन २०२१ मा तालिम शुरु गरेको एक वर्षमा मिनी मुनाल लघु–भुउपग्रह को प्रारूप तयार गरे पछी सन २०२३ मा मुनाल भुउपग्रह निर्माण सम्पन्न भयो।

करिव दुई वर्षको अवधिमा, यी विद्यार्थीहरूले कठोर तालिम र मार्गदर्शनको माध्यमबाट यो महत्त्वाकांक्षी लक्ष्य हासिल गरी लघु–भुउपग्रह निर्माणका लागि आवश्यक सीप र ज्ञान आर्जन गरेका छन। मुनाल लघु–भुउपग्रह लाई सन २०२५को सुरुवातमा प्रक्षेपण गर्ने योजना छ। यसलाई ४०० किलोमिटरको उचाइमा तल्लो पृथ्वीको कक्ष (LEO) मा राखिनेछ जुन अन्तर्राष्ट्रिय अन्तरिक्ष्य स्टेसन (ISS)कै कक्ष हो।

**मुनाल मिशनमा कलात्मक अभिव्यक्ति:** मुनाल लघु–भुउपग्रह को मिशन केवल प्राविधिक उन्नतिको परिधिमा मात्र सीमित छैन। यसका एउटा फरक पक्ष कला मिशन हो, जसले कला रचनात्मकता अभिव्यक्तिलाई वैज्ञानिक प्रयासहरूसँग एकीकृत गर्ने महत्त्वलाई प्रतिविम्बित गर्दछ। चित्रकार किरण महर्जनद्वारा विषयवस्तुहरूमा रचित कलात्मक अभिव्यक्ति २० एमएम ह ४० एमएमको टाइल भित्र नेपालमा बोलिने नेपाली, नेवारी,तमाङ, गुरुङ, लिम्बु, मैथलि, भोजपुरी, आदी भाषा लगाएत अन्य भाषा, कला, सांस्कृतिक र ऐतिहासिक पहिचान, विशिष्ट व्यक्तित्वका तस्बिरहरू आदिको साङ्केतित रेकर्डिङहरू समावेश गरिएका छन।

**भू–उपग्रह सम्पर्क भौतिक संरचना:** ग्राउन्ड स्टेशन (GS): भू–उपग्रह पृथ्वी संग संधै सम्पर्कमा रहिरहनु पर्छ जस्ले गर्दा भू–उपग्रहले पठाएको आवश्यक तथ्याङ्क लाई 'डाउनलिंक' र भू–उपग्रहलाईनै संचालन गर्नु पर्ने तथ्याङ्क सहितको निर्देश 'अपलिंक' गर्न सजिलो हुन्छ। भू–उपग्रहले पृथ्विको निरन्तर परिक्रमा गरिरहेको हुन्छ र जव यो ग्राउन्ड स्टेशनसंग सम्पर्कमा आउंछ त्यतिखेर तीव्ररुपमा एक अर्कासंग तथ्याङ्क वा सुचना आदान प्रदान प्रकृया सुरु हुन्छ। सो स्टेसन NAST मा अवस्थित छ (चित्र ६)। ग्राउन्ड स्टेशनहरु (न्क्) लाई अनुसन्धान केन्द्रहरु, विपद व्यवस्थापान तथा प्रतिक्रिया केन्द्रहरुमा तैनात गरिएका हुन्छ।



*चित्र ६: ग्राउन्ड स्टेशन*

**अन्तर्राष्ट्रिय सहकार्य र कूटनीतिक उपलब्धि:** मुनाल भुउपग्रह परियोजना न केवल राष्ट्रिय प्रयास मात्र हो, यो महत्वपूर्ण उपलब्धि अन्तर्राष्ट्रिय सहकार्यको नतिजा पनि हो। जापानको किटाक्युसु इन्स्टिच्युट अफ टेक्नोलोजीमा बर्डस–३ अन्तर्गत यस सम्पर्क लेखकले जापानमा तयार गरेको नेपालीस्यट्–१ लगायत तीन वटा भू–उपग्रह ईस २०१९ अप्रिलमा जापान अन्तरिक्ष अन्वेषण संस्था (JAXA) को पहलमा अमेरिकाबाट प्रक्षेपण गरी अन्तर्राष्ट्रिय अन्तरिक्ष्य स्टेसन (ISS) मा पुर्याइएको थियो भने सो स्टेसन बाट आवश्यक परीक्षण गरी तीन महिना पछी तल्लो पृथ्वीको कक्ष (LEO) मा तैनाती गरिएको थियो। नेपालीस्याट्–१ ले २८ महिना पृथ्वी को कक्षमा रही राखेको उद्देश्य पुरागरेको थियो।

भू–उपग्रह सम्वन्धी अनुसन्धान तथा विकास गरी सो प्रविधिलाई अन्तरिक्ष्यको कक्षमा राखेपश्चात मात्र सो उपग्रहले लक्ष्य अनसारको काम गर्दछ। यसको लागि प्रक्षेपण गर्न रकेट प्रविधिको आवश्यकता पर्दछ। नेपालको भौगोलिक आवस्थाले


चित्र ८: भारतीय विदेश मन्त्रालय र भारतको न्यू स्पेस इन्डिया लिमिटेडबीच आर्थिक सहयोग उपलब्ध गराउने सम्झौता, स्रोतःआईसीटी समाचार

गर्दा प्रविधि विकास तथा निर्माणको सम्भावना भए पनि प्रक्षेपण गर्न अन्तराष्ट्रीय कुट्नैतिक प्रयासबाट भू–उपग्रह लाई अन्तरिक्ष्य कक्षमा राख्ने पहल गर्नु पर्दछ। मुनाल परियोजनामा भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (ISRO) ले भुउपग्रह को परीक्षण र प्रमाणीकरणमा महत्वपूर्ण भूमिका खेलेको थियो। यसका साथै, न्यू स्पेस इण्डिया लिमिटेडले आवश्यक सुविधाहरू उपलब्ध गराएको थियो, जसले गर्दा मुनाल भुउपग्रहको प्रक्षेपण सम्भव भएको हो। नेपाल र भारतबीचको कूटनीतिक प्रयासहरूले यस सहकार्यलाई सुगम बनाएको छ। भारत सरकारले लघु–भुउपग्रह को प्रक्षेपण लागत निःशुल्क गर्न सहमति जनाइ दुइ देश विचको दौत्य सम्वन्ध लाई अझ सुधृढ बनाएको छ।

**स्लिपर्सर्दसाट (S2S) परियोजना:** मुनाल लघु–भुउपग्रह परियोजनाको सफलतामा आधारित हुँदै, अन्तरिक्ष्य प्रतिष्ठान नेपालले अमेचर रेडियो डिजिटल कम्युनिकेशन्स (ARDC) द्वारा समर्थित रवित्तपोषित आफ्नो अर्को महत्वाकांक्षी परियोजनाः स्लिपर्सर्दसाट (S2S) लघु–भुउपग्रहको तयारी गरिरहेको छ। क्द्क् ले नेपाल र यसको अन्तरिक्ष उद्योगका लागि प्रमुख कोशेढुङ्गाको रूपमा सेवा गर्दै चेपाङ तामाङ, र दलित समुदायको उत्थान र सशक्तिकरण गर्ने लक्ष्य राखेको छ। नेपालीस्याट–१ र मुनाल हाईस्कुल स्याटेलाइट पछि S2S नेपालको तेस्रो न्यानो स्याटेलाइट हो। स्लिपर्सर्दस्याट परियोजनाको मुख्य उद्देश्य शैक्षिक र विपद् व्यवस्थापन मिशनहरूलाई ध्यानमा राख्दै पृथ्वी अवलोकन र भूकम्पको पूर्वसूचना दिने प्रविधिहरूको विकास गर्नु हो।

**उपयोगिता**: यी उपग्रहहरुको केहि उपयोगिता निम्नानुसार छः

- विपद् प्रतिक्रिया व्यवस्थापन
- सुदूर संवेदन (RemoteSensing) प्रतिक्रिया
- जलाधार व्यवस्थापन
- माटो तथा हावा–पानी को तथ्याङ्क संकलन गरी खाद्य उत्पादन
- शहरी विकास तथा ट्राफिक व्यवस्थापन
- भूक्षय तथा बाढी प्रतिक्रिया व्यवस्थापन आदि

**चुनौती र सम्भावना:** विज्ञान, प्रविधि, र नवप्रवर्तन आधुनिक देश निर्माणका मेरुदण्ड हुन्। छिमेकी राष्ट्रहरूले यसैको माध्यमबाट सामाजिक, आर्थिक, र वातावरणीय क्षेत्रमा उन्नति गरेका छन्। तर नेपालमा उद्योगको कमी, आयातित आपूर्ति श्रृंखलाको अभाव, र उच्च करले विज्ञान र प्रविधिको विकासमा अवरोध पुऱ्याएको छ, जसले गर्दा युवा जनशक्ति पलायन भएर ब्रेन ड्रेन भइरहेको छ। नेपालले ढिलाइ नगरी यस अवस्थाको गहिरो विश्लेषण गरी विज्ञान र प्रविधि कार्यक्रमलाई प्राथमिकता दिनु आवश्यक छ। युवा वैज्ञानिकहरूलाई देशमै प्रगति गर्न हौसला दिनु र उत्पादनमूलक कार्यमा सक्षम नागरिकलाई सघाउनु सरकारको प्रमुख दायित्व र चुनौतीहो। अन्तरिक्ष प्रतिष्ठान नेपालले विज्ञान प्रविधिका अन्य संघ–संस्थाहरूसँग सहकार्य गरी भविष्यको मार्गचित्र कोर्नुपर्दछ। नेपाल सरकारको शिक्षा, विज्ञान, तथा प्रविधि मन्त्रालयले अन्तरिक्ष अनुसन्धान र उद्यमशील प्रविधिको विकासमा नीतिगत रणनीति तयार गरी, द्रुतगतिको अनुसन्धान सुनिश्चित गर्न आवश्यक छ। यसो गरेमा मात्र नेपालले आधुनिक विज्ञान र प्रविधिमा ठुलो फड्को मार्न सक्ने बलियो सम्भावना छ।

**निष्कर्ष:** नेपालको अन्तरिक्ष अन्वेषण यात्रा उल्लेखनीय सफलता र आत्मनिर्भरता तर्फ अग्रसर हुँदैछ। नेपाली स्याट–१ को सफल प्रक्षेपणले नेपालको अन्तरिक्ष प्रविधिमा एक नयाँ युगको शुरुवात गर्यो, जसले मुनाल र स्लिपर्सर्दसाट जस्ता लघु–भुउपग्रह परियोजनाहरूलाई प्रेरित गरेको छ। यी परियोजनाहरू नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, अन्तरिक्ष प्रतिष्ठान नेपाल, र शैक्षिक संस्थाहरूको सहकार्यबाट सफल भएका छन्, जसले नेपालको बढ्दो अन्तरिक्ष विशेषज्ञता र आत्मनिर्भरता प्रति दृढ संकल्पलाई स्पष्ट पार्दछ। विशेषरूपमा, मुनाल परियोजना नेपाललाई अन्तरिक्ष क्षेत्रमा एक महत्वपूर्ण स्थानमा स्थापित गर्ने उद्देश्य राखेको छ, जसले नयाँ पुस्ताका अन्तरिक्ष वैज्ञानिक र इन्जिनियरहरूलाई प्रेरणा प्रदान गरेको छ।

यो यात्रा केवल प्राविधिक प्रगतिलाई मात्र लक्षित छैन; नेपालको सांस्कृतिक धरोहरलाई अन्तरिक्षमा स्थान दिलाउने प्रयास पनि हो। राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारीको महत्त्वपूर्ण भूमिकाले, जस्तै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल, जापान अन्तरिक्ष अन्वेषण संस्था, र भारतीय अन्तरिक्ष अनुसन्धान संगठन, प्राविधिक ज्ञान र साधनहरू उपलब्ध गराउँदै, नेपाललाई विश्व अन्तरिक्ष विज्ञानमा योगदान दिने राष्ट्रको रूपमा प्रस्तुत गर्न सहयोग गरेको छ। यो यात्रा नेपालको प्राविधिक प्रगतिलाई गति दिनुका साथै, सामाजिक–आर्थिक लक्ष्यसँग समायोजन गर्दै, अन्तरिक्ष अनुसन्धानका लागि राष्ट्रिय नीति निर्माणको आवश्यकता पनि औंल्याउँछ। यसले नेपाललाई भविष्यमा अन्तरिक्ष विज्ञानको क्षेत्रमा एक महत्वपूर्ण खेलाडीको रूपमा उभ्याउने तर्फ संकेत गर्दछ।

द्रस्ट्व्यः यो लेखको सन्दर्भ–सामग्री अन्तरिक्ष्य प्रतिष्ठान नेपालको वेबसाईटबाट साभार गरिएको छ।

**जन्मथलोको समाचार**

# कोरोना समयमा गाउँ फर्केका अर्जुनको च्याउ खेतीमा रहरलाग्दो सफलता



पाल्पा। बुटवलमा रही यातायात पेशामा सक्रिय अर्जुन कार्कीको दैनिकी कोरोना कहर सुरू भएपछि फेरियो। उहाँले त्यतिबेलै गाउँ फर्केर उद्यम गर्ने योजना बनाउनुभयो। कोरोना सुरू हुनुभन्दा ४ महिना अघि उहाँले बस बेच्नुभएको थियो। नयाँ बस किन्ने सोंच हुदै गर्दा कोरोना सुरू भयो। त्यसपछि उहाँले गाडी किन्ने सोंचलाई त्याग्नुभयो र कृषि गर्ने योजना बनाउनुभयो।

कोरोनाको समयमा सबैभन्दा बढी महत्व अर्गानिक खानेकुराको भयो। अर्गानिक खानेकुरा र ब्यायाम महत्वपूर्ण रहेछ भन्ने लागेर नै उहाँले बुटवल छोडेर पाल्पा फर्कने निधो गर्नुभयो। अब गाउँमै केही गर्छु भन्ने उद्देश्यले उहाँ माथागढीको झडेवा आउनुभयो। सुरुको समयमा घरपरिवारले पनि राम्रो साथ दिएनन्। बुटवलका साथीहरु पनि बुटवलमा बसेको यातायात क्षेत्रमा लागेको मान्छेले के कृषि गर्ला र भनेर शंका गरे। तर उहाँ अहिले यो ४ वर्षको अवधिमै सफल किसानको परिचय बनाउन सफल हुनुभएको छ। अरु पहाड छोडेर मधेश झर्छन् तपाई तराई छोडेर पहाड किन हो भनेर सुरू सुरूमा परिवार र साथीभाईहरुले पनि आफ्नो प्रयासप्रति असहमति जनाएपनि अहिले परिवार र सबै साथीहरु उत्साही भएको उहाँले बताउनुभयो।

“उत्पादन गर्न सके बिक्रीका लागि समस्या छैन। गाउपालिकाले पनि आर्थिक प्राविधिक सहयोग गरेको छ। च्याउ खेतीबाट म सन्तुष्ट छु।” कार्कीले भन्नुभयो। झडेवामा जग्गा भाडामा लिएर उहाँले सुरुमा ब्रोइरल कुखुरा, लोकल कुखुरा र माछा पालन गर्नुभयो। अहिले उहाँले झडेवामै व्यसायिक रुपमा च्याउ खेती गर्दै आउनुभएको छ। यो माथागढीकै ठूलो च्याउ फर्म हो। फर्ममा अहिले ११ जनाले रोजगारी पाएका छन्।

अहिले च्याउ प्रति केजी ३ सय रुपैयाँमा बिक्री हुँदै आएको छ। कृषि गफले हुँदैन। कामले हुन्छ भन्ने सन्देश आफूले दिन चाहेको उहाँले बताउनुभयो। उहाँले अझै पनि वातावरण मिल्यो भने कृषिमा अझ धेरै काम गर्ने सोच रहेको बताउनुभयो। अहिले उहाँको फर्मबाट दैनिक १ सय ५० केजीसम्म च्याउ उत्पादन हुँदै आएको छ। यहाँको च्याउ माथागढीको गाउँ गाउँ सहित बुटवलमा बिक्री वितरण हुँदै आएको छ। च्याउबाट दैनिक १० हजारसम्म आम्दानी गर्न सफल भएको कार्कीले बताउनुभयो। कतिपय ग्राहकहरु त फर्ममै आएर च्याउ खरिद गरेर लैजान्छन्।

माथागढी गाउपालिकाले पनि च्याउ पकेट कार्यक्रम अन्तरगत उहाँलाई सहयोग गर्दै आएको छ। गाउँपालिकाका कृषि शाखा प्रमुख गौतम थापाले च्याउ पकेट कार्यक्रम अन्तरगत चालु आर्थिक वर्षमा विनियोजित ६ लाख रुपैयाँबाट सहयोग गरिएको बताउनुभयो। गाउँपालिकाले किसानहरुको प्रोत्साहनका लागि उत्पादनमा आधारित अनुदान पनि वितरण गर्ने गरेको छ। जस अन्तर्गत च्याउमा प्रति केजी ५, तरकारीमा प्रतिकेजी ५, दुधमा प्रतिलिटर ५ रुपैयाँ अनुदान उपलब्ध गराइएको गाउँपालिका अध्यक्ष यम चिदीले बताउनुभयो।

त्यस्तै उत्पादनमा आधारित अनुदान अन्तर्गत नै खशीको मासुमा प्रतिकेजी २५ र बंगुरको मासुमा प्रतिकेजी १५ रुपैयाँ उपलब्ध गराउने गरिएको र यसबाट किसानलाई केही न केही सहयोग पुगेको अध्यक्ष चिदीले बताउनुभयो।

*साभार: पाल्पा समाचार १५ जून २०२४*

# मोहन कन्या स्कुलमा पढ्दै, सिकाउँदै कार्यक्रम



तानसेनको मोहन कन्या माध्यमिक विद्यालयले पढ्दै सिकाउँदै कार्यक्रम सञ्चालन गरिरहेको छ । विद्यालयमा सञ्चालित कम्प्युटर इञ्जिनियरिङ अध्ययन गर्ने कक्षा १२ का विद्यार्थीहरूले अहिले विद्यालयकै कक्षा ८ देखि ११ सम्मका छात्राहरूलाई कम्प्युटरसम्बन्धी ज्ञान दिइरहेका र पछि अन्य विद्यालयमा गै सिकाउने कार्यक्रम रहेको कार्यक्रम संयोजक ईञ्जिनियर तिलकराम भण्डारीले बताउनु भयो ।

पढ्दै सिकाउँदै कार्यक्रम अन्तर्गत विद्यार्थीहरूले कम्प्युटरसम्बन्धी आधारभूत ज्ञान सिकाउनुका साथै कम्प्युटर पार्टस्, डिसेम्बल, असेम्बल, हार्डवेयर, सफ्टवेयर लगायत पक्षमा सैध्दान्तिक र प्रयोगात्मक अभ्यासात्मक ज्ञान सिकाउने गरिएको छ ।

प्राविधिक धारतर्फका विद्यार्थीहरूको भूमिका रहेको यस पढ्दै सिकाउँदै कार्यक्रमले विद्यार्थीहरूको ज्ञानात्मक पक्ष बलियो हुने र कक्षाकोठाको ज्ञानलाई अरुमा हस्तान्तरण गर्ने क्रममा कम्प्युटर हार्डवेयर र सफ्टवेयरसम्बन्धी गहिरो ज्ञान र सिप विकास हुने भएकोले अध्ययनपश्चात् पेशागत जीवनका लागि पनि यस कार्यक्रमले सहयोग गर्ने विद्यालयका प्रधानाध्यापक दिपक ज्ञवालीले बताउनुभयो ।

पढ्दै सिकाउँदै कार्यक्रमले विद्यार्थीमा सैध्दान्तिक ज्ञान, हार्डवेयरसम्बन्धी सिप विकास हुनुका साथै आफ्नो ज्ञानलाई बाड्ने, सहयोगात्मक सिकाइ, सिकाइ नेतृत्व सिप, सञ्चार सिप, उद्यमशीलता सिपको विकास भै पेशा गरेर जिविकोपार्जन गर्नाका लागि यस कार्यक्रमले सहयोग पुग्ने देखिन्छ ।

विद्यालयमा कम्प्युटर इञ्जिनियरिङ अध्ययन गरिरहेका कक्षा १२ का सबै विद्यार्थीहरू यस पढ्दै कमाउँदै कार्यक्रममा सहजकर्ताका रुपमा र अन्य कक्षाका विद्यार्थी एवम् सम्भव भएका शिक्षकहरू सहभागी भएका छन् । हरेक शुक्रबार करीव दुई घण्टा यो कार्यक्रम नियमित सञ्चालन गरिने भएको छ ।

*साभार: गोपाल प्रसाद वस्याल*
*पाल्पा समाचार २४ जून २०२४*

## प्रतिक्रिया पठाउने बारे

चिनारी पत्रिकामा प्रकाशन गरिँदै आएको प्रतिक्रिया स्तम्भमा गुठी प्रति आफ्नो धारणा, गुनासो तथा सल्लाह सुझाव तलको ठेगानामा पठाउनु हुन अनुरोध गरिन्छ।

गुठीको भाइवर, मेसेन्जर अथवा कार्य समितिसदस्यलाई सम्पर्क गर्नुहोला ।

tansenguthi@gmail.com

## सदस्यता खारेज गरिने बारे

गुठीका साधारण सदस्यहरूले हालसम्म पनि सदस्यता नविकरण गर्नुभएको छैन भने यथाशिघ्र नविकरण गर्नुहोला अन्यथा चिनारी पत्रिकामा साधारण सदस्यताको सूचीमा नाम नरहने जानकारी गरिन्छ ।

tansenguthi@gmail.com

# पूर्वखोलाको गौरब बन्दैछ ढोलीमारा होमस्टे



पाहुना गाउँमा पुग्नै लाग्दा पञ्चेबाजा टोली दोबाटोसम्म बाजा बजाउँदै लिन आइपुग्छन्। स्थानीयले पाहुँनालाई फुलमालाले स्वागत गर्छन् र बाजा बजाउँदै पाहुनालाई नचाउँदै होमस्टे भएको घरघरमा पुर्याउँछन्।

चिटिक्क सजाइएका घर त्यस्तै राम्रा कोठाहरू। दुर्गम गाउँमा यति राम्रो व्यवस्था देख्न पाउँदा पाहुनाहरु पनि खुशी हुन्छन् र दङ्ग पर्छन्। यहाँको आतिथ्यता यहाँ पुगेका सबै पाहनालाई मन पर्छ। यो दृश्य पुर्वखोला गाउँपालिका–२ जल्पा ढोलीमाराको हो।

ढोलीमारामा अहिले व्यवस्थित रुपमा होमस्टे संचालन भइरहेको छ। यो कार्यक्रमबाट स्थानीय बासिन्दाहरुलाई स्वरोजगारीको अवसर मिलेको छ भने पर्यटन प्रवर्धन पनि भइरहेको छ। अझ थप प्रचार प्रसार हुन सक्ने हो अझ धेरै पाहुनाहरुको संख्या बढ्ने विश्वास स्थानीय होमस्टे संचालकहरुको छ।

पहाडी भूभाग त्यसमा लेकमा छ ढोलीमारा गाउ। गर्मीको मौसममा यहाँ पुग्नेहरुले खुबै आनन्दको महसुस गर्छन्। हिमाल प्रष्टैसँग देखिने यो गाउँसम्म हिमालको चिसो हावा आइपुग्छ। गर्मी छल्न आएका पाहुनालाई यो भन्दा ठूलो उपहार केही हुनै सक्दैन। होमस्टेका सचिव मन बहादुर ठाडाले यो होमस्टेमा यो वर्ष १९ सय बढी पाहुनाहरू आइसक्नुभएको बताउनुभयो।

होमस्टे प्रयोजनकै लागि १२ वटा घर छन्। यो सामुदायिक होमस्टे समेत भएकोले पाहुनाको इच्छा अनुसार समूहमा बस्न चाहनेहरुलाई सामुदायिक रुपमा समूहमा र घरघरमा बस्न चाहनेहरुलाई सोही बमोमिज राख्ने गरिएको उहाँले बताउनुभयो। अहिले गर्मीको समय भएकोले पनि बुटवल लगायत गर्मी धेरै हुने तराईका स्थानबाट यो होमस्टेमा धेरै पाहुनाहरू आउने गरेको उहाँले बताउनुभयो।

बास बस्न आइपुगेका पाहुनाको रोजाइँ अनुसार खाना खाजा खुवाइन्छ। साँझको समयमा स्थानीय कलासंस्कृतिको प्रस्तुती हुन्छ। अर्को बिहान पाहुनाले स्थानीय पर्यटकीय स्थलहरुको अवलोकन गर्छन्, फर्केपछि स्थानीय परिकारसहितको खाजा खुवाइन्छ र फर्कन चाहनेहरुलाई सम्मान बिदाई गरिन्छ। जल्पाका वडाध्यक्ष नीर बहादुर सारुले यो होमस्टे पूर्वखोलाकै गौरवको रुपमा अगाडि बढेको बताउनुभयो। २०७९ मंसिरबाट औपचारिक रुपमा सुरू भएको यो होमस्टे संचालनको प्रक्रिया, तालिम, सांस्कृतिक कार्यक्रमका लागि पोशाक लगायतका विषयमा गाउँपालिकाले सहयोग गरेको उहाँले बताउनुभयो।

अहिले साँस्कृतिक कार्यक्रम खुल्ला मञ्चमा हुन्छ। पानी परेको अवस्थामा कार्यक्रम संचालनका लागि अप्ठेरो हुने भएकोले छिटै हल निर्माणको तयारी रहेको उहाँले बताउनुभयो। गाउँपालिका अध्यक्ष नुनबहादुर थापाले गाउँपालिकाको गौरवको रुपमा रहेको ढोलीमारा सामुदायिक होमस्टेले छोटो समयमै ग्रामीण पर्यटन विकासमा राम्रो फड्को मारेको बताउनुभयो।

होमस्टे सुरू भएपछि पहिचान बढेको, स्थानीयहरुमा स्वरोजगार सिर्जना सम्भव भएको र गाउँको उत्पादन गाउँमै खपत हुन थालेको बताउनुभयो। किवीको पकेट क्षेत्र पनि नजिकै छ। गाउँपालिकाले प्रदेश सरकार र बन कार्यालयसँगको समन्वयमा पुर्वाधार निर्माणमा सहजीकरण पनि गरेको छ। अध्यक्ष थापाले भन्नुभयो।

यहाँको भ्युटावर, पिकनिक स्थल, लायन पार्क, वृक्षारोपण गरिएका थरिथरिका फलफुल, आकर्षक फुलबारी उध्यान, रमणीय अम्रिसो खेती, किवी खेती यहाँको प्रमुख आकर्षण हो। यहाँका मादले गुफा, खाँणदेवी गुफा पनि पर्यटकका लागि आकर्षणको केन्द्र बनेको अध्यक्ष थापाले बताउनुभयो।

*साभार: 'पाल्पा समाचार'*

*यज्ञमूर्ति तिमिल्सिना। पाल्पा*




# नयाँ वर्षमा पाहुँनालाई स्वागत गर्न आतुर श्रीनगर

पाल्पा । तानसेनको श्रीनगरमा पर्यटन पूर्वाधार निर्माण भएको छ । श्रीनगर प्रवेश गर्न ५ सय बढी सिंढी चढेर जान सकिने बनाइएको हो ।

तानसेन नगरपालिकाको सहयोगमा वडा नं. १ को कार्यालयले ५ सय ३६ बढी सिंढी निर्माण गरी पर्यटन पूर्वाधार तयार गरेको हो । अब तानसेन वडा नं. १ कार्यालय नजिक (युनाईटेड मिशन अस्पताल) माथिबाट श्रीनगर डाँडामा प्रवेश गर्न सकिने भएको छ । पर्यटकीय नगर तानसेनमा नववर्ष २०८१ मनाउन देश तथा विदेशबाट पर्यटकहरुले भित्रने हुँदा उनीहरुलाई मनोरजनात्मक क्रियाकलाप गराउन पूर्वाधार निर्माणका कार्यलाई निरन्तर रुपमा अगाडी बढाउँदै आएको तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताउनुभयो । Òविगतका वर्षहरुमा पनि यहाँ नयाँ वर्ष मनाउन धेरै आन्तरिक तथा वाह्य पर्यटक भित्रिएका थिए । श्रीनगरमा पूर्वाधार निर्माण गरिएकोले विगतमा भन्दा यस पटक बढी रौनकता थपिनेछ ।Ó उहाँले भन्नुभयो ।

गर्मीयाममा हिमालको चिसो हावासँगै नाचगानका साथ रमाउन तराई क्षेत्र रूपन्देही, कपिलवस्तु, नवलपरासी क्षेत्रका बासिन्दाहरूका लागि तानसेनको श्रीनगर विशेष क्षेत्र बन्ने गरेको छ । तानसेन नगरपालिका वडा नं. १ का वडाध्यक्ष सुनिल कुमार बस्यालले तानसेन नगरपालिका कार्यालयको ५ लाख र अन्य स्थानीयहरुको सहभागितामा सात लाख रुपैयाँको लागतमा विभिन्न पूर्वाधार निर्माणको कार्य सकिएको बताउनुभयो । श्रीनगर प्रवेश गर्न रंगरोगन गरिएको सिंढी निर्माण गरिएको छ । बीच भागमा प्रतिक्षालय निर्माण गरिएको छ । विभिन्न स्थानमा पर्यटकहरूका लागि चाहिने विश्राम बेन्च निर्माण, चाँद निर्माण तथा सरसफाई र रंगरोगनको कार्य सम्पन्न गरिएको वडाध्यक्ष बस्यालले बताउनुभयो । अब श्रीनगर जाने प्रमुख प्रवेशद्धार यहि पूर्व क्षेत्र हो । यहाँ स्वच्छ खानेपानी, सुविधायुक्त शौचालय, बस्ने शीतल छहारीको व्यवस्थाका् कार्यका लागि पहल गरिरहेका छौं । उहाँले भन्नुभयो ।

तानसेन १ का वडा सदस्य राम प्रसाद भट्टराईले श्रीनगर प्रवेश गर्नमात्र होईन श्रीनगर डाँडाबाट सूर्योदय हेर्न पनि सहज भएको बताउनुभयो । मर्निङ वाक गर्नेहरु सिढीं चढेर माथी श्रीनगर जाने गर्दछन् । यसले शारिरीक व्यायामसँगै स्वस्थ्य जीवनशैली अवलम्बन गर्न पनि टेवा पुगेको छ । उहाँले भन्नुभयो ।

*साभार: पाल्पा समाचार १५ जून २०२४*

# जनअपेक्षा अनुसार काम गरिरहेका छौः वडाध्यक्ष दर्लामी



पाल्पा। माथागढी गाउँपालिका–४ झडेवाका अध्यक्ष शंकर दर्लामीले चालू आर्थिक वर्षमा वडाका योजनाहरू लगभग सम्पन्न भएको बताउनुभयो।

उहाँले वडाभित्रका योजनाहरुको अनुगमनसँगै योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि आफूहरू प्रतिबद्ध भई लागिपरेको बताउनुभयो। पाल्पा समाचारपत्रसँग कुराकानी गर्दै माथागढी गाउँपालिकाका प्रवक्ता समेत रहनुभएका दर्लामीले झडेवाभित्र अहिले देउगीर झडेवा सडक, देबीनगर झडेवा सडकको बिस्तार तथा स्तरोन्नतीको काम तीव्र रुपमा भइरहेको बताउनुभयो। १५ शैयाको अस्पताल पनि झडेवामा बनिरहेको छ। यो अस्पतालको निर्माण कार्य पनि झण्डै ९० प्रतिशत सम्पन्न भइसकेको छ। यो अस्पताल निर्माण सम्पन्न भएपछि यस क्षेत्रका नागरिकहरुले दक्ष स्वास्थ्य डाक्टरको साथमा उपचार तथा परामर्श पाउने बनाउनुभयो।

हालै झडेवालाई पूर्ण संस्थागत सुत्केरी तथा पूर्ण खोपयुक्त वडा घोषणा गरिएको छ। झडेवासँगै समग्र माथागढी नै पूर्ण संस्थागत सुत्केरी तथा पूर्ण खोपयुक्त पालिका घोषणा गरिएको हो। गाउँपालिकाको केन्द्र पनि रहेको झडेवा वडाको विकास तथा मानवीय बिकासलाई सँगसँगै अगाडि बढाइएको उहाँले बताउनुभयो। बाँसटारी झडेवा दुम्कीबास बाटोलाई स्तरोन्नती गरी थप ब्यवस्थित बनाउने वडा तथा पालिकाको योजना रहेको छ। वडाभित्र रहेका मुख्य ३ फाँटहरुमा ब्यवस्थित सिंचाईका लागि पहल गरिएको छ। कतिपय स्थानमा सिंचाई कुलो निर्माणको काम चलिरहेको छ। त्यस्तै डिप बोरिङको पनि पहल भएके छ।

### कृषि क्षेत्रमा बिशेष प्राथमिकता

कृषि क्षेत्रमा झडेवा वडाले बिशेष प्राथमिकता दिएको छ। यो वडाबाट यस वर्ष मात्रै झण्डै ५० लाख रुपैयाँ बढीको काफल निर्यात भएको छ। यस वर्ष काफल उत्पादन गर्ने किसानलाई क्यारेट बितरण गरिएको थियो। आगामी वर्ष काफल पकेट क्षेत्र घोषणा गर्ने तयारी समेत छ। यहाँको अर्को उत्पादन आलु पनि हो। आलु पकेट कार्यक्रम अन्तरगत स्थानीय किसानहरुलाई सहुलियत मुल्यमा १५ सय ५० केजी आलुको बिउ बितरण गरिएकोमा किसानले २६ हजार किलो भन्दा बढी आलु उत्पादन गरेका छन्।

त्यस्तै खुर्सानीका लागि पनि झडेवा उत्तिकै सम्भावनाको वडा हो। गत वर्ष मात्रै झडेवाका किसानले ५० लाख बढीको खुर्सानी निर्यात गरेका थिए। यो वर्ष सोही रकम भन्दा बढीको खुर्सानी निर्यात हुने अपेक्षा रहेको वडाध्यक्ष दर्लामीले बताउनुभयो। यसै वडामा कोल्ड स्टोर पनि छ। अहिले कोल्ड स्टोरमा ४० क्वीन्टल आलु बिउको रुपमा राखिएको छ।

### सचेतना बिस्तारमा पनि बिशेष जोड

यो वडाले भौतिक विकाससँगै मानवीय चेतना तथा नेतृत्व विकासका कार्यक्रमलाई पनि उत्तिकै महत्व दिएको छ। चालु आर्थिक वर्षमा वडाले लक्षित वर्गका लागि ६ लाख रुपैयाँ बिनियोजन गरि कार्यक्रम संचालन गरेको वडाध्यक्ष दर्लामीले बताउनुभयो। वडाभित्रका युवा, बालबालिका, जेष्ठ, नागरिक, जनजाति, दलित, महिला लगायत लक्षित वर्गको नेतृत्व विकास गर्दै अगाडि बढाइएको उहाँले बताउनुभयो। उहाँले भौतिक विकासभन्दा महत्वपूर्ण मानवीय विकास हो भन्ने कुरालाई वडाले राम्रो गरी आत्मसात् गरेको बताउनुभयो।

### नागरिक, जनप्रतिनिधि र कर्मचारी सम्बन्ध

वडाको समग्र विकासका लागि नागरिक, जनप्रतिनिधि र कर्मचारी सम्बन्ध सुमधुर हुनुपर्ने अध्यक्ष दर्लामीको भनाई छ। झडेवामा सबै पक्षको सुमधुर सम्बन्ध र सहकार्यबाटै जनअपेक्षा अनुसार काम गर्न सकिएको उहाँको भनाई छ। अहिले वडामा आगामी वर्षको नीति कार्यक्रम र बजेटका लागि टोलभेला गर्ने तयारी गरिएको छ। टोल टोलमा पुग्ने, जनताहरुको माग र आवश्यकता पहिचान गरी अत्यावश्यक विषयमा बजेट बिनियोजन गर्ने गरिएको उहाँले बताउनुभयो।

*साभारः पाल्पा समाचार २१ मे २०२४*

# आजीवन सदस्यहरूले पाउने सहुलियतको विवरण

आजीवन सदस्यहरूले गुठीले उपलब्ध गराएको परिचय–पत्र प्रयोग गरी निम्न वस्तु तथा सेवा प्रदायकहरूबाट विशेष सहुलियत प्राप्त गर्न सक्नु हुनेछ ।

| क्र.सं. | सेवा प्रदायकको नाम | सेवा | दर % | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|
| १ | सुखी परिवार क्लिनिक, कालीमाटी | प्रजनन् स्वास्थ्य, स्त्री रोग, बाँझोपन (हाड जोर्नी तथा नशा रोग समेत) | १०% | डा. तुम्ला लाकौल शाह ९८५१०३००२४ |
| २ | प्यूठानी बस्त्रालय, मखन, तानसेन | लत्ता कपडाहरू | १५% | राजेन्द्र कक्षपती (प्यूठनी ९८४७०२९५१५ |
| ३ | पाल्पा मनी ट्रान्सफर, तानसेन | पाल्पाबाट काठमाडौं मनी ट्रान्सफर | निःशुल्क | जीवन बज्राचार्य ९८४१२३८३४४<br>सर्जु लाल बज्राचार्य ९८५७०६५५९९ |
| ४ | जय मारुती फर्निचर्स, सामाखुशी | विभिन्न स्वदेशी तथा विदेशी फर्निचर्सहरू | १०% | रमेश नारायण श्रेष्ठ ९८४१२८१०३८ |
| ५ | न्यू तानसेन करुवा उद्योग टक्सार | करुवा बिक्रीमा | १०% | मंगल प्रसाद वज्राचार्य ९८४७११००२० |
| ६ | होटल लाकौल, बुटवल | सेवाहरूमा | २०% | हेमन्त राज कोलाक्षपती ९८०१०२३०७७ |
| ७ | दर्शन फेन्सी हाउस, तानसेन | सामानमा | १०% | किशोर दर्शन बज्राचार्य ९८४७०२९१५९ |
| ८ | सिद्धि कलर ल्याब, बसपार्क, तानसेन | फोटो र फ्लेक्स | १०% | सुनिल गोविन्द श्रेष्ठ ९८५७०६०८१० |
| ९ | होटल इन्द्रेणी एण्ड रेष्टुरेण्ट | लजिङ तथा रेष्टुरेण्टमा | १०% | मोहन प्रसाद श्रेष्ठ ९८५७०६०११२ |
| १० | मनमोहन मेमोरियल हस्पिटल स्वयम्भू, सुभेक्षा हस्पिटल सितापाइला, सिल्भर लाइन, बालाजु | आजीवन सदस्यलाई कन्सल्ट फी निःशुल्क,<br>अन्य सदस्यलाई आधा फी | | डा. उस्पल बहादुर बज्राचार्य, कन्सल्ट यूरोलोजिष्ट ९८५१२१११०१ |
| ११ | न्यू मल्ल स्टोर्स, तानसेन | पेन्ट्सहरूमा | १०% | सविन मल्ल, ९८५७०६००१८ |
| १२ | श्रीया फेन्सी स्टोर तानसेन, मखन टोल | फेन्सी कपडाहरू | १०% | सुरज मलेकु, ९८५७०६०१४४ |
| १३ | बिग स्माइल डेन्टल क्लिनिक, गणेश वस्ती, महाराजगञ्ज | फ्री डेन्टल चेकअप एण्ड कन्सल्टेसन, डेन्टल ट्रिटमेन्ट | १५–२०% | डा. विज्ञान गुभाजु ९७४५६६६६२०, ९८२३७४९९०२ |
| १४ | डा. संजिला बज्राचार्य | गाइनोकोलोजी प्रसुतिगृह | निःशुल्क परामर्श | |

**नोट:** उपरोक्त सहुलियतहरूमा उपभोग गर्न अनिवार्य रूपमा तानसेन गुठीबाट जारी गरिएको आजीवन सदस्यको परिचय-पत्र पेस गर्नु पर्नेछ । उपरोक्त सुविधाहरू सम्बन्धित सेवा प्रदायक र यस गुठी बिच भएको सम्झौता अवधिसम्म मात्र उपलब्ध हुनेछ।

**Tansen Guthi**
**Kathamandu, Nepal**
**Statement of Financial Position**
**As on 31 Ashad 2081**

*Amount in NPR*

| Particulars | Notes | FY 2080-81 | FY 2079-80 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets** | | | |
| Property, Plant and Equipment | 4.1 | 188,621 | 193,374 |
| Other Assets (Vest) | 4.2 | 33,655 | 34,655 |
| Fixed Deposit Accounts (Guthi) | 4.3 | 5,217,521 | 5,023,521 |
| Restricted Fund (अछयप कोष) | 4.7 | 9,843,033 | 9,166,932 |
| Restricted Fund Interest (अछयप कोष ब्याज) | 4.8 | 577,768 | 316,145 |
| **Total Non-Current Assets** | | **15,860,597** | **14,734,627** |
| **Current Assets** | | | |
| Accounts Receivables | 4.4 | 42,289 | 141,778 |
| Cash and cash equivalents | 4.5 | 0 | 0 |
| Savings Account | 4.6 | 2,270,800 | 2,192,618 |
| **Total Current Assets** | | **2,313,089** | **2,334,396** |
| | | | |
| **Total Assets** | | **18,173,687** | **17,069,022** |
| | | | |
| **Fund** | | | |
| Total Fund | | 18,149,690 | 17,045,026 |
| **Total Fund** | | **18,149,690** | **17,045,026** |
| | | | |
| **Liabilities** | | | |
| **Non Current Liabilities** | | 0 | 0 |
| | | | |
| **Total Non-Current Liabilities** | | 0 | 0 |
| | | | |
| **Current Liabilities** | | | |
| Accounts Payable | 4.9 | 23,997 | 23,997 |
| **Total Current Liabilities** | | **23,997** | **23,997** |
| **Total Liabilities** | | **23,997** | **23,997** |
| | | | |
| **Total Equity and Liabilities** | | **18,173,687** | **17,069,023** |

Kabi Krishna Amatya
Treasurer

Griha Man Singh
Manager
Fixed Deposit

Prami Shrestha
President

Pratap Prasad Pradhan
Partner
PP Pradhan & Co
Chartered Accountants

Date: 9 Bhadra 2081
Place: Kathmandu

**Tansen Guthi**

**Kathmandu, Nepal**

**Statement of Income and Expenditure**

**As on 31 Ashad 2081**

*Amount in NPR*

| Particulars | Notes | 2080-81 | 2079-80 |
|---|---|---|---|
| **Revenue** | | | |
| Membership Fees | 5.1 | 93,200 | 77,400 |
| Advertisement | | 254,260 | 246,260 |
| Annual Meeting 2080 | 5.2 | 118,700 | 166,120 |
| Interest Income | 5.3 | 468,107 | 551,671 |
| Tramsfered from Restricted Fund Interest | 4.8 | 301,115 | 457,860 |
| Other Income | 5.4 | 1,117,025 | 73,570 |
| **Total Income** | | **2,352,407** | **1,572,881** |
| **Expenditures** | | | |
| Annual Meeting 2080 | 6.1 | 659,510 | 804,115 |
| Scholarship, education, literature, culture awards | 6.2 | 301,115 | 457,860 |
| Program Expenditure | 6.3 | 1,222,604 | 74,148 |
| Guthi Support Expenditure | 6.4 | 69,510 | 48,918 |
| Administrative Expenditure | 6.5 | 260,495 | 282,601 |
| **Total Expenses** | | **2,513,234** | **1,667,642** |
| **Total Savings of this Year** | | **(160,827)** | **(94,760)** |

Kabi Krishna Amatya
Treasurer

Griha Man Singh
Manager
Fixed Deposit

Prami Shrestha
President

Pratap Prasad Pradhan
Partner
PP Pradhan & Co
Chartered Accountants

Date: 9 Bhadra 2081
Place: Kathmandu

Tansen Guthi
Kathmandu, Nepal
Statement of Cash Flows
For the year ended as on 31 Ashad 2081

*Amount in NPR*

| Particulars | FY 2080-81 | FY 2079-80 |
|---|---|---|
| **CASH FLOWS FROM OPERATING ACTIVITIES** | | |
| Surplus/ (deficit) for the year ( before tax) | (160,827) | (94,760) |
| **Adjustments to reconcile surplus/ ( deficit) to net cash flows: Non cash items:** | 0 | 0 |
| Depreciation/Impairment of Property, Plant and Equipment | 5,753 | 6,034 |
| **Working capital adjustments:** | | |
| (Increase)/Decrease in Accounts receivable | 99,489 | 16,420 |
| Increase/ (Decrease) in Accounts payable | - | 300 |
| **Net cash from/ ( used in ) operating activities (A)** | **(55,585)** | **(72,006)** |
| **CASH FLOWS FROM INVESTING ACTIVITIES** | | |
| Purchase of Property, Plant and Equipment | 0 | 0 |
| Purchase of intangible assets | 0 | 0 |
| Proceeds from sale of equipment | 0 | 0 |
| **Net cash from/ (used in) Investment activities (B)** | - | - |
| **CASH FLOWS FROM FINANCIAL ACTIVITIES** | | |
| Increase or decrease in Restricted Fund | (676,101) | (1,283,444) |
| Increase or decrease in Fixed Deposit Account | (194,000) | 0 |
| Increase or decrease in Total Fund | 1,265,492 | 1,650,589 |
| Increase or decrease in Savings Account | (78,183) | (298,262) |
| Increase or decrease in Restricted Fund Interest | (261,623) | 0 |
| **Net cash from/ (used in) financial activities (C )** | **55,585** | **68,883** |
| **Net Increase/(Decrease) in Cash and Cash Equivalent (D=A+B+C)** | **0** | **(3,123)** |
| **Cash and Cash Equivalents brought forward** | **0** | **3,123** |
| **Cash and Cash Equivalents as at year end (D+E)** | **(0)** | **0** |

Kabi Krishna Amatya
Treasurer

Griha Man Singh
Manager
Fixed Deposit

Prami Shrestha
President

Pratap Prasad Pradhan
Partner
PP Pradhan & Co
Chartered Accountants

Date: 9 Bhadra 2081
Place: Kathmandu

**Tansen Guthi**
**Kathmandu, Nepal**
**Statement of Changes in Reserves**
**As on 31 Ashad 2081**

*Amount in NPR*

| Particulars | Restricted Fund | Accumulated Fund | Capital Reserves | Total |
|---|---|---|---|---|
| **Balance as at 31 Ashadh 2079 (16 July 2022)** | **15,173,052** | 0 | 0 | **15,173,052** |
| Transfer during the year | 0 | 632,290 | 0 | 632,290 |
| Received during the year | 1,334,444 | 0 | 0 | 1,334,444 |
| Profit/(Loss) for the year | (94,760) | 0 | 0 | (94,760) |
| Charge to Total Restricted Fund | 0 | 0 | 0 | 0 |
| Charge to Unrestricted Reserve | 0 | 0 | 0 | 0 |
| Charge to Capital Reserves | 0 | 0 | 0 | 0 |
| **Balance as at 01 Shrawan 2080 (17 July 2023)** | **16,412,736** | **632,290.00** | 0 | **17,045,026** |
| Transfer during the year | 0 | 839,390 | 0 | 839,390 |
| Received during the year | 426,101 | 0 | 0 | 426,101 |
| Profit/(Loss) for the year | (160,827) | 0 | 0 | (160,827) |
| Charge to Total Restricted Fund | 0 | 0 | 0 | 0 |
| Charge to Unrestricted Reserve | 0 | 0 | 0 | 0 |
| Charge to Capital Reserves | 0 | 0 | 0 | 0 |
| **Balance as at 31 Ashadh 2081 (15 July 2024)** | **16,678,010** | **1,471,680** | **0** | **18,149,690** |

Kabi Krishna Amatya
Treasurer

Griha Man Singh
Manager
Fixed Deposit

Prami Shrestha
President

Pratap Prasad Pradhan
Partner
PP Pradhan & Co

तानसेन गुठी
२०५०
काठमाण्डौं

Date: 9 Bhadra 2081
Place: Kathmandu

**Tansen Guthi**
**Kathmandu, Nepal**
**Notes to the Financial Statements and Significant Accounting Policies**
**For the period from 1 Shrawan 2080 to 31 Ashadh 2081**

**1 General information**

a.Tansen Guthi is a non-goverrmental not for profit organization.
b.The organization doesnot carry out any business activities or activities to generate profit/income.
c.The organization receives money from donations to meet its administrative expenses.

**2 Basis of preparation**

**2.1 Statement of Complinace**

